कक्षा ९

सामाजिक अध्ययन

सामाजिक अध्ययन
सामाजिक अध्ययन



कक्षा ९

सामाजिक अध्ययन

प्रकाशक

नेपाल सरकार

शिक्षा मन्त्रालय

पाठ्यक्रम विकास केन्द्र

सानोठिमी, भक्तपुर

प्रकाशकः
नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर ।

© पाठ्यक्रम विकास केन्द्र, २०६४

यस पाठ्यपुस्तकसम्बन्धी सम्पूर्ण अधिकार पाठ्यक्रम विकास केन्द्र र मुद्रकमा निहित रहेको छ । लिखित स्वीकृतविना यसको पूरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइनेछैन ।

प्रथम संस्करण	वि. सं. २०५६
परिमार्जित संस्करण	वि. सं. २०६४
पुनर्मुद्रण :	वि. सं. २०६५
पुनर्मुद्रण :	वि. सं. २०६६
पुनर्मुद्रण :	वि. सं. २०६७
पुनर्मुद्रण :	वि. सं. २०६८

मुद्रणः जनक शिक्षा सामग्री केन्द्र लिमिटेड,
सानोठिमी भक्तपुर ।

मूल्य रु : ४५।८०

पाठ्यपुस्तकसम्बन्धी पाठकहरूका कुनै पनि प्रकारका सुझावहरू भएमा पाठ्यक्रम विकास केन्द्र, सम्पादन तथा प्रकाशन शाखामा पठाइदिनुहुन अनुरोध छ । पाठकहरूबाट आउने सुझावहरूलाई यो केन्द्र स्वागत गर्दछ ।

तपाईँको पुस्तकमा छपाइप्रविधिसम्बन्धी कुनै त्रुटि फेला परेमा उक्त पुस्तक जनक शिक्षा सामग्री केन्द्र लिमिटेड वा नजिकको साझा प्रकाशनबाट साट्न सक्नुहुनेछ ।

• जनक शिक्षा सामग्री केन्द्र लिमिटेड

हाम्रो भनाइ

समाजको आवश्यकता, सिकारुको माग, समसामयिक परिवर्तन तथा सिकाइ प्रविधिको नवीनता आदिका आधारमा विद्यालयस्तरका पाठ्यपुस्तकमा समयसापेक्ष परिवर्तन हुँदै आएको छ। शिक्षाले विद्यार्थीहरूमा लोकतान्त्रिक मान्यताअनुरूप उदात्त भावना प्रस्फुटित गराई देशलाई आवश्यक हुने मानवीय स्रोत र साधनको विकास गरी प्रतिस्पर्धापूर्ण जीवनयापन गर्न सक्ने दक्ष, सुशील, कर्तव्यनिष्ठ र सकारात्मक सोच भएका नागरिक सिर्जना गर्न सक्नुपर्दछ। यसैअनुरूपका मानव संसाधनको उत्पादनका लागि पाठ्यक्रम पाठ्यपुस्तकलाई समयानुकूल बनाउने कार्यअनुरूप यो पुस्तक तयार पारिएको हो।

वि.सं. २०५६ मा डा. श्रीरामप्रसाद उपाध्याय र क्रिस्टिन स्टोनले लेख्नुभएको यस पाठ्यपुस्तकलाई नारायणप्रसाद शर्मा, भूषण श्रेष्ठ, दिनानाथ गौतम, डिकबहादुर राई र महेन्द्र विष्टद्वारा लेखन र परिमार्जन गरिएको छ। यसको थप परिमार्जनमा हरिबोल खनाल, कमला पोखरेल, कमला पाण्डे र विषय समितिका लोकेन्द्रमान प्रधान, डा. राजाराम सुवेदी, चन्द्रकला मास्के, डिल्लीप्रसाद शर्मा र सन्ध्या भट्टराईको योगदान रहेको छ। यस पुस्तकको भाषा सम्पादन विष्णुप्रसाद अधिकारी र गणेशप्रसाद भट्टराईले तथा टाइप, लेआउट र डिजाइन सुमा श्रेष्ठ (बनेपाली) र अनिता मिश्रले, गर्नुभएको हो।

सामाजिक अध्ययन वर्तमान पाठ्यक्रममा नवीन विषयका रूपमा समावेश गरिएको छ। पाठ्यपुस्तक तयार गर्दा परम्परागत प्रबन्धात्मक/वर्णनात्मक शैलीलाई मात्र अवलम्बन नगरी कथा, कविता, गीत, संवाद र खेलको माध्यमबाट प्रस्तुत गरी पाठ्यसामग्रीलाई विद्यार्थी केन्द्रित र क्रियाकलापमुखी बनाइएको छ। पाठ्यपुस्तकको नयाँ धारणाअनुसार पाठ्यवस्तु प्रस्तुत गर्दा एकापट्टि पाठ्यवस्तु र अर्कापट्टि क्रियाकलाप तथा समुदायको प्रयोग रहने गरी द्विपृष्ठात्मक प्रारूप (Double Page Spread) तय गरिएको छ। यसैगरी प्रत्येक एकाइको अन्त्यमा पाठ्यवस्तुको सारांश राखिएको छ। सामाजिक अध्ययन सामाजिक विज्ञानसँग सम्बन्धित हुने भए पनि यो सामाजिक विज्ञानको प्रभाव पक्षसँग मात्र निकट रहेको हुन्छ। यसले विद्यार्थीहरूलाई क्रियाकलाप गर्न, सामग्री सङ्कलन गर्न, प्रतिवेदन तयार पार्न र अभिप्रेरणा जगाउन भने महत्त्वपूर्ण सहयोग पुऱ्याउने छ। सामाजिक शिक्षाको अवधारणा नै 'पढेरभन्दा गरेर सिक' भन्ने भएकाले यसमा सैद्धान्तिक ज्ञानलाई भन्दा व्यावहारिक र सीपमूलक ज्ञानलाई प्रधानता दिनुका साथै लैङ्गिक, क्षेत्रीय, जातीय र सांस्कृतिक समानतालाई विचार गरी सन्तुलित रूपमा पाठ्यवस्तु प्रस्तुत गर्ने प्रयत्न गरिएको छ। आजको परिप्रेक्ष्यमा सामाजिक अध्ययन एक चुनौतीपूर्ण विषयका रूपमा देखा परिरहेका वेला सिर्जनशीलता एवम् रचनात्मकतातिर उन्मुख यो विषय विद्यार्थीहरूलाई व्यावहारिक शिक्षा दिन उपयोगी सिद्ध हुने छ भन्ने हाम्रो विश्वास छ।

पाठ्यपुस्तक शिक्षणसिकाइ प्रक्रियाको महत्त्वपूर्ण सहयोगी साधन हो। अनुभवी शिक्षक र जिज्ञासु विद्यार्थीले पाठ्यक्रमद्वारा लक्षित विषयवस्तुलाई विविध स्रोत र साधनको उपयोग गरी अध्ययन एवम् अध्यापन गर्न सक्छन्। विभिन्न कारणहरूले गर्दा सबै विद्यालयहरूमा सहायक पाठ्यसामग्री सजिलै उपलब्ध नहुँदा शिक्षण सिकाइ पाठ्यपुस्तकमाथि अत्यधिक रूपमा निर्भर रहेको देखिन्छ। कुशल शिक्षकमा पाठ्यपुस्तकका नमुना क्रियाकलापका आधारमा अन्य रचना गर्न सक्ने क्षमता हुने हुँदा सम्बन्धित विषय शिक्षकले आवश्यकतानुसार क्रियाकलाप गराउनु हुने छ भन्ने अपेक्षा गरिएको छ।

प्रस्तुत पाठ्यपुस्तक सकेसम्म स्तरयुक्त बन्न सकोस् भनी प्रशस्त प्रयास गरिएको छ। तथापि पाठ्यपुस्तकमा हुनुपर्ने भाषा, शैली, विषयवस्तु, प्रस्तुति, चित्राङ्कन आदिका पक्षमा केही कमीकमजोरी रहेका हुन सक्छन्। तिनको सुधारका लागि शिक्षक, अभिभावक, विद्यार्थी एवम् सम्पूर्ण पाठकहरूको समेत महत्त्वपूर्ण भूमिका रहने गर्छ। अतः सम्बद्ध सबैको रचनात्मक सुझावका लागि पाठ्यक्रम विकास केन्द्र सम्पूर्ण शिक्षक, विद्यार्थी, अभिभावक, विशेषज्ञ तथा सम्बद्ध सबैमा हार्दिक अनुरोध गर्दछ।

पाठ्यक्रम विकास केन्द्र
सानोठिमी भक्तपुर

विषयसूची

क्र.सं.	पाठशीर्षक	पृष्ठसङ्ख्या
एकाइ १.	हामी, हाम्रो समुदाय र राष्ट्र	१ - ८
	१. विकास	२
	२. मानव विकासको मापन	४
	३. दिगो विकास	६
	सारांश	८
एकाइ २.	हाम्रा विकासका पूर्वाधारहरू	९ - २६
	१. विकासका पूर्वाधारहरू	१०
	२. शिक्षा	१२
	३. स्वास्थ्य	१४
	४. यातायात	१६
	५. खानेपानी	१८
	६. विद्युत् तथा सञ्चार	२०
	७. विकासका पूर्वाधार निर्माणमा जनसहभागिता	२२
	अनुसूची	२४
	सारांश	२६
एकाइ ३.	हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यताहरू	२७ - ४०
	१. हाम्रो रीतिरिवाज र परम्परा	२८
	२. नेपाली चित्रकला	३०
	३. नेपाली मूर्तिकला	३२
	४. नेपाली वास्तुकला	३४
	५. धर्म निरपेक्षता र हाम्रा प्रमुख धार्मिक स्थलहरू	३६
	६. हाम्रा विभूतिहरूबाट राष्ट्रका लागि भएका योगदानहरू	३८
	सारांश	४०
एकाइ ४.	सामाजिक समस्या र समाधान	४१-५२
	१. सामाजिक समस्याको पहिचान	४२
	२. सामाजिक समस्याको समाधान	४४
	३. सामाजिक सुधारमा स्थानीय सङ्घसंस्थाको भूमिका	४६
	४. सामाजिक सुधारमा राष्ट्रियस्तरका सङ्घसंस्थाहरू	४८

	५. सामाजिक सुधारमा भएका प्रयासहरू	५०
	सारांश	५२
एकाइ ५.	नागरिक चेतना	५३ - ७०
	१. संविधानको परिचय	५४
	२. नेपालको संवैधानिक विकासक्रम	५६
	३. नेपालको वर्तमान संविधानका विशेषताहरू	५८
	४. मौलिक हक	६०
	५. मौलिक हक र कर्तव्य	६२
	६. सुशासन	६४
	७. नागरिक समाजको भूमिका	६६
	८. विविधतामा एकता	६८
	सारांश	७०
एकाइ ६.	हाम्रो पृथ्वी	७१ - १०४
	१. देशान्तर र समयको सम्बन्ध	७२
	२. स्थानीय समय र प्रामाणिक समय	७४
	३. नेपालको धरातलीय स्वरूप	७६
	४. नेपालको हावापानीको अवस्था	७८
	५. नेपालको भौगोलिक विविधता र जनजीवन	८०
	६. नक्सा कार्य	८२
	७. स्वतन्त्र नक्साङ्कन कार्य	८४
	८. दुरीसम्बन्धी ज्ञान	८६
	९. एसिया महादेशको भौगोलिक वातावरण	८८
	१०. एसिया महादेशको आर्थिक र सामाजिक जनजीवन	९०
	११. युरोप महादेशको भौगोलिक वातावरण	९२
	१२. युरोपको आर्थिक र सामाजिक जनजीवन	९४
	१३. अस्ट्रेलिया महादेशको भौगोलिक वातावरण	९६
	१४. अस्ट्रेलिया महादेशको आर्थिक क्रियाकलाप र सामाजिक जनजीवन	९८
	१५. एसिया, युरोप, अस्ट्रेलिया र नेपाल	१००
	अनुसूची	१०२
	सारांश	१०४

एकाइ ७.	हाम्रो विगत	१०५ - १२८
	१. ऐतिहासिक स्रोतहरूको खोजी, अध्ययन र उपयोग	१०६
	२. नेपाल एकीकरणका प्रयासहरू	१०८
	३. सैनिक सुदृढीकरण तथा आर्थिक समस्या	११०
	४. एकीकरण अभियानको सफलताको सुरुवात	११२
	५. एकीकरण अभियानको निरन्तरता	११४
	६. नेपाल अङ्ग्रेज युद्धका कारण र परिणामहरू	११६
	७. नेपाल अङ्ग्रेज युद्धमा नेपाली वीर वीराङ्नाहरूको योगदान	११८
	८. नेपाली वीर वीराङ्गनाहरूको योगदान	१२०
	९. राणाशासनको उदय र पतनका कारणहरू	१२२
	१०. राणाकालीन प्रमुख उपलब्धिहरू	१२४
	११. औद्योगिक क्रान्ति	१२६
	सारांश	१२८
एकाइ ८.	आर्थिक क्रियाकलाप	१२९ - १५०
	१. कृषि, उद्योग र व्यापारमा आपसी सम्बन्ध	१३०
	२. कृषि	१३२
	३. कृषिका समस्या र समाधानका उपायहरू	१३४
	४. उद्योग	१३६
	५. उद्योग विकासका समस्या र समाधान	१३८
	६. व्यापार	१४०
	७. नेपालमा वैदेशिक व्यापारको समस्या र समाधानका उपायहरू	१४२
	८. आर्थिक योजना	१४४
	९. विगत योजनाका उपलब्धिहरू	१४६
	१०. गरिबी निवारण र रोजगार प्रवर्द्धन	१४८
	सारांश	१५०
एकाइ ९.	अन्तरराष्ट्रिय सम्बन्ध शान्ति र सहयोग	१५१ - १६४
	१. अन्तरराष्ट्रिय समझदारी, शान्ति र सहयोग	१५२
	२. विश्वमा विज्ञान प्रविधिको विकास र समसामयिक घटना	१५४
	३. विज्ञान प्रविधिको विकासबाट मानव जीवनमा परेको प्रभाव	१५६
	४. नेपालको अरू राष्ट्रसँगको सम्बन्ध	१५८
	५. सार्क राष्ट्रहरूबीचको आपसी सहयोग र सद्भावना	१६०
	६. विश्वको जल्दोबल्दो समस्या : जलवायु परिवर्तन	१६२
	सारांश	१६४

एकाइ १

हामी, हामो समुदाय र राष्ट्र







यस एकाइमा हामी निम्नलिखित विषयवस्तु अध्ययन गर्ने छौँ :

- विकासको अवधारणा
- दिगो विकास र मानव विकासको अवधारणा
- मानव विकास सूचकाङ्क
- विकास आयोजनाका महत्त्व
- नेपालमा मानव विकासको अवस्था र अन्य मुलुकसँग तुलना
- विभिन्न जिल्लाको मानव विकास सूचकाङ्कको तुलनात्मक अध्ययन

१. विकास

अर्थ र परिभाषा



विकास भनेको सकारात्मक परिवर्तनको प्रक्रिया हो। मानिस, परिवार, समुदाय, सहर र गाउँहरू सधैँ परिवर्तनशील हुन्छन् । समाजमा उपलब्ध साधनहरूको प्रयोगबाट जनताको सुविधामा वृद्धि हुन्छ। यसले कुनै पनि मुलुकमा बस्ने प्रत्येक व्यक्तिको जीवनमा सुधार ल्याउँछ। विकासलाई आर्थिक विकाससँग जोड्ने गरिन्छ। तल्लो आर्थिक अवस्थाबाट माथिल्लो आर्थिक अवस्थामा पुग्नु नै आर्थिक विकास हो तर आर्थिक उन्नतिले मात्र विकासको अवस्था दर्साउन सक्दैन । संयुक्त राष्ट्रसङ्घको बडापत्रमा उल्लेख भएअनुसार "विकासले मानिसको भौतिक चाहनासँग मात्र नभई सामाजिक अवस्थाको सुधारसम्बन्धी कुराहरूसँग पनि सरोकार राख्दछ। तसर्थ विकास भनेको आर्थिक विकास मात्र होइन। सामाजिक, सांस्कृतिक तथा संस्थागत वृद्धि पनि हो।" कुनै खास व्यक्तिको जीवनमा मात्र परिवर्तन आउँदैमा देशको विकास हुन्छ भन्न सकिँदैन। जब राष्ट्रका सम्पूर्ण व्यक्तिहरूको जीवनमा सुधारात्मक परिवर्तन आउँछ तब देश विकासको पथमा अगाडि बढ्न सक्छ।

विश्वका केही मुलुकहरूले तीव्र रूपमा विकास गरिरहेका छन्। त्यस्ता मुलुकहरूलाई विकसित मुलुक भनिन्छ। ती मुलुकहरूमा बस्ने धेरैजसो मानिसहरूको जीवनस्तर उच्च छ । अफ्रिका, एसिया र दक्षिण अमेरिकाका देशहरूले विकासको थालनी गरेको आधा शताब्दी मात्र भएको छ। यी देशहरू विकासोन्मुख हुन्। ऐतिहासिक, भौगोलिक, सांस्कृतिक, सामाजिक, राजनीतिक तथा आर्थिक कारणले गर्दा यी विकासोन्मुख देशको जीवनस्तर अझै उकास्न सकिएको छैन। सामान्यतया आर्थिक तथा प्राविधिक विकास दर कम भएको र प्रतिव्यक्ति आम्दानी कम भएको मुलुकलाई विकासोन्मुख देश भनिन्छ। यिनलाई कम विकसित मुलुक पनि भनिन्छ। यस्ता मुलुकहरूको जीवनस्तर उकास्न चौतर्फी विकास गर्न आवश्यक हुन्छ । विकासोन्मुख देशको विकासका लागि सम्बन्धित देशका नागरिकहरू जागरुक हुनुपर्दछ।

कुनै मुलुकमा एक वर्षभित्र उत्पादन गरिएका वस्तु र सबै सेवाको मूल्यलाई कुल राष्ट्रिय उत्पादन (Gross National Product- GNP) भनिन्छ । त्यस्ता सबै वस्तु र सेवाको मूल्यलाई कुल राष्ट्रिय आय (Gross National Income GNI) भनिन्छ। GNI मा वैदेशिक व्यापार सहायता र वैदेशिक रोजगारबाट प्राप्त रकम पनि जोडिन्छ। आजकल GNI लाई आर्थिक विकास मापन गर्ने एक मुख्य आधार मानिन्छ।

कुनै निश्चित क्षेत्रको कुल घरेलु आम्दानी (Gross Domestic Income– GDI) लाई त्यस क्षेत्रको जनसङ्ख्याले भाग गर्दा आउने रकम नै प्रति व्यक्ति आय (Percapita Income) हो ।

प्रतिव्यक्ति आयले मात्र विकासको यथार्थ अवस्था देखाउन सक्दैन । केही धनी मानिसहरूको उच्च आयले प्रतिव्यक्ति आय बढी देखिएको पनि हुन सक्छ जहाँ अत्यधिक मानिस गरिबीको रेखामुनि पनि हुन सक्छन् ।

क्रियाकलाप

१. 'हामी बस्ने ठाउँमा भएका परिवर्तनहरू' भन्ने शीर्षकमा एक अनुच्छेद लेख्नुहोस् । यसमा तपाईंले पहिले देखेका र अहिले देखेका भवनहरू, मानिसको जीवनशैली र विचारहरूका सम्बन्धमा तुलना गर्नुहोस् ।

२. तलको तालिकाको आधारमा कम विकसित र विकसित मुलुकका मानिसहरूले गर्ने कामहरू उल्लेख गर्नुहोस् ।

कम विकसित र विकसित राष्ट्रहरूको तालिका

	कम विकसित	विकसित
१.	बुरुन्डी	अमेरिका
२.	नेपाल	फ्रान्स
३.	इथियोपिया	बेलायत

३. तपाईंको अभिभावकसँग सोधी आफ्नो घरको आम्दानी पत्ता लगाउनुहोस् र प्रतिव्यक्ति आय निकाल्नुहोस् ।

४. कुनै ५ ओटा मुलुकको विकासको अवस्था झल्कने चित्र वा तस्बिरहरू सङ्कलन गरी एउटा ठूलो कागतमा टाँसेर पोस्टर बनाउनुहोस् र उपयुक्त शीर्षक दिनुहोस् ।

सामुदायिक कार्य

अबको २० वर्षपछि हामी बसेको ठाउँमा धेरै परिवर्तनहरू हुने छन् । यहाँ नयाँनयाँ घर, सडक र विद्यालयहरू बन्ने छन् । त्यस वेला खाना पकाउने, आय आर्जन गर्ने र फुर्सदका क्षणहरू बिताउने तरिकाहरू बेग्लै किसिमका हुने छन् । ती परिवर्तनहरू केके होलान् ? समुदायमा रहेका योजनासँग सम्बन्धित व्यक्तिसँग सोधेर एउटा लेख तयार गर्नुहोस् ।

२. मानव विकासको मापन

कुनै पनि क्षेत्र वा देश कति विकसित छ भन्ने कुरा त्यहाँका कतिपय कुराहरूको यथार्थ मापन र विश्लेषणबाट थाहा पाउन सकिन्छ ।

विकासको एक महत्त्वपूर्ण सूचक (Indicator) त्यहाँको कुल राष्ट्रिय उत्पादन (Gross National Product) हो । कुल राष्ट्रिय उत्पादन भनेको वर्षभरिमा उत्पादित वस्तु र सेवाहरूको कुल उत्पादन हो । यही कुल राष्ट्रिय उत्पादन नै देशको सम्पत्ति हो । यसले त्यहाँका मानिसको बौद्धिक स्तर तथा स्वस्थकर जीवन प्रणालीबारेमा केही पनि देखाउँदैन । यसका निम्ति स्वच्छ खानेपानीको उपलब्धता, शिक्षा हासिल गर्ने व्यक्तिहरूको प्रतिशत, रोजगारीको अवस्था आदि अन्य सूचकहरू (Parameters) हेर्नुपर्दछ । प्रत्येक सूचक खासखास उद्देश्यका निम्ति काम लाग्ने हुन्छन् ।

मानव विकासका सूचकाङ्क (Human Development Index - HDI)

मानव विकासको सूचक अङ्क ० र १ को बीचमा हुन्छ । औसत आयु, साक्षरता, प्रतिशत र प्रति व्यक्ति आयको आधारमा मानव विकास सूचक निकालिन्छ । यी सबै सूचकहरू र जनसङ्ख्यालाई आधार बनाई हिसाब गरिन्छ तर कम विकसित देशहरूमा महिलाको विकास दर भने पुरुषको भन्दा कम रहेको पाइन्छ ।

मानौं, विश्वमा मानिसको आयु अधिकतम ८५ वर्ष र न्यूनतम २५ वर्ष मानिएको छ । त्यसै गरी सन् २००६ को तथ्याङ्कलाई हेर्ने हो भने अधिकतम प्रतिव्यक्ति आय ६५,००० (लक्जमवर्ग) र न्यूनतम १०० US $ (बुरुन्डी) मानिएको छ । यसैका आधारमा तलका नियमहरू अपनाई मानव विकास सूचक निकाल्न सकिन्छ ।

१. $$\frac{\text{सम्बन्धित मुलुकको प्रतिव्यक्ति आय - विश्वको न्यूनतम आय}}{\text{विश्वको अधिकतम आय - विश्वको न्यूनतम आय}}$$

२. $$\frac{\text{सम्बन्धित देशको औसत आयु - विश्वको न्यूनतम औसत आयु}}{\text{विश्वको अधिकतम औसत आयु - विश्वको न्यूनतम औसत आयु}}$$

३. $$\frac{\text{सम्बन्धित देशको साक्षरता प्रतिशत (\%)}}{\text{१००}}$$

$$\text{HDI} = \frac{\text{१ बाट आएको अङ्क + २ बाट आएको अङ्क + ३ बाट आएको अङ्क}}{\text{३}}$$

मानौं, विश्वको अधिकतम प्रतिव्यक्ति आय = ६५,००० US $

विश्वको न्यूनतम प्रतिव्यक्ति आय = १०० US $

विश्वको अधिकतम औसत आयु = ८५ वर्ष, नेपालको प्रतिव्यक्ति आम्दानी = २७० US $

विश्वको न्यूनतम औसत आयु = २५ वर्ष, नेपालको औसत आयु = ५९ वर्ष

नेपालको साक्षरता प्रतिशत = ५४%

१. $\frac{२७०-१००}{६५०००-१००} = \frac{१७०}{६४९००} = ०.००२६$

२. $\frac{५९ - २५}{८५ - २५} = \frac{३४}{६०} = ०.५७$

३. $\frac{५४}{१००} = ०.५४$

$$HDI = \frac{०.००२६ + ०.५७ + ०.५४}{३} = \frac{१.११२६}{३} = ०.३७$$

नेपालको मानव विकास सूचक ०.३७ मात्र छ जुन ० र १ को बीचमा पर्दछ । त्यसैले नेपाल कम विकसित मुलुकअन्तर्गत पर्दछ । लक्जम्वर्गको HDI ०.९० छ जुन १ को नजिक छ । त्यसैले यो विकसित मुलुक हो ।

क्रियाकलाप

१. तलको तालिकामा विश्वका केही मुलुकहरूको प्रति व्यक्ति आय दिइएको छ :

मुलकको नाम	प्रतिव्यक्ति आय			US डलरमा
	उच्च	मध्यम	निम्न	
लक्जमवर्ग	√	-	-	६५६३०
नर्वे	√	-	-	५९५९०
जापान	-	√	-	३८९८०
अस्ट्रेलिया	-	√	-	३२२२०
कङ्गो गणतन्त्र	-	-	√	१२०
बुरुन्डी	-	-	√	१००

स्रोतः विश्व बैङ्कको प्रतिवेदन, २००७

(क) माथिको तालिकाका आधारमा बढी प्रतिव्यक्ति आय भएका मुलुकहरूको विवरण दिनुहोस् र किन ती राष्ट्रहरूको प्रतिव्यक्ति आय बढी भएको होला ?

(ख) तालिकामा दिएअनुसार बुरुन्डी र कङ्गो गणतन्त्रको प्रतिव्यक्ति आय किन कम भएको होला ? तर्क दिनुहोस् ।

३. दिगो विकास

खर्कथोक गाविसको गाउँ परिषद् बैठक चलिरहेको थियो । यस वर्ष सरकारबाट प्राप्त हुने १० लाख रुपियाँ सडक निर्माणमा लगाउने सम्बन्धमा छलफल केन्द्रित थियो । लाँकुरी भन्ज्याङ हुँदै जाने बाटो झन्डै एक किलोमिटर छोटो पर्दथ्यो तर बीचमा सामुदायिक वन भएकाले भीरबाट जानुपर्दथ्यो । सिम्लेखेत हुँदै लैजाँदा बाटो लामो पर्दथ्यो र केही व्यक्तिको जग्गा पनि पर्दथ्यो तर बाटोमा भिर पहिरो पर्दैनथ्यो ।

गाविस सचिव र प्राविधिक सहायकले दिगो विकासको अवधारणाअनुरूप प्राविधिक जाँच गराएर दुईमध्ये जुन उपयुक्त हुन्छ त्यही ठाउँबाट बाटो लैजानुपर्ने प्रस्ताव राखे । एक किलोमिटर मात्र बाटो छोटियो भने पनि त्यसबाट बचेको रकमले ग्राभेल गर्न पुग्ने धारणा त्यहाँका बासिन्दाहरूको थियो । बाटो लाँकुरी भन्ज्याङबाट नै बन्यो । वर्षा ऋतु लागेपछि वनमा बाटो भत्कियो र पहिराको आकार बढ्दै गयो । हरेक वर्ष त्यही बाटो मर्मतका लागि बजेट छुट्याइरहनुपर्‍यो । पहिराले वनको ठूलो क्षेत्र नोक्सान गर्‍यो । वर्षामा बाटो नभएर गाउँलेहरू पैदल हिँड्न वाध्य भए । वर्सेनि त्यही बाटोलाई खर्च गर्नुपर्दा अन्य विकासका कामले गति लिन सकेन । आज गाउँलेहरू पछुताइरहेका छन् ।

प्रस्तुत कथाले के कुरालाई इङ्गित गर्छ, एकछिन सोच्नुहोस् त !

वातावरण संरक्षणसम्बन्धी छलफल

सन् १९८० को दशकबाट दिगो विकासको अवधारणा आएको हो । विकास कार्यहरूको सञ्चालन सँगसँगै वातावरणमा आएको ह्रासले विकास र वातावरण संरक्षणलाई एकैसाथ लैजानुपर्ने अवधारणाको विकास भयो । विकास निर्माणका कार्यहरू सञ्चालन गर्दा वातावरणीय प्रभावलाई विचार गर्नुपर्छ । प्रकृति प्रदत्त प्राकृतिक सम्पदाहरूले विकासको अवस्थालाई पछिसम्म थेग्नुपर्छ । भविष्यका सन्ततिहरूको धरोहरका रूपमा रहेका पर्यावरणीय तत्त्वहरूलाई नबिगारीकन विकास निर्माण गर्नुपर्छ । त्यस्तो विकास दीर्घकालसम्म टिकिरहने हुन्छ । नेपालको सन्दर्भमा दिगो विकास गरिबीसँग जोडिएको छ । गरिबीका कारणले हातमुख जोर्ने ध्याउन्नमा पर्यावरणीय कुराको वास्ता गर्न सकिएको छैन । राज्यले पनि सीमित पूँजीबाट असीमित पूर्वाधारहरू निर्माण गर्नुपर्ने हुनाले दिगो विकासको अवधारणाअनुरूप कार्यक्रम अघि बढाउन कठिनाइ भएको देखिन्छ । जुन विकासको कार्यले पर्यावरणीय सन्तुलनलाई बिगार्दैन र दीर्घकालसम्म उपलब्धि दिइरहन सक्छ त्यस्तो विकासलाई नै दिगो विकास भनिन्छ । भोलिका सन्ततिको

पर्यावरणीय आवश्यकता, पृथ्वीको वहन क्षमता, प्राकृतिक स्रोतको दीर्घकालीन उपयोगको सुनिश्चिततासमेतलाई ध्यान दिई गरिने विकासलाई दिगो विकास भनिन्छ । दिगो विकासका निम्ति उच्च आर्थिक वृद्धिदर चाहिन्छ । उच्च आर्थिक वृद्धिदर हासिल गर्न जनताद्वारा आन्तरिक स्रोतको व्यापक परिचालन हुनुपर्छ । त्यसका निम्ति जनताले बचतद्वारा पुँजी निर्माण र आर्थिक क्षेत्रमा लगानी गर्न सक्नुपर्छ । विकासोन्मुख मुलुकका जनताहरू विकसित मुलुकको जनजीवनसरह जीवनयापन गर्न चाहन्छन् । यसले गर्दा उनीहरूको थोरै आयको ठूलो हिस्सा विलासिताको साधन र मनोरञ्जनमा खर्च हुन्छ । उनीहरूले बचत गर्न सक्दैनन् । फलस्वरूप जसरी भए पनि पैसा कमाउने र सुविधा उपभोग गर्ने प्रवृत्ति बढ्दै जान्छ । यस्ता मुलुकमा दिगो विकास गौण बन्न पुगेको छ । विकासोन्मुख मुलुकहरूले विकसित मुलुकबाट सिकेर चाँडै नै आर्थिक उन्नति गर्न सक्छन् ।

क्रियाकलाप

१. पाठमा उल्लिखित कथामा गाउँलेहरू किन पछुताइरहेका छन् ?

२. उनीहरूले दिगो विकासको अवधारणाअनुसार बाटो निर्माण गर्न केके गर्नुपर्दथ्यो ?

३. दिगो विकास भनेको के हो ? दिगो विकास गर्न केके कुरामा ध्यान दिनुपर्छ ?

४. नेपालमा विकास निर्माण कार्य सञ्चालन गर्दा आइपर्ने समस्याहरू केके हुन सक्छन् ? दिगो विकासको अवधारणाअनुरूप तिनलाई कसरी समाधान गर्न सकिन्छ ?

५. दिगो विकासका चारओटा फाइदाहरू उल्लेख गर्नुहोस् ।

६. आफ्नो क्षेत्रमा पनि दिगो विकासको अवधारणाअनुरूप आयोजनाहरू सञ्चालन नगर्नाले भएको समस्या उल्लेख गर्दै एउटा कथा बनाउनुहोस् ।

सामुदायिक कार्य

तपाईंको समुदायमा गर्नुपर्ने कुनै एउटा विकास कार्यको छनोट गर्नुहोस् । उक्त कार्यलाई दिगो विकासको अवधारणाअनुरूप सञ्चालन गर्न एउटा योजना बनाउनुहोस् र साथीहरूको योजनासँग तुलना गरी आवश्यक सुधार गर्नुहोस् ।

आयोजनाको नाम : स्थान :

आयोजनाको उद्देश्य :

आयोजना सञ्चालनका क्रममा गर्नुपर्ने मुख्य कार्य :

आयोजनाको अनुमानित लागत : आयोजनाको अवधि :

लाभान्वित हुने समुदाय वा जनसङ्ख्या: जनसहभागिताको व्यवस्था :

सम्भावित पर्यावरणीय क्षति : क्षति कम गर्ने उपायहरू :

आयोजनाबाट प्राप्त हुने अनुमानित सेवा अवधि :

सारांश

यस एकाइमा हामीले निम्नलिखित कार्यहरू गर्न सिक्यौँ :

* विकासको अवधारणा बताउन,
* प्रतिव्यक्ति आयसम्बन्धी जानकारी बताउन,
* नेपालमा मानव विकासको अवस्था बताउन र अन्य मुलुकसँग तुलना गर्न,
* मानव विकासको अवधारणा बताउन,
* मानव विकास सूचकाङ्क पत्ता लगाउन,
* दिगो विकासको अवधारणा बताउन,
* आफ्नो समुदायको मानव विकास पत्ता लगाउन,
* अनुसन्धानका निम्ति प्रश्नावली बनाउन,
* अन्तर्वार्ता लिन,
* सर्वेक्षण गर्न,
* तथ्याङ्क विश्लेषण गर्न,
* विभिन्न ढङ्गबाट प्रतिवेदन प्रस्तुतीकरण गर्न,
* कथा तयार पार्न ।

एकाइ २ हामा विकासका पूर्वाधारहरू

यस एकाइमा हामी निम्नलिखित विषयवस्तु अध्ययन गर्ने छौँ :

- विकासका पूर्वाधारहरू (शिक्षा, स्वास्थ्य, सञ्चार, विद्युत्, खानेपानी, यातायात) को अवस्था
- पूर्वाधार विकासमा देखा परेका समस्याहरू
- पूर्वाधार विकासका समस्या समाधानका उपायहरू

१. विकासका पूर्वाधारहरू

मुलुकको आर्थिक तथा सामाजिक विकासका निम्ति उपलब्ध गराइने आधारभूत सेवा सुविधालाई विकासका पूर्वाधार भनिन्छ । देश विकासका लागि माथि दिइएका स्रोत र साधनका अतिरिक्त विकासका पूर्वाधार, निर्माण तथा कार्यान्वयन गर्न स्थिर सरकारको आवश्यकता पर्दछ । समुदायमा बस्ने मानिसहरूका लागि निश्चित किसिमका सेवा र सुविधाहरू उपलब्ध गराइएको हुनुपर्दछ । मुलुकको आर्थिक तथा सामाजिक विकासका लागि आधारभूत सेवा तथा सुविधाहरूको ठूलो महत्त्व हुन्छ । विकसित मुलुकहरूमा त्यस्ता आधारभूत सेवा र सुविधाहरू उपलब्ध हुन्छन्, त्यस्ता मुलुकहरूमा मानिसहरू शिक्षित हुन्छन् र आफैं जुटेर त्यस कार्यमा लाग्दछन् ।

नेपाल एक पहाडी मुलुक हो । नेपालको भू-धरातल हेर्ने हो भने उत्तरतिर रहेका उच्च हिमपर्वतहरूदेखि लिएर दक्षिणमा समथल मैदान, पहाडी क्षेत्र, उपत्यका आदि रहेका छन् । यहाँ हिमालयबाट हिउँ पग्लेर आएका नदीहरू छन् । यी नदी, छाँगा, छहराले गर्दा हामीलाई पिउने पानी उपलब्ध हुनुका साथै सोही पानीको सदुपयोग गरेर ठाउँठाउँमा पानीघट्ट, स-साना जलविद्युत् आयोजना, सिँचाइको कुलो, पैनी बनाइएका छन् । हाम्रो देशमा अग्लोहोचो भूधरातल नै प्राकृतिक वरदान बनेको छ । तिनको सदुपयोग गर्न हामीलाई तालिम प्राप्त प्राविधिक जनशक्तिको खाँचो छ । हामीले यी प्राकृतिक स्रोत तथा साधनलाई प्रयोगमा ल्याउनु आवश्यक छ ।

स्रोत र साधनहरू

कच्चा पदार्थ	खेतीपाती तथा जङ्गलबाट प्राप्त हुने वस्तुहरू, प्राकृतिक खनिज वस्तुहरू
श्रमशक्ति	दक्ष तथा अदक्ष जनशक्ति
पुँजी	विभिन्न किसिमका बचत, लगानी, व्यापार र उद्योगहरू
बजार	स्थानीय, राष्ट्रिय तथा अन्तरराष्ट्रिय
सञ्चारका साधनहरू	टेलिभिजन, रेडियो, भू-उपग्रह, फ्याक्स, हुलाक, इमेल, इन्टरनेट, टेलिफोन आदि
यातायात	सडक, हवाईमार्ग, रेलमार्ग, रज्जुमार्ग, जलमार्ग
शिक्षा	विद्यालय, प्राविधिक शिक्षा, विश्वविद्यालय, क्याम्पस, सीपमूलक तालिम आदि
स्वास्थ्य	उपस्वास्थ्य चौकी, स्वास्थ्य चौकी, स्वास्थ्य केन्द्र, अस्पताल, औषधी, स्वास्थ्यकर्मी,
शक्ति	जलविद्युत्, ग्यास तथा तेलको आपूर्ति, आणविक शक्ति, भौगर्भिक तापशक्ति (Thermal power), सौर्यशक्ति, वायोग्यास, वायु शक्ति आदि ।
वाणिज्य	बैङ्किङ प्रणाली, बिमा, बजार, सहकारी संस्थाहरू आदि ।
सिँचाइ सुविधा	नहर, कुलो, पैनी, ट्युबवेल, पम्पसेट, आकासे पानी सङ्कलन आदि ।



नेपालको प्राकृतिक स्रोत र साधनहरू

क्रियाकलाप

१. नेपालमा पाइने प्राकृतिक स्रोत तथा साधनहरूको एउटा सूची तयार पार्नुहोस् र कुनै एकको वर्णन गर्नुहोस् ।

२. नेपालको भू-धरातल कसरी प्राकृतिक वरदान सिद्ध भएको छ ? पुष्टि गर्नुहोस् ।

३. नेपालमा विकासका पूर्वाधारहरूको विकास हुन नसक्नुका कुनै चार कारणहरू उल्लेख गर्नुहोस् ।

४. विकासका पूर्वाधारहरूको विकासमा तपाईं एक सचेत नागरिकको हैसियतले केकस्तो सहयोग गर्न सक्नुहुन्छ ? कम्तीमा एउटा उदाहरण दिनुहोस् ।

५. विकासका पूर्वाधारहरूमध्ये सबैभन्दा महत्त्वपूर्ण लागेको पूर्वाधारका सम्बन्धमा एउटा भाषण तयार गर्नुहोस् । कक्षामा भाषण कार्यक्रम सञ्चालन गर्नुहोस् । विद्यार्थीहरूमध्येबाट नै निर्णायक समिति बनाएर उत्कृष्ट भाषण छान्नुहोस् ।

सामुदायिक कार्य

तपाईं बसेको ठाउँमा विकासका पूर्वाधारहरू केके हुन सक्छन् ? एउटा सची तयार पार्नुहोस् ।

अब ती सबै किसिमका पूर्वाधारहरू बाढी र भूकम्पजस्ता प्राकृतिक प्रकोपले विनाश भएको कल्पना गर्नुहोस् । ती विनाश भएका पूर्वाधारहरूमध्ये अति नै आवश्यक कुनै दुईओटा लेख्नुहोस् । अन्य बाँकी पूर्वाधारलाई आवश्यकतानुसार क्रम मिलाएर राख्नुहोस् ।

आफ्नो उत्तरपुस्तिकामा सूची तयार पार्नुहोस् र अरू समूहका साथीहरूसँग विचारको आदानप्रदान गर्नुहोस् ।

२. शिक्षा

कुनै पनि देशको महत्त्वपूर्ण स्रोत भनेको त्यस देशका बासिन्दाहरू नै हुन् तर तिनीहरू सक्रिय रूपमा काम गर्न शिक्षित भएको हुनुपर्छ । शिक्षाले चेतनाको स्तर वृद्धि गर्दछ । चेतनाले मानिसको चौतर्फी विकासमा टेवा पुऱ्याउँछ । शिक्षाले सीप र व्यवहार सिकाउँछ । शिक्षाले गुणात्मक जीवनयापन गर्न सक्षम बनाउँछ ।

नेपालमा वि.सं. १९१० बाट अङ्ग्रेजी शिक्षाको सुरुआत भयो । वि.सं. २००७ सालमा देशभर जम्मा ३२१ ओटा विद्यालय मात्र थिए । वि.सं. २०६३ (इ.सं. २००६) सम्म विद्यालयको सङ्ख्या २८१३१ पुगेको छ ।

स्रोत: शिक्षा विभागको शैक्षिक तथ्याङ्क

नेपालको वर्तमान विद्यालय शिक्षा संरचना

पूर्व प्राथमिक तह	प्राथमिक तह	निमावि तह	मावि तह	उमावि तह
१ वर्ष	कक्षा १-५	कक्षा ६-८	कक्षा ९-१०	कक्षा ११-१२

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ ले प्रस्ताव गरेको संरचना

पूर्व प्राथमिक विद्यालय	आधारभूत तह	माध्यमिक तह
१ वर्ष	कक्षा १-८	कक्षा ९-१२

शिक्षाले के गर्न सक्छ ?

* आर्थिक विकासमा टेवा पुऱ्याउन
* रचनात्मक कार्य गर्न
* भाषिक व्यवहारमा सक्षम हुन
* जीवनस्तर उकास्ने र समाजमा प्रतिष्ठित बन्न
* कुनै कुराको उचित निर्णय लिन सक्न
* समस्याको समाधान गर्न सिक्न
* घरपरिवार चलाउन सिक्न
* उद्यमशील तथा स्वावलम्बी बन्न
* समाजमा परिवर्तन ल्याउन समर्थ हुन
* चरित्रवान् र नैतिकवान् बन्न
* अरूका लागि सहयोगपूर्ण भाव राख्ने र जिम्मेदारी वहन गर्न

शैक्षिक तथ्याङ्क

कक्षा १ देखि ५ सम्मको कक्षा दोहोऱ्याउने प्रतिशत स्तम्भचित्रमा दिइएको छ ।



क्रियाकलाप

१. तपाईंको विचारमा शिक्षाका कार्यहरूमध्ये कुन उद्देश्य बढी महत्त्वपूर्ण होला ? तिनीहरूको महत्त्वलाई ध्यानमा राखी क्रम मिलाएर सबैभन्दा माथि परेको बुँदा र सबैभन्दा तल रहेको बुँदा किन त्यहाँ राखिए ? कारण पनि दिनुहोस् । तपाईंसँगै बसेको साथीलाई तपाईंले लेखेका कुराहरू देखाउनुहोस् र छलफल गर्नुहोस् ।

२. सामाजिक अध्ययन विषय अध्ययन गर्नुका उद्देश्य केके हुन् ?

३. शैक्षिक तथ्याङ्क हेरेर सुहाउँदो शब्द वा प्रतिशत राखेर तलका वाक्यहरू पूरा गर्नुहोस्:

कक्षा १ मा दोहोऱ्याउने विद्यार्थी ..... र ..... , कक्षा २ मा ..... र ..... , कक्षा ३ मा ..... र ..... , कक्षा ४ मा ..... र ..... तथा कक्षा ५ मा ..... र ..... प्रतिशत छन् । यसबाट ..... विद्यार्थीको सङ्ख्या थाहा पाइन्छ । यसको कारण ..... हुन सक्छ ।

४. आफ्नो समुदाय वा विद्यालयको शैक्षिक समस्या उल्लेख गरी त्यसको समाधानका निमित्त विद्यालय व्यवस्थापन समिति वा जिल्ला शिक्षा कार्यालयको नाममा एक सुझावपत्र लेख्नुहोस् र हुलाकमार्फत् पठाउनुहोस् ।

५. "शिक्षा विकासको महत्त्वपूर्ण पूर्वाधार हो ।" यस विषयमा कक्षामा वक्तृत्वकला प्रतियोगिताका निम्ति वक्तृत्व तयार गर्नुहोस् र प्रतियोगिता आयोजना गर्नुहोस् ।

६. तपाईंलाई पाठमा उल्लिखित विद्यालय शिक्षाको दुई संरचनामध्ये कुन ठीक लाग्छ, कारण दिनुहोस् ।

७. विश्वका विभिन्न मुलुकका साक्षरता प्रतिशतसँग नेपालको साक्षरता प्रतिशत तुलना गर्नुहोस् । नेपालले शतप्रतिशत साक्षरता पुऱ्याउन केकस्ता कदम चाल्नुपर्ला र कति समय लाग्ला ?

नेपाल	- ५४%
संयुक्त राज्य अमेरिका	- ९९%
बुरुन्डी	- ५९%
चीन	- ९१%
रुस	- ९९%

सामुदायिक कार्य

नेपालमा प्राथमिक तहमा खास गरी कक्षा एकमा कक्षा छाड्ने दर निकै बढी पाइन्छ । यसका कारणहरू केके हुन् र तिनका समाधानका उपायहरू केके होलान् भनी आफ्नो समुदायका शिक्षाविद्, शिक्षक अभिभावकहरूलाई सोध्नुहोस् र प्रतिवेदन तयार गर्नुहोस् ।

३. स्वास्थ्य

बच्चालाई सुई दिइरहेको

हाम्रो देशमा व्याप्त गरिबी, अशिक्षा र जनचेतनाको अभावमा मानिसहरूको स्वास्थ्यमा अपेक्षाकृत सुधार हुन सकेको छैन । नेपाल सरकारले सबै ठाउँमा अस्पताल खोल्न र डाक्टर पठाउन सकेको छैन । कहीं अस्पताल छन् त डाक्टर छैनन्, कहीं अस्पताल र डाक्टर छन् भने आवश्यक उपकरण र औषधी छैनन् । भौगोलिक विकटता तथा पछौटेपनले गर्दा डाक्टरहरू दुर्गम क्षेत्रमा गएर सेवा गर्न चाहँदैनन् । यिनीहरू प्रायः सहरमा नै बस्न चाहन्छन् । किनभने सहरमा सबै किसिमका सुविधाहरू प्राप्त छन् । यसको विपरीत गाउँमा सुविधाहरू पनि छैनन् र जनचेतनाको अभावमा मानिसहरू पनि डाक्टरसँग सम्पर्क राख्नको सट्टा धामीझाँक्रीको सल्लाहअनुसार काम गर्दछन् । गरिबीको कारणले दुर्गम क्षेत्रका मानिसहरू डाक्टरलाई मागअनुसार शुल्क दिन सक्दैनन् । सरकारद्वारा निर्धारण गरेको तलबले डाक्टरका सबै किसिमका आवश्यकताहरू पूरा हुन सक्दैनन् । त्यसैले यिनीहरू सरकारी अस्पतालमा काम सकेपछि अतिरिक्त समयमा निजी अस्पताल, क्लिनिक आदिमा गई अतिरिक्त आम्दानी गर्न चाहन्छन् तर गरिबीले गर्दा दुर्गमका सबै मानिसहरू बढी शुल्क तिरेर निजी अस्पतालमा जान सक्दैनन् ।

जुन देशको औसत आयु बढी हुन्छ, त्यस देशका जनताको स्वास्थ्यको अवस्था राम्रो मानिन्छ । पर्याप्त पोषण, रोगको सङ्क्रमणको कमी, औषधी उपचारको सुविधा, व्यायाम आदिका कारण मानिस निरोगी हुन्छ र उसको औसत आयु पनि बढी हुन्छ । हाम्रो देशका जनताहरूको औसत आयु विकसित मुलुकका मानिसहरूको तुलनामा निकै कम रहेको छ । हाम्रो देशमा पनि सहरी जनसङ्ख्या निकै बढेर गएको छ । नियमित व्यायाम र सन्तुलित भोजनको अभावले गर्दा उनीहरूको स्वास्थ्य दिन प्रतिदिन बिग्रँदै गएको छ । त्यसका लागि सन्तुलित खाना, नियमित व्यायाम र शारीरिक श्रम गर्नु जरुरी छ । स्वास्थ्यको कमजोर अवस्थाले गर्दा नेपालमा शिशु र बाल मृत्युदर बढी भएको देखिन्छ ।

नेपालमा हाल आधारभूत स्वास्थ्य सुविधा प्रदान गर्न गाउँगाउँमा उपस्वास्थ्य चौकी तथा स्वास्थ्य केन्द्रहरू सञ्चालित छन् । हरेक टोल र वडामा स्वस्थ्य स्वयम्सेविकाहरू परिचालित छन् ।

नेपालको स्वास्थ्य स्थितिको विवरण

क्र.सं.	स्वास्थ्य सूचक	सन् २००६	अन्तरिम योजनाको लक्ष्य
१.	नवजात शिशु मृत्युदर (प्रतिहजार)	३४	३०
२.	शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा)	४८	४२
३.	कुल प्रजननदर(१५-४९ वर्षको महिलाको प्रतिशत)	३.१	३.०
४.	मातृ मृत्युदर प्रतिलाखमा	२८१	२५०

स्रोत : नेपाल जनसङ्ख्या प्रतिवेदन, २०६४ र तीन वर्षीय अन्तरिम योजना

क्रियाकलाप

१. कक्षाकोठामा डाक्टर, रोगी, औषधी पसले र बिरामी कुरुवाको भूमिका अभिनय गर्नुहोस् ।

२. डाक्टर भन्दछन्,"हामीलाई देशको माया छ, हामी दुर्गम क्षेत्रमा काम गर्छौं, तर हामीलाई पानी, बिजुली, आदिको व्यवस्था मिलाइदिनुपर्छ ।" तपाईंको विचारमा डाक्टरको भनाइ ठीक छ वा छैन, कारण दिनुहोस् ।

३. तपाईंले अस्पतालमा स्वास्थ्य परिचारिका र बिरामी कुरुवाको बीचमा विवाद भएको देख्नुभएको छ ? यदि देख्नुभएको छ भने विवादका कारणहरू केके थिए ? तपाईं यी दुवैलाई केके भनेर सम्झाउनुहुन्छ ?

४. झाडापखाला लाग्यो भने मात्रा मिलेको नुनचिनी पानी र जीवनजल पानीले ठीक गर्न सकिन्छ तर झाडापखाला बढ्दै गएमा डाक्टरसँग सम्पर्क राख्नुपर्छ भनी सम्झाउँदै आफ्नी बहिनीलाई एक पत्र लेख्नुहोस् ।

५. डाक्टर र स्वास्थ्य परिचारिकासँग बिरामीका निम्ति कुनकुन कुराहरूमा सहयोग लिनुपर्छ ?

६. सुरुको अवस्थामा धामीझाँक्रीबाट उपचार गराउने र अन्तिम समयमा अस्पताल आउँदा बिरामी मरेमा डाक्टरलाई दोष दिने मानिसलाई तपाईं कसरी सम्झाउनुहुन्छ ?

७. नेपालको वर्तमान स्वास्थ्य अवस्थाको विवरण तलको तालिकामा भर्नुहोस् :

क्र.सं.	विवरण	सङ्ख्या
१.	डाक्टर	
२.	स्वास्थ्य चौकी	
३.	उपस्वास्थ्य चौकी	
४.	प्राथमिक स्वास्थ्य केन्द्र	

८. आफ्नो समुदायमा स्वास्थ्य स्थिति सुधार गर्ने केकस्ता उपायहरू अपनाउनुपर्ला, कुनै चार उपायहरू लेख्नुहोस् ।

सामुदायिक कार्य

तपाईंको समुदायमा कसैलाई लामो समयदेखि रोग लागेको छ ? छ भने ऊसँग निम्नलिखित प्रश्नहरू सोधेर रोग लाग्ने कारण, लक्षण तथा उपचारसम्बन्धी विवरण तयार गर्नुहोस् :

१. के तपाईंले ठीक समयमा खाना खानुहुन्छ ?

२. के तपाईंको घरको कोठा र वरिपरि फोहोर छ ?

३. के तपाईं दैनिक रूपमा व्यायाम गर्नुहुन्छ ?

४. तपाईं कति घण्टा काम गर्नुहुन्छ ?

५. काम सकेपछि कति घण्टा विश्राम गर्नुहुन्छ ?

६. तपाईंलाई यो रोग लागेपछि केके भयो ?

७. तपाईंले कस्तो खालको उपचार गरिरहनुभएको छ ?

४. यातायात

सोलुखुम्बुकी यान्जी शेर्पा अध्ययनका लागि काठमाडौँमा बस्दछिन् । हिउँदको बिदा भयो । तिनी घर जान चाहन्छिन् । बाटो विकट छ, कसरी जाने ? यस्तो समस्या धेरैको छ ।

मुस्ताङ निवासी विष्णुप्रसाद : "हाम्रो मुस्ताङमा दस रुपियाँ किलो पाइने स्याउ तपाईं चालीस रुपियाँ भन्नुहुन्छ किन ?"

परमेश्वर शाह : "किन नहोस् ! प्लेनबाट ल्याउनुपर्छ । हिसाब गर्नुस् त !"

"यस बिरामीलाई तुरुन्त काठमाडौँ लैजानुस् । यहाँ अपरेसन गर्ने औजार छैन", डाक्टर भन्छन् ।

"डाक्टर साब ! सडक यातायात नभएकाले जान गाह्रो छ, प्लेनबाट जाँदा औषधीको पैसा प्लेनमा खर्च हुन्छ ।" बिरामी मानिसको जवाफ छ ।

प्रस्तुत भनाइहरूले हाम्रो देशको यातायातको अवस्थाको झलक दिन्छ । नेपाल पहाडी मुलुक भएको हुँदा सडक यातायात विकास गर्न कठिन र खर्चिलो छ तापनि सडक नै नेपालका निम्ति तुलनात्मक रूपमा सुलभ, सस्तो एवम् भरपर्दो यातायात हो । नेपालको सडकको स्थिति झल्काउने नक्सा अनुसूची १ मा दिइएको छ । तीनवर्षीय अन्तरिम योजनाले सडक यातायातको क्षेत्रमा निम्नलिखित रणनीतिहरू लिएको छ :

- जिल्ला सदरमुकाम तथा महत्त्वपूर्ण सिमानाको नाकालाई जोड्ने सामरिक सडक सञ्जाललगायत काठमाडौँ उपत्यका सहरी सडकको निर्माण, स्तरोन्नति एवम् विकासलाई निरन्तरता दिने,
- काठमाडौँ उपत्यकालाई तराईसँग जोड्ने वैकल्पिक राजमार्गको निर्माण कार्य थालनी गर्ने,
- घनाबस्ती र सिमाना क्षेत्रको विकासका साथै कृषि एवम् औद्योगिक पैदावरको व्यापारिक केन्द्र एवम् बजारसम्मको पहुँच सहज रूपमा पुऱ्याउन तराई र पहाडी क्षेत्रमा पर्ने सामरिक महत्त्वका सडकहरूको स्तरोन्नति गर्ने,
- दुर्गम क्षेत्रमा सेवामा पहुँच नभएका र आर्थिक दृष्टिकोणले सम्भावना बोकेका क्षेत्रहरू जोड्ने पूर्वपश्चिम, उत्तरदक्षिण, मध्यपहाडी सडक कोरिडोरका साथै प्राथमिकतामा परेका विभिन्न जिल्लाहरूबीच सम्पर्क सडकहरूको विकास गर्ने,
- दक्षिण एसिया क्षेत्रीय विकास अवधारणाअनुरूप सडक सञ्जालको विकासलाई अगाडि बढाउने क्रममा पूर्वपश्चिम राजमार्गलाई एसियाली राजमार्ग तथा क्षेत्रीय व्यापार मार्गका रूपमा विकास गर्ने,
- हाल सञ्चालनमा रहेका सडक सम्पत्तिको संवर्द्धन गरी दिगो, भरपर्दो र सुरक्षित यातायात सञ्चालनका लागि विद्यमान सडक तथा पुलहरूको मर्मत सम्भार पुनःस्थापना र पुनःनिर्माण कार्य प्राथमिकताका साथ प्रभावकारी रूपमा सञ्चालन गर्न योजनाबद्ध सडक सम्पत्ति व्यवस्थापन प्रणालीको विकास गर्ने,
- विकेन्द्रीकरणको नीतिअनुरूप स्थानीय सडकहरूको सञ्चालन र मर्मत सम्भारको जिम्मा सम्बन्धित स्थानीय निकायहरूलाई हस्तान्तरण गर्ने,
- नतिजामूलक योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन व्यवस्था सुनिश्चित गर्नका लागि सम्बन्धित निकायहरूको संस्थागत विकासका साथै ती निकायहरूबीचको समन्वयलाई सुदृढ गर्ने,

- सडक सुरक्षा, वातावरण र अन्य अध्ययन अनुसन्धान कार्यलाई निरन्तरता दिने,
- जलमार्ग, रेलमार्ग तथा रज्जुमार्ग जस्ता यातायातका वैकल्पिक प्रविधियुक्त साधनहरूको विकासका लागि कार्यक्रम सुरु गर्ने,
- सडकलगायत वैकल्पिक यातायातको विकासमा निजी क्षेत्रको संलग्नता आकर्षित गर्न कानुनी एवम् नियमनको व्यवस्थालाई समयसापेक्ष परिमार्जन गरी व्यावहारिक तथा सरल बनाउने ।

क्रियाकलाप

१. तपाईंको विचारमा सडकको अभावमा कुनकुन कुराहरूमा बाधा पर्न सक्छ ?

२. "हाम्रो देशमा सडक दुर्घटना हुने एउटा प्रमुख कारण सडकको स्थिति हो" प्रमाणसहित पुष्टि गर्नुहोस् ।

३. सडक नपुगेका दुर्गम ठाउँमा बसेका मानिसलाई ट्राफिक नियमको पालन गर्नेसम्बन्धी पाठ पढाउनु आवश्यक छैन भन्ने एक थरीको भनाइ छ भने अर्का थरीले आवश्यक छ भन्दछन् । तपाईं कुन भनाइसँग सहमत हुनुहुन्छ ? तर्क दिनुहोस् ।

४. हाम्रो देशमा यातायातको विकास हुन नसक्नुका कारणहरूको सूची तयार गर्नुहोस् ।

५. विकसित मुलुकहरूमा सडकको स्थिति कस्तो छ ? त्यहाँ पनि दुघर्टना किन हुने गर्दछ ? त्यहाँ हुने दुर्घटना र हाम्रो देशमा हुने दुर्घटनाका केके भिन्नताहरू छन् ? विकसित मुलुकमा गएका आफूले चिनेका कुनै मानिसको भनाइ, टेलिभिजन, इन्टरनेट वा चलचित्रमा देखेको आधारमा लेख्नुहोस् ।

६. सवारी साधनको चापअनुसार सडकहरूमा सुधार गर्दै जाने नेपाल सरकारको रणनीति कस्तो छ ? लेख्नुहोस् ।

७. तपाईंले बाटाघाटाको छेउमा सवारी यातायातसम्बन्धी अनेक किसिमका चिह्नहरू बनाएर राखेको देख्नुभएको होला । नदेखेको भए आफूभन्दा ठूलालाई सोधेर बाटामा कस्ताकस्ता चिह्नहरू राखिन्छन्, चित्र बनाउनुहोस् र त्यसरी चिह्न वा सङ्केत राख्ने कारणहरू केके हुन्, लेख्नुहोस् ।

८. तपाईंको टोल वा छिमेकको बाटोघाटो देखाउने नक्सा बनाएर कक्षामा प्रदर्शन गर्नुहोस् ।

९. "नेपालको परिवेशमा विकासका निम्ति सडक यातायात सबैभन्दा उपयुक्त साधन हो ।" यस भनाइलाई पुष्टि गर्नुहोस् ।

सामुदायिक कार्य

तपाईं तराई, पहाड वा हिमाली क्षेत्रमध्ये कहाँ हुनुहुन्छ ? तपाईंको समुदायमा कुनै मानिस कुनै समयमा सहरी क्षेत्रमा आएका थिए भने तिनीसँग यातायातसम्बन्धी परेका बाधाहरू सोधेर एक प्रतिवेदन तयार गर्नुहोस् । यदि तपाईं सहरमा हुनुहुन्छ भने तपाईंको कुनै मानिसले अन्य कुनै क्षेत्रको भ्रमण गर्दा यातायातसम्बन्धी बाधा व्यवधान भोग्नुपरेको भए सोधेर निबन्ध तयार गर्नुहोस् । त्यसका लागि तलका जस्ता प्रश्नहरू तयार गर्नुहोस् :

१. तपाईंले भ्रमण गर्दा मौसम कस्तो थियो ?

२. तपाईंले यातायातको निम्ति कुनकुन साधनहरूको प्रयोग गर्नुभएको थियो ?

३. बाटामा तपाईंले केके समस्या भोग्नुभयो ?

४. त्यसमा सुधार गर्न केके उपाय अपनाउनुपर्ला ?

५. खानेपानी

खानेपानी मानव जीवनका निम्ति नभई नहुने वस्तु हो । यसको अभावमा मानिस बाँच्न सक्दैन । नेपालमा हालसम्म पनि एक तिहाइभन्दा बढी जनतालाई खानेपानीको सुविधा पुऱ्याउन सकिएको छैन । बढ्दो सहरीकरण, औद्योगीकरण र बढ्दो जनसङ्ख्याको चापले गर्दा खानेपानीको माग बढ्न गई खानेपानीको स्रोत खोज्न टाढा जानुपर्ने बाध्यताले गर्दा खानेपानी योजनाहरू बढी खर्चिला हुन गएका छन् । निर्माण सामग्रीहरूको स्तर वृद्धि, दक्ष जनशक्तिको उत्पादन, प्रशोधन प्रणालीको स्थापना, सूचना व्यवस्थापन प्रणालीको विकासका साथै राष्ट्रिय तथा अन्तरराष्ट्रिय निकायहरूको संलग्नताबाट खानेपानीको शुद्धता र वितरण प्रणालीमा सुधार गर्न सकिने छ ।



खानेपानीको वितरण प्रणाली

१ पानीको मूल वा स्रोत चट्टानबाट निस्कने पानीको मूल
२. मुहानको मुहाननजिकको ट्याङ्की
३ पानी नियन्त्रण गर्ने भल्व (साँचो)
४ पानी जम्मा गर्ने ट्याङ्की बढी खपत हुने समयका लागि जम्मा गर्न सकिने ट्याङ्की
५. धारा नल
६. सफा राख्नका लागि सिमेन्ट प्लास्टर गरेको क्षेत्र
७. अरू धारासम्म पुऱ्याइने शाखा पाइपहरू
८. खेर गएको पानी फ्याँक्ने (पाइप कुलो (जमिन वा पुनः पानी जम्मा गर्ने ट्याङ्कीसम्म)
९. ट्याङ्की भरिसकेपछि बढी भएको पानी फ्याँक्ने पाइपहरू

पानीको चुहावट, स्रोतको संरक्षण तथा पानीको समुचित प्रयोग र वातावरणीय सरसफाइमा उपभोगकर्ताहरूलाई सजग गराई खानेपानीको आयोजनादेखि निर्माण तथा सञ्चालन कार्यसम्ममा सहभागी बनाउनुपर्दछ ।

शुद्ध खानेपानीको अभावमा देशको जनशक्ति रोगी बन्न पुग्छ । रोगी जनशक्तिले देश विकासका कार्यहरूमा योगदान दिन सक्दैन । त्यसैले राज्यले जनताको स्वास्थ्यलाई पहिलो प्राथमिकता दिंदै खानेपानी व्यवस्थालाई विकासको महत्त्वपूर्ण पूर्वाधारका रूपमा लिनुपर्दछ । अधिकांश सरुवा रोगहरू पानीबाट नै सर्ने हुँदा शुद्ध, पानी वितरण गर्नु राज्यको दायित्व हो ।

नेपालको वर्तमान अवस्था हेर्ने हो भने सहरी क्षेत्रमा तीव्र गतिमा बढेको जनसङ्ख्याका कारण पिउने पानीको अभाव दिनदिनै बढ्दै छ । पानीको शुद्धतातर्फ भन्दा आपूर्तितर्फ सबैको ध्यान गएको पाइन्छ । पहाडी क्षेत्रका धेरै जसो बस्तीहरू डाँडामा हुने र पानीको स्रोत तल खोल्सामा वा खोलामा हुने हुँदा एक गाग्री पानीका लागि घन्टौंसम्म हिँड्नुपर्ने बाध्यता छ । त्यसैले ग्रामीण क्षेत्रमा जनताको घरदैलोसम्म पाइपको पानी पुऱ्याउनमा नै सबैको ध्यान केन्द्रित छ । प्रशोधित र शुद्ध पानी उपलब्ध गराउनेतर्फ ध्यान पुग्न सकेको छैन । तराई क्षेत्रमा भूमिगत जलको अत्यधिक प्रयोग हुन्छ । इनार, ट्युबवेल आदिबाट पानी निकाली प्रयोग गरिन्छ । भूमिगत पानीमा पनि आर्सेनिक जस्ता विषाक्त पदार्थ पाइने हुँदा शुद्ध पानीको वितरण आवश्यक देखिन्छ ।

सरकारले इनार, कुवा, खोला, खोल्सा, पोखरी, ट्युबवेल आदि सबै ठाउँमा पानी नियमित रूपमा सर्वसुलभ ढङ्गबाट जाँच्ने व्यवस्था मिलाउनुपर्छ। नागरिकहरूले पनि पानीलाई शुद्धीकरण गरेर मात्र प्रयोग गरेमा सरुवा रोगहरूबाट बच्न र निरोगी जीवन बिताउन सकिन्छ।

नेपालमा वर्षायाममा आकाशबाट पर्ने पानी पिउन योग्य हुन्छ। छाना वा कौसीमा परेको आकासे पानीलाई जमिनमुनि ट्याङ्की राखेर जम्मा गर्न सके सुख्खा यामको पानीको अभावलाई धान्न सकिन्छ।

क्रियाकलाप

१. पानीका स्रोतहरू देखाउने चित्रहरू निर्माण गर्नुहोस्।

२. तपाईं दिनभरिमा कति पानी केके काममा प्रयोग गर्नुहुन्छ ? तालिकामा देखाउनुहोस्।

३. तपाईंको टोलछिमेकमा पानीको असुविधा छ भने त्यसको समाधानका निम्ति तपाईं केके सल्लाहहरू दिनुहुन्छ ?

४. पानी शुद्ध गर्ने उपायहरू केके छन् ? तिनको विवरण दिनुहोस्।

५. अनुसूची २ मा दिइएको नक्सामा नेपालमा रहेका नदीनालाहरू देखाइएको छ। हाम्रो देशमा नदीनालाहरू धेरै भए पनि किन खानेपानीको हाहाकार भएको छ ? कारण दिनुहोस्।

६. पिउने पानीसम्बन्धी जनचेतना जगाउन एकएकओटा पम्प्लेट वा पोस्टर तयार गर्नुहोस्।

७. तीन वर्षीय अन्तरिम योजनाको आधारपत्रमा नेपालमा खानेपानी सेवा पुगेको जनसङ्ख्या ७७ प्रतिशत पुगेको देखाइएको छ र यो योजना अवधिभर ८५ प्रतिशत पुऱ्याउने लक्ष्य रहेको छ। यसका लागि नेपालले केके काम गर्नुपर्ला ? उल्लेख गर्नुहोस्।

सामुदायिक कार्य

तपाईंको घरमा आउने पानीको स्रोत के हो ? यो कुनकुन प्रक्रियाबाट आउने गर्दछ ? भन्ने जस्ता प्रश्नावली तयार गरी आफ्ना घरका ठूला मानिस वा नजिकको खानेपानी वितरकसँग सोधेर प्रतिवेदन तयार गर्नुहोस्।

६. विद्युत् तथा सञ्चार

धेरै वर्षअघि पेमा दुर्गम स्थानबाट काठमाडौँमा पढ्न आएकी थिइन् । कहिले सहर नदेखेकी पेमालाई काठमाडौँका दुई वस्तु अचम्मका लागे । पहिलो विद्युत् र दोस्रो टेलिफोन । स्विच थिच्ने बित्तिकै कोठा उज्यालो हुने, हिटर बाले कोठा न्यानो हुने, पङ्खा घुम्ने कस्तो आश्चर्य ? यी सबै गर्न स्विच थिच्नुपर्ने रहेछ । टाढाटाढाका मानिसहरूसँग कुराकानी गर्न सकिने कस्तो अचम्म !

शारदा दिदी इलेक्ट्रिकल इन्जिनियर हुन् । तिनीबाट पेमाले विद्युत्को प्रयोग गर्ने सम्बन्धमा धेरै कुरा सिकेकी थिइन् । त्यसै बखत तिनले आफू भविष्यमा इन्जिनियर हुने अठोट गरेकी थिइन् । तिनले धेरै मिहिनेत गरेर पढिन् र तिनको सपना साकार भयो । हाल उनी विद्युत् इन्जिनियर भएर काम गरिरहेकी छन् । पेमाले पहाडी क्षेत्रमा कार्यरत रहँदा स्थानीय जनसहभागिता जुटाएर स्थानीय खोल्सा र खोलाको पानीद्वारा विद्युत् निकाली धेरै ओटा गाउँलाई उज्यालो पारिन् । हिमाली क्षेत्रमा हावाद्वारा पङ्खा घुमाएर विद्युत् उत्पादन गरी अस्पताल , साना कार खानाहरू र जनताका घरघरमा बिजुलीको उज्यालो पुऱ्याइन् । उनले जलविद्युत् नपुगेका ठाउँमा सौर्य शक्तिको उपयोगद्वारा विद्युत् उत्पादन गरिदिइन् । सौर्य शक्तिबाट विद्युत् उत्पादन गर्ने काम महँगो भएकाले अझै पनि गरिब जनताले विद्युत्को उपभोग गर्न पाएका छैनन् । त्यसैले तिनी शौर्य शक्तिबाट कम लागतमा विद्युत् शक्ति कसरी निकाल्न सकिन्छ भनी अनुसन्धान गरिरहेकी छिन् । तिनले आफ्नो देशलाई विद्युत्को उज्यालोले जगमग बनाउने सपना देखेकी छन् । यिनले गोबरबाट चल्ने र ब्याट्रीबाट चल्ने निकै सस्तो टुकिमारा बत्ती प्रचलनमा ल्याएकी छन् । यो बत्ती विद्यार्थीहरूमा निकै लोकप्रिय भएको छ । यसलाई रेडियो र टेलिभिजनका निम्ति समेत उपयोग गर्न उनी प्रयत्नरत छिन् ।

टेलिफोनको प्रयोग

उनको विद्यार्थी जीवनमा घर पठाएको चिठी पुग्न एक महिना लाग्दथ्यो । तर अचेल तुरुन्त टेलिफोनबाट जुनसुकै ठाउँमा कुरा गर्न सकिन्छ । पेमाका दुई छोरीहरू छन् । उनीहरू इन्टरनेटबाट धेरै कुरा सिक्छन् । पेमाका पति प्राध्यापक छन् । उनको घरमा डेक, कम्प्युटर छ । पेमा रेडियो र टेलिभिजनबाट ज्ञान विज्ञानसम्बन्धी समाचार सुन्ने गर्छिन् । उनी विदेशमा आफ्ना अनुसन्धानहरू फ्याक्स र इमेलको माध्यमबाट पठाउने र विदेशबाट सूचनाहरू पाउने गर्छिन् । तारराहित फोन र मोबाइल फोनका माध्यमबाट देशका कुनाकाप्चासम्म सञ्चार सुविधा पुगेको छ । एफएम रेडियोहरूले हरेक घण्टा समाचार प्रसारण गर्छन् । निजी तथा सरकारी टेलिभिजन संस्थाहरूले तारबाट र विना तार थुप्रै कार्यक्रमहरू प्रसारण गर्छन् । यसबाट सर्वसाधारणले पर्याप्त सूचना र मनोरञ्जन प्राप्त गरेका छन् । विद्युत्विना आधुनिक सञ्चारका साधनहरू नचल्ने हुँदा यसलाई आधुनिक जीवनको अभिन्न अङ्ग मानिन्छ ।

क्रियाकलाप

१. पेमाको कथामा आधारित भएर एउटा संवाद तयार गर्नुहोस् ।

२. विद्युत्को प्रयोग ठीकसँग गर्न नसकेको खण्डमा कुनकुन किसिमको खतरा हुन सक्छ ?

३. विद्युत्को प्रयोग कुनकुन काममा गर्न सकिन्छ ? सूची तयार गर्नुहोस् ।

४. रेडियोबाट प्रसारित कुन कार्यक्रम तपाईंलाई राम्रो लाग्छ ? कारण दिनुहोस् ।

५. विद्युत्बाट हुन सक्ने कुनै दुर्घटना सम्बन्धमा कल्पना गरी दैनिक पत्रिकामा छापिने समाचारको नमुना तयार पार्नुहोस् ।

६. तपाईं बसेको ठाउँमा चिठी चाँडै पुगेन भनी गोरखापत्रमा प्रकाशन गर्न सम्पादकलाई चिठी लेख्नुहोस् ।

७. तपाईं बसेको ठाउँमा विद्युत् जडान गरिदिन अनुरोध गर्दै स्थानीय नोलाइट शाखा वा विद्युत् कार्यालयका प्रमुखलाई एउटा निवेदन लेख्नुहोस् ।

८. सञ्चारका साधनहरूको सूची बनाउनुहोस् ।

९. पेमाको जस्तै तपाईंको पनि विद्युत् तथा सञ्चारसम्बन्धी अनुभव छ भने त्यसलाई कथात्मक रूपमा प्रस्तुत गर्नुहोस् ।

१०. नेपालसँग ८३ हजार मेगावाट जलविद्युत् क्षमता छ । यसमध्ये केही अंश उत्पादन गरेर छिमेकी मुलुकमा बेच्न सके नेपालको आर्थिक उन्नति हुन सक्छ । तपाईंको विचारमा यसका निम्ति कसले के काम गर्नुपर्ला ? समूहमा छलफल गरी प्रस्तुत गर्नुहोस् ।

सामुदायिक कार्य

विद्युत्को प्रयोग कसरी गर्न सकिन्छ भन्ने सम्बन्धमा तलका जस्ता प्रश्नावली तयार गर्नुहोस् :

१. के तपाईंको समुदायमा विद्युत् छ ? छैन भने तपाईंले सबभन्दा पहिले विद्युत् कुन ठाउँमा देख्नुभयो ?

२. .....

३. .....

यी प्रश्नावली कुनै एक व्यक्तिलाई भर्न दिनुहोस् र प्राप्त जवाफ समेटेर एक प्रतिवेदन तयार गर्नुहोस् ।

७ विकासका पूर्वाधार निर्माणमा जनसहभागिता

जनसहभागिताको उदाहरण

पोखराको दक्षिणी भेगका कृषकहरूले जग्गाजमिन भए पनि राम्रोसँग अन्न बाली उब्जाउन सकेका थिएनन् । त्यहाँका स्थानीय बासिन्दाहरूले फेवातालको पानीबाट सिँचाइ गर्न एउटा उपभोक्ता समूह बनाए । स्थानीय श्रम जुटाई सिँचाइको प्रबन्ध मिलाए । उपभोक्ता समूहका मानिसले त्यसको सम्पूर्ण रेखदेख गर्ने भए । उपलब्ध भएको सम्पूर्ण पानी बराबर बाँडियो र उपभोक्ता समूहका सम्पूर्ण सदस्यले आफ्नो भागमा परेको पानी लिई प्रयोग गर्न पाउने भए । अहिले तिनीहरू बाह्रै मास खेतीबाली लगाउँछन् र त्यसबाट प्रशस्त पैसा कमाएका छन् । त्यसरी कमाएको पैसाबाट उनीहरू ऋण तिर्न, आयोजनाको लागत खर्च बेहोर्न र आयोजनाको सुधारका लागि योगदान दिन सक्ने भएका छन् ।

अहिले गोरखा जिल्लाका केही महिलाहरूले पनि पढ्न जानेका छन् । यसअघि तिनीहरू आफैँले पैसा जम्मा गरेर केही किताबहरू किनेका थिए । उनीहरूले उपभोक्ता समूह पनि गठन गरे । सदस्यता शुल्क उठाए । त्यसबाट पुस्तकालय स्थापना गरे । पुस्तकालय स्थापना गरेपछि त्यसका लागि थप पुस्तक र पत्रपत्रिका सङ्कलन तथा खरिद गर्ने, पुस्तकालयलाई व्यवस्थित गर्ने र त्यहाँ भएका पुस्तक र पत्रपत्रिका पालैपालो सबैले मिलेर पढ्ने व्यवस्था मिलाएका छन् । यसरी जनता स्वयम् आफ्नो गाउँ टोलको विकास निर्माणमा सहभागी भई निर्णय गर्ने, कार्यक्रम बनाउने तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्य नै जनसहभागिता हो ।

नेपालको पूर्वाधार विकासमा जनसहभागिताको महत्त्वपूर्ण स्थान रहेको छ । यसका साथै पूर्वाधार विकासमा केही समस्याहरू पनि रहेका छन् । ती समस्याहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- गरिबीका कारण पुँजीको अभाव हुनु,
- प्राविधिक दक्ष जनशक्तिको कमी भएका कारण पूर्वाधार निर्माण कार्यले गति लिन नसक्नु,
- उपकरणहरूको अभावका कारण पूर्वाधार स्थापना र सञ्चालनमा कठिनाइ हुनु,
- जनचेतनाको कमीको कारणले उपलब्ध स्रोत र साधनको प्रयोग गर्न नसक्नु,
- कठिन र कमजोर भू-धरातल भएका कारण निर्माण भएका पूर्वाधारहरू बिग्रने र नष्ट हुने क्रम जारी रहनु,
- बाढी, पहिरो, भूकम्प जस्ता दैवी प्रकोपको मार निरन्तर परिरहनु,
- धार्मिक र सांस्कृतिक व्यवधानका कारण भएका स्रोत साधनको उपयोग गर्न नसक्नु,
- आवश्यकताभन्दा बढी परनिर्भरता बढ्नु र आफ्नै देशभित्र पुँजी निर्माण गर्न नसक्नु ।

यी समस्याहरूले गर्दा हाम्रा पूर्वाधाहरूको विकास हुन सकिरहेको छैन । सरकारी एवम् गैरसरकारी दुवै क्षेत्रबाट यी समस्याहरूको समाधानका उपायहरू पहिल्याएर त्यसको कार्यान्वयन गर्नुपर्दछ । यसका निम्ति आर्थिक स्रोत सबैभन्दा महत्त्वपूर्ण स्रोत हो । विदेशमा अत्यधिक माग भएका वस्तुहरूको पहिचान गरी त्यस्ता वस्तुहरूको उत्पादन गरेर प्रशस्त विदेशी मुद्रा आर्जन गर्न सकिन्छ । यसरी प्राप्त हुन आएको रकमले विकासका पूर्वाधारहरू निर्माण गर्न सकिन्छ ।

क्रियाकलाप

१. तलका भनाइहरू ठीक छन् कि छैनन्, कारण दिनुहोस् :

हो, हामी सानै रूपमा भए पनि सेवा उपलब्ध गराउँछौं । गाउँप्रति हाम्रो जिम्मेवारी छ ।

होइन, हामीलाई त ठूलोठूलो निर्माण कार्यका लागि अन्तर्राष्ट्रिय सहयोग चाहिन्छ ।

तिनीहरूको सहयोग महत्त्वपूर्ण छ, तर हामी सधैं तिनीहरूमाथि भर पर्नुहुँदैन ।

हो, तर तिनीहरूले नाफा कमाउने मात्र नभई सेवा पनि उपलब्ध गराउनुपर्दछ ।

हो, तर तिनीहरूले कर वृद्धि गर्नुपर्ने आवश्यकता पर्न जान्छ ।

हो, तर धेरै गरिब जनताले तिर्न सक्दैनन् ।

२. पाठका आधारमा तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

(क) सिँचाइ आयोजनाका लागि कसले पुँजी उपलब्ध गराएको छ ?

(ख) नहरको मर्मत खर्च कसले बेहोरेको छ ?

(ग) सिँचाइ सुविधाले जीवनस्तरमा कस्तो प्रभाव पाऱ्यो ?

(घ) पुस्तकालय किन धेरै महत्त्वपूर्ण छ, के सरकारले यसलाई प्राथमिकता दिनुपर्दछ ?

(ङ) उल्लिखित विवरणहरू सबै जनसहभागितासँग सम्बन्धित छन् । तपाईंले जनसहभागिता भन्नाले के बुझ्नुभयो र नेपालमा किन यो बढी महत्त्वपूर्ण छ ?

सामुदायिक कार्य

विद्यालयसँग सम्बन्धित व्यक्तिसँग सोधी तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् ।

* हाम्रो विद्यालय कसरी निर्माण भयो ?
* फर्निचर कसरी बनाइयो ?
* नियमित खर्च र सामग्रीहरूको मर्मतसम्भार खर्च कसरी जुटाइन्छ ?
* विद्यालयको गुणस्तर बढाउन केके प्रयासहरू गरिँदै छ ?

आफ्नै विद्यालयको सम्बन्धमा अभिभावक र अन्य आगन्तुकका लागि पनि उपयोगी हुने एउटा परिचय पुस्तिका तयार पार्नुहोस् ।

अनुसूची १

नेपालको सडकको स्थिति



तीन वर्षीय योजनामा सडक क्षेत्रको परिणात्मक लक्ष्य

१.	नयाँ निर्माण	७८०	कि.मी
२.	सडक स्तरोन्नति	२५००	कि.मी
३.	आवधिक मर्मत	१४५०	कि.मी
४.	नियमित मर्मत	७३००	कि.मी
५.	पुल निर्माण	१०४	वटा
६.	जोडिने जिल्ला सदरमुकामहरु	१२	वटा

नोट : बाह्र जिल्ला सदरमुकामहरु मध्ये हिल्सा - सिमिकोट (हुम्ला) को निर्माण चिन सरकार मार्फत एवं सोलुखुम्बुको लागि स्थानिय विकास मन्त्रालय मार्फत हुने र बाँकी भोजपुर, खोटाङ, मनाङ, मुस्ताङ, जाजरकोट, याजुग, मुगु, डोल्पा, बझाङ र सखुवासभाको निर्माण सडक विभाग मार्फत हुने ।

स्रोत : तीन वर्षीय अन्तरिम योजना, २०६४-२०६७

अनुसूची २

नेपालका नदीनालाहरू


मुगु कर्णाली नदी
रारा ताल
तीला नदी
फोक्सुण्डो ताल
भेरी नदी
तुलसी भेरी नदी
स्यापु दह
भेरी नदी
भेरी नदी
गोकी भेरी नदी
गोरी गंगा नदी
गोरी गंगा नदी
गोरी गंगा

सारांश

यस एकाइमा हामीले निम्नलिखित कार्यहरू गर्न सिक्यौँ :

* छलफल र विचारको आदानप्रदान गर्न,
* सूचनाहरू प्रदर्शन गर्न,
* प्रश्नहरूको निर्माण तथा प्रयोग गर्न,
* वस्तुको महत्त्वअनुसार क्रम मिलाउन,
* तालिकाहरूको व्याख्या गर्न,
* वादविवाद सञ्चालन गर्न,
* वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्न,
* विकासका पूर्वाधारहरूको महत्त्व बताउन र समस्या पहिचान गर्न,
* आफ्नो समुदायमा रहेका पूर्वाधारहरूको अवस्था अध्ययन गर्न,

एकाइ ३

हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यताहरू



यस एकाइमा हामी निम्नलिखित विषयवस्तु अध्ययन गर्ने छौं :

- हाम्रो रीतिरिवाज, चित्रकला, वास्तुकला र मूर्तिकला
- आफ्नो समुदायमा ती सम्पदाहरूको खोजी र सरक्षण कार्यमा सहभागिता
- धर्म निरपेक्षता
- हाम्रा राष्ट्रिय विभूतिहरूको परिचय र योगदान
- राष्ट्रिय विभूतिहरूलाई उचित सम्मान

१. हाम्रो रीतिरिवाज र परम्परा

हाम्रो रीतिरिवाज, परम्परा तथा सम्पूर्ण जीवनशैली सामाजिक भावनाबाट अभिप्रेरित छन् । त्यसैगरी मूल्य र मान्यतालाई धेरै मात्रामा समाजले डोऱ्याएको पाइन्छ । जन्मदेखि मृत्युपर्यन्त गरिने संस्कारहरू, विभिन्न पूजाआजाहरू, चाडपर्वहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा धर्मबाट निर्देशित भएका हुन्छन् । यहाँ केही धर्मावलम्बी वा जातिका रीतिरिवाज तथा परम्परा नमुनाका रूपमा प्रस्तुत गरिएको छ ।

मस्टो धामी

मध्य तथा सुदूर पश्चिमाञ्चलमा मस्टो परम्परा

यो परम्परा हाम्रो देशको कर्णाली, सेती महाकाली अञ्चलका गाउँघरतिर प्रचलित छ । मस्टो भनेको एक प्रकारको देवता हो तर मस्टोको कुनै खास मूर्ति भने हुँदैन । मस्टो देवता धामीमा रूपान्तरित हुन्छ । धामीमा मस्टो चढेपछि अवतारी दैवी शक्ति पुरुषको रूप धारणा गर्दछ र बक्न थाल्दछ । मस्टो उत्रेको धामीले विभिन्न दैवी चमत्कारहरू पनि देखाउने विश्वास छ । जस्तै : फलामको सिक्री चुँडाउने, तातो तेलमा हात डुबाउने आदि । आजभोलि बाहिरी प्रभावले यो परम्परा हराउँदै जान थालेको कुरा स्थानीय बासिन्दाहरूको भनाइ छ । खसहरूले देवालीमा मस्टोलाई मूल देवताका रूपमा मान्दछन् ।

अवधी समाजमा व्रत तथा उपवासको परम्परा

व्रतालु महिलाहरू

नेपालको मध्यपश्चिमी तराई नवलपरासी, रुपन्देही, कपिलवस्तु, बाँके आदि जिल्लामा छरिएर रहेको अवधी समाजमा व्रत तथा उपवास बस्ने परम्परा छ । यहाँ पुरुषहरूभन्दा महिलाहरू बढी व्रत बस्ने चलन छ । नागपञ्चमी, यमद्वितीया, दीपावली आदि यो समाजका मानिसहरूले व्रत बस्ने महत्त्वपूर्ण दिनहरू हुन् । व्रत बस्ने क्रममा व्रत बसिएको दिनको देवतासँग सम्बन्धित कथा भन्ने तथा गीत गाउने पनि चलन छ । महिलाहरूले व्रत विशेष गरेर विभिन्न फल प्राप्तिका लागि लिने चलन छ । जस्तै : अविवाहिताले राम्रो घर र राम्रो पति प्राप्तिका लागि तथा विवाहितले आफू र पतिको सौभाग्य र सुख, बालबच्चाको सुस्वास्थ्य तथा परिवार र समाजको सुख समृद्धिका लागि व्रत बस्ने गर्छन् ।

आठपहरिया राईको मार्गापूजा

पूर्वी पहाडी जिल्ला धनकुटा मूल बासस्थान रहेको आठपहरिया राईहरूले मार्गालाई सबैभन्दा ठूलो देवताका

रूपमा मानी पूजा गर्ने चलन छ। चैत्र/वैशाख, भदौ/असोज र कात्तिक/मङ्सिर महिनामा उपयुक्त तिथि मिलाएर वर्षको तीन पटक मार्गाथानमा मार्गाको नियमित पूजा गर्छन् भने भाकल भएमा अन्य समयमा पनि मार्गा पूजा गर्ने चलन छ। मार्गा पूजा गर्दा सुँगुर, कुखुरा आदिको बलि दिने र नयाँ अन्नबाली चढाउने गरिन्छ। कात्तिक मङ्सिरमा मार्गा पूजा गरिसकेपछि ढोल र झ्याम्टा बजाएर नाच्ने पनि गरिन्छ।



मार्गाथान

क्रियाकलाप

१. तपाईंको आफ्नो धर्म वा परम्पराअनुसार जन्मदेखि मृत्युसम्म गरिने संस्कारहरू लेख्नुहोस्।

२. मस्टो परम्पराको सकरात्मक र नकरात्मक पक्ष कक्षामा छलफल गरी लेख्नुहोस्।

३. अवधी समाजमा बढी महिलाहरूले मात्र व्रत तथा उपवास बस्ने परम्परा तपाईंलाई कस्तो लाग्यो ? यस परम्परामा समयानुसार सुधार गर्नुपर्ने भए केके गर्नुपर्ला ? सुझाव दिनुहोस्।

४. हाम्रो देशमा मन्दिरहरूमा पशुबलि दिने परम्परा तपाईंलाई कस्तो लाग्छ ? उपयुक्त भए कारणसहित आफ्नो तर्क पेस गर्नुहोस्। उपयुक्त छैन भने सुधारका उपायहरू दिनुहोस्।

५. आठपहरिया राईको रीतिरिवाजको छोटो परिचय दिनुहोस्।

६. कक्षामा विभिन्न धार्मिक सुमदायका साथीहरू हुन सक्छन्। आफूले मान्ने धर्मभन्दा फरक धार्मिक समुदायबाट आएका एकजना साथीसँग सोधेर उक्त धार्मिक परम्पराअनुसार वर्षभरि गरिने मुख्यमुख्य क्रियाकलाप लेख्नुहोस्।

सामुदायिक कार्य

१. तपाईंका समुदायमा कुनै जाति वा धर्मसँग सम्बन्धित कुनै अनौठो र नौलो लाग्ने परम्परा खोजी गर्नुहोस्। उक्त परम्पराअनुसार गरिने क्रियाकलाप लेख्नुहोस् र उक्त परम्पराले समाजमा पारेको प्रभावसमेत लेख्नुहोस्। उक्त परम्परामा समयानुकूल सुधार गर्नुपर्ने भए सुझाव दिनुहोस्।

२. तल दिइएको मध्ये कुनै एक परम्पराको बारेमा खोजी गरेर लेख्नुहोस् :

* काठमाडौंको कुमारी प्रथा
* हिन्दुहरूको बेवाली पूजा
* थारू समुदायमा रहेको माघी पर्व
* क्रिस्चियनहरूको इभ
* नेवारको गुठी
* इस्लाम धर्मावलम्बीहरूको जकात (दान) पर्व
* मध्य हिमाली प्रदेशको झुमा प्रथा
* किरातहरूको उँधौली र उँभौली पर्व
* गुरुङ समुदायमा प्रचलित रोधी
* सुदूरपश्चिमी क्षेत्रमा रहेको गौरा पर्व
* पूर्वी तराईको धिमाल जातिहरूको सिरुवा पर्व
* पूर्वी तराईको छठ पर्व

यस बोहकका अन्य पनि खोजी गरी लेख्न सक्नुहुन्छ।

२. नेपाली चित्रकला

नेपाली कलामा हाम्रो परम्परा र रीतिरिवाज पनि प्रतिबिम्बन भएको पाइन्छ । नेपाली कला पनि विभिन्न धर्म र त्यसअन्तर्गतका देवी देवताहरूसँग गाँसिएको पाइन्छ । नेपाली कलामा हस्तकलाअन्तर्गत चित्रकला, मूर्तिकला र वास्तुकला पर्छन् । यहाँ चित्रकलाको बारेमा चर्चा गरिन्छ ।

चित्रकला

चित्रको माध्यमबाट कुनै पनि कुरा अभिव्यक्त गर्नु नै चित्रकला हो । नेपाली चित्रकलाको इतिहास धार्मिक दृष्टिबाट भएको पाइन्छ । लिच्छवि शासनकालमा चित्रकला भित्रिएको मान्न सकिन्छ । नेपालमा दसौँ तथा एघारौँ शताब्दितिरको 'प्रज्ञापारमिता' ताम्रपत्रको सबैभन्दा पुरानो ग्रन्थ चित्र मानिन्छ । चौधौँ र पन्ध्रौँ शताब्दितिर चित्रकलाको विकास चरम सीमामा पुगेको देखिन्छ । चित्रकलाको परम्परा मूर्तिकलाभन्दा पहिले भएको मानिन्छ । पहिले चित्र बनाएर पछि त्यसैको आधारमा मूर्ति बनाउने परम्परा विकास भएको मानिन्छ । चित्रकलालाई पनि मुख्य रूपमा तीन भागमा बाँड्न सकिन्छ :

(क) ग्रन्थ चित्र : विभिन्न ग्रन्थहरूमा पाइने चित्र नै ग्रन्थ चित्र हो । नेपालमा हालसम्म पाइएको सबैभन्दा पुरानो चित्र पनि ग्रन्थ चित्र नै हो । यस्ता चित्रहरू प्राचीन कालमा ताम्रपत्र, भोजपत्र आदिमा बनाइन्थे । सबैभन्दा पुरानो मानिने 'प्रज्ञापारमिता' ग्रन्थ चित्रको एकपातामा पञ्चबुद्ध र तारा तथा अर्को पातामा प्रज्ञापारमिता, व्रजसत्व र देवीका चित्रहरू रहेका छन् । आजभोलि ग्रन्थचित्रहरू कागजमा बनाइन्छ ।

(ख) पौभा चित्र : कपडामा बनाइने चित्रलाई पौभा भनिन्छ । यसलाई थाङ्का चित्र पनि भनिन्छ । पौभा चित्र पनि पट र मन्डला गरी दुई प्रकारका हुन्छन् । पट चित्रमा मुख्य देवता बीचमा र वरिपरि सहायक देवताहरूको चित्र बनाइएको हुन्छ भने मन्डला चित्रमा बीचमा कुनै चिह्न वा वस्तु र चारैतर्फ देवताहरू बनाइएको हुन्छ । पौभा चित्र वर्गाकार वा वृत्ताकारमा बनाइएको हुन्छ । पौभा चित्र नेपालमा एघारौँ शताब्दितिर भित्रिएको देखिन्छ । पौभा चित्रको परम्परा विशेष गरेर तिब्बत (चीन) बाट भित्रिएको र यो चित्र बनाउन महायान परम्पराका बौद्धमार्गीहरूले सुरुवात गरेको विश्वास गरिन्छ ।

थाङ्का चित्र

काठमाडौँ, ललितपुर र भक्तपुरका विभिन्न विहार तथा वहालहरूमा वर्षको एकपटक भाद्र कृष्ण प्रतिपदादेखि अष्टमीसम्म यस्ता पौभा चित्रहरू प्रदर्शन गर्ने चलन छ । पौभा तथा थाङ्का चित्रको प्रचलन आजभोलि पनि छ । यो चित्रलाई आजभोलि व्यावसायिक रूप दिइएको पाइन्छ । विदेशी पर्यटकहरूले पनि यस्ता चित्रहरू असाध्यै मन पराउँछन् । थाङ्का चित्र विदेशमा समेत निर्यात हुन्छ । यस्ता चित्र लाखौं रुपियाँसम्म पर्ने हुन्छन् ।

(ग) भित्ते चित्र : घर, मन्दिर, गुम्बा आदिका भित्ताहरूमा बनाइएका चित्रलाई भित्ते चित्र भनिन्छ । घरमा भूतप्रेत नलागोस् भनेर विभिन्न देवी, देवता वा तिनीहरूको प्रतीकका रूपमा विभिन्न जीव जनावरको चित्र बनाउने वा बनाइएको चित्र टाँस्ने चलन आम नेपालीको संस्कृतिकै रूपमा रहेको छ । यस्ता चित्रहरू बौद्ध परम्पराअनुसार बनाइएका गुम्बा, हिन्दु परम्पराअनुसार बनाइएका मन्दिर

तथा पाटीपौवा र अन्य सार्वजनिक ठाउँमा समेत बनाउने परम्परा छ । जहाँसुकै बनाए पनि प्रायः सबैजसो चित्रहरू धार्मिक दृष्टिकोणबाट बनाइएको देखिन्छ । हिन्दु परम्पराअनुसार प्रत्येक वर्ष नागपञ्चमीका दिन घरको भित्तामा नाग बनाउने वा नागको चित्र टाँस्ने पनि भित्ते चित्रको एउटा नमुना हो । भित्ते चित्रको सबैभन्दा उत्कृष्ट नमुना तराई क्षेत्रमा प्रचलित मिथिला चित्रकला हो । कतैकतै यसलाई मधुबनी चित्रकला पनि भनिन्छ । यसको सुरुवात भारतको मधुवनीबाट भएको मानिन्छ । हाल यो कला तराईको जनकपुर क्षेत्रमा प्रचलित छ । प्रायः गरेर महिलाहरूले बनाउने मिथिला चित्रकलामा दुर्गा, काली, गौरी, गणेश, कृष्ण, शिव आदिको चित्र बनाउने चलन देखिन्छ । यसमा विभिन्न जीवजनावरहरूको चित्रसमेत बनाइन्छ । यस्ता चित्र निर्माणमा धेरैजसो महिलाहरूको संलग्नता रहन्छ । थाङ्का जस्तै हाल यस चित्रकलाको प्रभाव विश्व समुदायसम्म परेको छ । पर्यटकहरूसमेत यस्तो चित्रबाट आकर्षित भएकाले यसको व्यावसायिक निर्माणसमेत सुरु भएको छ ।

मिथिला चित्र

क्रियाकलाप

१. नेपाली चित्रकलाको ऐतिहासिक पृष्ठभूमि लेख्नुहोस् ।

२. नेपाली चित्रकला र धर्मको सम्बन्ध देखाउनुहोस् ।

३. नेपाली संस्कृति र चित्रकलाबीच कस्तो सम्बन्ध रहेको पाउनुहुन्छ ?

४. तल दिइएका शीर्षकमा छोटो टिप्पणी लेख्नुहोस् :

(क) नेपाली पौभा वा थाङ्का चित्र (ख) ग्रन्थ चित्र

(ग) भित्ते चित्र (घ) मिथिला चित्रकला

५. तपाईंले हालसम्म कहाँकहाँ र कस्तोकस्तो चित्रकलाको नमुना देख्नुभएको छ र टिपोट गर्नुहोस् । त्यसलाई कक्षामा प्रस्तुत गर्नुहोस् । साथीले प्रस्तुत गरेको पनि ध्यान दिएर सुनेर आवश्यक थपघट गर्नुहोस् ।

६. तपाईंले देखेका मध्ये तपाईंलाई सबैभन्दा मन परेको चित्र बनाउने अभ्यास गर्नुहोस् । चित्र बनाउँदा सकेसम्म रङको संयोजनसमेत मिलाउनुहोस् । सबैले बनाएका चित्रको मूल्याङ्कन गर्न मूल्याङ्कन समिति बनाउनुहोस् र चित्रप्रदर्शनीको आयोजना गर्नुहोस् । चित्रहरूको मूल्याङ्कन गरी सर्वोत्कृष्ट चित्र छनोट गर्नुहोस् ।

सामुदायिक कार्य

नजिकैको सङ्ग्रहालय वा मन्दिर वा गुम्बा वा अन्य यस्तै प्राचीन चित्रकलाको नमुना पाइने स्थानमा जानुहोस् र त्यहाँ भएको चित्रको अध्ययन गर्नुहोस् । उक्त चित्र कसले र कुन प्रयोजनका लागि बनाएका हुन् र उक्त चित्रले केको प्रतिनिधित्व गरेको छ, सोसमेत सोधखोज गरी पत्ता लगाउनुहोस् ।

३. नेपाली मूर्तिकला

विभिन्न प्रकारकार सिसा, धातु, प्रस्तर (ढुङ्गा), काठ, माटो आदिको विभिन्न आकृति बनाउनु नै मूर्तिकला हो। चित्रकला जस्तै मूर्तिकला पनि धार्मिक तथा सांस्कृतिक परम्परासँग गाँसिएको पाइन्छ। प्राचीन कालदेखि नै धातु तथा प्रस्तरबाट कुँदेर विभिन्न देवदेवीहरूको मूर्ति बनाउने परम्परा रहेको देखिन्छ। हालसम्म प्रमाणित भएको सबैभन्दा पुरानो मूर्तिकला लिच्छवि राजा मानदेवद्वारा स्थापना गरिएको वामनको त्रिविक्रमको मूर्ति मानिन्छ। उक्त मूर्तिमा स्थापना गरिएको मितिसमेत उल्लेख छ। त्यस्तै यक्षको मूर्ति र विरूपाक्षको मूर्ति पनि पुरानो मूर्तिभित्र पर्छन् तर ती मूर्ति कहिले बनाइएका हुन् भन्ने प्रमाण पाइएको छैन।

विरूपाक्षको मूर्ति

नेपालमा मूर्तिकलाको विकास लिच्छविकालमा सुरु भई मल्ल कालमा चरम सीमामा पुगेको देखिन्छ। लिच्छविकालमा बनाइएका अन्य मूर्तिकलाहरूमा चाँगुनारायणको मन्दिरभित्र र परिसरमा निर्माण गरिएका मूर्तिहरू, पलाञ्चोक भगवतीको मूर्ति, बूढानीलकण्ठको मूर्ति र विभिन्न ढुङ्गे धाराहरूमा ढुङ्गा कुँदेर बनाइएका मूर्तिहरू नमुनाका रूपमा लिन सकिन्छ। त्यस वेला मूर्तिकलाको सबैभन्दा धेरै विकास भएको थियो। मल्लकालमा धातु, ढुङ्गा र काठको मूर्ति बनाउने प्रचलन बढी थियो। मल्लकालीन समयमा बनाइएका गणेश, शिव, विष्णु, सूर्य, लक्ष्मी, सरस्वती र बुद्धका मूर्तिहरू काठमाडौँ उपत्यका र त्यस वरपर धेरै पाइन्छन्। उदाहरणका लागि फर्पिङको महिषासुर मर्दिनी, बनेपाको सूर्यनाथ, भक्तपुरको विष्णु, उग्रचण्डी, भैरव, काठमाडौँ हाडीगाउँमा रहेको सरस्वती, हनुमानढोकाको नरसिंह, महाकालनजिकै रहेको गरुडको मूर्ति आदि मल्लकालीन मूर्तिकलाका नमुना हुन्।

बूढानीलकण्ठको मूर्ति

मल्लकालीन राजाहरूका ठाउँठाउँमा रहेका सालिक पनि त्यस समयको मूर्तिकलाका नमुना हुन्। मल्लकालमा सबैभन्दा धेरै धातुका मूर्तिहरू बनाइएका थिए। त्यस समयमा कलाकारहरूले ढलोट, तामा, पित्तलका मूर्तिहरू बनाएको देखिन्छ। काठमाडौँ, ललितपुर र भक्तपुर तीनै सहरमा रहेको तलेजु मन्दिरका द्वारहरू, भक्तपुर दरबारको सुवर्णद्वार,



रानीपोखरी

सुनधाराहरू र मल्ल राजाका सालिकहरू त्यस समयका धातुकलाका नमुना हुन् ।

राणा र शाहकालमा त्यति धेरै मूर्तिकलाको विकास नभए पनि ठाउँठाउँमा राणा प्रधानमन्त्री र शाह राजाहरूको सालिक स्थापना गरेको देखिन्छ । आधुनिक समयमा पनि ठाउँठाउँमा सहिदहरूको मूर्ति निर्माण गर्ने तथा विभिन्न देवदेवीहरूको मूर्ति बनाउने परम्परा रहेको छ । नेपालको तराई क्षेत्रमा दसैँको समयमा दुर्गा, काली आदि देवीहरूको मूर्ति पराल, माटो आदिबाट बनाई आकर्षक रङ लगाउने प्रचलन व्यापक रूपमा छ ।

दुर्गा

हाल नेपालमा चित्रकला तथा मूर्तिकलाको विकासका लागि विभिन्न व्यक्ति तथा संस्थाहरू पनि लागिरहेका छन् । ललितकला क्याम्पस काठमाडौँमा कलासम्बन्धी अध्ययन अध्यापन हुन्छ । नेपाल प्रज्ञा प्रतिष्ठान र त्यसअन्तर्गतका सङ्घसंस्थाहरू पनि यस्ता कार्यमा लागिरहेको देखिन्छ । नेपाल ललितकला सङ्घ (Nepal Association of Fine Arts-NAFA) पनि नेपाल प्रज्ञा प्रतिष्ठानबाट सम्बन्धन प्राप्त गरेको एउटा संस्था हो । यस संस्थाले नेपाली चित्रकला र मूर्तिकलाको विकासमा उल्लेखनीय कार्यहरू गर्दै आएको छ ।

क्रियाकलाप

१. मूर्तिकला भनेको के हो ? छोटो परिचय दिनुहोस् ।

२. नेपालको प्राचीन मूर्तिकलाको अवस्था कस्तो थियो ? वर्णन गर्नुहोस् ।

३. नेपालमा मल्ल काललाई मूर्तिकला विकासको चरमोत्कर्षको रूपमा लिइन्छ, किन ? विभिन्न उदाहरणसहित पुष्टि गर्नुहोस् ।

४. तपाईंले विभिन्न मूर्तिहरू देखेको हुनुपर्छ । त्यसमध्ये तपाईंलाई सबैभन्दा उत्कृष्ट र राम्रो लागेको मूर्तिको सम्बन्धमा निम्नलिखित बुँदाको आधारमा लेख्नुहोस् :

* मूर्तिको नाम :
* मूर्ति रहेको स्थान :
* मूर्ति बनाउने वा स्थापना गर्ने व्यक्ति :
* मूर्ति बनाइएको मिति :
* मूर्ति मन पर्नुको कारण :
* मूर्ति बनाउने सामग्री :

५. नेपाली समुदायमा रहेका धेरै जसो मूर्तिहरू कुनै न कुनै धार्मिक परम्परासँग सम्बन्धित छन् । ती मूर्तिहरू कलाको दृष्टिबाट भन्दा धार्मिक दृष्टिकोणबाट बढी प्रभावित छन् । यसको प्रमुख कारण के होला, छलफल गरी लेख्नुहोस् । ती मूर्तिहरूलाई धर्मको साथै कलाको दृष्टिकोणबाट पनि प्रचारप्रसार गर्न के गर्नुपर्ला ?

सामुदायिक कार्य

१. तपाईंको समुदायमा रहेको कुनै मन्दिर वा गुम्बामा रहेको मूर्ति वा कसैको सालिक भएको ठाउँमा जानुहोस् र त्यसको बारेमा एउटा समाचार लेख्नुहोस् ।

२. कुनै एकजना मूर्तिकारलाई भेट्नुहोस् र मूर्तिकलाको सम्बन्धमा विस्तृत विवरण तयार गर्नुहोस् ।

४. नेपाली वास्तुकला

वास्तुको अर्थ वासस्थान हुन्छ । वासस्थानसम्बन्धी कलालाई वास्तुकला भनिन्छ । नेपालमा चित्रकला र मूर्तिकला जस्तै प्राचीन वास्तुकला पनि उत्कृष्ट र वैज्ञानिक दृष्टिकोणले समेत उत्तम रहेको पाइन्छ । नेपालका सांस्कृतिक सम्पदाहरूमा वस्तुकला पनि महत्त्वपूर्ण मानिन्छ । प्राचीन नेपाली वस्तुकलालाई पनि मुख्य रूपमा तीन भागमा बाँडेर हेर्न सकिन्छ ।

(क) प्यागोडा शैली (**The pagoda style**) : नेपालमा प्यागोडा शैलीको सुरुवात १३ औँ शताब्दीमा भएको ऐतिहासिक तथ्य भेटिन्छ । वास्तुकलाको यो शैली अरनिको र उनका साथीहरूले चीनमा लगेको विश्वास गरिन्छ । प्यागोडा शैली भन्नाले एकभन्दा बढी छानो बनाई तल फराकिलो र माथि साँघुरिँदै जाने शैली हो । प्राचीन कालमा मानदेवको मानगृह, चाँगुनारायण, अंशुवर्माको कैलाशकुट भवन, नरेन्द्रदेवको भद्राधिवास वास्तुकलाका उत्कृष्ट नमुना हुन् । प्यागोडा शैलीका मन्दिर, दरबार र भवनहरू मल्लकालमा पनि प्रशस्त बनेको पाइन्छ । भक्तपुरको न्यातपोल, दत्तात्रयको मन्दिर, काठमाडौँको काष्ठमण्डप आदि मल्लकालीन प्यागोडा शैलीमा बनेका मन्दिरहरूका नमुना हुन् । पृथ्वीनारायण शाहको समयमा बनेको वसन्तपुरको नौतले दरबार र नुवाकोटको दरबार पनि प्यागोडा शैलीमा निर्माण भएका छन् । पशुपति मन्दिर, तलेजु मन्दिर र पलाञ्चोक भगवती मन्दिर पनि प्यागोडा शैलीका नमुना हुन् ।



न्यातपोल मन्दिर

(ख) स्तूप वा चैत्य शैली (**Stupa or chaitya style**)

बौद्ध परम्पराअनुसार तल फुकेको र माथि साँघुरो हुँदै गएको शैलीलाई स्तूप शैली वा चैत्य शैली भनिन्छ । नेपालमा सम्राट् अशोकले यस्तो निर्माण शैली भित्र्याएका हुन् भन्ने विश्वास गरिन्छ । लुम्बिनीको मायादेवी मन्दिर यसको नमुना हो । स्तूप शैलीको प्रचलन नेपालमा प्राचीन कालदेखि नै रहेको थियो । स्वयम्भूनाथ र बौद्धनाथ स्तूप शैलीका उत्कृष्ट नमुना हुन् । त्यसै गरी चाबहिलको चारुमती चैत्य पनि चैत्य शैलीमा निर्माण भएको हो । पाटनको अशोक स्तूप सबैभन्दा पूरानो स्तूप शैली हो ।



बौद्ध स्तुप



जनकपुरको जानकी मन्दिर

(ग) शिखर शैली (**The shikhara style**)

शिखर शैली पनि परम्परागत उत्कृष्ट वास्तुकला हो । यो पिरामिड आकारको अग्लो हुन्छ । यसको बाहिरी भागमा लाम्चो आकारमा पाँच वा नौ भागमा ठाडो पारेर विभाजन गरिएको हुन्छ । प्रत्येक भागमा गजुर हुन्छ । यो पनि तल केही फुकेको र माथि चुच्चो परेर साँघुरिएको हुन्छ । पाटनको कृष्ण मन्दिर र महाबौद्ध शिखर शैलीका उत्कृष्ट नमुना हुन् । कृष्ण मन्दिर मल्लकालीन राजा सिद्धिनरसिंह मल्लको समयमा निर्माण भएको हो ।

हाम्रो देशमा गुम्बज शैली, मुगल शैली आदि शैलीमा बनेका घर तथा धार्मिक स्थलहरू पनि रहेका छन् । जनकपुरको जानकी मन्दिर यसको उदाहरण हो । खास गरी तराई क्षेत्रमा यस्ता गुम्बज शैलीका उत्कृष्ट नमुनाहरू पाइन्छन् । मल्लकालीन समयका पचपन्न झ्याले दरबार, राणाकालीन समयमा बनेका सिंहदरबार, केशरमहल, थापाथली दरबार, श्रीमहल, रानीमहल आदि पनि वास्तुकलाका उत्कृष्ट नमुना हुन् । यिनमा युरोपेली शैलीका वास्तुकलाको उदाहरण देख्न सकिन्छ । नेपाली कलाको सम्बन्धमा थप जानकारी लिन www.nepalart.com. website मा search गर्न सकिन्छ ।

क्रियाकलाप

१. वास्तुकलाको छोटो परिचय दिनुहोस् ।

२. कस्तो शैलीलाई प्यागोडा शैली भनिन्छ ? उदाहरणसहित प्रस्ट पार्नुहोस् ।

३. शिखर शैली र स्तूप शैलीमा के भिन्नता छ ? समूहमा छलफल गरी लेख्नुहोस् ।

४. प्राचीन (परम्परागत) र आधुनिक वास्तुकलाबीच फरक छुट्याउनुहोस् ।

५. तल दिइएका मन्दिर तथा दरबार कुनकुन शैलीका हुन्, छुट्याउनुहोस् :
पशुपतिनाथको मन्दिर, पाटनको कृष्ण मन्दिर, काष्ठमण्डप, भक्तपुरको न्यातपोल, बौद्धनाथ, दत्तात्रय मन्दिर, चारुमती, स्वयम्भूनाथ, जानकी मन्दिर, सिंहदरबार

६. प्यागोडा शैली, शिखर शैली र स्तूप शैलीको एकएकओटा नमुना चित्र बनाउनुहोस् ।

सामुदायिक कार्य

तपाईंको समुदायमा कुनै मन्दिर वा अन्य धार्मिक स्थल, दरबार, घर आदि हुन सक्छन् । तीमध्ये कुनै एक स्थानमा स्थलगत भ्रमण गरी ती कस्ता शैलीबाट निर्माण भएका रहेछन्, पत्ता लगाउनुहोस् ।

५. धर्म निरपेक्षता र हाम्रा प्रमुख धार्मिक स्थलहरू

जनआन्दोलन २०६२/०६३ बाट पुनःस्थापित प्रतिनिधि सभाबाट वि.सं.२०६३ जेठ ४ गते ऐतिहासिक "प्रतिनिधि सभाको घोषणा २०६३" घोषणा भएको थियो। त्यही ऐतिहासिक घोषणाले नेपाललाई पहिलो पटक धर्म निरपेक्ष राज्यका रूपमा कानुनी मान्यता प्रदान गरेको थियो। यसलाई नेपालको अन्तरिम संविधान २०६३ ले पनि निरन्तरता दिँदै उक्त संविधानको भाग १, धारा ४ मा "नेपाल एक स्वतन्त्र, अभिभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्म निरपेक्ष, समावेशी र पूर्ण लोकतान्त्रिक राज्य हो" भनी उल्लेख गरिएको छ।

धर्मसम्बन्धी हकलाई मौलिक हकका रूपमा पनि उक्त अन्तरिम संविधानले व्यवस्था गरेको छ। यसबारेमा यसरी लेखिएको छ "प्रत्येक व्यक्तिलाई प्रचलित सामाजिक एवम् सांस्कृतिक परम्पराको मर्यादा राखी परापूर्वदेखि चलिआएको आफ्नो धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने हक हुने छ तर कसैले कसैको धर्म परिवर्तन गराउन पाउने छैन र एकअर्काको धर्ममा खलल पार्ने गरी कुनै काम, व्यवहार गर्न पाइने छैन। प्रत्येक धार्मिक सम्प्रदायलाई कानुनबमोजिम आफ्नो स्वतन्त्र अस्तित्व कायम राखी आफ्नो धार्मिक स्थल र धार्मिक गुठी सञ्चालन र संरक्षण गर्ने हक हुने छ।"

हाम्रो देशमा छरिएर रहेका धार्मिक स्थलहरू

क्र.सं	जिल्ला	धार्मिक स्थल	क्र.सं.	जिल्ला	धार्मिक स्थल
१.	झापा	सतासी धाम	३९.	म्याग्दी	गलेश्वर महादेव
२.	इलाम	बौद्धधाम, माईस्थान, लारुम्बा	४०.	पर्वत	गुप्तेश्वर र मोदिबेनी
३.	पाँचथर	सिंहदेवी, गुप्तेश्वर महादेव	४१.	वागलुङ	कालिका मन्दिर
४.	ताप्लेजुङ	पाथिभरा भगवती	४२.	गुल्मी	रेसुङ्गा, अर्जुन, रुद्रवेणी मन्दिर
५.	मोरङ	विराटकाली	४३.	पाल्पा	ऋषिकेशव
६.	सुनसरी	बूढा सुब्बा, वराह क्षेत्र	४४.	नवलपरासी	त्रिवेणी, वाल्मिकी आश्रम
७.	धनकुटा	छिन्ताङ देवी, मार्गास्थान्	४५.	रुपन्देही	मायादेवी, बौद्ध गुम्बाहरू
८.	तेह्रथुम	सिंहवाहिनी	४६.	कपिलवस्तु	तौलेश्वर महादेव, तिलौराकोट
९.	सङ्खुवासभा	सिद्धकाली, मनकामना	४७.	अर्घाखाँची	भगवती, सुपाकी देउराली
१०.	भोजपुर	सिंहकाली, चण्डीस्थान	४८.	प्युठान	स्वर्गद्वारी
११.	सिरहा	सलहेश मन्दिर	४९.	रोल्पा	बाजुवराह
१२.	सप्तरी	छिन्नमस्ता भगवती	५०.	रुकुम	कालिकादेवी
१३.	उदयपुर	चौदण्डीदेवी	५१.	सल्यान	खैरावाङ भगवती
१४.	खोटाङ	हलेसी महादेव	५२.	दाङ	चौघेरा पीठ
१५.	ओखलढुङ्गा	चम्पादेवी	५३.	बाँके	वागीश्वरी, मस्जिद
१६.	सोलुखुम्बु	स्याङ्बोचे गुम्बा	५४.	बर्दिया	तिमकोढिया
१७.	धनुषा	रामजानकी मन्दिर	५५.	सुर्खेत	देउती बजै, काँक्रेविहार
१८.	महोत्तरी	जलेश्वर महादेव	५६.	दैलेख	पाँचतीर्थ र ज्वालादेवी
१९.	सर्लाही	राज्वा शिवालय	५७.	जाजरकोट	पैँक मस्टा मन्दिर
२०.	सिन्धुली	कुशेश्वर महादेव	५८.	डोल्पा	त्रिपुरासुन्दरी
२१.	रामेछाप	केवलेश्वर	५९.	जुम्ला	चन्दननाथ, भैरवनाथ,
२२.	दोलखा	भीमेश्वर	६०.	मुगु	कालिका मालिका गढी
२३.	मकवानपुर	भीमसेन, भुटनदेवी	६१.	हुम्ला	बाडपाले, हाल्जी बौद्ध गुम्बा
२४.	बारा	गढीमाई, कङ्काली देवी	६२.	बाजुरा	बढीमालिका भगवती
२५.	पर्सा	माईस्थान, अलख्या मठ	६३.	बझाङ	जालपादेवी, सुर्मादेवी, ढँडारमस्टा

२६.	चितवन	सोमेश्वर काली	६४.	अछाम	वरदादेवी, वैद्यनाथ मन्दिर
२७.	सिन्धुपाल्चोक	लार्केघ्याङ	६५.	डोटी	शैलेश्वरी मन्दिर
२८.	काभ्रेपलान्चोक	पलान्चोक भगवती,नमोबुद्ध	६६.	कैलाली	शिवजी मन्दिर,बेडा बाबा
२९.	नुवाकोट	भैरवी मन्दिर	६७.	कञ्चनपुर	सिद्धिबाबा ज्वालादेवी, ब्रह्मदेव
३०.	रसुवा	गोसाइँकुण्ड	६८.	डडेलधुरा	उग्रतारादेवी
३१.	धादिङ	गुप्तेश्वर महादेव, नीलकण्ठ	६९.	बैतडी	जगन्नाथ मन्दिर, मैलोली देवी
३२.	गोरखा	गोरखनाथ, मनकामना	७०.	दार्चुला	तपोवन, मल्लिकार्जुन
३३.	लमजुङ	कालिका, इशानेश्वर	७१.	भक्तपुर	न्यातपोल, तलेजु भवानी, दत्तात्रय
३४.	तनहुँ	ढोरवराह, देवघाट	७२.	काठमाडौं	पशुपतिनाथ, स्वयम्भू, जामे मस्जिद
३५.	स्याङ्जा	आलमदेवी, गहौँ काली	७३.	ललितपुर	कृष्णमन्दिर, बौद्ध विहार, चर्च
३६.	कास्की	विन्ध्यवासिनी, तालबाराही, शान्तिस्तूप	७४.	कालीकोट	त्रिपुरासुन्दरी देवी
३७.	मनाङ	छेक गुम्बा	७५.	रौतहट	शिवजी मन्दिर, मस्जिद
३८.	मुस्ताङ	मुक्तिनाथ, नर्सिङ गुम्बा			

क्रियाकलाप

१. नेपाललाई पहिलो पटक कहिले धर्म निरपेक्ष राज्यको रूपमा मान्यता दिइयो ?

२. धर्म निरपेक्षता भनेको के हो ? समूहमा छलफल गरी लेख्नुहोस् ।

३. हाम्रो देश नेपाललाई किन धर्म निरपेक्ष राज्य भनेर घोषणा गरिएको होला ? तर्कसहित आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।

४. नेपालको अन्तरिम संविधान, २०६३ ले मौलिक हकको रूपमा व्यवस्था गरेको धर्मसम्बन्धी हकको व्यवस्था सम्बन्धमा भाषण तयार गरी कक्षामा प्रवचन कार्यक्रम आयोजना गर्नुहोस् ।

५. तालिकामा उल्लिखित धार्मिक स्थलहरूमध्ये तपाईंको जिल्लामा पर्ने धार्मिक स्थलका बारेमा निम्नलिखित शीर्षकअन्तर्गत रही विवरण दिनुहोस् :

- धार्मिक स्थलको नाम
- कुन धर्मसँग सम्बन्धित
- धार्मिक स्थलसम्बन्धी कुनै किंवदन्ती भए
- धार्मिक स्थल स्थापना गर्ने व्यक्ति र मिति
- धार्मिक स्थलको महत्त्व
- धार्मिक स्थलमा पूजा गर्ने समय
- धार्मिक स्थलमा मेला लाग्ने भए समय

उक्त धार्मिक स्थलको चित्राङ्कन पनि गर्नुहोस् । (तालिकामा आफ्नो जिल्लामा पर्ने महत्त्वपूर्ण धार्मिक स्थल छुटेको भए थप्न सक्नुहुन्छ ।)

६. नेपालको नक्सा बनाई पाठमा उल्लिखित धार्मिक स्थलहरू र अन्य महत्त्वपूर्ण धार्मिक स्थल भए तिनीहरूको समेत जिल्लाअनुसार भर्नुहोस् ।

सामुदायिक कार्य

तपाईंको समुदायमा रहेका मध्ये कुनै एक गुम्बा वा मन्दिर वा मस्जिद वा चर्च वा चण्डीथान/मार्गाथान आदिसँग सम्बन्धित व्यक्ति धर्मगुरु, पूजारी, फेदाङ्वालाई भेट गरी उक्त धार्मिक स्थलका बारेमा विस्तृत विवरण तयार गर्नुहोस् ।

६. हाम्रा विभूतिहरूबाट राष्ट्रका लागि भएका योगदानहरू

क्र.सं	हाम्रा विभूतिहरू	योगदानहरू
१.	जनक	राजर्षि जनक राजा भएर पनि ब्रह्मवादी थिए । यिनले देहभन्दा आत्मालाई महत्त्व दिएकाले यिनी विदेह भनिन्थे । यिनको दरबारमा मैत्रेयी, गार्गीजस्ता विदुषीहरूले ऋषिहरूसँग शास्त्रार्थ गर्दथे । यसरी उनी पौराणिक कालको मिथिलामा आफ्नो विद्वत् व्यक्तित्वको माध्यमबाट मिथिलाको नाम चम्काउन र पौराणिक ग्रन्थहरूमा समावेश गराउन सफल भए । उनले नेपाललाई वैदिक अभ्यास केन्द्रका रूपमा विकास गरे, जसका कारण विश्वको आर्य सनातन समाजमा नेपालको गौरव कायम भएको छ ।
२.	सीता	पौराणिक विश्वमा आदर्श नारीका रूपमा परिचित सर्वगुण सम्पन्न सीतालाई भगवान् रामकी पत्नी एवम् भगवती जानकी माताको रूपमा विश्वभरका हिन्दु धर्मावलम्बीहरूले पूजा आराधना गर्दछन् । संसारले पुज्ने ती व्यक्तित्व नेपालकी चेली हुन् र उनकै नामबाट पनि नेपालको मिथिला क्षेत्रको गौरव बढेको छ ।
३.	गौतम बुद्ध	नेपालको लुम्बिनीमा जन्मेका गौतम बुद्धले सत्य, न्याय र अहिंसाको मार्गमा हिँड्न सम्पूर्ण विश्वलाई अभिप्रेरित गरेका थिए । उनलाई विश्व समुदायले शान्तिका अग्रदूतका रूपमा मान्दछ । उनकै नामबाट नेपाल विश्व सामु परिचित छ । उनलाई एसियाको तारा पनि भनिन्छ ।
४.	अंशुवर्मा	देश परदेशमा नेपालको नाम चम्काउन सफल लिच्छविकालका प्रसिद्ध सम्राट् अंशुवर्मा आफ्नो शब्द विद्या नामको ग्रन्थबाट चर्चित थिए भन्ने कुरा चिनियाँ यात्री हुयान चाङको यात्रा वृत्तान्तबाट थाहा पाइन्छ । यिनको कैलाशकुट भवन अद्वितीय कलाकारिताले भरिपूर्ण थियो । यिनको शासनकालले गर्दा नै लिच्छविकाललाई स्वर्णयुग भनिन्छ ।
५.	राम शाह	गोरखाका राजा राम शाह आफ्ना आर्थिक, सामाजिक, न्यायिक, प्रशासनिक तथा धार्मिक सुधारको निम्ति प्रसिद्ध थिए । तात्कालीन गोरखालाई न्याय र शासनको केन्द्रका रूपमा स्थापित गराएका थिए । "न्याय हराए गोरखा जानु" भन्ने चलन यिनकै समयदेखि चलेको भनाइ रहेको छ ।
६.	पृथ्वीनारायण शाह	पृथ्वीनारायण शाहबाट वर्तमान नेपालको झन्डै आधा भाग एकीकरण गरेर नेपालको सिमाना पूर्वमा टिस्टासम्म पुऱ्याई आधुनिक नेपालको निर्माण गरे ।
७.	अरनिको	सन् १२४३ मा अभय मल्लको शासनकालमा चिनियाँ सम्राट् कुवला खाँको निमन्त्रणामा नेपाली कलाकार अरनिको (बलबाहु) आफ्ना असी जना कलाकारहरूको टोलीका साथ तिब्बततर्फ प्रस्थान गरे । अरनिकोको कलाकारिता देखेर चिनियाँ सम्राट् छक्क परे । उनले नेपाली कलालाई विश्वसामु परिचित गराए र नेपाल प्रतिभा एवम् सिर्जनाको खानी हो भनी प्रमाणित गरे । यनको मृत्युपछि चीन सरकारले यिनलाई मिङहोई (तीव्र प्रतिभा) को उपाधि प्रदान गऱ्यो । चीनको राजधानी बेजिङको श्वेत प्यागोडा यिनैले बनाएका हुन् ।

८.	अमरसिंह थापा	नेपालको पश्चिम सिमाना काँगडा तथा रावी नदीसम्म पुऱ्याउने सम्पूर्ण श्रेय सरदार अमरसिंह थापालाई जान्छ । यिनी नेपालको स्वाभिमान रक्षाका निम्ति अन्तिम क्षणसम्म क्रियाशील रहे ।
९.	भीमसेन थापा	अङ्ग्रेज साम्राज्यवादसँग टक्कर लिने राष्ट्रभक्त भीमसेन थापालाई सामाजिक, आर्थिक, सैनिक सुधारका निम्ति सम्पूर्ण नेपालीले प्रथम सुधारवादी प्रधानमन्त्रीका रूपमा सम्मान गर्दछन् ।
१०.	बलभद्र कुँवर	सन् १८१४-१६ नेपालअङ्ग्रेज युद्धको समयमा बलभद्र कुँवरले नालापानीको युद्धमा अपूर्व वीरताको प्रदर्शन गरेर सम्पूर्ण विश्वलाई चकित बनाए ।
११.	भानुभक्त आचार्य	भानुभक्त आचार्यले आफ्ना रचनाहरूद्वारा नेपालीहरूलाई एकताको सूत्रमा बाँधेका थिए ।
१२.	मोतीराम भट्ट	भानुभक्तलाई प्रसिद्ध बनाई आफ्नै रचनाले पनि नेपाली साहित्यको भण्डार भर्ने मोतीराम भट्टको ३० वर्षको अल्पायुमा स्वर्गारोहण भयो ।
१३.	त्रिभुवन	प्रजापरिषद्को सदस्यका रूपमा राणा शासनविरुद्ध क्रान्तिमा भाग लिएर देशमा प्रजातन्त्र ल्याउने कार्यमा राजा त्रिभुवनबाट महत्त्वपूर्ण सहयोग प्राप्त भएको थियो ।
१४.	शङ्खधर साख्वा	शङ्खधर साख्वाले विष्णुमतीको बालुवाबाट सुन जम्मा पारी गरिबहरूको ऋण तिरिदिएर ऋणमुक्त गरिदिएका थिए । उनी एक समाजसेवी व्यापारी थिए । आफूले कमाएको धनबाट देशका ऋणी किसानहरूलाई ऋणबाट मुक्त गरी नेपाल संवत् चलाए । ११२८ वर्ष अघि नेपाल संवत् सुरु भएको मानिन्छ ।
१५.	पासाङ ल्हामु शेर्पा	नेपालका महिलामध्येबाट पहिलो सगरमाथा आरोहण गरेकी थिइन् । सगरमाथा आरोहणबाट फर्कंदा हिउँ पहिरोमा परी उनको देहावसान भएको थियो । उनलाई नेपाली साहसी महिलाको प्रतीकका रूपमा लिइन्छ ।

क्रियाकलाप

१. हाम्रो देशका विभूतिहरूको योगदानको विषयमा आफ्ना साथीलाई पत्र लेख्नुहोस् ।

२. तपाईं राष्ट्रिय विभूतिमा कसैको नाम थप्न चाहनुहुन्छ भने कारण दिनुहोस् ।

३. हाम्रा राष्ट्रिय विभूतिहरूका नाममा राखिएका बाटाघाटा तथा भवनका स्थितिको बयान गर्नुहोस् ।

४. हाम्रा राष्ट्रिय विभूतिहरूमध्ये कुनै दुईको फोटोमुनि चिनारी लेख्दा दुई वाक्यमा केके लेख्नुहुन्छ ?

५. कुन राष्ट्रिय विभूतिको कामबाट के अनुसरण गर्न सकिन्छ ? लेख्नुहोस् ।

सामुदायिक कार्य

राष्ट्रिय विभूतिहरूसम्बन्धी थप जानकारी लिनका लागि त्यससम्बन्धी सामग्री तथा तस्बिरसहितको पोस्टर खोजी गर्नुहोस् । पाठ्यपुस्तकमा दिइएकादेखि बाहेकका थप जानकारी पाउनुभएमा कक्षामा साथीहरूलाई पनि सुनाउनुहोस् ।

सारांश

यस एकाइमा हामीले निम्नलिखित कार्यहरू गर्न सिक्यौं :

* हाम्रो रीतिरिवाजबारे अध्ययन र छलफल गर्न,
* हाम्रो समाजमा रहेका विभिन्न परम्परा वा प्रचलनहरू खोजी गर्न,
* ग्रन्थ चित्र, पौभा चित्र र भित्ते चित्र सम्बन्धमा जानकारी प्राप्त गर्न,
* मिथिला चित्रकला र यसको सामाजिक महत्त्व पत्ता लगाउन,
* नेपाली मूर्तिकलाको इतिहास भन्न,
* आफूलाई मन पर्ने चित्र बनाउन,
* आफ्नो समुदायमा रहेका मूर्तिहरूको खोजी गरी त्यसको बारेमा समाचार तयार पार्न,
* हाम्रो देशको मूर्तिकला र धर्मसँगको सम्बन्ध पत्ता लगाउन,
* वास्तुकलाका विभिन्न शैलीहरू र प्यागोडा, स्तूप र शिखर शैलीहरूको बारेमा जानकारी प्राप्त गर्न,
* पहिले बनेका मन्दिर तथा घरहरूको निर्माण शैली छुट्याउन,
* नेपाली मूर्तिकला, चित्रकला र वास्तुकलाका बारेमा थप जानकारी लिनका लागि (website) हेर्न,
* हाम्रो संविधानले हाम्रो देशमा रहेका सबै धर्मलाई समान महत्त्व दिंदै धर्म निरपेक्षको अर्थ बताउन,
* राष्ट्रिय विभूतिहरूबाट हाम्रो राष्ट्रिय गौरव वृद्धि गर्न खेलेको भूमिकाका आधारमा उनीहरूप्रति सम्मान व्यक्त गर्न ।

एकाइ ४ सामाजिक समस्या र समाधान

यस एकाइमा हामी निम्नलिखित विषयवस्तुहरू अध्ययन गर्ने छौं :

- विभिन्न सामाजिक समस्याहरू पहिचान
- सामाजिक समस्याहरूको समाधानको उपाय
- सामाजिक सुधारमा कार्यरत स्थानीय र राष्ट्रिय सङ्घसंस्थाहरूको खोजी
- देशमा हालसम्म भएका सामाजिक सुधारका प्रयासहरूको खोजी

१. सामाजिक समस्याको पहिचान

हाम्रो समाजमा कतिपय समस्याहरू परम्परादेखि रहेका छन् । कतिपय समस्या तथा विकृतिहरू विभिन्न कारणबाट पछि पनि उत्पन्न हुन्छन् । यस्ता सामाजिक समस्याहरू ठाउँ, धर्म, जाति, वर्ग आदिका आधारमा फरकफरक हुन सक्छन् । अन्धविश्वासलाई पनि नेपालको परिप्रेक्ष्यमा सामाजिक समस्याका रूपमा लिन सकिन्छ । सामाजिक समस्या समाधान गर्नुभन्दा पहिला उक्त समस्या कसरी जन्मिएको हो, त्यसको राम्रो पहिचान गर्न सक्नुपर्दछ । हाम्रो देशमा रहेका सामाजिक एवम् राजनीतिक समस्याहरू उदाहरणको रूपमा निम्नानुसार विभाजन गरेर हेर्न सकिन्छ :

(क) क्षेत्रगत समस्या

तराई क्षेत्रमा अन्य क्षेत्रभन्दा बढी सामाजिक समस्या भएको क्षेत्रका रूपमा हेर्ने गरेको पाइन्छ । सुदूरपश्चिम क्षेत्रमा प्रचलित देउकी प्रथा, सुदूरपश्चिम तथा मध्यपश्चिमको पहाडी क्षेत्रमा प्रचलित छाउपडी प्रथा, बादी, कमैया, सहरी क्षेत्रको बालमजदुर आदि क्षेत्रगत समस्या हुन् । अन्य क्षेत्रमा पनि यस्ता समस्याहरू धेरथोर मात्रामा रहने गरेको पाइन्छ ।



छाउपडी प्रथा

(ख) भाषिक समस्या

भाषिक विकासका सन्दर्भमा राज्यले एउटै भाषालाई बढी प्राथमिकता दिने गरेको कारण अन्य भाषाहरू ओझेलमा परेर भाषिक समस्या पनि सिर्जना भएको देखिन्छ । वर्तमान संविधानले सबै भाषालाई समान हैसियत प्रदान गर्ने व्यवस्था गरेको छ । यसलाई व्यवहारमा उतार्नु आवश्यक देखिन्छ ।

(ग) लैङ्गिक समस्या

हाम्रो देशमा पुरुषप्रधान समाजको अवधारणा पहिलेदेखि नै रहेकाले महिलाहरू तुलनात्मक रूपमा पछि परेको देखिन्छ । परिवारदेखि राज्यका महत्त्वपूर्ण निकायसम्म लैङ्गिक विभेद रहेको पाइन्छ । लैङ्गिक समानताका कानुनी प्रावधान भए पनि व्यवहारमा लागू नभएको अवस्था छ ।

(घ) वर्गीय समस्या

हाम्रो समाज परम्परागत संस्कारबाट अगाडि बढेकाले त्यसको अवशेष आजसम्म पनि रहेको पाइन्छ । देशमा रहेको चलअचल पुँजी सबैमा समान रूपमा वितरण नभएकाले धनी र गरिबबीचको दूरी बढ्दै गएको छ । यसैको कारण बेरोजगारी समस्या बढ्ने, सामाजिक विद्रोह हुने, चोरी डकैती बढ्दै जाने गरेको पाइन्छ ।

हाम्रो देशमा मुख्य रूपमा माथि उल्लिखित समस्याहरू रहेका छन् भने तिनैको सेरोफोरोमा रहेर ठाउँ परिवेशअनुसार अन्य समस्याहरू पनि रहेका छन् । कतिपय समस्याहरू नयाँनयाँ प्रविधि र पश्चात्य संस्कृति भित्रिनाले पनि जन्मिएका छन् । जनसङ्ख्या वृद्धि र शरणार्थी समस्या पनि थप समस्याका रूपमा रहेका छन् ।

क्रियाकलाप

१. सामाजिक समस्या भनेको के हो ? कक्षामा छलफल गरी लेख्नुहोस् ।

२. तपाईंले देखेको, सुनेको, पढेको र भोगेको आधारमा सामाजिक समस्याहरूको सूची बनाउनुहोस् । साथीले बनाएको सूची पनि हेर्नुहोस् र सूचीमा थपघट गरी अन्तिम रूप गर्नुहोस् ।

३. तपाईंले टिपोट गर्नुभएको सामाजिक समस्याहरूलाई जटिलताका आधारमा प्राथमिकीकरण गरी निर्धारण गर्नुहोस् ।

४. "हाम्रो देशमा लैङ्गिक समस्या एक जाटिल सामाजिक समस्याको रूपमा रहेको छ ।" पुष्टि गर्नुहोस् ।

५. हाम्रो देशमा रहेका सामाजिक समस्याहरूलाई परम्परागत (पहिलेदेखि रहेको) र आधुनिक (विज्ञान प्रविधिको विकास र अरूको नक्कल गर्ने प्रवृत्तिले भित्रिएको) समस्याहरू छुट्याएर लेख्नुहोस् ।

६. "अन्धविश्वासलाई पनि सामाजिक समस्याका रूपमा लिन सकिन्छ ।" तर्कसहित पुष्टि गर्नुहोस् ।

सामुदायिक कार्य

तपाईंको समुदायमा विभिन्न सामाजिक समस्याहरू रहेका होलान्, तिनको खोजी गरी लेख्नुहोस् र ती समस्याहरू कसरी उत्पन्न भएका हुन् । प्रत्येक समस्या जन्मिनुको कारणसमेत लेख्नुहोस् ।

२. सामाजिक समस्याको समाधान

सामाजिक समस्या समाधान गर्ने सम्बन्धमा पत्रकार विनिता र समाजसेवी सानुभाइबीच भएको कुराकानी यसप्रकार छ :

पत्रकार : हाम्रो समाजमा अनेकौँ सामाजिक समस्याहरू छन् । तिनीहरूको समाधानका उपायहरू के हुन सक्लान् ?

समाजसेवी : समस्याको स्थायी समाधान गर्न सर्वप्रथम त समस्याको जड (समस्या उत्पन्न हुनुको कारण) पत्ता लगाउनुपर्छ । त्यसपछि समाधानका उपायहरू खोजी गर्नुपर्दछ ।



पत्रकार : हाम्रो समाजमा सामाजिक समस्याहरू उत्पन्न हुनुका केही कारणहरू बताई दिनुहोस् न ।

समाजसेवी : विभिन्न समस्याका विभिन्न कारण छन् । जस्तै लैङ्गिक विभेदको समस्या, दाइजो प्रथा जस्ता समस्याहरू पुरुष प्रधान समाजको कारणले गर्दा आएका हुन् । त्यस्तै वर्गीय, जातीय, भाषिक र धार्मिक समस्याहरू यसभन्दा पहिले रहेको सामन्तवादी र निरङ्कुश शासनसत्ता, सामाजिक, आर्थिक संरचनामा विभेदकारी कारणले उत्पन्न भएको पाइन्छ ।

पत्रकार : लोकतन्त्र प्राप्तिपछि त राज्यले त्यस्तो विभेदकारी नीति लिएको देखिन्न । अब त त्यस्ता समस्याहरू अन्त्य हुनुपर्ने होइन र ?

समाजसेवी : ठीक भन्नुभयो, संविधानलगायत धेरै कानुनहरूमा संशोधन गरेर समस्या समाधानको सुरुवात भने निश्चित रूपमा भएको छ । तर कानुन बनाउनु मात्र ठूलो कुरा होइन । त्यसलाई व्यावहारिक रूपमा प्रयोगमा समेत ल्याउन सक्नुपर्छ । हामी सबैको मानसिकतामा परिवर्तन हुनुपर्दछ ।

पत्रकार : राज्यले बनाएको कानुनको व्यवहारमा लागू गर्न र आम मानिसको मानसिकतामा परिवर्तन गर्न केकस्तो उपाय अपनाउनुपर्ला त ?

समाजसेवी : सर्वप्रथम त राज्यले बनाएको कानुन सर्वसाधारणलाई जानकारी गराउन व्यापक प्रचारप्रसार गर्नुपर्छ । यसका लागि सरकारी संयन्त्रको साथै विभिन्न रेडियो, टेलिभिजन, पत्रपत्रिका र त्यहाँ काम गर्ने तपाईंहरू जस्ता पत्रकारको पनि ठूलो भूमिका रहन्छ । त्यसपछि राजनीतिक कार्यकर्ता, सामाजिक कार्यकर्ता, शिक्षक, विद्यार्थी, विभिन्न पेसाकर्मी, विभिन्न गैरसरकारी संस्थाहरू आदि सबै मिलेर सर्वसाधारणसम्म पुऱ्याउनुपर्छ ।

पत्रकार : यति गरेपछि आम मानिसको मानसिकतामा परिवर्तन आउँछ त ?

समाजसेवी : धेरै समयसम्म अभ्यस्त रहेको कुरालाई नयाँ शैलीमा रूपान्तर गर्न केही समय लाग्न सक्छ तर सबै लागि परेपछि समाधान अवश्य हुन्छ । यसका लागि जसले बुझेका छैनन् उनीहरूलाई बुझाउनुपर्छ, उनीहरूमा चेतना जगाउनुपर्छ । जो जानेबुझेका छन्, उनीहरूबाट सुरुवात गरिनुपर्दछ । जो बुझेर पनि बुझ पचाउँछन्, तिनलाई कानुनी सजाय पनि दिनुपर्ने हुन्छ । यस्ता विकृतिहरू हटाउन हामी आफैँले सुरु गर्नुपर्छ । तपाईं हामी यसका उदाहरण बन्न सक्नुपर्छ ।

पत्रकार : यति धेरै कुरा जानकारी गराउनुभएकोमा धन्यवाद !

समाजसेवी : आफ्नो कुरा राख्ने मौका दिनुभएकामा तपाईंलाई पनि धन्यवाद !

क्रियाकलाप

१. कुन समस्या कसरी समाधान गर्नुपर्ला ? छलफल गरेर लेख्नुहोस् ।

समस्या	वर्तमान अवस्था	समाधानका उपायहरू
* लैङ्गिक विभेद	कानुन छ तर कार्यान्वयन छैन ।	कानुनको प्रचारप्रसार गर्ने र आफू, आफ्नो घरपरिवारबाट विभेद हटाउन सुरुवात गर्ने
* छुवाछुत		
* बेरोजगारी		
* वर्गीय समस्या		
* दाइजो प्रथा		
* घरेलु हिंसा	कानुनको पनि अभाव छ ।	
* बालमजदुर		

२. तपाईंले अघिल्लो पाठमा पहिचान गर्नुभएका सामाजिक समस्याहरूको समाधानका उपायहरू लेख्नुहोस् ।

३. हाम्रो समाजमा बालमजदुरको समस्या जतातत्तै देखिन्छ । प्रायजसो होटलहरूमा साना बालबालिका नै काम गर्छन् । सहरी क्षेत्रका धेरैजसोका घरमा कामदारको रूपमा बालबालिका नै राखिएका हुन्छन् । विभिन्न कलकारखानामा बालबालिकालाई नै काम लगाउने गरेको देखिन्छ । बालबालिकालाई काममा लगाउन नपाउने राष्ट्रिय र अन्तरराष्ट्रिय कानुनहरू पनि छन् । यस्तो अवस्थामा तपाईं एक सचेत नागरिकको हैसियतले उक्त समस्या समाधान कसरी गर्नुहुन्छ ? समाधानको विस्तृत योजना तयार पार्नुहोस् ।

सामुदायिक कार्य

तपाईंले आफ्नो घर, छरछिमेक, समुदाय आदिमा कुनकुन समस्याहरू छन् ? ती समस्या समाधान गर्नका लागि एउटा योजना बनाउनुहोस् र योजनाअनुसार समाधानमा सहभागी हुनुहोस् ।

३. सामाजिक सुधारमा स्थानीय सङ्घसंस्थाको भूमिका

सामाजिक सुधारका लागि विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरू कार्यरत रहेको पाइन्छ । स्थानीयस्तरमा पनि युवा क्लब, जनजागरण क्लब, आमा समूह, महिला समूह आदिको नामबाट प्रशस्तै सङ्घसस्थाहरू रहेका हुन्छन् । गाउँ विकास समिति, नगरिपालिका, वडा समिति आदि स्थानीय निकायहरू पनि सामाजिक सुधारका लागि नै गठन भएका संस्थाहरू हुन् । स्थानीयस्तरमा रहेका कतिपय सङ्घसंस्थाहरूले उदाहरणीय काम पनि गरेका हुन्छन् भने कतिपय सङ्घसंस्थाहरू निष्क्रिय बसिरहेका हुन्छन् । निष्क्रिय बसेका सङ्घसंस्थाहरूलाई घच्घचाउने र तिनीहरूको काममा सहयोग पुऱ्याउने हामी सबैको दायित्व हो । केही स्थानीय सङ्घसंस्थाहरूले गरेका कामको नमुना यस्तो छ :

रसुवा जिल्लामा कार्यरत सामाजिक सङ्घसंस्थाहरू र तिनीहरूको काम

संस्थाको नाम	काम
उत्तरगया महिला समूह	महिलाहरूलाई सङ्गठित गर्ने र बचत गर्ने बानीको विकास गराउने
जनजागरण मञ्च	बचत वृद्धि गर्ने र सरोकारवालाहरूसँग समन्वय गर्ने
पाल्दोपिक युवा क्लव	बुद्ध धर्मको संरक्षण गर्ने र वातावरण संरक्षण गर्ने
मानेकोर संस्था	सामाजिक, शैक्षिक, ऐतिहासिक आदि वस्तुहरूको संरक्षण गर्ने
लहरे पौवा मध्यवर्ती समिति	वातावरण संरक्षण गर्ने र जनचेतना जगाउने
कालिका युवा समूह	सांस्कृतिक सम्पदाहरूको संरक्षण र बजार सफाइ अभियान सञ्चालन गर्ने
लालीगुराँस समूह	सामूहिक विकास गर्ने
लङ फाउन्डेसन नेपाल	शैक्षिक, आर्थिक र भौतिक सुधारको काम गर्ने
लघु उद्यम संस्था	आयआर्जन र सीपमूलक तालिम सञ्चालन गर्ने
क्यानभास	पत्रकारितासम्बन्धी तालिम दिने र ऐतिहासिक वस्तुहरूको खोज अनुसन्धान गर्ने

विकृति विरुद्ध महिला जुटे

काभ्रे,

काभ्रे पनौतीका महिलाले मादक पदार्थ र जुवातास विरुद्ध अभियान सुरु गरेका छन् । अभियानलाई अगाडि बढाउन पनौती क्षेत्रलाई मादक पदार्थ र जुवातासरहित क्षेत्र बनाउने लक्ष्य ग्रामीण महिला समूहले राखेको छ । गाउँका युवा कुलतमा फस्दै गई गाउँमा विकृति बढेपछि उक्त संस्थाले यस्तो अभियान सुरु गरेको हो । उनीहरूले अभियानअन्तर्गत छ ओटा होटलमा राखिएका मादक पदार्थ पोखिसकेका छन् भने सार्वजनिक स्थलमा जुवातास निषेध गरेका छन् । कुनै व्यक्ति अभियान विरुद्ध लागेमा सार्वजनिक रूपमा बेइज्जत गर्ने र माफी माग्न लगाउने पनि उक्त महिला समूहले निर्णय गरेको छ ।



बालबालिकाहरूलाई पढाउँदै गरेको

महिला जागरण मञ्चको काम

भक्तपुर जिल्लामा रहेको महिला जागरण मञ्चले आफ्नो जिल्लामा रहेका महिलाहरूलाई स्वावलम्बी बनाउनका लागि घरायसी काम मात्र नगरी बाहिरको काम गर्न गर्न प्रोत्साहन गर्दछ। यसका लागि घरबाहिर काम गर्ने महिलाहरूका बालबच्चा हेरचाह गर्नका लागि छुट्टै विद्यालय पनि उक्त महिला जागरण मञ्चले सञ्चालन गरेको छ। यसको साथै अन्य नयाँ कार्यक्रम पनि गर्ने तयारी गरेंको कुरा मञ्चका अध्यक्षले बताउनुभयो।

सामाजिक समस्या समाधानमा आमा समूहको भूमिका

विभिन्न सञ्चार माध्यमबाट ठाउँठाउँमा रहेका आमा समूहबाट समाजमा गरेका कामहरूको बारेमा सुन्ने गरिन्छ। आमा समूहको सुरुवात करिब दुई दशक अगाडि पश्चिमी नेपालको गुरुङ समुदायबाट भएको पाइन्छ। लाहुरे परिवारका महिलाहरू मिलेर परम्परागत सांस्कृतिक कार्यक्रम सञ्चालन गर्ने परम्पराबाट सुरु भएको आमा समूह बिस्तारै अन्य सामाजिक काममा लाग्दै गएको देखिन्छ। सुरुमा गुरुङ समुदायबाट सुरु भएको आमा समूह पछि गएर छेत्री, बाहुनलगायत अन्य जातिहरूमा पनि आमा समूह गठन गर्ने परम्परा विकास भयो। विशेष गरेर गाउँघरमा मादक पदार्थ र जुवातास उन्मूलन गर्ने अभियानमा आमा समूह लाग्ने गरेको भए तापनि अन्य सामाजिक सुधारका कामहरू पनि गर्ने गरेको देखिन्छ।

क्रियाकलाप

१. आफ्नो जिल्लामा कार्यरत सामाजिक सङ्घसंस्थाहरूको नाम र तिनीहरूले गर्ने कामको तालिका बनाउनुहोस्।

२. विभिन्न पत्रपत्रिकाहरूबाट स्थानीय सङ्घसंस्थाहरूले सामाजिक सुधारका लागि गरेका कार्यसम्बन्धी चित्र तथा समाचार सङ्कलन गरी पोस्टर तयार गर्नुहोस्।.पत्रपत्रिका उपलब्ध नभए रेडियो टेलिभिजनबाट यस्ता समाचारहरू सङ्कलन गरी भित्ते पत्रिकामा राख्नुहोस्।

३. सामाजिक समस्या निराकरणमा ठाउँठाउँमा रहेका आमा समूहको ठूलो भूमिका रहेको पाइन्छ। उक्त आमा समूहको परम्परा कसरी सुरु भएको थियो ? पाठ्यपुस्तकमा दिइएको सूचना र त्यससम्बन्धी अन्य जानकारी राख्ने व्यक्तिहरूसँग सोधेर लेख्नुहोस्।

४. विभिन्न पत्रिकामा समयसमयमा प्रकाशन हुने आमा समूहले गरेको कार्यहरू सङ्कलन गर्नुहोस्।

सामुदायिक कार्य

तपाईंको समुदायमा रहेको कुनै एक स्थानीय क्लब वा संस्थामा जानुहोस् र उक्त क्लब वा संस्थाका पदाधिकारीसँग भेटी निम्नलिखित कुराहरू पत्ता लगाई प्रतिवेदन तयार गर्नुहोस् :

- संस्था वा क्लबको नाम
- संस्था स्थापना भएको वर्ष
- संस्थाले हालसम्म गरेका कार्यहरू
- संस्थाका पदाधिकारीहरू
- उक्त संस्था गठनको उद्देश्य
- संस्थाको भावी योजना

४. सामाजिक सुधारमा राष्ट्रियस्तरका सङ्घसंस्थाहरू

सामाजिक संस्था भन्नाले जनताले आफ्नै पहलले सामूहिक हितका लागि स्थापित संस्था भन्ने बुझिन्छ । यस्ता संस्थाले राष्ट्रिय विकासमा सामाजिक विकासका कुनै न कुनै क्षेत्रमा योगदान पुऱ्याएर सहयोग पुऱ्याएका हुन्छन् । वि.सं. २०६४ चैत्रसम्म यस्ता गैरसरकारी संस्थाहरू लगभग २५ हजार पुगेका छन् । यिनीहरूको कार्य त्यति सन्तोषजनक छैन । ग्रामीण क्षेत्रमा नजानु, बजेट र कार्यक्रम पारदर्शी नहुनु, समन्वयको अभाव आदि राष्ट्रिय गैर सरकारी संस्थाका कमजोरी पक्ष हुन् तापनि यिनले देशको विकास निर्माणमा केही न केही सहयोग पुऱ्याएका छन् ।

हाम्रो देशमा रहेका केही गैरसरकारी संस्थाहरूको नाम र तिनीहरूको काम

संस्थाको नाम	संस्थाको काम
सिविन (Child Workers in Nepal/CWIN)	बालअधिकार र बालश्रम विरुद्ध अभियान सञ्चालन गर्ने
दिदीबहिनी (Didibahini)	लैङ्गिक समानता र महिला अधिकारसम्बन्धी कार्य गर्ने
BASE (Backward Society Education)	ग्रामीण क्षेत्रमा शिक्षा र सामुदायिक विकास कार्य गर्ने
Eco-himal	हिमाली क्षेत्रका मानिसहरूका जीवनस्तर सुधार गर्ने
GAESO (Gurkha Army Ex-servicemen organization)	भूतपूर्व ब्रिटिस गोर्खा सैनिकहरूको हकहितका लागि काम गर्ने
INSEC (Informal Setor Service Centre)	मानव अधिकारसम्बन्धी कार्य गर्ने
NEFEJ (Nepal Forum of Envirommental Journalists)	वातावरणसम्बन्धी कार्य गर्ने
CVICT (Centre for Victims of Turture Nepal)	विभिन्न प्रकारका हिंसाविरुद्ध कार्य गर्ने
Health Net Nepal	इन्टरनेट सेवा र स्वास्थ्यसम्बन्धी सूचना प्रवाह गर्ने
LWF Nepal	पश्चिमी नेपालका पिछडिएका समुदायलाई विभिन्न सीप सिकाउने र भुटानी शरणार्थीलाई सहयोग गर्ने
माइती नेपाल (Maiti Nepal)	बेचिएका र बेचिन लागेका चेलीहरूको उद्धार गर्ने
Himalayan Project	दुर्गम क्षेत्रमा शिक्षा र संस्कृतिको विकासमा काम गर्ने
NLA (National Labour Academy)	श्रमिकहरूको हकहितसम्बन्धी कार्य गर्ने

हाम्रो देशमा सामाजिक सुधारका लागि उल्लिखित सङ्घसंस्थाहरूबाहेक अन्य धेरै सङ्घ संस्थाहरू रहेका छन् । गैरसरकारी सङ्घसंस्थाहरूका साथै विभिन्न सरकारी र अर्धसरकारी निकायहरू पनि यस क्षेत्रमा कार्यरत रहेको पाइन्छ ।

क्रियाकलाप

१. माथि तालिकामा दिइएकामध्ये कुनै एउटा संस्थाको बारेमा थप सोधखोज गरी त्यस संस्थाले गर्ने कामको विस्तृत विवरण तयार गर्नुहोस् ।

२. राष्ट्रिय गैरसरकारी संस्थाहरूले कस्ताकस्ता काम गर्दछन् ? विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका र रेडियो टेलिभिजनमा प्रसारित समाचारहरू सङ्कलन गरी ती संस्थाले गरेका कामको विवरण तयार गर्नुहोस् ।

३. माथिको चित्र अध्ययन गरी तलका प्रश्नहरूको उत्तर दिनुहोस् :

(क) दिइएको चित्रमा कस्तो सामाजिक समस्या दिइएको छ ?

(ख) उक्त समस्या उत्पन्न हुनुको कारण के होला ?

(ग) उक्त समस्या समाधान गर्न कस्तो सङ्घसंस्थाको सहयोग आवश्यक पर्ला ?

(घ) उक्त समस्या समाधान गर्न तपाईं आफूले के गर्न सक्नुहुन्छ ?

४. आफ्नो समुदायमा भएका सामाजिक समस्या समाधानका उपायहरू उल्लेख गर्दै उपयुक्त कार्यक्रम ल्याउन राष्ट्रियस्तरका सङ्घसंस्थालाई अनुरोध पत्र तयार गर्नुहोस् ।

सामुदायिक कार्य

तपाईं रहेको जिल्लामा कुनै राष्ट्रियस्तरका सङ्घसंस्थाको शाखा तथा उपशाखा होलान् । तपाईं त्यस शाखा तथा उपशाखा कार्यालयमा जानुहोस् र त्यस संस्थाले सामाजिक सुधारका लागि केके काम गर्ने गरेको छ र यसको आर्थिक स्रोत कहाँबाट प्राप्त हुन्छ, सोधेर लेख्नुहोस् ।

५. सामाजिक सुधारमा भएका प्रयासहरू

हाम्रो देशमा समयसमयमा सामाजिक सुधारका कामहरू भएका छन् । जयस्थिति मल्लले कामका आधारमा जातको विभाजन गरेका थिए । हालको परिवेशमा नमिल्दो भए पनि तत्कालीन समयमा त्यसलाई एक क्रान्तिकारी परिवर्तन मानिएको थियो । त्यसैगरी राम शाहले तत्कालीन गोरखा राज्यमा आर्थिक तथा सामाजिक क्षेत्रमा धेरै सुधार गरेको इतिहास पाइन्छ । उनले सामाजिक न्यायको परम्परा बसालेका थिए । त्यसैको प्रभावबाट हालसम्म पनि 'न्याय नपाए गोरखा जानु' भन्ने लोकोक्ति रहेको छ ।

त्यसपछि राणाकालमा केही सामाजिक सुधार भएका थिए । जङ्गबहादुर राणाको समयमा वि.सं.१९१० मा पहिलो पटक मुलुकी ऐन जारी गरिएको थियो । उक्त मुलुकी ऐनले खासै प्रभाव नपारे पनि उक्त ऐन आउनु नै तत्कालीन समयमा महत्त्वपूर्ण सुधार थियो । राणा प्रधामन्त्रीहरूमध्ये सबैभन्दा उदार मानिएका देवशमशेरले थोरै समयमा देशभर लगभग १०० ओटा भाषा पाठशाला स्थापना गराएर सामाजिक सुधार गर्ने प्रयास गरेका थिए । राणा प्रधानमन्त्री चन्द्रशमशेरको समयमा सबैभन्दा विकृत रूपमा रहेको सती प्रथालाई पूर्ण रूपमा बन्देज लगाइएको थियो । राणा शासनकालमा भएका सामाजिक सुधारमध्ये यो सबैभन्दा महत्त्वपूर्ण सुधार थियो । चन्द्रशमशेरकै समयमा वि.सं. १९८१ मा नेपालमा रहेको दास प्रथा बन्द गर्ने घोषणासमेत भएको थियो ।

वि.सं.२००७ मा प्रजातन्त्र आएपछि जनतामा चेतनाको विकास भयो । यसले गर्दा त्यसपछिका शासकहरूलाई विभिन्न सामाजिक सुधारहरू गर्न बाध्य तुल्याइयो । वि.सं.२०१६ मा भूमिसुधार कार्यक्रम बन्यो तर तत्काल कार्यान्वयनमा आउन सकेन । वि.सं. २०२० मा ल्याइएको मुलुकी ऐन पञ्चायती शासन अवधिभरकै महत्त्वपूर्ण सामाजिक सुधार मानिन्छ । उक्त मुलुकी ऐनमा पहिलो पटक समाजमा रहेको जातीय छुवाछुतलाई हटाउने कानुनी व्यवस्था भयो । त्यसै गरी बालविवाह, अनमेल विवाह र बहुविवाहलाई प्रतिबन्ध लगाई विधुवा विवाह र अदालती विवाह (court marrige) लाई मान्यता दिइयो । वि.सं. २०२१ मा भूमिसुधार ऐन ल्याएर व्यक्तिले राख्न पाउने जग्गाको हदबन्दी निर्धारण गरियो तर उक्त ऐन पूर्णरूपमा व्यवहारमा लागू हुन सकेन ।



वि.सं. २०२८ मा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू गरेर शिक्षा क्षेत्रमा सुधारको प्रयास गरियो । वि.सं. २०३६ मा राजनीतिक क्षेत्रमा भएको हलचलले गर्दा २०३७ सालमा जनमत सङ्ग्रह भयो र यसले जनतालाई थप जागरुक र चेतनशील बनाउन सहयोग गऱ्यो ।

वि.सं.२०४६ को जनआन्दोलनबाट देशमा प्रजातन्त्र पुनस्थापना भयो । राजनीतिक परिवर्तनले गर्दा थप सुधारहरू भए । वि.सं. २०४७ मा जारी गरिएको नेपाल अधिराज्यको संविधानले जनतालाई विभिन्न मौलिक हकहरूको व्यवस्था गरी सामाजिक सुधारको संवैधानिक व्यवस्था गऱ्यो । वि.सं.२०५७ मा नेपालको सुदूरपश्चिमी क्षेत्रमा

दास प्रथाको अवेशषको रूपमा रहेको कमैया प्रथालाई अन्त्य गर्ने घोषणा राज्यले गऱ्यो । यद्यपि उक्त मुक्त कमैयाहरूको समस्या आजसम्म पनि पूर्ण रूपमा समाधान हुन भने सकेको छैन ।

वि.सं.२०६२/०६३ मा भएको दोस्रो जनआन्दोलनले लोकतन्त्र स्थापना गरी पुनस्थापित प्रतिनिधि सभाबाट वि.सं. २०६३ जेठ ४ गते प्रतिनिधि सभाको घोषणा २०६३ जारी गऱ्यो । उक्त घोषणाले राजनीतिक क्षेत्रको सुधारमा महत्त्वपूर्ण फड्को माऱ्यो भने देशलाई पहिलो पटक धर्मनिरपेक्ष राज्यका रूपमा घोषणा गऱ्यो । त्यसपछि वि.सं. २०६३ माघ १ गते जारी गरिएको नेपालको अन्तरिम संविधान, २०६३ ले पनि धर्म निरपेक्षलाई निरन्तरता दिँदै थप मौलिक हकहरूको व्यवस्था गरेर संवैधानिक प्रावधानबाट थप सामाजिक सुधार गरेको देखिन्छ ।

क्रियाकलाप

१. जयस्थिति मल्लले गरेको जातीय व्यवस्थालाई किन सामाजिक सुधार मानिएको हो ?

२. राम शाहले गरेका सामाजिक सुधारहरू खोजी गरी लेख्नुहोस् ।

३. सती प्रथा भनेको कस्तो प्रथा हो ? समूहमा छलफल गरी लेख्नुहोस् ।

४. "वि.सं. २०२० मा जारी गरिएको मुलुकी ऐनले क्रान्तिकारी सामाजिक सुधारको अवधारणा राखेको थियो ।" तपाईं यस कुरामा सहमत हुनुहुन्छ ? सहमत भए पक्षमा र सहमत नभए त्यसको विपक्षमा आफ्नो तर्क प्रस्तुत गर्नुहोस् ।

५. वि.सं.२०५७ मा कमैयाहरूको मुक्तिको घोषणा गरिए तापनि हालसम्म पनि उक्त समस्या समाधान नहुनुको कारण के होला ? समस्या समाधानका उपायसहित कुनै पत्रिकाका लागि विश्लेषणात्मक लेख तयार गर्नुहोस् ।

६. नेपालको अन्तरिम संविधान, २०६३ ले सामाजिक सुधारका लागि गरेका संवैधानिक प्रावधानहरू लेख्नुहोस् ।

७. समाजमा भएका सामाजिक विकृतिहरू र तिनलाई समाधान गर्ने उपायहरू सम्बन्धमा गीत, कविता, कथा, संवाद, समाचार, चित्र आदिमध्ये आफूलाई मन पर्ने कुनै एक विधाको रचना गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

८. सामाजिक समस्या समाधानसम्बन्धी नारा लेखिएका प्लेकार्ड तयार गरी विद्यालय तथा वरपरको समुदायमा ऱ्याली निकाली जनचेतना जगाउने कार्यमा सहभागी हुनुहोस् ।

सामुदायिक कार्य

तपाईंको समुदायमा विगत २० वर्ष यता केके कुरामा परिवर्तन भए ? समाजको जानकार व्यक्तिसँग सोधेर र आफ्ले प्रत्यक्ष रूपमा देखेको र अनुभव गरेको आधारमा भएका परिवर्तनहरू लेख्नुहोस् ।

सारांश

यस एकाइमा हामीले निम्नलिखित कार्यहरू गर्न सिक्यौँ :

* हाम्रो देशमा रहेका प्रमुख सामाजिक समस्या पत्ता लगाउन,
* पत्रपत्रिकामा प्रकाशित सामाजिक समस्या सङ्कलन गर्न,
* समुदायमा रहेका सामाजिक समस्या पहिचान गर्न,
* सामाजिक समस्यालाई प्राथमिकीकरण गर्न,
* सामाजिक समस्या समाधानका उपायहरू खोजी गर्न,
* बालमजदुरसम्बन्धी समस्या हटाउने उपाय निकाल्न,
* सामाजिक सुधारमा संलग्न स्थानीय सङ्घसंस्थाहरूको खोजी गरी तिनीहरूको कामसहितको सूची बनाउन,
* समाजमा आमा समूहको भूमिका पत्ता लगाउन,
* हाम्रो देशमा कार्यरत गैरसरकारी संस्थाहरू र तिनीहरूले गर्ने काम खोजी गर्न,
* राष्ट्रिय गैरसरकारी संस्थाले सामाजिक सुधारका लागि गरेका कार्यहरूको खोजी गर्न,
* चित्र अध्ययन गरी प्रश्नको जवाफ तयार गर्न,
* जयस्थिति मल्ल र राम शाहले गरेका सामाजिक सुधार तुलना गर्न,
* राणाकालीन समयमा भएका सामाजिक सुधारहरू टिपोट गर्न,
* मुलुकी ऐन र भूमिसुधार ऐनमार्फत भएका सामाजिक सुधारका प्रयासहरू पत्ता लगाउन,
* कमैयाहरूको मुक्तिको घोषणा गरेर पनि समाधान हुन नसकेका कारणको विश्लेषणात्मक लेख तयार गर्न,
* आफ्नो समुदायमा विगत २० वर्ष यता भएका सामाजिक परिवर्तन खोजी गरी टिपोट गर्न,
* सामाजिक सुधारका नाराहरू तयार गर्न,
* च्याली निकाल्न,
* आफ्नो प्रतिभाको प्रस्फुटन गर्न,
* समाचार तयार गर्न ।

एकाइ ५

नागरिक चेतना

यस एकाइमा हामी निम्नलिखित विषयवस्तुहरू अध्ययन गर्ने छौं :

- संविधानको परिचय र यसको विकास क्रम
- नेपालको वर्तमान संविधानका विशेषताहरू
- मौलिक हक र तिनको पालना
- सुशासन र नागरिक समाजको भूमिका
- विविधतामा एकताको भावना
- एकअर्काप्रति सहिष्णुताको भावना

१. संविधानको परिचय

देशको राज्यसञ्चालन प्रक्रिया कस्तो हुने र कुन ढङ्गबाट शासन सञ्चालन गर्ने भन्ने विषय समेटिएको दस्तावेज नै संविधान हो । मुलुकलाई कुन दिशातर्फ डोऱ्याउने भन्ने कुरा राज्यले अवलम्बन गर्ने दर्शन र विचारमा भर पर्छ । त्यही विचार र दर्शनको लिखित दस्तावेजलाई संविधान भनिन्छ । त्यसैले संविधानलाई देशको मूल कानुन मानिन्छ । संविधान जस्तो हुन्छ मुलुक शासन प्रक्रिया पनि त्यस्तै हुने हुनाले यसलाई मुलुकको मुहार हेर्ने ऐना पनि भनिन्छ । देशको विकास गर्न र राज्य सञ्चालन गर्ने ऐन कानुन बनाउन जनताको सहभागिता हुनु आवश्यक मानिन्छ । आफ्नो संविधान जनता आफैँले बनाउनुपर्छ । जनताले बनाएको संविधानमा जनभावना प्रतिविम्बित हुन्छ । मुलुकको प्रकृति, भौगोलिक बनावट, जनसङ्ख्या, क्षेत्रफल, व्यवसाय, संस्कृति आदिका आधारमा संविधानले मुलुकको स्वरूपलाई निर्धारण गर्दछ । त्यसैका आधारमा एकात्मक, केन्द्रीकृत वा सङ्घात्मक शासन प्रणालीको स्वरूप निर्माण हुन्छ ।



नेपाल र नेपालको अन्तरिम संविधान, २०६३

संविधान निर्माण गर्दा जनभावनाको कदर गर्नुपर्छ । आफ्नो देशको मौलिकता, माटो, हावापानी, रहनसहन, धर्म, संस्कृति, कला, जनचाहनाअनुरूपको संविधान निर्माण हुनुपर्छ । यसैलाई आधार मानी विश्वमा कतै लिखित र कतै अलिखित संविधान रहने गरेको पाइन्छ । प्रजातन्त्रको जननी मानिने बेलायतमा लिखित संविधान छैन । यो देशको संविधान परम्परादेखि चल्दै आएको नीति, नियम तथा व्यवहारद्वारा सञ्चालित छ । समय र परिवेशअनुरूप ती नीति, नियम र व्यवहारहरू परिमार्जित र परिष्कृत हुँदै गएका छन् । विश्वमा पहिलो लिखित संविधान संयुक्त राज्य अमेरिकामा तयार भएको थियो । हाल धेरै देशहरूमा लिखित संविधान नै रहेको पाइन्छ ।

संविधान राष्ट्रको मूल कानुन हो । यसले सरकारको स्वरूपलाई निर्धारण गर्दछ र सरकारी शक्तिलाई सीमाङ्कन गरी वैधता प्रदान गर्दछ । संविधान सरकारको शक्तिलाई सीमित गर्ने, जनताको अधिकारलाई सुरक्षित गर्ने र सरकारका अङ्गहरूबीच शक्तिको बाँडफाँड गर्ने राजनीतिक र कानुनी लिखत हो । यसले सरकारको संरचनाको स्वरूप निर्धारण गर्दछ । सरकार, नागरिकको अधिकार र कर्तव्यलाई संविधानले सुनिश्चित गर्दछ । देशमा अमन चयन कायम गर्न, राष्ट्र र जनताको आवश्यकता पूरा गर्न एवम् राष्ट्रलाई सही दिशानिर्देश गर्न संविधान आवश्यक हुन्छ । संविधानको पालना गर्नु सबै व्यक्तिको कर्तव्य हो ।

कुनै पनि संविधान राम्रो हुनका लागि तलका गुणहरू हुनुपर्छ :

(क) स्पष्टता : संविधानका धारा, उपधारा र दफाहरू दोहोरो अर्थ नलाग्ने र स्पष्ट हुनुपर्छ। जस्तै : नेपाल अधिराज्यको संविधान, २०४७ मा धारा १२७ को अस्पष्टताका कारण अधिकारहरूको दुरुपयोग भयो र दोस्रो जनआन्दोलनको आवश्यकता पर्न गयो।

(ख) परिवर्तनशीलता : संविधान आवश्यकताअनुसार परिवर्तन गर्न सकिने हुनुपर्छ। समय, देश, काल, परिस्थिति र जनचाहनाअनुरूप आवश्यक परेका बखत तोकिएको प्रक्रिया पूरा गरी संशोधन गर्न सकिने हुनुपर्छ।

(ग) व्यापकता : संविधानले राज्यको स्वरूप, सरकारी क्षेत्र, जनताका हक, राजनीतिक शक्तिको प्रयोगलगायत राज्यका व्यापक क्षेत्रहरू समेटेको हुनुपर्छ।

(घ) मौलिक हक : संविधानले जनताका मौलिक हकहरूको स्पष्ट उल्लेख गर्दै तिनको संरक्षणको व्यवस्था गरेको हुनुपर्छ।

(ङ) स्वतन्त्र न्यायपालिका : संविधानले न्यायपालिकालाई पूर्णरूपमा स्वतन्त्रता प्रदान गरेको हुनुपर्छ। यसमा न्यायिक पुनरावलोकनको व्यवस्था पनि हुनुपर्छ।

क्रियाकलाप

१. "संविधानलाई देशको मूल कानुन भनिन्छ।" पुष्टि गर्नुहोस्।

२. जनताको चाहनाअनुसार संविधानको निर्माण हुनुपर्दछ भन्ने मान्यताले विश्वमा प्राथमिकता किन पाइरहेको छ ? स्पष्ट पार्नुहोस्।

३. विभिन्न समूहमा विभाजित भई आफ्नो कक्षा सञ्चालनको नियम बनाउनुहोस् र सबैले पालौपालो प्रस्तुत गरी त्यसलाई अन्तिम रूप दिनुहोस्। कक्षा सञ्चालनका निम्ति बनाइएको नियम र संविधानमा के अन्तर छ ? तलको तालिकामा भर्नुहोस्।

संविधान	कक्षा सञ्चालनको नियम
(क)	(क)
(ख)	(ख)
(ग)	(ग)

४. आदर्श संविधानका विशेषताहरूलाई चार्टमा देखाउनुहोस्।

सामुदायिक कार्य

तपाइँको समुदायमा बुद्धिजीवी, कानुनविद्, भद्रभलाद्मी हुनुहुन्छ भने उहाँहरूलाई संविधानको बारेमा सोध्नुहोस्। यस्ता व्यक्तिहरू कम्तीमा पनि पाँच जना हुनुपर्दछ। यस्ता व्यक्तिहरूका विचारहरूलाई एउटा तालिकामा राखेर आफ्नो विचारसँग दाँज्नुहोस् र निष्कर्ष निकाल्नुहोस्। ती निष्कर्षका आधारमा राष्ट्रिय पत्रिकाका लागि सम्पादकीय तयार गर्नुहोस्।

२. नेपालको संवैधानिक विकासक्रम

नेपालको संवैधानिक विकासक्रमलाई हेर्ने हो भने ज्यादै छिटोछिटो संविधानहरू परिवर्तन भएको देखिन्छ । साठी वर्षको अवधिमा छओटा संविधानहरू निर्माण भएर हाल सातौँ संविधान निर्माणमा नेपाल जुटेको छ । यो परिवर्तनलाई हेर्दा औसत १० वर्षमा एउटा संविधान पर्न आउँछ । यो ज्यादै छोटो समय हो । नेपाल छिटो संविधान परिवर्तन हुने मुलुकको अग्रपङ्क्तिमा पर्दछ । अमेरिकामा २२० वर्षदेखि एउटै संविधान चलेको छ । नेपालमा छिटोछिटो संविधान परिवर्तन भइरहनुमा हालसम्म बनेका संविधानहरू जनताको प्रत्यक्ष संलग्नतामा उनीहरूको चाहना र आवश्यकताबमोजिम नभएर सत्तामा रहेका शासकको स्वार्थबमोजिम निर्माण हुनु मुख्य कारण हो । यस्तो संवैधानिक अस्थिरताले राजनीतिक अस्थिरता कायम भइरह्यो । फलस्वरूप विकासको गति अघि बढ्न सकेन । नेपालसँगै विकासको गतिमा अघि बढेका राष्ट्रहरू विश्वको प्रतिस्पर्धात्मक बजारमा उत्रिसकेको वेला नेपाल भने अति कम विकसित राष्ट्रको रूपमा रहेको छ । त्यसैले अबका दिनमा देशले त्यस्तो नियति भोग्न नपरोस् भन्नका निम्ति एउटा असल संविधान निर्माण गर्नुपर्छ । अब बन्ने सातौँ संविधान नेपाली जनताको इच्छा र आकाङ्क्षाअनुरूपको हुनुपर्छ ।

नेपालमा सर्वप्रथम वि.सं. २००४ मा पद्मशमशेरको वैधानिक कानुनको घोषणाबाट संवैधानिक प्रक्रियाको सुरुवात भएको मानिन्छ । त्यसपछि नेपाल अन्तरिम शासन विधान, २००७, नेपाल अधिराज्यको संविधान, २०१५, नेपालको संविधान, २०१९, नेपाल अधिराज्यको संविधान, २०४७ र नेपालको अन्तरिम संविधान, २०६३ कार्यान्वयनमा आएका छन् । ती संविधानहरूका मुख्य बुँदाहरू यहाँ प्रस्तुत गरिएका छन् :

(क) नेपाल सरकार वैधानिक कानुन, २००४

यसले मौलिक हक र कर्तव्य, मन्त्रिमण्डल, राष्ट्रिय सभा र भारदारी सभा, द्विसदनात्मक व्यवस्था, ग्राम, नगर र जिल्ला पञ्चायतको व्यवस्था, प्रधान न्यायालय, प्रधान जाँचकी (महालेखा) दर्खास्त परिषद् (हालको लोक सेवा आयोग) आदिको व्यवस्था गरेको थियो । नेपालको पहिलो लिखित संविधान भएकाले यो महत्त्वपूर्ण दस्तावेज हो । यो वि.सं. २००५ वैशाख १ देखि लागू हुने गरी घोषणा भएको थियो ।

(ख) नेपाल अन्तरिम शासन विधान, २००७

यसले राज्यका नीति निर्देशन सिद्धान्तहरू, मन्त्रिमण्डल, आर्थिक कार्यप्रणाली, प्रधान न्यायालय, लोक सेवा आयोग, निर्वाचन आयोग, सल्लाहकार सभा आदिको व्यवस्था गरेको थियो । यसमा ७ भाग, ७३ धारा र ३ अनुसूची थिए ।

(ग) नेपाल अधिराज्यको संविधान, २०१५

यसले बालिग मताधिकार, प्रतिनिधि सभा र महासभा, मन्त्रिमण्डल प्रतिनिधि सभाप्रति उत्तरदायी, लोकसेवा आयोग, नागरिकहरूको मौलिक हक, कार्यपालिका, स्वतन्त्र न्यायपालिका, व्यवस्थापिका आदिको व्यवस्था गरेको थियो ।

(घ) नेपालको संविधान, २०१९

यसले नागरिकहकरूको मौलिक हक, पञ्चायत प्रणालीका निर्देशक सिद्धान्त, मन्त्रिपरिषद्, राष्ट्रिय पञ्चायत (व्यवस्थापिका), सर्वोच्च अदालत आदिको व्यवस्था गरेको थियो। यो संविधान वि.सं. २०२३ माघ १४ मा पहिलो, २०३२ मङ्सिर २६ मा दोस्रो र २०३७ पुस १ मा तेस्रो संशोधन भएको थियो।

(ङ) नेपाल अधिराज्यको संविधान, २०४७

यसले मौलिक हकको व्यवस्था, सार्वभौमसत्ता नेपाली जनतामा निहित, बहुदलीय प्रजातन्त्र, संसदीय शासनप्रणाली, स्वतन्त्र न्यायपालिका, बालिग मताधिकार, संवैधानिक राजतन्त्र , विधिको शासन आदिको व्यवस्था गरेको थियो। यसमा २३ भाग, १३३ धारा र ३ अनुसूची थिए।

(च) नेपालको अन्तरिम संविधान, २०६३

यो नेपाली जनताहरूको तर्फबाट बनाई लागू गरिएको पहिलो संविधान हो। यसले नेपालको सार्वभौम सत्ता एवम् राजकीय सत्ता नेपाली जनतामा निहित हुने व्यवस्था गरेको छ। यसले धर्मनिरपेक्षता, प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, स्वतन्त्र न्यायपालिका, सबै भाषालाई राष्ट्रभाषाको मान्यता, एक सदनात्मक व्यवस्थापिका संसद्, कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा निहित, संविधानसभाको निर्वाचनको व्यवस्था, संवैधानिक अङ्गको रूपमा राष्ट्रिय मानवअधिकार आयोगसमेत समावेश, प्रधानसेनापतिको नियुक्ति मन्त्रिपरिषद्ले गर्ने आदि व्यवस्था गरेको छ। यसमा २५ भाग, १६७ धारा र ४ अनुसूची रहेका छन्।

क्रियाकलाप

१. जनआन्दोलन भाग २ हुनुका कारणहरू उल्लेख गर्नुहोस्।

२. नेपालको अन्तरिम संविधान २०६३ र नेपाल अन्तरिम शासन विधान २००७ का समानता र असमानताहरू देखाउनुहोस्।

३. "नेपालको अन्तरिम संविधान, २०६३ सहमतिको दस्तावेज हो।" त्यसको पुष्टि गर्नुहोस्।

४. नेपालको संवैधानिक विकास क्रमलाई क्रमशः सूचीबद्ध गरी त्यसलाई समयरेखामा देखाउनुहोस्।

६. नेपाल सरकार वैधानिक कानुन, २००४ मा व्यवस्था भएका मुख्यमुख्य बुँदाहरू उल्लेख गर्दै आफ्नो साथीलाई एउटा पत्र लेख्नुहोस्।

सामुदायिक कार्य

तपाइँ आफ्नो समुदायका कानुनविद्सँग भेट्नुहोस् र उहाँसँग सोधी नेपाल अधिराज्यको संविधान, २०४७ का कुनकुन पक्षहरूलाई नेपालको अन्तरिम संविधान, २०६३ ले निरन्तरता दिएको छ ? बुँदागत रूपमा लेख्नुहोस्।

३. नेपालको वर्तमान संविधानका विशेषताहरू

सात राजनीतिक दल र नेपाल कम्युनिस्ट पार्टी माओवादीसहितको सहमतिमा वि.सं. २०६३ माघ १ गते नेपालको अन्तरिम संविधान, २०६३ लागू गरिएको छ। यस संविधानका मुख्यमुख्य विशेषताहरू बुँदागत रूपमा तल प्रस्तुत गरिएका छन् :

(क) जनआन्दोलनको भावनाअनुरूप राजनीतिक दलको सहमतिमा निर्मित

(ख) नेपालको सार्वभौमसत्ता एवम् राजकीय सत्ता नेपाली जनतामा निहित

(ग) धर्म निरपेक्षता र नेपाल एक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुने व्यवस्था

(घ) एक सदनात्मक व्यवस्थापिका

(ङ) कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा

(च) केही मौलिक हकहरू (छुवाछुत तथा जातीय भेद्भाव विरुद्धको हक, महिला, वातावरण तथा स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षा, बालबालिका, यातना विरुद्धको हक, सामाजिक न्यायको हक, श्रमसम्बन्धी हक) थप व्यवस्था

(छ) देशको कार्यकारिणी प्रमुख प्रधानमन्त्रीका रूपमा रहने व्यवस्था

(ज) राष्ट्रिय मानव अधिकार आयोग संवैधानिक अङ्गका रूपमा स्थापित

(झ) राज्यका तर्फबाट दिइने उपाधि, सम्मान र विभूषण प्रधानमन्त्रीले प्रदान गर्ने व्यवस्था

(ञ) राजाको हैसियतले राजा ज्ञानेन्द्रलाई प्राप्त भएका सबै सम्पत्ति राष्ट्रियकरण

(ट) मन्त्रिपरिषद्ले नेपाली राजदूत र अन्य विशेष प्रतिनिधिको नियुक्ति

(ठ) सङ्कटकालीन अवस्थाको घोषणा मन्त्रिपरिषद्ले गर्न सक्ने व्यवस्था

(ड) मुलुकको शासन व्यवस्थासम्बन्धी कुनै पनि अधिकार राजामा नरहने व्यवस्था

(ढ) गणतन्त्र कार्यान्वयन नभएसम्मका लागि राष्ट्र प्रमुखले गर्ने सम्पूर्ण काम प्रधानमन्त्रीले गर्ने व्यवस्था

(ण) राष्ट्रिय महत्त्वका विषयमा जनमत सङ्ग्रह गर्ने व्यवस्था

(त) जुनसुकै निकायबाट गरेका सजायलाई मन्त्रिपरिषद्ले माफी, मुलतवी, परिवर्तन वा कम गर्न सक्ने व्यवस्था

(थ) माओवादी सेनाका लडाकुहरूको रेखदेख, समायोजन र पुनःस्थापना मन्त्रिपरिषद्को विशेष समितिले गर्ने व्यवस्था

(द) सात राजनीतिक दलको सहमतिमा स्थानीय निकाय गठन गरिने व्यवस्था

नेपालको अन्तरिम संविधान २०६३ फागुन २५ गते पहिलो, २०६४ जेठ ३० गते दोस्रो र २०६४ पौष १३ गते तेस्रो पटक संशोधन गरिएको छ।

क्रियाकलाप

१. नेपालको अन्तरिम संविधान, २०६३ ले संविधान संशोधनको प्रावधान किन राखेको हो ? यसका राम्रा र सुधार गर्नुपर्ने पक्षहरू केके हुन् ?

२. नेपालको वर्तमान संविधान, २०६३ का मुख्यमुख्य विशेषताहरूलाई वृक्षचित्र (Tree chart) मा देखाउनुहोस् ।

३. तपाईं संविधान सुझाव आयोगको सदस्य भएमा कुनकुन विषयवस्तुलाई प्राथमिकता दिनुहुन्छ, त्यसको खाका तयार गर्नुहोस् ।

४. नेपाल सरकार र नेकपा माओवादीबीच भएको विस्तृत शान्ति सम्झौता गर्दाको तस्बिर तल दिइएको छ । त्यही तस्बिरलाई आधार मानी एक अनुच्छेद लेख्नुहोस् ।

सामुदायिक कार्य

१. तपाईंको समुदायमा कानुनविद्, बुद्धिजीवी, समाजसेवी, शिक्षक आदि हुनुहुन्छ । तपाईं उहाँहरूसँग संविधानको प्रस्तावनामा उल्लेख भएका कुराहरूबाट समुदायमा कुनकुन क्षेत्रमा सकारात्मक परिवर्तन आउन सक्छन् । यसबाट राष्ट्रलाई समृद्ध, सुसंस्कृत, स्वावलम्बी बनाउन कसरी सहयोग पुग्न सक्छ भन्ने प्रश्न गरी एक प्रतिवेदन तयार गर्नुहोस् ।

२. तपाईंको समुदायमा संविधानसम्बन्धी चासो राख्ने मानिस हुन सक्छन् । उहाँहरूसँग भेटी वर्तमान संविधानका कुनकुन पक्षमा सुधार गर्नुपर्ला, सोध्नुहोस् र त्यसका आधारमा पत्रिकाका लागि सम्पादकीय तयार गर्नुहोस् ।

४. मौलिक हक

नेपालको अन्तरिम संविधान, २०६३ अहिले कार्यान्वयनमा छ। यस संविधानले धारा १२ देखि ३२ सम्म मौलिक हकको व्यवस्था गरेको छ। ती हकहरू यसप्रकार हुन् :

स्वतन्त्रताको हक : यसअन्तर्गत विचार अभिव्यक्त गर्ने, बिनाहातहतियार शान्तिपूर्वक भेला हुने, राजनीतिक दल खोल्ने, सङ्घ संस्था खोल्ने, नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने, पेसा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता पर्दछन्। त्यस्तै यसअन्तर्गत मृत्युदण्ड हुने गरी कानुन बनाउन नपाइने कुरा पर्दछन्।

समानताको हक : कानुनी दृष्टिकोणमा सबै समान हुने छन्; वर्ण, लिङ्ग धर्म, जाति, उत्पत्ति, भाषा र वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गर्न पाइने छैन।

छुवाछुत तथा जातीय भेदभाव विरुद्धको हक : कुनै पनि व्यक्तिलाई जात, वंश, समुदाय वा पेसाका आधारमा भेदभाव गरिने छैन। यस्तो भेदभावपूर्ण व्यवहार दण्डनीय हुने छ र पीडित व्यक्तिले कानुनमा व्यवस्था भएअनुसार क्षतिपूर्ति पाउने व्यवस्था यस हकमा रहेको छ।

प्रकाशन, प्रसारण तथा छापाखानासम्बन्धी हक : कुनै समाचार, लेख वा अन्य कुनै पाठ्यसामग्री प्रकाशन गर्न प्रतिबन्ध लगाइने छैन। त्यसै गरी श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न प्रतिबन्ध लगाइने छैन।

वातावरण तथा स्वास्थ्यसम्बन्धी हक : प्रत्येक व्यक्तिलाई स्वच्छ वातावरण बाँच्ने हक हुने छ। प्रत्येक नागरिकलाई कानुनमा व्यवस्था भएअनुसार आधारभूत स्वास्थ्य सेवा निःशुल्क रूपमा पाउने हक हुने छ।

शिक्षा तथा संस्कृतिसम्बन्धी हक : प्रत्येक नागरिकलाई भाषा, लिपि र संस्कृतिको संरक्षण र संवर्द्धन गर्ने अधिकार हुने छ। प्रत्येक समुदायलाई कानुनमा व्यवस्था भएबमोजिम आफ्ना बालबालिकालाई आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक हुने छ।

रोजगारी तथा सामाजिक सुरक्षासम्बन्धी हक : प्रत्येक नागरिकलाई कानुनमा व्यवस्था भएअनुसार रोजगारीको हक हुने छ। महिला, श्रमिक, वृद्ध, अपाङ्ग तथा अशक्त र असहाय नागरिकलाई कानुनमा व्यवस्था भएबमोजिम सामाजिक सुरक्षाको हक हुने छ।

सम्पत्तिको हक : प्रत्येक नागरिकलाई प्रचलित कानुनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने वा बेचबिखन गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुने छ।

महिलाको हक : महिला भएकै कारणबाट कुनै किसिमको भेदभाव गरिने छैन। प्रत्येक महिलालाई प्रजनन् स्वास्थ्य तथा प्रजननसम्बन्धी हक हुने छ। कुनै पनि महिलाविरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन। पैतृक सम्पत्तिमा छोरा र छोरीलाई समान हक हुने छ।

सामाजिक न्यायको हक : आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी, जनजाति, मधेसी समुदाय, उत्पीडित वर्ग, गरिब किसान र मजदुरलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको संरचनामा सहभागी हुने हक हुने छ।

बालबालिकाको हक : प्रत्येक बालबालिकालाई आफ्नो पहिचान तथा नामको हक हुने छ। यसै गरी उनीहरूलाई पालनपोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्राप्त गर्ने हक हुने छ। प्रत्येक बालबालिकालाई शारीरिक,

मानसिक वा अन्य कुनै पनि किसिमको शोषणविरुद्धको हक हुने छ। असहाय, अनाथ, सुस्तमनस्थिति, द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा परेका सडक बालबालिकालाई सुनिश्चित भविष्यका लागि राज्यबाट विशेष सुविधा पाउने हक हुने छ। कुनै पनि नाबालकलाई कुनै कलकारखाना, खानी वा यस्तै अन्य कुनै जोखिमपूर्ण काममा लगाउन वा सेना, प्रहरी वा द्वन्द्वमा प्रयोग गर्न पाइने छैन।

धर्मसम्बन्धी हक : प्रत्येक व्यक्तिलाई प्रचलित सामाजिक एवम् सांस्कृतिक परम्पराको मर्यादा राखी सनातनदेखि चलिआएको आफ्नो धर्म अवलम्बन र अभ्यास गर्ने स्वतन्त्रता हुने छ तर कसैले कसैको धर्म परिवर्तन गराउन पाउने छैन।

न्यायसम्बन्धी हक : कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारणसहितको सूचना नदिई थुनामा राखिने छैन। पक्राउमा परेका व्यक्तिलाई पक्राउ परेको समयमा नै आफूले रोजेको कानुन व्यवसायीसँग सल्लाह लिन पाउने हक हुने छ। पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समयबाट बाटोको म्यादबाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनुपर्ने छ र त्यस्तो आधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएका व्यक्तिलाई थुनामा राखिने छैन तर निवारक नजरबन्द र शत्रु राज्यको नागरिकको हकमा यो प्रावधान लागू हुने छैन। कुनै पनि व्यक्तिविरुद्ध अदालतमा एकै कसुरमा एकपटकभन्दा बढी मुद्दा चलाइने र सजाय दिइने छैन। प्रत्येक व्यक्तिलाई निजविरुद्ध गरिएको कारवाहीको जानकारी पाउने हक हुने छ। असमर्थ पक्षलाई कानुनमा व्यवस्था भएबमोजिम निःशुल्क कानुनी सेवा पाउने हक हुने छ।

क्रियाकलाप

१. तपाईंलाई पाठमा उल्लेख गरिएका मौलिक हकहरूमध्ये कुनकुन मौलिक हक उपयुक्त तथा कम उपयुक्त लाग्छन्, क्रम मिलाई सूचीबद्ध गर्नुहोस्।

२. तपाईंलाई संविधान निर्माण गर्न दिएको खण्डमा मौलिक हकअन्तर्गत कुनकुन हक थप्नुहुन्थ्यो, कारणसमेत उल्लेख गर्नुहोस्।

३. "प्रत्येक समुदायलाई कानुनमा व्यवस्था भएबमोजिम आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक हुने छ।" भन्ने संविधानमा उल्लेख छ। किन मातृभाषामा शिक्षा दिनुपर्नेमा जोड दिइएको हो ? तर्क दिनुहोस्।

४. पक्राउ गरिएको व्यक्तिलाई बाटोको म्यादबाहेक कति समयभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनुपर्ने छ ? यस्तो व्यवस्था गर्नुको कारण के होला ?

५. नेपालको अन्तरिम संविधान, २०६३ ले सामाजिक न्यायसम्बन्धी हकको केकस्तो व्यवस्था गरेको छ ? सो उल्लेख गरी संसद्को सभामुखलाई एक पत्र लेख्नुहोस्।

सामुदायिक कार्य

तपाईंको समुदायमा वर्तमान संविधानले प्रदान गरेका मौलिक हकमध्ये कुनकुन हकहरू कार्यान्वयनमा आएका छन् ? समुदायका मानिसहरूलाई सोधेर लेख्नुहोस्।

५. मौलिक हक र कर्तव्य

नेपालको अन्तरिम संविधान, २०६३ ले व्यवस्था गरेका केही मौलिक हकहरू अघिल्लो पाठमा अध्ययन गर्‍यौं। अब यस पाठमा पनि थप केही मौलिक हक र कर्तव्यहरू अध्ययन गर्ने छौं। ती हकहरू निम्नानुसार हुन् :

निवारक नजरबन्दविरुद्ध हक : नेपाल राज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा राखिने छैन। निवारक नजरबन्द राख्ने अधिकारीले कानुनविपरीत वा बदनियतपूर्वक कसैलाई नजरबन्द राखेमा नजरबन्द रहेको व्यक्तिले कानुनमा व्यवस्था भएबमोजिम क्षतिपूर्ति पाउने छ।

यातनाविरुद्धको हक : अनुसन्धान, तहकिकात वा पूर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन। त्यस्तो कार्य दण्डनीय हुने छ र कानुनले निर्धारण गरेअनुसार क्षतिपूर्ति दिइने छ।

सूचनाको हक : प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक हुने छ तर कानुनद्वारा गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन।

गोपनीयताको हक : कुनै पनि व्यक्तिको जिउ, आवास, सम्पत्ति, लिखत, पत्राचार वा सूचनाको गोपनीयता कानुनद्वारा तोकिएको अवस्थामा बाहेक भङ्ग गर्न पाइने छैन।

शोषणविरुद्धको हक : प्रथा, परम्परा र प्रचलनको नाममा कसैलाई शोषण गर्न पाइने छैन। मानिसलाई बेचबिखन गर्न, दास तुल्याउन, बाँधा बनाउन वा कुनै किसिमले निजको इच्छाविपरीत काम गराउन पाइने छैन।

श्रमसम्बन्धी हक : प्रत्येक कामदार र कर्मचारीलाई उचित श्रम अभ्यासको हक हुने छ। कानुनमा व्यवस्था भएबमोजिम प्रत्येक कामदार र कर्मचारीलाई आ-आफ्नो हित रक्षाको निमित्त ट्रेड युनियन खोल्ने, सङ्गठित हुने र सामूहिक सौदाबाजी गर्ने हक हुने छ।

देशनिकालाविरुद्धको हक : कुनै पनि नागरिकलाई देशनिकाला गरिने छैन।

संवैधानिक उपचारको हक : कुनै व्यक्तिको मौलिक अधिकार हनन भएमा सर्वोच्च अदालतमा उजुर गरेर त्यसको सुरक्षा गर्ने हक नागरिकमा सुरक्षित रहेको छ।

आफ्नो देशको संविधानको पालना गर्नु प्रत्येक व्यक्तिको कर्तव्य हुने छ। ती कर्तव्यहरू निम्नानुसार छन् :

१. नैतिक कर्तव्यः मानिसले आदर्श, स्वच्छ र पवित्र जीवन बिताउनु, आमाबाबु, गुरुजनको आज्ञापालन गर्नुका साथै सम्मान गर्नु, सबै मानिसमाथि मैत्रीभाव राख्नु र कसैलाई हेला नगर्नु नै नैतिक कर्तव्य हो।

२. कानुनी कर्तव्य : देशमा प्रचलित कानुनको पालना गर्नु सबैको कर्तव्य हो।

३. नागरिक कर्तव्य : यसअन्तर्गत निम्नअनुसारका कर्तव्यहरू रहेका छन् :

(क) देशसेवा गर्नु : नागरिकको सुख र संवृद्धि देशको शान्ति र उन्नतिमा निर्भर गर्दछ। देशको शान्ति र सुरक्षाका लागि सबैले आ-आफ्नो क्षेत्रबाट सकारात्मक योगदान पुऱ्याउनुपर्दछ। लोकतान्त्रिक मुलुकमा देशको उन्नति र विकासका लागि व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको व्यवस्था गरिएको हुन्छ। यी निकायहरूले देश र नागरिकको संरक्षण गर्दछन्।

(ख) देशको कानुन मान्नु : व्यवस्थापिकाद्वारा स्वीकृत कानुन मान्नु त्यस देशका नागरिकको प्रमुख कर्तव्य हुन्छ। देशमा बसोबास गर्ने प्रत्येक नागरिकको भलाइका लागि कानुनको तर्जुमा गरिएको हुन्छ। सबैमाथि कानुनले समान सुविधा दिएको हुन्छ।

(ग) कर तिर्नु : सरकारलाई राज्य सञ्चालनका लागि आवश्यक जनशक्ति र अर्थको आवश्यकता पर्दछ। यो व्यवस्था मिलाउन सरकारले जनतामा प्रत्यक्ष अप्रत्यक्ष रूपमा कर लगाएको हुन्छ। यसरी न्यायोचित ढङ्गबाट लगाएको करलाई जनताले तिर्नु नागरिकको कर्तव्य हुन आउँछ।

(घ) मताधिकारको प्रयोग गर्नु : मत दिनु प्रत्येक अधिकारप्राप्त नागरिकको कर्तव्य हो। मतको प्रयोग गर्दा कुनै प्रलोभन र दवावमा नपरी जनहितको उच्च भावना भएको सुयोग्य व्यक्ति चुनिने गरी मताधिकारको प्रयोग गरिनुपर्दछ।

(ङ) सत्य र न्यायको पक्षमा आवाज उठाउनु : कुनै पनि नागरिकले सधैँ सत्य र न्यायको पक्षमा आवाज उठाउनुपर्छ। देशको सीमा मिचिँदा, मौलिक अधिकारहरू हनन हुँदा र कसैले कसैमाथि अन्याय गर्दा त्यसका विरुद्धमा आवाज उठाउनुपर्छ।

क्रियाकलाप

१. नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावना अध्ययन गरी तल सोधिएका प्रश्नहरूको जवाफ दिनुहोस् :

हामी सार्वभौमसत्ता र राजकीय सत्ता सम्पन्न नेपाली जनता,

नेपाली जनताले २००७ साल पहिलेदेखि हालसम्म पटकपटक गर्दै आएका ऐतिहासिक सङ्घर्ष र जनआन्दोलनमार्फत् लोकतन्त्र, शान्ति र अग्रगमनका पक्षमा प्रकट भएको जनादेशको सम्मान गर्दै; देशमा विद्यमान वर्गीय, क्षेत्रीय, लैङ्गिक समस्याहरूलाई समाधान गर्न राज्यको अग्रगामी पुनर्संरचना गर्ने सङ्कल्प गर्दै; प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका तथा कानुनी राज्यको अवधारणालगायत लोकतान्त्रिक मूल्य र मान्यताप्रतिको पूर्ण प्रतिबद्धता व्यक्त गर्दै; नेपाली जनताको आफ्नो लागि आफैँ संविधान बनाउन पाउने र भयमुक्त वातावरणमा संविधानसभाको स्वतन्त्र र निष्पक्ष निर्वाचनमा सहभागी हुन पाउने आधारभूत अधिकारको प्रत्याभूति गर्दै; लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी आर्थिक सामाजिक परिवर्तन तथा देशको सार्वभौमिकता, अखण्डता, स्वतन्त्रता र स्वाभिमानलाई केन्द्रमा राख्दै; आजसम्मका क्रान्ति र आन्दोलनबाट प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्न संविधान नबनेसम्मका लागि राजनीतिक सहमतिबाट तयार भएको यो नेपालको अन्तरिम संविधान, २०६३ जारी भएको घोषणा गर्दछौँ।

(क) किन जनादेशको सम्मान गर्नुपर्छ ?

(ख) कुनकुन समस्याहरू समाधान गर्न राज्यको पुनर्संरचना गर्नुपर्छ ?

(ग) हामीले कुनकुन कुरामा प्रतिवद्धता जनाउनुपर्छ ?

(घ) हामीले केकस्ता पक्षहरूलाई संस्थागत गर्नुपर्ला ?

२. नेपालको इतिहासमा पहिलो पटक जनताले संविधान घोषणा गरेका छन्। यो अवसर कसरी प्राप्त भयो ? त्यसको समीक्षा गर्नुहोस्।

सामुदायिक कार्य

तपाईंको समुदायमा कुनै पनि व्यक्ति प्रथा, परम्परा र प्रचलनको नाममा वा कुनै पनि किसिमले शोषणमा परेको हुन सक्छ। त्यसको खोजी गरी प्रतिवेदन तयार गर्नुहोस्।

६. सुशासन

जनतालाई छिटो, निष्पक्ष र सस्तो सेवा प्रदान गर्नका लागि सुशासनको आवश्यकता पर्छ । यसलाई अङ्ग्रेजीमा Good governance भनिन्छ । शाब्दिक रूपमा यसलाई टुक्रयाउँदा good भनेको असल र governance भनेको शासन हो । ती दुवैलाई मिलाउँदा असल शासन भन्ने बुझिन्छ ।

नेपालको अन्तरिम संविधान, २०६३ ले जवाफदेहिता, जनसहभागिता, निष्पक्ष, सक्षम, स्वच्छ प्रशासनतन्त्र जस्ता अवधारणाहरूको पूर्ण पालना गर्ने राजनीतिक प्रणाली अवलम्बन गरी भष्ट्राचार र दण्डहीनताको अन्त्य गर्दै सुशासन कायम गर्ने राज्यको दायित्व निर्धारण गरेको छ । यो दायित्व राज्य एक्लैले मात्र पूरा गर्न सक्दैन । यसमा नागरिक समाज, गैरसरकारी क्षेत्र आदिको सहयोगको खाँचो पर्दछ । सबैको सक्रिय सहभागिताबाट मात्र राज्यमा सुशासन कायम गर्न सकिन्छ ।

कानुनको शासन, भ्रष्टाचारविहीन प्रशासन र जनमुखी सेवा नै असल शासनका मुख्य सारतत्त्व हुन् । विकास कार्यमा सरकारी, गैरसरकारी सङ्घसंस्थाहरू एवम् नागरिक समाजको सहयोग र सहभागिता हुनुपर्छ । जनताको सेवा र सुविधालाई मुख्य केन्द्रबिन्दु मानी गरिने कार्यबाट मात्र सुशासनको प्रत्याभूति दिन सकिन्छ । जनसहभागिता, जवाफदेहिता, पारदर्शिता, कानुनी राज्य र विकेन्द्रीकरणलाई सुशासनका विशेषता मान्न सकिन्छ । जनसहभागिताबाट सम्पन्न भएको काममा जनताले आफ्नोपन देख्छन् र यसको संरक्षण र संवर्द्धनमा लाग्छन् । यसले दिगोपनको विकास गराउँछ । त्यसैले योजना तर्जुमा, कार्यान्वयन, मूल्याङ्कन र उपभोग सबै काममा जनसहभागिता जुटाउनुपर्छ ।

सुशासनले भ्रष्टाचारमुक्त शासनको परिकल्पना गर्ने हुनाले कामबाट भाग्ने प्रवृत्ति हटाउनुपर्छ । आफूले गरेको कामप्रति सबैलाई जवाफदेही बनाउनुपर्छ । कामको जानकारी सबैलाई गराउने, आम्दानी र खर्चको हिसाबकिताब दुरुस्त राख्ने र प्रगति प्रतिवेदन सार्वजनिक गराउनाले पारदर्शिता र जनसहभागिता बढ्छ ।

सबैलाई समान हुने गरी कानुन निर्माण गर्नु, कानुनको पालना गर्नु, जनताको सहभागितामा योजना निर्माण गरी कार्यान्वयन गर्नु, स्थानीय निकायलाई सबल र सक्षम बनाई अधिकारसम्पन्न बनाउनु सुशासनभित्र पर्छन् । प्रभावकारी र दक्ष सार्वजनिक व्यवस्थापन, सबैको सहमति, राजनीतिक स्थिरता, सभ्य र नैतिकवान् नागरिक समाज, जनमुखी प्रशासन आदिलाई सुशासनको महत्त्वपूर्ण पक्ष मान्न सकिन्छ । कसैले यसलाई सुशासनको पूर्व सर्तका रूपमा पनि लिएका छन् ।

आफ्नै देशको श्रम र साधनको उपयोग गर्न पनि सुशासनको आवश्यकता रहेको छ । आन्तरिक स्रोत र साधन परिचालन गरी जनताका आवश्यकताहरू पूरा गर्न र भ्रष्टाचारलाई न्यूनीकरण गर्न पनि हाम्रो देशमा असल शासनको आवश्यकता रहेको छ । जनताका माग र चाहना पूरा गराउन, स्रोत र साधनको समानुपातिक वितरण गर्न, जनतालाई छिटो, छरितो र भरपर्दो सेवा प्रदान गर्न, घुसखोरी, भ्रष्टाचारलाई नियन्त्रण गर्न, विकास निर्माणलाई प्राथमिकता दिन, जनतालाई सार्वजनिक प्रशासनप्रति विश्वास दिलाउन, कर्मचारी जनताको सेवक हो भन्ने भावना विकास गराउन र कर्मचारीलाई जनताप्रति जवाफदेही बनाउन सुशासनको आवश्यकता छ ।

नेपालमा सुशासन कायम गर्नका लागि थुप्रै चुनौतीहरू रहेका छन् । ती चुनौतीलाई तल चार्टमा देखाइएको छ :



माथिका चुनौतीको सामान गर्न जनता नै सम्पूर्ण शक्तिको स्रोत भएकाले उनीहरूलाई छिटो, सस्तो, सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नुपर्छ । यसका लागि सरकार, निजी क्षेत्र र नागरिक समाजको सहभागिता र सक्रियतामा एकीकृत र सन्तुलित सेवा प्रदान गर्नुपर्छ । सहकार्यको संस्कृतिअनुरूप मिलेर जनताको सेवा गर्नु नै वास्तवमा सुशासन हो । यसका लागि प्रशासनलाई प्रक्रियामुखी पद्धतिबाट नतिजामुखी, कार्यमुखी पद्धतिमा रूपान्तरण गर्नु जरुरी छ । त्यसका लागि कानुनी र प्रक्रियामुखी बाधा व्यवधानहरू हटाउन संरचनात्मक सुधार गर्नुपर्ने आवश्यकता रहेको छ । त्यसैगरी जनतामुखी विकास कार्यमा जोड दिनु पनि जरुरी छ । जनताप्रति प्रतिबद्ध शासन पद्धतिको विकास गर्न अहिले भइरहेका प्रक्रियामुखी पद्धतिहरूमा आमूल परिवर्तनको आवश्यकता रहेको छ । यसबाट मात्र जनतालाई सुशासनको मर्म र भावनाअनुसार सेवा र सुविधा प्रदान गर्न सकिने छ ।

क्रियाकलाप

१. सुशासन भनेको के हो ? नेपालको अन्तरिम संविधान, २०६३ ले यससम्बन्धी केकस्तो व्यवस्था गरेको छ, लेख्नुहोस् ।

२. यदि तपाईंलाई प्रशासन क्षेत्रको प्रमुख वा सामान्य प्रशासनमन्त्री बनाइयो भने कुनकुन क्षेत्रमा केकस्ता सुधार गर्नुहुन्छ ?

३. सुशासनका विशेषताहरू केके हुन् ? त्यसको सूची तयार गर्नुहोस् ।

४. नेपालमा सुशासन कायम गर्न थुप्रै चुनौतीहरू रहेका छन् । ती चुनौतीहरू केके हुन् ? बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

५. सुशासनको आवश्यकता औंल्याउँदै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार नियन्त्रणका लागि केके काम गर्नुपर्छ सो उल्लेख गरी त्यसका लागि आयोगलाई एउटा पत्र लेख्नुहोस् ।

सामुदायिक कार्य

तपाईंको समुदायमा सरकारी सेवा निवृत्त (अवकाश प्राप्त) कर्मचारी हुनुहुन्छ होला । उहाँसँग भेट गरी जनतालाई छिटो, सस्तो, सुलभ तरिकाले सेवा प्रदान गर्न केके काम गर्नुपर्ला भनी प्रश्न सोध्नुहोस् र त्यसैका आधारमा पत्रिकाका लागि समाचारको नमुना बनाउनुहोस् ।

७. नागरिक समाजको भूमिका

नागरिक समाजको भूमिका सम्बन्धमा रजनी र महानदासबीच चलेको वार्तालाप :

रजनी : महानदासजी नागरिक समाज भनेको के हो ?

महानदास : कुनै उद्देश्य प्राप्तिका लागि नागरिकहरू मिलेर बनेको सङ्गठन नै नागरिक समाज हो ।

रजनी : यसले केके कामहरू गर्दछ ?

महानदास : यसले नागरिक हक र अधिकारको रक्षाका लागि आवाज उठाउँछ । नागरिकले पाउनुपर्ने हकहरू प्राप्तिका लागि जनचेतना फैलाउने, आफूले गर्नुपर्ने कर्तव्यहरू गर्न सबैलाई सचेत गराउने र त्यस्ता कार्यमा सहभागी हुने काम नागरिक समाजले गर्दछ ।

रजनी : होइन, नागरिक समाजले त राज्यमा सुशासन कायम गर्ने प्रयास पनि गर्छ भन्छन् नि !

महानदास : हो, रजनी, नागरिक समाजको काम देशमा नराम्रो काम गर्नेलाई खबरदारी गर्ने, समाजमा अन्याय अत्याचार हुन नदिने, कानुन मिचेर कसैले काम गऱ्यो भने त्यसका विरुद्धमा अवाज उठाउने, राष्ट्रिय सरोकारका विषयहरूमा आम जनतालाई सचेत गराउने, सरकारका काममा सहयोग पुऱ्याउने, कसैले जनअधिकार हनन गऱ्यो भने त्यसका विरुद्ध सङ्गठित भई प्रतिरोध गर्ने

जस्ता कामहरू यसले गर्दछ । सरकारले गरेका नराम्रा कामप्रति सजग गराउने, भ्रष्टाचार गर्नेलाई सामाजिक बहिष्कार गर्ने, जनताका कामहरू गराउन सरकारलाई सजग गराउने र ती कामहरू गर्न सहयोग पुऱ्याउने काम नागरिक समाजको हो ।

रजनी : महानदासजी, नागरिक समाजले अरू केके काम गर्छ नि ?

महानदास : सुन्नुहोस् । यसले आफ्नो देशमा सीमा मिचियो भने त्यसको कुटनीतिक पहलका लागि सरकारलाई घच्घच्याउँछ । जनतालाई जागरुक गराउँछ । समाजमा हुने विकृति र विसङ्गतिका बारेमा जनतालाई सचेत गराउँछ । आम नागरिकलाई आफ्नो हक र अधिकार प्राप्त गर्न अगाडि बढ्न प्रेरित गर्दछ । जनता देशका मालिक हुन् । उनीहरूको सेवा गर्नुपर्छ भन्ने कुरालाई अगाडि ल्याउँछ, देशमा शान्ति र सुव्यवस्था कायम गराउन सरकारलाई सहयोग पुऱ्याउँछ ।

रजनी : यीबाहेक नागरिक समाजको भूमिका अरू केही छन् कि ?

महानदास : सामाजिक रूपान्तरणका लागि चेतना जगाउने, सरकारले गरेका नराम्रा कामको आलोचना गर्ने, सरकारलाई संविधान ऐन नियम, कानुन पालना गराउन खबरदारी गर्ने, जनतालाई छिटो, छरितो र सुलभ तरिकाले सेवा उपलब्ध गराउन सरकारलाई दवाव दिने काम नागरिक समाजको हो । समाज र राष्ट्रलाई सही बाटो हिँड्न प्रेरणा दिने, जनताको प्रतिनिधित्व गर्दै जनताका जल्दाबल्दा समस्याहरू समाधानका लागि आवाज उठाउन नेतृत्व गर्ने र समाजका विकृति र विसङ्गतिविरुद्ध आवाज उठाउँदै त्यसको निराकरणका लागि प्रयास गर्ने काम पनि यसकै हो । यस्ता कार्यमा नागरिक समाजलगायत सबै पक्षको सहयोग आवश्यक छ ।

रजनी : हवस् त नागरिक समाजको भूमिकाबारे धेरै कुरा बताइदिनुभयो । त्यसका लागि तपाईंप्रति आभारी छु । धन्यवाद । (दुवैजना आ-आफ्नो घरतिर लाग्छन्)

क्रियाकलाप

१. नेपालको सन्दर्भमा नागरिक समाज किन आवश्यक मानिन्छ ? तर्क दिनुहोस् ।

२. नागरिक समाजले गर्ने कामहरू उल्लेख गरी नागरिक समाजका अगुवालाई पाठ्यपुस्तकमा उल्लिखित कामहरूबाहेक नागरिक समाजले गर्ने अन्य कामहरू थप गर्न पत्र पठाउनुहोस् ।

३. "नागरिक समाजलाई समाज रूपान्तरणको अग्रणी मानिन्छ" कारण दिनुहोस् ।

४. माथिको संवादको आधारमा नागरिक समाजको भूमिकालाई अझ सशक्त बनाउन केकस्ता सुधारका कामहरू गर्नुपर्छ सम्पादकीय तयार गर्नुहोस् ।

सामुदायिक कार्य

हाम्रो देशमा समाजलाई रूपान्तरण गर्ने नागरिक समाज जस्ता सङ्गठनहरू कार्यरत छन् । तिनको खोजी गर्नुहोस् र तिनीहरूले हालसम्म केकस्ता कार्यहरू गर्दै आएका छन्, सो उल्लेख गर्नुहोस् । समाजका विकृति र विसङ्गति हटाउन तिनले कस्तो भूमिका निभाउनुपर्ला ? यस पक्षलाई समेटी राष्ट्रिय पत्रिकाका लागि सम्पादकीय तयार गर्नुहोस् ।

८. विविधतामा एकता

"बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त, समान आकाङ्क्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान् रही एकताको सूत्रमा आबद्ध सबै नेपाली जनता समष्टि रूपमा राष्ट्र हो ।"

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३ मा उक्त कुरा उल्लेख छ । अन्तरिम संविधानले मुलुकको राज्य संरचनाका सबै अङ्गहरूमा मधेसी, दलित, आदिवासी, जनजाति, महिला, मजदुर, किसान, अपाङ्ग, पिछडिएका वर्ग र क्षेत्र सबैलाई समानुपातिक समावेशीकरणका आधारमा सहभागी गराउने राज्यको दायित्वअन्तर्गत राखेको छ । यसै गरी सबै विभेदकारी कानुनको अन्त्य गर्दै कानुनका दृष्टिमा कसैलाई पनि भेदभाव नगर्ने दायित्व राज्यले अवलम्बन गरेको छ ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३४ को उपधारा ५ मा "सबै किसिमको आर्थिक एवम् सामाजिक असमानता हटाई विभिन्न जातजाति, धर्म, वर्ण, समुदाय र सम्प्रदायका बीच सामञ्जस्य गरी न्याय र नैतिकतामा आधारित स्वस्थ सामाजिक जीवनको स्थापना र विकास गर्नु राज्यको सामाजिक उद्देश्य हुने छ" भन्ने लेखिएको छ ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३५ को राज्यका नीतिहरूअन्तर्गत उपधारा (३) मा यसो भनिएको छ - "विभिन्न धर्म, संस्कृति, जाति, समुदाय, सम्प्रदाय, उत्पत्ति र भाषाभाषीहरूका बीच समानता एवम् सहअस्तित्वका आधारमा स्वस्थ र सुमधुर सामाजिक सम्बन्ध विकसित गरी सबैको भाषा, साहित्य, लिपि, कला र संस्कृतिको समान विकासद्वारा देशको सांस्कृतिक विविधता कायम राखी राष्ट्रिय एकतालाई सुदृढ गर्ने नीति राज्यले अवलम्बन गर्ने छ ।"

हिमाल, पहाड र तराई प्रदेशका वेशभूषासहितका मानिसहरू

राज्यले महिला, दलित, आदिवासी, जनजाति, मधेसी, मुस्लिमलगायत अल्पसङ्ख्यक, भूमिहीन, सुकुम्बासी, कमैया, अपाङ्ग, पिछडिएका क्षेत्र तथा समुदाय र द्वन्द्व पीडितका लागि सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गरी सबैलाई समान अवसर दिने नीति लिएको छ ।

उल्लिखित राज्यका दायित्व, उद्देश्य र नीतिहरूका आधारमा पनि राज्यले सबैलाई समान अवसर दिई विविधतामा एकता ल्याउने प्रयास गरेको छ । सबै क्षेत्रमा सबै जाति, वर्ग, सम्प्रदाय, लिङ्गका आधारमा सबैलाई समान अवसर र अधिकार प्रदान गरी राज्यको मूलधारमा ल्याउने प्रयास वर्तमान संविधानले गरेको छ ।

नेपालमा विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति, रहनसहन रहेको पाइन्छ। आ-आफ्नै धर्म, भाषा, संस्कृति भएर पनि एकले अर्काको संस्कृतिप्रति सद्भाव राखेको पाइन्छ। यसैका आधारमा नेपालमा युगौँयुगदेखि सहिष्णुता कायम रहेको छ। एउटाको धर्म, संस्कृति, भाषालाई अर्काले सम्मान गर्ने संस्कार नेपालीहरूमा रहेको छ। उदाहरणका लागि राई, लिम्बु, तामाङहरूको पर्वमा बाहुन, छेत्री संलग्न हुने, मधेसीहरूको पर्वमा पहाडीहरू संलग्न हुने, एकले अर्काको चाडपर्व, जात्रा आदिमा सहभागिता जनाउने र आपसमा मिलेर पर्वहरू मनाउने संस्कारबाट नै नेपालीहरूमा सहिष्णुता कायम रहन गएको छ। यसरी बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक राष्ट्रमा आपसमा मिलेर बस्ने संस्कारले नै नेपालमा विविधतामा एकता छ भनेर भन्न सकिन्छ। संविधानले पनि सबै जातजाति, भाषाभाषी, वर्ग र लिङ्ग आदिलाई भेदभाव नगरी समान अवसर, अधिकार र हकहरू प्रदान गरी विविधतामा एकता ल्याउने मूल उद्देश्य राखेको छ। नेपालको राष्ट्रिय गानले पनि यही कुरालाई आत्मसात गरेको देखिन्छ। यसमा भनिएको छ :

सयौँ थुँगा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची महाकाली
प्रकृतिका कोटिकोटि सम्पदाको आँचल
वीरहरूका रगतले स्वतन्त्र र अटल
ज्ञानभूमि, शान्तिभूमि, तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल
बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल १



नेपालको राष्ट्रिय झन्डा

क्रियाकलाप

१. "नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक विशेषतायुक्त मुलुक हो।" तर्क दिनुहोस्।

२. नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३४ को उपधारा (५) मा उल्लिखित "सबै किसिमको आर्थिक एवम् सामाजिक असमानता हटाई विभिन्न जातजाति, धर्म, वर्ण, समुदाय र सम्प्रदायका बीच सामञ्जस्य गरी न्याय र नैतिकतामा आधारित स्वस्थ सामाजिक जीवनको स्थापना र विकास गर्नु राज्यको सामाजिक उद्देश्य हुने छ भन्ने राज्यको सामाजिक उद्देश्यमा आधारित भएर एउटा राष्ट्रिय दैनिकका लागि सम्पादकीय तयार गर्नुहोस्।

३. "देशको सांस्कृतिक विविधता कायम गरी राष्ट्रिय एकतालाई सुदृढ गर्न केके कामहरू गर्नुपर्ला ?

४. "विभिन्नतामा एकता" भन्ने शीर्षक राखी गोरखापत्र दैनिकमा प्रकाशन गर्नका लागि समाचारको नमुना तयार पार्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस्।

५. नेपालको राष्ट्रिय गानले "विविधतामा एकता" ल्याउने प्रयास गरेको देखिन्छ, कसरी ? पुष्टि गर्नुहोस्।

सामुदायिक कार्य

तपाईँको समुदायमा कुनकुन जात, धर्म र भाषा बोल्ने मानिस बस्छन्। त्यसको सूची बनाउनुहोस् र चाडपर्व र जात्रामा उनीहरूको सहभागिता कस्तो रहन्छ, त्यहाँका स्थानीय व्यक्तिसँग सोधी प्रतिवेदन तयार गर्नुहोस्।

सारांश

यस एकाइको अन्त्यमा हामीहरूले निम्नलिखित कार्यहरू गर्न सिक्यौँ :

* संविधानको परिचय दिन र नेपालको संवैधानिक विकासक्रम उल्लेख गर्न,
* संविधान र ऐननियममा भिन्नता छुट्याउन,
* संविधानका विशेषताहरूको सूची तयार गर्न,
* प्रतिवेदन तयार गर्न,
* समाचारको नमुना बनाउन,
* सम्पादकीय तयार गरी प्रस्तुत गर्न,
* मौलिक हकहरूको सूची बनाउन र त्यसको पालना गर्न,
* सुशासन कायम गर्न नागरिक समाजले निर्वाह गर्नुपर्ने भूमिका उल्लेख गर्न,
* विविधतामा एकताको भावना विकास गर्न,
* एकअर्काप्रति सहिष्णु हुन ।

एकाइ ६

हाम्रो पृथ्वी



यस एकाइमा हामी निम्नलिखित विषयवस्तु अध्ययन गर्ने छौं :

- देशान्तरको कारणले समय र तिथिमा पर्ने प्रभाव
- नेपालको धरातलीय स्वरूप, यहाँको हावापानी र मानव जीवनमा पर्ने प्रभाव
- एसिया, युरोप र अस्ट्रेलिया महाद्वीपको प्राकृतिक साधन, आर्थिक क्रियाकलाप र सामाजिक जनजीवन एवम् नेपालसँगको तुलना
- नेपालको नक्सा अध्ययन र रेखाङ्कित नक्सामा प्रमुख तथ्यहरू भर्ने सीपको विकास

१. देशान्तर र समयको सम्बन्ध

संसारभरि समय एकैनास हुँदैन । कुनै ठाउँमा दिउँसो १२ बजेको हुन्छ । कहीँ बिहान ६ बजे र कहीँ रातको १० बजेको हुन्छ । यो कसरी हुन्छ ? कुन हिसाबले हुन्छ ? आदि कुरा यस पाठमा चर्चा गरौँ ।

पृथ्वी सूर्यको वरिपरि घुम्दै जाँदा आफ्नो अक्ष (Axis) को वरिपरि पनि फन्को मारिरहन्छ । यसरी फन्को मार्दा पृथ्वी पश्चिमबाट पूर्वतर्फ घुम्छ र एक फन्को मार्दा लगभग २४ घण्टा लगाउँछ । पृथ्वी सुन्तलाकार (spheroid) छ र यसको एक फन्कोको दुरी ४००७६ कि.मि. अर्थात् कोणिक दुरी ३६०° छ । यसरी २४ घण्टामा पृथ्वीले ३६०° को दुरी पार गरी एक फन्को मार्ने गतिलाई परिभ्रमण (Rotation) भनिन्छ । दिइएको चित्र हेरी परिभ्रमण र कोणिक दुरीबारे जानकारी लिनुहोस् ।



पृथ्वीको परिभ्रमण

पृथ्वीको कोणिक दुरी अर्थात् एक पूर्ण वृत्तमा हुने जम्मा ३६०° को कोण पार गर्न पृथ्वीलाई २४ घण्टा लाग्दछ भने १° पार गर्न ४ मिनेट लाग्ने भयो । लन्डनको ग्रिनविचबाट पार हुने काल्पनिक रेखालाई प्रधान मध्याह्न रेखा भनिन्छ र यो ०° को हुन्छ । पृथ्वीको पूर्वी गोलार्धमा १८०° र पश्चिमी गोलार्धमा १८०° गरी जम्मा ३६०° का देशान्तर रेखाहरू छन् । यी काल्पनिक हुन् र उत्तरी ध्रुवदेखि दक्षिणी ध्रुवसम्म अर्ध वृत्ताकार रूपमा रहेका छन् । फन्को मार्दा यी रेखाहरू पृथ्वीले क्रमैसँग सूर्यको सम्मुख भएर जान्छन् । जुन वेला पूर्ण रूपमा सम्मुख पर्दछन्, त्यति वेला त्यो देशान्तर रेखामा पर्ने उत्तरदेखि दक्षिणसम्मका सबै ठाउँमा मध्याह्न १२ बजेको मानिन्छ । यस वेला कुनै वस्तुको छायाको लम्बाइ (बिहानदेखि बेलुकासम्म हेर्दा) सबभन्दा छोटो हुन्छ ।

देशान्तर र समयको सम्बन्धबारे एक उदाहरण लिऊँ : ४०° पूर्वमा रहेको मस्कोमा दिउँसोको १ बज्दा ८५° पूर्वमा रहेको काठमाडौँमा कति बज्ला ? मस्को र काठमाडौँको देशान्तरको फरक (८५°-४०°) ४५° हुन्छ । १° पार गर्न पृथ्वीलाई ४ मिनेट लाग्दछ । अत: ४५° पार गर्न (४५×४) १८० मिनेट अर्थात् ३ घण्टाले ती दुई ठाउँको समय फरक पर्छ । काठमाडौँ पूर्वमा परेकाले समय छिटो वा चलाख हुने भयो । अत: मस्कोमा दिउँसो १ बज्दा काठमाडौँमा दिउँसोको ४ (१+३) बजेको हुन्छ । यसरी पूर्वतर्फका ठाउँको समय चलाख हुँदै जान्छ र पश्चिमतर्फको ढिलो हुन्छ । १८०° देशान्तरमा प्रधान मध्याह्न रेखाबाट पूर्वपट्टि १२ घण्टा चलाख र पश्चिम पट्टि १२ घण्टा ढिला हुँदा यो रेखा पार गर्दा मिति र बार फरक पर्छ । अत: यस रेखालाई अन्तरराष्ट्रिय तिथि रेखा (International date line) भनिन्छ । यो सीधा नभएर केही बाङ्गो टिङ्गो छ । एउटै देशमा यस रेखाको दायाँ बायाँ २४ घण्टाको फरक पर्ने हुँदा पूर्वमा समय एकदिन अघि र पश्चिममा एकदिन पछि पर्न जान्छ । एउटै देशमा दुई थरी बार र गते चलाउन असजिलो हुने हुँदा एउटै देशका भूभागहरूमा एउटै बार र गते बनाउन यो रेखालाई दायाँ बायाँ गरिएको हो । रातको १२ बजेपछिको समयलाई पूर्वाह्न भनिन्छ भने दिउँसोको १२ बजेपछिको समयलाई अपराह्न भनिन्छ ।

डिग्री - ६०" (सेकेन्ड) = १ (मिनेट) र ६० मिनेट = १° (डिग्री) हुन्छ ।

समय - ६० सेकेन्ड = १ (मिनेट) र ६० मिनेट = १ घण्टा हुन्छ ।

क्रियाकलाप

१. दिइएको चित्र राम्ररी अध्ययन गर्नुहोस् । केन्द्रमा दिइएको N ले उत्तरी ध्रुवलाई देखाएको छ र सो बिन्दुमा माथिबाट पृथ्वीलाई हेर्दाको अवस्था देखाउन खोजिएको छ । पृथ्वीको पूर्वतर्फ जाँदा घडी चलाख बनाउँदै जानुपर्ने र पश्चिम जाँदा ढिलो पार्नुपर्ने कारणबारे कक्षामा छलफल गर्नुहोस् ।



२. काठमाडौँदेखि पूर्वमा पर्ने हङकङ पुग्दा र पश्चिममा पर्ने कराँची पुग्दा तपाईंले आफ्नो घडी मिलाउनुपर्ला कि नपर्ला ? पर्छ भने कसरी ?

३. अनुसूची १ मा दिइएको चित्र राम्ररी हेर्नुहोस् । पृथ्वीले परिभ्रमण गर्दै जाँदा कसरी १०४° पूर्वको देशान्तरमा सूर्यको स्थिति फरक पर्दै जान्छ र सोहीअनुसार समयको पनि भिन्नता हुँदै जान्छ भन्ने कुराको व्याख्या गर्नुहोस् ।

४. अन्तरराष्ट्रिय तिथि रेखा (International Date line) भनेको के हो ? दिइएको चित्र हेर्नुहोस् । १८०° रेखा सैद्धान्तिक हिसाबले तिथि रेखा भए पनि यो केही बाङ्गोटिङ्गो रूपमा मानिएको छ । किन होला ? पत्ता लगाउने कोसिस गर्नुहोस् । शिक्षकसँग छलफल गरी निष्कर्ष निकाल्नुहोस् ।

२. स्थानीय समय र प्रामाणिक समय

देशान्तरका आधारमा हिसाब गरेर निकालिएको समयलाई स्थानीय समय भनिन्छ । उदाहरणका निम्ति नेपाल ८०° पूर्वदेखि ८८° पूर्वसम्म फैलिएको छ । अत: पूर्वको भद्रपुर र पश्चिमको महेन्द्रनगरमा एकै पटक सूर्योदय र सूर्यास्त हुँदैन । कुन ठाउँमा सूर्योदय पहिला होला ? किन ? कुन ठाउँमा सूर्यास्त पहिले होला ? किन ? यसरी एउटै देशमा पनि वास्तवमा सबै ठाउँको स्थानीय समय एकैनास हुँदैन । काठमाडौँको भन्दा सुर्खेतको समय ढिला हुनुपर्छ भने धनकुटाको समय चलाख तर एउटै देशमा भिन्नभिन्न ठाउँको समय हिसाब गर्दा व्यावहारिक कठिनाइहरू हुने हुनाले कुनै एक देशान्तरको स्थानीय समयलाई सो देशभरि नै मानिन्छ । त्यस्तो समयलाई प्रामाणिक समय (Standard time) भनिन्छ । ८६° १५′ पूर्वी देशान्तरमा रहेको गौरीशङ्कर हिमाललाई आधार मानी नेपालको प्रामाणिक समय निर्धारण गरिएको छ । सामान्यतया प्रामाणिक समय वा प्रधान मध्याह्न रेखाको समयबाट १५ मिनेटले पुरै भाग जाने गरी मिलाइएको हुन्छ । संयुक्त राज्य अमेरिका तथा रुस जस्ता ठूला देशमा भने एउटै प्रामाणिक समयले काम नचल्ने हुँदा धेरै प्रामाणिक समय छन् । जस्तै: संयुक्त राज्य अमेरिकामा ५ ओटा समय छन् । दिइएको चित्रमा विभिन्न समयका प्रदेशहरू देखाइएको छ, राम्ररी हेर्नुहोस् ।



Time zones of the World

स्थानीय समय निकाल्ने तरिका

१. दुई ठाउँको देशान्तरको फरक निकाल्ने

२. उक्त फरक आएको देशान्तरलाई १° = ४ मिनेटका हिसाबले समयमा परिणत गर्ने

३. १ दिनमा २४ घण्टा हुने हुँदा २४ घण्टाको स्वरूपमा दिनको समय गणना हुन्छ । जस्तै : अपरान्ह १ बजे भनेको १३ हो र रातको १२ बजे भनेको २४ बजेको हो ।

४. दिइएका दुई ठाउँमध्ये पूर्वतर्फको समय निकाल्नु परेमा दिइएको समयमा फरक आएको समय जोड्ने । पश्चिमतर्फको समय निकाल्नुपर्ने भएमा दिइएको समयबाट फरक आएको समय घटाउने ।

५. पूर्व देशान्तरबाट पूर्व देशान्तरकै र पश्चिम देशान्तरबाट पश्चिम देशान्तरकै फरक निकाल्न ठूलोबाट सानो घटाउनुपर्छ भने पश्चिम देशान्तर र पूर्व देशान्तरबीचको फरक निकाल्न पश्चिम देशान्तर र पूर्वी देशान्तर जोड्नुपर्छ ।

क्रियाकलाप

१. स्थानीय समय र प्रामाणिक समयको अर्थ र प्रयोगमा के फरक छ ? उदाहरण दिई व्याख्या गर्नुहोस् ।

२. ८०° पूर्वको मद्रासमा दिउँसोको ३ बज्दा ७५° पश्चिमको न्युयोर्कमा कति बजेको होला ? हिसाब गरेर देखाउनुहोस् ।

३. नेपाल, भारत र बङ्गलादेशका प्रामाणिक समयमा के कति मिनेटको अन्तर छ ? किन ?

४. दिल्ली (७५° पूर्व) मा अपराह्न ४ बजेको वेला सिङ्गापुरमा अपरान्ह ६ बजेको हुन्छ ? सिङ्गापुरको देशान्तर पत्ता लगाउनुहोस् ।

५. सिकागो (९०° पश्चिम) मा पूर्वान्ह ६ बजेको हुँदा तासकन्द (६०° पूर्व) मा कति बजेको हुन्छ ?

६. दिइएको चित्रमा Y र Z को बीचको देशान्तरको फरक ६०° छ । Y र Z को समयको फरक, Y र X को समयको फरक र Z र X को समयको फरक कति हुन्छ ? बताउनुहोस् ।



७. अन्तरराष्ट्रिय तिथिरेखा पार गरी पूर्वी गोलार्धबाट पश्चिम जाँदा (टोकियोबाट लसएन्जल्स) एकदिन फाइदा हुन्छ भने पश्चिमबाट पूर्व जाँदा (लसएन्जल्सबाट टोकियो) एकदिन हराउँछ ? कसरी यस्तो हुन्छ ? छलफल गरी निष्कर्षमा पुग्नुहोस् ।

८. अमेरिकाको न्युयोर्कबाट बिहान १० बजे तपाईंको साथीले नेपालमा बस्ने तपाईंलाई टेलिफोन गरेमा तपाईंले नेपालको कुन समयमा साथीसँग टेलिफोनमा कुरा गरिरहनुभएको हुन्छ होला ?



३. नेपालको धरातलीय स्वरूप

नेपाल एक भूपरिवेष्ठित पहाडी मुलुक हो। यसको लगभग ७५% भूभाग पर्वतीय छ। यसको दक्षिणमा सबभन्दा द्वोचो भाग ६१ मिटर अग्लो छ भने उत्तरतर्फ उचाइ बढ्दै जान्छ र संसारको सबभन्दा अग्लो विन्दु सगरमाथा (८८४८ मि.) मा पुग्दछ। यसरी दक्षिणबाट उत्तरसम्म सालाखाला १९३ कि.मि.को सीधा दुरीभित्र उचाइको यस्तो भिन्नता सायद संसारमा कहीँ पनि छैन। यही भिन्नताले नेपालको हावापानी, जनजीवन तथा जैविक क्षेत्रमा ठूलो विविधता पाइन्छ। यो विविधता नेपालको एक मुख्य विशेषता हो। घरातलीय स्वरूपका आधारमा नेपाललाई सामान्यतया तीन भागमा बाँड्न सकिन्छ।

१. तराई प्रदेश : नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मको लगभग २५ देखि ३२ कि.मि. चौडाइ र समुद्र सतहदेखि लगभग ६०० मिटर उचाइसम्मको समथर मैदानलाई तराई प्रदेश भनिन्छ। सबभन्दा दक्षिणी खण्डको भू-भागलाई तराई र दक्षिणदेखि उत्तरतर्फ चुरे पर्वत शृङ्खला र महाभारत पर्वत शृङ्खलाको बीचको समथर भित्री मधेश पनि यस प्रदेशअन्तर्गत पर्दछ। दाङ, चितवन, मकवानपुर, सिन्धुली, उदयपुर यसका उदाहरणहरू हुन्। तराई प्रदेश उत्तरबाट बग्ने नदीले बगाई ल्याएको उब्जाउ पाँगो माटो थुप्रिएर बनेको हो । अत: यो क्षेत्र अन्नबाली तथा नगदेबाली उब्जनीको हिसाबले महत्त्वपूर्ण छ। तराई र भित्री मधेश गरी यो क्षेत्र नेपालको कुल भूभागको १७% पर्न आउँछ।



नेपालको धरातलीय स्वरूप

२. पहाडी प्रदेश : तराई प्रदेशदेखि उत्तरतर्फ ६०० देखि ३३०० मिटरसम्मको उचाइ भएको पर्वतीय भूभागलाई पहाडी प्रदेश भनिन्छ। यो पर्वतीय खण्ड पनि पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएको छ। भित्री तराईभन्दा दक्षिणतर्फको १५०० मिटरसम्मको पहाडी क्षेत्रलाई चुरे पर्वत श्रेणी भनिन्छ। भित्री तराईदेखि उत्तरतर्फको पर्वतीय भागमा थुप्रै पर्वत शृङ्खलाहरू छन्। यिनलाई महाभारत पर्वत श्रेणी भनिन्छ। यिनको

उचाइ ३३०० मिटरसम्म छ। ८० देखि १३० कि.मि. चौडाइ भएको यो भागले नेपालको लगभग ६८% जति भूभाग ओगटेको छ । यहाँ साना ठूला थुप्रै उपत्यकाहरू पनि छन् । काठमाडौं र पोखरा दुई ठूला उपत्यकाहरू छन् । नदीका उपत्यकाहरू पनि थुप्रै छन् । यी उपत्यकाहरू खेतिपातीका निम्ति अति महत्त्वपूर्ण छन् ।

३. हिमाली प्रदेश : समुद्र सतहदेखि ३३०० मिटरभन्दा माथिको क्षेत्रलाई हिमाली प्रदेश भनिन्छ । यो नेपालको कुल भूभागको १५% जति पर्दछ । ५००० मिटरभन्दा माथि सधैं हिउँ जमिरहन्छ भने सोभन्दा तल हिउँदमा मात्र हिउँ रहन्छ । यस क्षेत्रमा संसार प्रसिद्ध अग्ला पर्वत शृङ्खलाहरू र टाकुराहरू छन् । यहाँ अग्ला हिमशृङ्खलाहरूदेखि उत्तरपट्टि केही उच्च हिमाली उपत्यकाहरू छन्, जसलाई भोट पनि भनिन्छ । उदाहरणका निम्ति मनाङ, मुस्ताङ, ड्रोल्पा, जुम्ला आदि । यो प्रदेशको मानवीय बस्ती खासगरी यिनै उपत्यकामा केन्द्रित भएको पाइन्छ ।

क्रियाकलाप

१. नेपालको प्राकृतिक नक्सा खोजी विभिन्न प्राकृतिक स्वरूपहरू हिमाल, पहाड र तराईको भूभाग देखाउनुहोस् ।

२. नेपालको नक्सा कोरी विभिन्न प्राकृतिक स्वरूपको अवस्थिति देखाउनुहोस् । तपाईं कुन क्षेत्रमा बसोबास गर्नुहुन्छ ?

३. दक्षिणदेखि उत्तरसम्मको नेपालको भूस्वरूपको स्थिति देखाइएको तलको चित्र हेर्नुहोस् र आफ्नो अभ्यास पुस्तिकामा सो उतार गर्नुहोस् ।



४. नेपालको प्रत्येक धरातलीय स्वरूपको महत्त्वका बारेमा समूहगत छलफल गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

५. नेपालको धरातलीय स्वरूप देखाउन माटो, कागज, प्लाइउड आदि प्रयोग गरी एक मोडेल निर्माण गर्न समूहगत कार्य गर्नुहोस् ।

६. नेपाललाई प्राकृतिक हिसाबले कति भागमा बाँड्न सकिन्छ ? प्रत्येकको छोटो बयान गर्नुहोस् ।

४. नेपालको हावापानीको अवस्था

दक्षिण र दक्षिण पूर्व एसियाका क्षेत्रहरूमा जस्तो नेपालमा उष्ण मौसमी हावापानी पाइन्छ । यहाँ मुख्य रूपमा उचाइको कारणले भने हावापानीको अवस्थामा देशका विभिन्न क्षेत्रहरूमा ठूलो विविधता रहेको पाइन्छ । वर्ष भरिको वायुमण्डलीय अवस्थालाई ध्यानमा राख्दा नेपालमा हावापानीका मुख्य दुई अवस्थाहरू पाइन्छन् । दुवैको तापक्रम र वर्षाको अवस्थालाई अध्ययन गर्दा नेपालको हावापानीको स्वरूपको राम्रो ज्ञान प्राप्त हुन सक्छ ।

ग्रीष्मकालीन अवस्था (Summer conditions)

यो चैत्रदेखि भाद्रसम्मको अवधि हो । पहिलो ३ महिना देशभरि गर्मी, सुख्खा र धुलोका कारणले तुँवालो लाग्ने (hazy) हुन्छ भने पछिल्लो ३ महिना गर्मी र वर्षात् हुन्छ । वर्षा भएको बखतमा तापक्रम घट्छ । तराई प्रदेशको औसत तापक्रम ३०° से., मध्य पहाडी खण्डको २०° देखि २५° से., काठमाडौँ उपत्यकाको २२° से. तथा हिमाली प्रदेशको उचाइअनुसार १०°, ५° से. हुँदै ०° हुन्छ । पूर्वी नेपालभन्दा पश्चिमी नेपालमा बढी गर्मी हुन्छ ।

नेपालमा करिब ९०% जति वार्षिक वर्षा ग्रीष्मयाममा हुन्छ । हिन्द महासागरबाट आउने जलवाष्पयुक्त मौसमी वायु नेपालको दक्षिण पूर्व खण्डबाट प्रवेश गरी क्रमशः उत्तरतर्फ लाग्दा हिमाली पर्वत शृङ्खलाको कारणले तिब्बततर्फ जान नपाई पश्चिमतर्फ सर्दै जान्छ र वर्षा गराउँदै जान्छ । पूर्वी नेपालमा २०० से.मि.मध्ये नेपालमा १५० से.मि. र पश्चिम नेपालमा १०० से.मि. वर्षा हुन्छ । हिमाली पर्वत शृङ्खलाबीचको फराकिलो सम्म भूभाग भोट प्रदेशमा पानी ज्यादै नै कम पर्छ । पर्वत शृङ्खलाहरूमा र चुरेदेखि हिमालसम्म दक्षिणी ढालमा भन्दा उत्तरी ढालमा पानी कम पर्छ ।

शीतकालीन अवस्था (Winter seasons)

यो आश्विनदेखि फागुनसम्मको अवस्था हो । यो समयमा जाडो हुन्छ र सुख्खा हुन्छ । दक्षिणपूर्वी एसियाबाट हिन्द महासागरतर्फ बहने सुख्खा हिउँदे मनसुनी हावाले गर्दा पानी नपरेको हो । यस समयमा पनि दक्षिणबाट उत्तरतर्फ तापक्रम घट्दै जान्छ । तराईमा औसत तापक्रम १०°-१८° से., काठमाडौँमा १०° से. र उच्च पहाडी खण्डमा उचाइ बढेअनुसार तापक्रम घट्दै गई हिमाली क्षेत्रमा ०° से. भन्दा तल हुन्छ ।

यो समयमा पानी पर्दैन । यस क्षेत्रमा भूमध्य सागर र वरिपरिका बृहत् ताल, सागर तथा खाडीबाट आउने पश्चिमी वायु र शीतोष्ण प्रदेशीय आँधीबेहरीले गर्दा केही पानी पर्छ जसलाई हिउँदे झरी भनिन्छ । यो वर्षा पश्चिमबाट पूर्वतर्फ क्रमशः घट्दै जान्छ । हिमाली खण्डमा हिउँ पर्छ ।





क्रियाकलाप

१. पाठमा दिइएको नेपालको हावापानीसम्बन्धी नक्सा राम्ररी हेर्नुहोस् । हिउँदे र ग्रीष्मकालीन अवस्थामा देशमा हुने तापक्रमको अवस्थाबारे तुलनात्मक विवरण दिनुहोस् ।

२. तल दिइएको नेपालको हावापानीसम्बन्धी नक्सामा हिउँदे र ग्रीष्मयामको वर्षाको अवस्था देखाइएको छ । कक्षामा छलफल गर्नुहोस् र यी नक्सामा देखाइएका कुराबारे कारण दिँदै व्याख्या गर्नुहोस् ।

३. नेपालको भूस्वरूप र हावापानीको स्वरूपमा केकस्तो सम्बन्ध देख्नुहुन्छ ? पहाडी भागमा किन बढी पानी पर्छ ? किन भोट प्रदेशमा पानी कम परेको हो ? हिमालमा हिउँ पर्ने कारण के हो ?

४. तल दिइएको चित्रको व्याख्या गर्नुहोस् :

दक्षिणबाट उत्तरतिर हावाको वहाव

५. नेपालको दक्षिणी भागमा हिमाल तथा पर्वत शृङ्खला र उत्तरी सिमानातर्फ तराई प्रदेश भएको भए नेपालको हावापानी कस्तो हुन्थ्यो होला ? यसैगरी नेपालको मध्य भागबाट हिमाल पर्वत शृङ्खला उत्तर दक्षिण भई फैलिएको भए हावापानी के कस्तो हुन्थ्यो होला ? कक्षामा छलफल गरी निष्कर्ष निकाल्नुहोस् ।

६. नेपालगञ्ज र नाम्चेबजार एउटै अक्षांश रेखामा पर्दछन् तर ग्रीष्ममा नेपालगन्जमा औसत तापक्रम ३०° से. र नाम्चेबजारमा १२° से. मात्र हुन्छ । किन ?

७. ३५° से., २५° से., १०° से., ०° से. तापक्रम भएको अवस्थामा तपाईंले कस्तो अनुभव गर्नुहोला ? यो पाठ पढ्दा तपाईंको कक्षाकोठाको तापक्रम कति छ ?

५. नेपालको भौगोलिक विविधता र जनजीवन

नेपालको धरातलीय स्वरूप र हावापानीमा विविधता पाइन्छ । यसै गरी जैविक विविधताको हिसाबमा पनि देश धनी छ । यिनै विविधताको कारणले नेपाली जनजीवनमा पनि ठूलो विभिन्नता देखा परेको छ । मौसमी हावापानीको कारणले गर्दा मानिसका आर्थिक क्रियाकलापहरू तथा मानवीय स्वास्थ्य र काम गर्ने क्षमतामा पनि फरक देखिन्छ । मौसमी वर्षाको ठूलो आर्थिक महत्त्व छ किनकि २५% जति कृषियोग्य भूभागमा मात्र सिँचाइको सुविधा पुगेको छ । अन्य बाँकी भूभागमा मनसुनी वर्षा कृषकहरूको जीवनको आधार बनेको छ । समयमा राम्रो वर्षा हुँदा खेतीपाती सप्रिन्छ । उद्योग व्यापार पनि फस्टाउँछ । सरकारी राजस्वसमेत बढ्छ भने वर्षा असामयिक वा कम हुँदा उब्जनी घट्छ । भोकमरी जस्ता समस्या देखा पर्दछन् । बढी पानी परेमा भने पहाडी खण्डमा पहिरो जाने समस्या र तराईमा बाढीको समस्या आइलाग्छ । नेपालले वर्सैनि यो समस्या भोग्दै आएको पनि छ । तराईमा अन्न तथा नगदेबाली लगाइन्छ भने पहाडी खण्डमा पनि नदी, उपत्यका र पहाडी ढालका गह्राहरूमा (Terraces) खेती गरिन्छ । उच्च पहाडी खण्डमा र हिमाली प्रदेशको तल्लो भागमा लेकाली हावापानी पाइन्छ । यस क्षेत्रमा घाँसे फाँटहरू प्रशस्त पाइने हुनाले चौँरी, घोडा, गधा, खच्चर र भेडा पालिन्छ । त्यसैले यो क्षेत्र पशुपालनका लागि महत्त्वपूर्ण रहेको छ ।

हिमाल, पहाड र तराईको जनजीवन

तराईमा वर्षमा तीन बाली, मध्य पहाडमा दुईदेखि तीन बाली र लेक तथा हिमाली खण्डमा एक बाली भित्र्याइन्छ । उचाइ बढ्दै गएअनुसार तापक्रम कम हुँदै जाने भएकाले यस्तो भएको हो । पहाडी र हिमाली भागमा समथर कृषि योग्य भूमी कम भएकाले पनि खेती गर्न गाह्रो हुन्छ । यस्तै प्रकारबाट धरातलीय स्वरूप र हावापानीको भिन्नताको प्रभावले गर्दा मानिसको लवाइ, खुवाइ र अन्य रहनसहन तथा सामाजिक क्रियाकलापहरूमा पनि ठूलो विविधता पाइन्छ । यही विविधताले गर्दा विकासका सम्भावनाहरू पनि विभिन्न ठाउँमा विभिन्न छन् । हिमाली खण्डमा पर्यटन व्यवसाय, तराईमा ठूला कलकारखानाको स्थापना, पहाडी खण्डमा चिया, कफी, फलफूल खेतीको विकासका प्रशस्त सम्भावना छन् । यस्ता विविधतालाई यातायात तथा सञ्चारको विकासले एकतामा ल्याउन मद्दत पुऱ्याउँछ ।

क्रियाकलाप

१. नेपालको धरातलीय विविधता र हावापानीको विविधताबीच केकस्तो सम्बन्ध छ ? विश्लेषण गर्नुहोस् ।

२. दिइएको चित्र हेर्नुहोस् । त्यसमा ABCD र E गरी पाँच क्षेत्र देखाइएको छ । ती प्रत्येक क्षेत्रमा केकस्तो हावापानी र मानवीय क्रियाकलाप हुन्छन् ? कक्षाका विद्यार्थी पाँच समूहमा बाँड्नुहोस् र प्रत्येकले एकएक क्षेत्रको बारेमा छलफल गरी आ-आफ्नो प्रतिवेदन कक्षामा पालैपालो प्रस्तुत गर्नुहोस् ।



उचाइ र हावापानी



३. नेपालको तराई, पहाडी र हिमाली प्रदेशमा उत्पादन हुने प्रमुख तीनतीन ओटा बाली र उत्पादन हुनाको कारण तलको तालिकामा देखाउनुहोस् :

प्रदेश	बालीको नाम	उत्पादन हुने कारण
तराई		
पहाड		
हिमाल		

४. हावापानीको दृष्टिकोणले तपाईं नेपालको कुन क्षेत्रमा बसोबास गर्न मन पराउनुहुन्छ ? किन ? बताउनुहोस् ।

५. तपाईं नेपालको धरातलीय स्वरूप र हावापानीको अवस्था केकस्तो भएको भए हुन्थ्यो भन्ने कल्पना गर्नुहुन्छ ? तपाईंले कल्पना गरेको हावापानी र धरातलीय स्वरूपबारे साथीहरूलाई बताउनुहोस् ।

६. मनसुनी वर्षा नेपालीको ठूलो मित्र र शत्रु दुवै हो ? के तपाईं यसमा सहमत हुनुहुन्छ ? तर्कवितर्कहरू प्रस्तुत गर्नुहोस् ।

सामुदायिक कार्य

तपाईंको इलाकामा उत्पादन हुने बाली र समय तथा त्यसका समस्याहरू केके छन्, किसानहरूसँग सोध्नुहोस् र त्यसलाई आधार बनाई एक पत्रिकाका लागि सम्पादकीय तयार गर्नुहोस् ।

६. नक्सा कार्य

जमिनको नाप लिई नक्सा बनाउनका निम्ति सर्वेक्षण गर्ने मानिसहरूको आवश्यकता पर्दछ । उनीहरूको कामलाई अन्य तरिकाले प्रतिस्थापन गर्न नसकिए पनि आजभोलि कृत्रिम भू-उपग्रहहरूले लिएको पृथ्वीको सतहको फोटोका आधारमा नक्सा बनाउन सकिन्छ । यसरी ७०० देखि १७०० कि.मि. माथिसम्मबाट भू-उपग्रहले लिएको फोटोलाई कम्प्युटरको सहयोगले नक्सा बनाउन सकिने भए पनि सडक निर्माण गर्दा वा अन्य यस्तै प्रयोजनका निम्ति ठूलो स्केलको नक्सा खिच्नु आवश्यक पर्दछ । यसरी नक्साको उपयोग विभिन्न कार्यमा आउने हुँदा यससम्बन्धी सीपको विकास हुनु जरुरी हुन्छ । यहाँ नेपालको रेखाङ्कित मानचित्र कोर्ने तरिका बताइएको छ । धेरै अभ्यास गरेपछि मात्र सजिलैसँग राम्रो नक्सा कोरी देखाउन सकिन्छ । तलको नक्सा र कोठाहरू राम्ररी हेर्नुहोस् र नेपालको नक्सा कोर्ने र विभिन्न भौगोलिक तथ्यहरू भर्ने अभ्यास गर्नुहोस् :



नेपालको नक्सा बनाउने तरिका

यस्तै प्रकारले दिइएको महादेशको नक्सामा उपयुक्त रङ वा सङ्केतको प्रयोग गरी विभिन्न भौगोलिक तथ्यहरू देखाउन सकिन्छ । तपाईंसँग आफ्नो एटलस होला । उक्त एटलस हेरी विभिन्न महादेशका महत्त्वपूर्ण भौगोलिक तथ्यहरू देखाउने पर्याप्त अभ्यास गर्नुहोस् । यसै गरी विभिन्न प्रकारका एटलसमा दिइएका नेपाल तथा महादेशका नक्साहरू अध्ययन गरी विभिन्न भौगोलिक तथ्यहरूको जानकारी लिँदै विभिन्न कुराहरूको व्याख्या गर्न प्रयत्न गर्नुहोस् । उदाहरणका निम्ति एसियाको कुन ठाउँमा धानखेती हुने रहेछ ? किन ? आदि ।

नक्सा अध्ययन गर्दा नापो (Scale) को ज्ञान हुनु अति जरुरी छ । जमिनको दुरी र सो दुरी कागजमा देखाउँदा प्रयोग गरिने कागजको दुरीको अनुपात नै स्केल हो । जस्तै जमिनको ५ कि.मि.लाई कागजमा १ से.मि.मा देखाउनुपर्दा स्केल १ से.मि. बराबर ५ कि.मि. हुन्छ । यो कथनात्मक, प्रतिनिधि भिन्न र चित्रात्मक गरी तीन प्रकारको हुन्छ । आफ्नो एटलस हेरी यी तीन प्रकारका स्केलबारे जानकारी लिनुहोस् ।

क्रियाकलाप

१. १ से.मि. बराबर १ कि.मि.को कथनात्मक स्केललाई प्रतिनिधि भिन्नमा बदल्दा १:१००००० हुन्छ। यो भिन्नमा अंश सधैँ १ र कागजको दुरी देखाउने हुन्छ भने हरले धरातलीय दुरी सोही एकाइमा देखाउँछ। यहाँ १ से.मि. कागजको दुरीमा १ लाख से.मि. जमिनको दुरी हुन्छ। १ से.मि. बराबर ५ कि.मि. हुन्छ भन्ने स्केललाई प्रतिनिधि भिन्नमा देखाउनुहोस्।

२. एक स्केलको निर्धारण गरी तपाईंको आफ्नो कक्षाकोठाको नक्सा कोर्नुहोस्। यस्तो स्केल र सोको आधारमा बनाइएका नक्सा वा चित्रको महत्त्व के छ ? छलफल गर्नुहोस्।

३. तपाईंको घरको लम्बाइ र चौडाइ नाप्नुहोस् र क्षेत्रफल पत्ता लगाउनुहोस्।

४. तल दिइएका नक्सामा प्रयोग हुने सङ्केतको अध्ययन गर्नुहोस् र नक्सा कार्यमा तिनको प्रयोग गर्ने बानी बसाल्नुहोस्।

सडक 

पुल 

भवन

नदी

मन्दिर 

पर्वत

ताल

रूख

शृङ्खला

५. तपाईंको विद्यालयदेखि तपाईंको घरसम्म जाने बाटो र बाटो वरिपरिका केही मुख्य कुराहरू देखाउँदै एक नक्सा बनाउनुहोस्। सो नक्सा हेरी कुनै नयाँ मानिसले तपाईंको विद्यालयबाट तपाईंको घर पत्ता लगाउन सकोस् अथवा तपाईंको विद्यालयबाट नजिक पर्ने कुनै एक महत्त्वपूर्ण ठाउँ, पाटी, बगैंचा, मन्दिर आदिसमेत जाने नक्सा बनाउनुहोस्।

७. स्वतन्त्र नक्साङ्कन कार्य

तल दिइएकामध्ये चित्र (क) मा तपाईंले टेंबुलको माथिल्लो सतहको छेउबाट लिइएको एउटा चित्र देख्नुहुने छ। (ख) मा दिइएको चित्र माथिबाट सोझै तल हेरेर लिइएको हो र (ग) मा दिइएको चित्र हातले कोरिएको हो। (ग) चित्र (ख) को जस्तै छ। यो एउटा कुनै वस्तुको नक्सा मात्र हो। यसले ठीक माथिबाट हेर्दा देखिने कुनै वस्तुको आकार र यसको अवस्थालाई देखाउँछ।



(क) छेउबाट हेर्दा देखिने चित्र



(ख) सीधा माथिबाट हेर्दा देखिने चित्र



(ग) हातले कोरेको नक्सा

हातले कोरेको नक्सा

हातले कोरिएको एउटा नक्साले कुनै वस्तु वा ठाउँको अवस्थालाई बुझाउँछ. र यो कुनै नाप नलिइकनै कोरिएको हुन्छ। (घ) को नक्सा सरिता नाम गरेकी एउटी छात्राले कोरेकी हुन्। उनले त्यस नक्साद्वारा आफ्नो घरबाट विद्यालय जाने बाटो देखाएकी छन्। त्यो नक्सा उनले कुनै नाप नलिईकन कोरेकी हुन् र चित्रमा देखाइएका घर, पसल, खोलानाला आदि जुन ठाउँमा हुनुपर्ने हो ठीक त्यही ठाउँमा नहुन पनि सक्छन्। तिनीहरू केही मात्रामा भए पनि यताउता पर्न सक्छन् तर एउटा नौलो मानिसले त्यस नक्साको सहायताले सरिताको घरबाट विद्यालय सजिलैसँग पुग्न सक्छ। चित्रमा मुख्यमुख्य ठाउँहरू र अन्य वस्तुहरूको नाम स्पष्ट रूपले बुझ्ने गरी दिएकी छन् र दिशा पनि कम्पाससँग मिल्ने गरी देखाएकी छन्।

तलको चित्रमा एउटा विद्यालयको नक्सा दिइएको छ। यदि माथिबाट सीधा तल हेर्ने हो भने हामीले विद्यालयको नक्सा देख्ने छौं। त्यसबाट प्रत्येक कोठाको आकार र स्थितिका सम्बन्धमा बोध हुन्छ। त्यो चित्र कोर्ने चित्रकारले दक्षिणतिर हेरेर नक्सा कोरेको हुनुपर्छ। प्रायः गरेर एउटा नक्सा कोर्ने काम कागजको माथिल्लो उत्तरी भागबाट सुरु गरिन्छ तर यो सधैं यसरी नै हुनुपर्दछ भन्ने छैन।



(घ) सरिताले कोरेको नक्सा



विद्यालयको चित्र

क्रियाकलाप

१. सरिता आफ्नो घरदेखि विद्यालयसम्म कसरी पुग्छिन्, त्यसको विवरणको केही अंशहरू मात्र दिइएको छ। खाली ठाउँमा उपयुक्त शब्द वा वाक्यांश राखी दिइएको अनुच्छेद पूरा गर्नुहोस् :

सरिता घरबाट निस्किन्छिन् र ..... पार गर्छिन्। तिनी ..... फर्किन्छिन् र ..... तिनी ..... भएर जान्छिन्। त्यहाँ ..... पसलहरू छन्। केही ..... हिँडेपछि ..... उकालो .... र विद्यालयको ढोकामा ..... ।





२. चित्रले एउटा खेल मैदान (Stadium) को नक्सा देखाइएको छ। त्यस चित्रमा A - J सम्मको नाम भन्नुस्। तपाईं पनि त्यस्तै नक्सा हातले कोर्नुहोस्। प्रहरी चौकी, पेट्रोल पम्प र गाडी पार्किङ देखाउनुहोस्। साथै दिशाहरू (पूर्व, पश्चिम, उत्तर, दक्षिण) पनि देखाउनुहोस्।

सामुदायिक कार्य

१. कापीको खाली पृष्ठ लिई नक्सा कोर्न तयार हुनुहोस्। तपाईं घरबाट विद्यालयसम्म पुग्ने बाटोको नक्सा कोर्नुहोस् र बाटोको दुवैतिर रहेका पसल, कार्यालय भवन, पुल, मठमन्दिर, खोलानाला आदि मुख्यमुख्य ठाउँहरू नक्सामा प्रस्ट देखिने गरी उल्लेख गर्नुहोस्। नक्सामा अन्य बाटोघाटो भए, त्यो पनि देखाउनुहोस्। साथै आफ्नो कक्षाकोठाको नक्सा कोर्नुहोस्।

२. आफ्नो घरको भुइँतलाको नक्सा कोरेर विभिन्न कोठाहरू र त्तिनमा राखिएका मुख्यमुख्य सामानहरू नक्साको माध्यमबाट देखाउनुहोस्।

स्केल (Scale) प्रयोग गरी नक्सा कोर्ने तरिका

तलको टेबुल दुई मिटर लामो र डेढ मिटर (१.५ मि.) चौडा छ। कुनै पनि वस्तुको पूरा आकार वा साइजलाई एक पृष्ठ कागजमा देखाउन असम्भव प्राय: हुन्छ। त्यसैले यसलाई स्केल (Scale) मा देखाउनुपर्ने हुन्छ। यसरी स्केलमा देखाउँदा त्यस वस्तुको सही आकार पत्ता लगाउन सजिलो हुन्छ। टेबुलको प्रत्येक मिटरलाई नक्सामा १ से.मि.मा देखाउन सकिन्छ। स्केललाई तीन प्रकारमा व्यक्त गर्न सकिन्छ।



१. कथनात्मक मापक : यसमा कागत र धरातलको दुरीको अनुपातलाई शब्दद्वारा व्यक्त गरिन्छ। जस्तै १ से.मि. बराबर १० मिटर, १ इन्च बराबर ५० माइल।

२. प्रतिनिधि भिन्न : यसमा कागत र धरातलको दुरीको अनुपात भिन्नमा प्रदर्शन गरेको हुन्छ। यस भिन्नको अंशले कागतको दुरी र हरले धरातलको दुरी जनाउँछ। अंश सधैं १ र हर जुनसुकै सङ्ख्या भए पनि त्यसले धरातलको दुरी जनाउँछ। मान चित्रमा प्र.भि. देखाएको मापकले १ ले कागतको दुरी र १०० ले धरातलको दुरी जनाउँछ। कागतको दुरी १ से.मि. मानियो भने धरातलको दुरी पनि १०० से.मि. हुन्छ। यसलाई १:१०० मा पनि लेखिन्छ।

३. चित्रात्मक मापक वा रेखाचित्रीय मापक : यसमा कागत र धरातलको दुरीको अनुपात एउटा सरलरेखा खिचेर त्यसलाई सुविधाअनुसार मुख्य विभाजन गरी त्यसमध्ये बायाँको पहिलो खण्डलाई सहायक विभाजन गरी देखाइएको हुन्छ। जस्तै :



विभिन्न स्केलमा खिचिएका नक्साहरू

स्केल १ से.मि. = २.५ कि.मि.

१ : २,२५,०००



स्केल १ से.मि. = ०.५ कि.मि.

१ : ५०,०००



स्केल १ से.मि. = २० कि.मि.

१ : २,०००

चित्रमा काठमाडौं उपत्यकाको केही भाग मात्र देख्न सकिन्छ जसमा काठमाडौं र पाटनवरिपरिका केही गाउँहरू पर्दछन्। यदि हामीले ठूलो स्केल प्रयोग गर्‍यौं र नजिकबाट हेर्‍यौं भने खालि पाटन र त्यसवरिपरिका सडक र मन्दिरहरू मात्र नक्सामा देखाउन सक्छौं। अझै त्यसभन्दा पनि ठूलो स्केल प्रयोग गर्ने हो भने केवल पाटन दरबार क्षेत्र मात्र देखाउन सकिने हुन्छ। नक्सामा देखाउनुपर्ने आवश्यक भागहरूलाई मध्यनजर राखी सोहीअनुसार सुहाउँदो

रूपमा स्केलको प्रयोग हुन्छ । कुनै पनि नक्सा कोर्नुको खास उद्देश्य हुन्छ र यसले नै कुन स्केल प्रयोग गर्ने भन्ने कुराको निर्धारण गर्दछ ।

दुरीको नाप (Measuring distance)

कुनै दुईओटा ठाउँहरूबीचको वा कुनै सीधा सडकको छोटो दुरी पत्ता लगाउन एउटा रुलर (Ruler) को सहायताले नाप लिनुहोस् र वास्तविक नापलाई सेन्टिमिटरमा परिणत गर्नुहोस् ।

उदाहरणका लागि - नक्सामा चिडियाखानादेखि पुल्चोकको स्तूपबीचको दुरी जम्मा १.३ से.मि. छ र स्केल १:५०,००० छ । त्यसैले १.३ X ५०,००० = ६५,०००.० हुन्छ । त्यसकारण ती दुई ठाउँबीचको वास्तविक दुरी ६५,००० से.मि. अर्थात् ६५० मिटर छ ।

क्रियाकलाप

१. तल दिइएका प्रश्नहरूको उत्तर पत्ता लगाउन माथि दिइएका चित्रहरू प्रयोग गर्नुहोस् :

(क) यदि म अहिले अशोक स्तूप नजिक छु भने थापाथली खोज्न मैले कुन दिशातिर हेर्नुपर्दछ ?

(ख) छोटो बाटोबाट जाँदा लगनखेलबाट थापाथली कति दुरीमा पर्दछ ?

(ग) सोझो रेखा वा धर्सोबाट हेर्दा कीर्तिपुरबाट चोभार र पाटन बजारबाट हरिसिद्धि कति टाढा पर्दछ ?

(घ) नक्सामा चक्रपथ (Ring Road) को भागमा पुरै धागोले ढाकेर हेर्नुहोस् । चक्रपथ पुरैको नाप कति निस्किन्छ ? चक्रपथ किन बनाइएको होला ?

२. देशको पुरै भागमध्ये पाटनलाई मात्र हामीले सानो स्केलमा हेर्न सक्छौं ।

(क) प्रयोग हुने स्केल के हो त ? (१. से.मि. बराबर = कति मिटर हुन्छ ?)

(ख) एउटा हवाईजहाज सिमराबाट पोखरातर्फ उड्दा कुन दिशा (उत्तरपश्चिम, उत्तरपूर्व, पूर्व, पश्चिम, दक्षिणपूर्व अथवा दक्षिणपश्चिम) भएर उड्छ ? पत्ता लगाउनुहोस् ।

(ग) सिमराबाट पोखरा पुग्दा जहाजले कति दुरी पार गर्ला ?

(घ) जुम्लाबाट नेपालगन्ज र पोखराबाट काठमाडौं कतिकति टाढा पर्दछन् ?



सामुदायिक कार्य

तपाईंले पढ्ने कक्षाकोठाको नाप पत्ता लगाउनुहोस्, साथै स्केल १:१०० अर्थात् १ से.मि. = १ मि. मा देखाउनुहोस् । नक्सामा तपाईं आफू बसेको ठाउँ पत्ता लगाई चिह्न लगाउनुहोस् ।

९. एसिया महादेशको भौगोलिक वातावरण

विश्वको एकतिहाइ जति भूभाग एसियामा पर्दछ । विश्वका दुईतिहाइ मानिसहरू एसियामै बस्दछन् । यहाँ चालीसओटा जति देशहरू छन् । आफ्नो एटलसमा एसियाको नक्सा हेर्नुहोस् र यसका सिमानाहरूको जानकारी गर्नुहोस् । यो महादेशमा संसारमा पाइने सबै किसिमको धरातलीय स्वरूप, हावापानी तथा प्राकृतिक वनस्पति पाइन्छ । एसिया महादेशको भौगोलिक स्वरूपको नक्सा अनुसूची २ मा दिइएको छ ।

धरातलीय स्वरूपका आधारमा यहाँका मुख्य प्रदेशहरूमा भूमध्य सागरको किनारबाट पूर्वी प्रशान्त महासागरीय तटसम्म फैलिएको विशाल पर्वतीय खण्ड छ जसमा प्रशस्त विश्वप्रसिद्ध पर्वत श्रेणीहरू छन् । चीन, भारत र नेपालमा पर्ने हिमालय पर्वत मुख्य शृङ्खला हो । काराकोरम, सुलेमन, हिन्दकुश, एलब्रुज आदि अन्य शृङ्खला हुन् । भौगर्भिक हिसाबले यो क्षेत्र कमजोर र चलायमान रहेको हुँदा यहाँ समयसमयमा भूकम्प गइरहन्छ । नेपालको हिमालय खण्डमा विश्वको सर्वोच्च टाकुरा सगरमाथा (८८४८ मि.) र अन्य अति उच्च हिमशिखरहरू छन् । यी क्षेत्रमा इरान र तिब्बतका उच्च समस्थली जस्ता भूभाग पनि पर्दछन् । महादेशको दक्षिणी भागमा भारतका डेक्कन समस्थली अरेबियन समस्थली जस्ता ज्यादै पुराना भूभागहरू पनि छन् । उत्तरतर्फको साइबेरियाको मैदान विशाल छ र कतिपय भूभाग हिउँले खियाएर समतल बनाएको छ । यो महादेशमा ह्वाङ्हो, इरावदी, गङ्गा ब्रह्मपुत्र, टाइग्रिस र युफ्रेटस नदीले बनाएका विशाल मैदानहरू पनि छन् । यी भूभागहरूमा प्राचीन सभ्यताको विकास भएको थियो ।

भूमध्यरेखादेखि उत्तरी ध्रुवसम्म नै फैलिएकाले यहाँको हावापानी सबै ठाउँमा एकनास हुने कुरै भएन । दक्षिणी खण्डमा उष्ण प्रकारको हावापानी छ । इन्डोनेसिया तथा मलेसियामा भूमध्यरेखीय हावापानी अर्थात् सधैं गर्मी र वर्षा हुन्छ । दक्षिणी एसियामा उष्ण मौसमी हावापानी पाइन्छ भने दक्षिण पश्चिम एसियामा उष्ण मरुस्थलीय प्रकारको हावापानी पाइन्छ । मध्य एसिया हिमालयको वृष्टि छाया पर्ने र समुद्रदेखि धेरै टाढा परेकाले अर्ध मरुभूमि जस्तै छ । उत्तरतर्फ हिउँदभरि तापक्रम ०° भन्दा पनि तल भइरहन्छ भने ग्रीष्मयाममा केही न्यानो हुन्छ ।

यो महादेशमा प्राकृतिक वनस्पति पनि भिन्नभिन्न प्रकारको छ । मौसमी र भूमध्यरेखीय क्षेत्रमा घना सदावहार जङ्गल, उष्ण र समशीतोष्ण मौसमी क्षेत्र (जापान, कोरिया, उत्तर पूर्वी चीन) मा पतझर जङ्गल, साइबेरियामा विशाल कोणधारी जङ्गल र उष्ण मरुस्थलीय क्षेत्रमा ज्यादै कम मात्र रूखविरुवा हुन्छन् । यसप्रकार यो महादेश भौगोलिक विविधताले पूर्ण छ र प्राकृतिक साधन र स्रोतहरूमा पनि विभिन्नता पाइन्छ ।

क्रियाकलाप

१. आफ्नो एटलसमा एसियाको प्राकृतिक स्वरूप देखाइएको नक्सा हेरी पर्वत शृङ्खलाहरू, उच्च समस्थली तथा नदीनिर्मित मैदानहरूको अवस्थितिको पहिचान गर्नुहोस् । साइबेरियाको मैदान र दक्षिणको विशाल पर्वत श्रृङखला कति लामो होला ? स्केलको सहयोग लिई अनुमान गर्नुहोस् ।

२. दिइएको नक्सा कपीमा उतार्नुहोस् र विभिन्न मुलुकको नाम अङ्ग्रेजीमा दिनुहोस् ।



३. तल दिइएका नदी र तालहरूलाई नक्सामा देखाउनुहोस् :

याङ्सी (Yangstze), गङ्गा (Ganges), क्यास्पियन सागर (Caspian Sea), अरब सागर (Arab Sea), बैकाल ताल (Lake Baikal)

४. दिइएको एसियाको रेखाङ्कित मानचित्रमा बर्सैभरि गर्मी हुने र वर्षभरि पानी पर्ने क्षेत्र, ग्रीष्मयाममा मात्र पानी पर्ने क्षेत्र, पानी नै नपर्ने क्षेत्रहरू र हिउँदमा प्रशस्त हिउँ पर्ने क्षेत्रहरू देखाउनुहोस् ।

५. दिइएको एसियाको रेखाङ्कित मानचित्रमा निम्नलिखित कुराहरू देखाउनुहोस् । यस्तै अन्य महत्त्वपूर्ण भौगोलिक तथ्यलाई पनि देखाउने अभ्यास गर्नुहोस् ।

हिमालय पर्वत शृङ्खला, ह्वाङ्हो नदी, टोकियो, काठमाडौँ, तिब्बतको उच्च समस्थली, जाभा टापु, हिन्द महासागर, साइबेरियाको मैदान, लाल सागर, एउटा मरुभूमि र मङ्गोलिया देश

१०. एसिया महादेशको आर्थिक र सामाजिक जनजीवन

आर्थिक र सामाजिक जनजीवनको हिसाबले एसिया महादेशलाई विभिन्न पाँच क्षेत्रमा विभाजन गरी अध्ययन गर्न सकिन्छ । उत्तरी भागमा रुस र रुसबाट छुट्टिएर बनेका मध्य एसियाका गणराज्यहरू तथा पश्चिमी चीन पर्छन् । यहाँ जनसङ्ख्याको ठूलो चाप छैन । रुस र केही गणराज्यबाहेक अन्य क्षेत्रहरू आर्थिक हिसाबले धेरै सम्पन्न छैनन् । हावापानी पनि विषम छ । खेतीपाती, उद्योग र व्यापार यहाँका मानिसको पेसा हो ।

दक्षिण पश्चिम एसियामा हावापानी विषम छ । जनआवादी ज्यादै कम छ । त्यहाँ पेट्रोल प्रशस्त पाइने हुँदा यसबाट ठूलो आम्दानी हुन्छ । मरुभूमिमा मानिसहरूको जीवन कष्टप्रद नै छ । मानिसले उँट पालेर विभिन्न फाइदा लिन्छन् । आधुनिक विकासका कार्यहरू तीव्र रूपमा अगाडि बढ्दै छन् । धेरै जसो मानिस मुसलमान छन् ।

दक्षिण एसियाका मुलुकहरू भारत, नेपाल, श्रीलङ्कामा मानिसको बस्ती बाक्लो छ । धेरै जसो खेतीपाती गर्छन् । उद्योग व्यापारको विकास क्रमशः हुँदै छ । यहाँ हिन्दुहरू धेरै छन् । यो क्षेत्रमा प्राचीन सभ्यताको विकास भएकाले सांस्कृतिक रूपमा मानिसहरू धनी छन् ।

दक्षिणपूर्व एसियामा आवादी ज्यादै बाक्लो छ । कृषि, उद्योग व्यापारको उन्नति तीव्र छ । यी क्षेत्रका थाइल्यान्ड, इन्डोनेसिया, मलेसिया, फिलिपिन्स आदिले छिटोछिटो आर्थिक प्रगति गरिरहेका छन् ।

पूर्वी एसियामा कोरिया, चीन र जापान मुख्य छन् । यो क्षेत्र औद्योगिक हिसाबले ज्यादै अगाडि छ । आवादी पनि ज्यादै घना छ । अधिकांश मानिसहरू बुद्ध धर्म मान्दछन् । प्राचीन सभ्यताको थलो भएकाले सांस्कृतिक हिसाबले यो क्षेत्र ज्यादै धनी छ ।

तल दिइएका तस्बिरहरूले एसियाको पाँचओटा भौगोलिक प्रदेशहरूको प्रतिनिधित्व गर्दछन् । तिनको अध्ययन गर्नुहोस् ।



क्रियाकलाप

१. एसिया महादेशको नक्सा कोरी मुख्य पाँचओटा प्रदेशहरू छुट्याउनुहोस् । एटलस हेरी त्यहाँ कुन देश पर्ने रहेछन् ? पत्ता लगाउनुहोस् र पाँचै प्रदेशमा पर्ने एकएक देशको नाम लेख्नुहोस् ।

२. दिइएका सबै विषयहरूलाई विचार गरी समूहमा छलफल गरेर एसिया महादेशका बारेमा बढीभन्दा बढी जानकारी दिनका लागि एउटा चार्ट तयार पार्नुहोस् । तपाईंको हातमा रहेको यो किताब, एटलासहरू, पुस्तकालयमा रहेका पुस्तकहरू, विभिन्न अखबारहरू र तपाईंको आफ्नै सामान्य ज्ञान यस सम्बन्धमा केही लेख्नका लागि बढी उपयोगी हुन सक्छन् । रमाइला घटना तथा समाचारका लागि रेडियो सुन्न नबिर्सनुहोस् । आवश्यक ठाउँमा सम्भव भएसम्म तस्बिर तथा चित्रहरू राख्दै जानुहोस् । तपाईंले तयार पारेको चार्टका सम्बन्धमा कक्षाका सबै साथीहरूलाई देखाई त्यसको व्याख्या गर्नुहोस् ।

प्रदेश	देशहरू	हावापानी	प्राकृतिक वनस्पति	कृषि	खनिज/ उद्योगहरू	मानिसका किसिम/ जीवनशैली	जनघनत्व
उत्तरी तथा मध्य एसिया							
पूर्वी एसिया							
दक्षिणपूर्वी एसिया							
दक्षिण एसिया							
मध्यपूर्वी एसिया							

३. तपाईंलाई आवश्यक जानकारी तथा सूचनाहरूको सँगालो तयार पारिदिनका लागि नेपालको भूगोल विषयका किताबका लेखक तपाईं बसेको गाउँ विकास समिति वा नगरपालिकाको बारेमा केही जान्न चाहन्छन् । लेखकले तपाईंलाई केही शीर्षकहरू पनि दिएका छन् । तपाईंले सके जति जानकारी लिनुहोस् र आफ्नो गाउँको बारेमा एउटा रोचक किसिमको भौगोलिक वर्णन लेखी तयार पार्नुहोस् ।

नाम : क्षेत्रफल : स्थिति : जनसङ्ख्या : हावापानी :

मुख्य पेसा : जनजाति : घरका प्रकार सेवाहरू : हाल देखिएका परिवर्तनहरू :

मुख्य खेती : पशुहरू : जङ्गलको क्षेत्रफल :

अन्य भवनहरू : पसलहरू :

उद्योगहरू : ग्रामीण तथा सहरीकरण :

४. दिइएको नक्सामा एसियाका खनिज पदार्थको वितरण छ । कोइला, फलाम, ग्यास र प्रेट्रोल तेलका फाइदाहरू केके छन् ? उद्योगधन्दा फस्टाउन केके चाहिन्छ ? छलफल गर्नुहोस् ।



एसियाको खनिज पदार्थ

११. युरोप महादेशको भौगोलिक वातावरण

युरोपको प्राकृतिक स्वरूप

युरोप पूर्वमा एसियासँग जोडिएको छ । एटलस हेरी युरोप महादेशका सिमानाहरू उल्लेख गर्नुहोस् । ज्यादै छियाछिया परेको यो महादेशको समुद्री किनार ज्यादै लामो छ । अतः थोरै देशहरू मात्र भूपरिवेष्ठित छन् । युरोपलाई भू-स्वरूपका हिसाबले तीन भागमा बाँड्न सकिन्छ । स्पेनदेखि टर्कीसम्म महादेशको दक्षिणी भागमा फैलिएको हिमालयको समकालीन आल्पस पर्वत शृङ्खला नयाँ मोडदार पर्वतीय क्षेत्र हो । उत्तर र पश्चिममा रहेको स्कटल्यान्ड, स्केन्डिनेभिया र फिनल्यान्डको उच्चभूमि ज्यादै पुरानो चट्टानले बनेका छन् । रुसमा पर्ने मध्यभागको विशाल समथल मैदान यो केही उच्च छ । युरोपका धेरैजसो नदीहरू लामा छैनन् तर आन्तरिक जलयातायातको हिसाबले महत्त्वपूर्ण छन् । भोल्गा तथा ड्यानुव नदी सबैभन्दा लाम्म नदीहरू हुन् ।

युरोप समशीतोष्ण मण्डलमा रहेको र सामुद्रिक प्रभाव ज्यादै राम्रो पर्ने हुनाले यहाँ हावापानी समशीतोष्ण प्रकारको छ । अक्षांश र सामुद्रिक दूरताअनुसार तापक्रम फरक पर्दछ । दक्षिणमा ग्रीष्म याममा गर्मी र हिउँदमा वर्षात हुन्छ । उत्तर पश्चिमपट्टि बर्सैभरि पानी परिरहन्छ । मध्य मैदानी भागमा जतिजति पूर्वतर्फ लागिन्छ, त्यति हावापानी क्रमशः विषम प्रकारको हुँदै जान्छ र क्यास्पियन सागर नजिक अर्ध मरुस्थल जस्तै हुन्छ । यो महादेशको विभिन्न ठाउँमा विभिन्न प्रकारको वनस्पति पाइन्छ । दक्षिणमा भूमध्य सागरीय प्रकारको मिश्रित

जङ्गल, उत्तरपश्चिम र मध्यभागमा पतझर जङ्गल र उत्तरतर्फ कोणधारी जङ्गल पाइन्छ, जसलाई टायगा (Taiga) भनिन्छ। मध्य मैदानी खण्डमा आवादी ज्यादै बाक्लो भएकाले बसोबास तथा उद्योगधन्दा र खेतीपातीका निम्ति जमिनको आवश्यकता पर्ने हुनाले जङ्गलको फैलावट कम छ। पूर्वी खण्डमा घाँसेभूमि छ, जसलाई स्टेप्स (Steppes) भनिन्छ।

धरातलीय स्वरूप, हावापानी, प्राकृतिक वनस्पति, नदीनाला समुद्रको उपस्थिति आदि कुराका आधारमा युरोपको भौगोलिक वातावरण मानवीय सभ्यताको अनुकूल भएकाले यो महादेश आधुनिकताको हिसाबले ज्यादै अगाडि भएको पाइन्छ र जन आवादी पनि सबैभन्दा बाक्लो छ।

क्रियाकलाप

१. युरोपको नक्सा कोरी यसका तीन मुख्य प्राकृतिक प्रदेश - पर्वतीय क्षेत्र, मैदानी क्षेत्र र उच्चभूमिको क्षेत्र देखाउनुहोस्।

२. युरोपको कुन ठाउँमा बर्सैभरि पानी पर्छ र कुन क्षेत्रमा हिउँदमा मात्र पानी पर्छ, उल्लेख गर्नुहोस्। शिक्षकसँग छलफल गरी कारणहरू खोज्नुहोस्।

३. युरोपको रेखाङ्कित मानचित्रमा निम्नलिखित तथ्यहरू देखाउनुहोस्।

आल्पस पर्वत/श्रेणी, प्राचीन सभ्यताको एक क्षेत्र, ड्यानुव नदी, टायगा, वर्षभरि पानी पर्ने क्षेत्र, स्टेप्स, लन्डन, पेरिस, मस्को, आन्ध्र महासागर, बाल्टिक सागर, भूमध्य सागर र ओनेगा ताल।

४. लन्डनको १२ महिनाको वर्षा र तापक्रमको तथ्याङ्क हेर्नुहोस्। यसलाई रेखात्मक चित्रद्वारा देखाउनुहोस् र सोका आधारमा बेलायतको हावापानीबारे एक छोटो वर्णन लेख्नुहोस्।

महिना	ज	फ	मा	अ	मे	जु	जु	अ	से	अ	नो	डि	
ताप (से.)	४	५	७	९	१२	१६	१८	१७	१५	११	८	५	
वर्षा (मि.मि.)	५४	४०	३७	३७	४६	४५	५७	५९	४९	५७	६४	४८	५९३

५. भौगोलिक कारण दिनुहोस् :

(क) युरोपका नदीहरू आन्तरिक जलमार्गका निम्ति उपयोगी छन्।

(ख) उत्तरपश्चिम युरोपमा वर्षभरि पानी परिरहन्छ।

(ग) फिनल्यान्डलाई हजारौँ तालको देश भन्न सकिन्छ।

(घ) युरोपको पूर्वी खण्डमा हावापानी विषम छ।

६. विश्वको नक्सा हेरेर यी देश तथा यिनका भौगोलिक स्थिति पत्ता लगाउनुहोस् :

(क) जर्मनी हुँदै उत्तर सागरतर्फ बग्ने नदी

(ख) फ्रान्स र स्पेनको बीचमा भएको पर्वत

(ग) अफ्रिकाको नजिक पर्ने युरोपको देश

(घ) भूमध्यसागर र आन्ध्रमहासागरका किनारमा अवस्थित ठूलो देश

(ङ) सबभन्दा बढी जनघनत्व भएको टापु

१२. युरोपको आर्थिक र सामाजिक जनजीवन

युरोप महादेश आधुनिक हिसाबले ज्यादै विकसित मानिन्छ । यहाँ बसोबास गर्ने मानिसहरूको मुख्य उत्पत्ति थलो मध्य एसिया मानिन्छ । यस महादेशमा बस्ने मानिसहरू अङ्ग्रेजी, फ्रेन्च, जर्मन, स्पेनिस, पोर्चुगिस, रसियन आदि भाषा बोल्छन् र अधिकांश मानिसहरू क्रिस्चियन धर्मालम्बी छन् । यही महादेशका मानिसहरूले नै पानीजहाज र डुङ्गाबाट विभिन्न ठाउँमा पुगी धेरै कुरा पत्ता लगाएका छन् । अफ्रिका, दक्षिण अमेरिका तथा उत्तर अमेरिकाका बारेमा विस्तृत जानकारी दिने युरोपियन नै हुन् । यहाँका मानिसहरूले संसारका धेरै मुलुकहरूलाई उपनिवेश बनाई धेरै आर्थिक फाइदा लिएका थिए । हाल युरोपमा ज्यादै ठूलाठूला सहरी क्षेत्रहहरू छन् । शिक्षा, स्वास्थ्य कलाकौशलमा युरोपेली ज्यादै अगाडि छन् । अधिकांश ठाउँमा हावापानी मानव स्वास्थ्यअनुकूल भएकाले यहाँका मानिसहरू परिश्रमी, बुद्धिमानी, जाँगरिला र साहसी छन् । यो महादेशले ठूला वैज्ञानिक, दार्शनिक, कलाकार, साहित्यकार आदि जन्माएको छ र ती व्यक्तिको कामले संसारभरका मानिसहरू लाभान्वित भएका छन् ।

युरोपको एक औद्योगिक क्षेत्र

युरोपका देशहरूमा कृषि पेसामा लाग्ने मानिसहरूको प्रतिशत लगभग १०% छ । तर कृषि कार्य वैज्ञानिक तरिकाले गरिने हुँदा कृषि उत्पादन ज्यादै राम्रो हुन्छ । उद्योगधन्दा ज्यादै विकसित छन् । माछा मार्ने काम पनि ठूलो स्तरमा हुन्छ । यातायात र सञ्चारको ठूलो सुविधा छ । बैङ्किङ, व्यापार तथा सेवामूलक व्यवसायका स्थान ज्यादै महत्त्वपूर्ण छ । आ-आफ्नो कार्यमा मानिस ज्यादै व्यस्त हुन्छन् । समयको उचित सदुपयोग गर्दै मिहिनेतका साथमा जुनसुकै कार्य गर्नु युरोपेलीको विशेषता हो । यो महादेशको अन्तरराष्ट्रिय व्यापारको परिणाम पनि ज्यादै ठूलो छ । संसारभरिकै देशसँग आयातनिर्यात हुन्छ । उत्तरपश्चिम खण्डको समुद्री क्षेत्रबाट प्रशस्त पेट्रोलियम उत्पादन गरिन्छ भने मध्य मैदानी खण्डमा प्रशस्त कोइला तथा फलामको उत्पादन हुन्छ । यसरी प्राकृतिक स्रोत र साधनको हिसाबले पनि यो महादेश धनी छ ।

क्रियाकलाप

१. "युरोप महादेश प्राकृतिक स्रोत र साधनमा धनी छ ।" यस भनाइलाई पुष्टि गर्नुहोस् ।

२. थोक व्यापार, यातायात र सञ्चार, अन्य आर्थिक व्यवसाय, सेवामूलक व्यवसायमा अत्यधिक मानिसहरू लागेका छन् । कृषिमा थोरै (कम) प्रतिशत मात्र छन् । किन ?

३. युरोपको रेखाङ्कित मानचित्रमा निम्नलिखित कुराहरू देखाउनुहोस् :

पेट्रोलियम उत्पादन हुने क्षेत्र, कोइला उत्पादन हुने क्षेत्र, घना आवादीका क्षेत्रहरू, गहुँ उत्पादन गरिने क्षेत्र

४. बेलायत, फ्रान्स, जर्मनी र नर्वेको आर्थिक गतिविधिबारे कक्षामा समूहगत छलफल गर्नुहोस् ।

५. सन् १९७८-८० को तथ्याङ्कका आधारमा युरोपका विभिन्न देशको आर्थिक विकासको स्थिति देखाइएको नक्सा हेर्नुहोस् । त्यस बेला र अहिले के फरक छ ? त्यस समयको युरोपको भूगोल र अहिलेको भूगोलमा आएको परिवर्तन औंल्याउनुहोस् । प्राथमिक व्यवसायमा मानिसको प्रतिशत किन कम भएको होला ?



६. तपाईं युरोपको कुन देशमा बसोबास गर्न मन पराउनुहुन्छ, किन, भौगोलिक आर्थिक र सामाजिक कारण दिनुहोस् ।

१३. अस्ट्रेलिया महादेशको भौगोलिक वातावरण

यो महादेश दक्षिणी गोलार्धमा अवस्थित छ । आफ्नो एटलस पल्टाएर अस्ट्रेलियाको नक्सा हेर्नुहोस् । यसको पूर्वी, पश्चिमी, उत्तरी र दक्षिणी सिमाना केके हुन् ? जानकारी लिनुहोस् । यो सबैभन्दा सानो महादेश हो । यसका तीन मुख्य प्राकृतिक स्वरूप छन् । पूर्वमा उत्तरदेखि दक्षिणसम्म फैलिएको पहाडी भाग छ, जसलाई ग्रेट डिभाइडिङ रेन्ज भनिन्छ । यसको उचाइ दक्षिणतर्फ अलि बढी छ । पश्चिमी खण्डमा उच्च समस्थली छ । यो क्षेत्रमा विशाल मरुभूमि रहेको छ । मर्रे र डार्लिङको बेंसी महत्त्वपूर्ण समतल भूमि हो ।



अस्ट्रेलियाको प्राकृतिक स्वरूप

यो महादेशको उत्तरी खण्डमा उष्ण मौसमी हावापानी, पश्चिमी खण्डमा उष्ण मरुस्थलीय हावापानी, दक्षिण पूर्वी खण्डमा समशीतोष्ण हावापानी र सुदूरदक्षिणमा हिउँदमा पानी पर्ने भूमध्य सागरीय हावापानी पाइन्छ । यसरी पश्चिमी खण्ड र मध्य मैदानको अधिकांश क्षेत्रमा हावापानी मानव स्वास्थ्य अनुकूल छैन । अतः ती क्षेत्रमा आवादी ज्यादै कम छ ।

यो महादेशको उत्तरतर्फ किनारी क्षेत्रदेखि केही भित्रपट्टि घाँसे मैदान छ । यो घाँसै घाँसको क्षेत्रमा कङ्गारुलगायत अन्य विभिन्न जङ्गली जनावरहरू पाइन्छन् । उत्तरपूर्व र उत्तरतर्फ सदावहार घना जङ्गल छ ।

अस्ट्रेलियाको दक्षिणपूर्वी खण्डमा एक छुट्टै देश छ, जसलाई न्यूजिल्यान्ड भनिन्छ । यो देशमा हावापानी सामुद्रिक प्रभावले गर्दा मानव स्वास्थ्य अनुकूल छ । यो देशको मध्य भागमा पहाडी खण्ड छ । यहाँ पनि घाँसे मैदान छन् । अस्ट्रेलियाको दक्षिणपट्टि अर्को एक महत्त्वपूर्ण टापु छ । यसलाई तास्मानिया भनिन्छ ।

क्रियाकलाप

१. अस्ट्रेलियाको प्राकृतिक नक्सा हेरी पर्वतीय खण्ड, उच्च समस्थली र मैदानी खण्डको पहिचान गर्नुहोस् । मध्य मैदानको उत्तरी खण्ड, उत्तरतर्फ र दक्षिणी खण्ड दक्षिणतर्फ ढल्लेको छ । नक्साबाट यसको जानकारी लिनुहोस् ।

२. अस्ट्रेलियामा विभिन्न प्रकारका जीवजन्तुहरू पाइन्छन् । के कारण होला ?

कोला (Koala)

कङ्गारु (Kangaroo)

डिङ्गो (Dingo)

३. तल दिइएको समय रेखा हेरी अस्ट्रेलियाको एक सानो ऐतिहासिक झलकबारे जानकारी लिनुहोस् । अस्ट्रेलियाको अन्य ऐतिहासिक पृष्ठभूमि केकस्तो छ, छलफल गर्नुहोस् । पुस्तकालयमा गई यसबारे थप जानकारी हासिल गर्नुहोस् ।



४. अस्ट्रेलियाको रेखाङ्कित मानचित्रमा तलका कुराहरू देखाउनुहोस् :

डर्विन, सिडनी, प्रशान्त महासागर, मर्रे डार्लिङ नदी, ग्रेट डिभाइडिङ रेन्ज, अस्ट्रेलियन मरुभूमि, तास्मानिया टापु, हिउँदमा पानी पर्ने क्षेत्र ।

५. अस्ट्रेलिया र एसियामा ऋतुहरू ठीक विपरीत हुन्छन् । एक ठाउँमा ग्रीष्म हुँदा अर्कोमा हिउँद हुन्छ । किन होला ?

६. हावापानी र प्राकृतिक वनस्पतिको के सम्बन्ध हुन्छ ? अस्ट्रेलियाको सन्दर्भ दिई व्याख्या गर्नुहोस् ।

१४. अस्ट्रेलिया महादेशको आर्थिक क्रियाकलाप र सामाजिक जनजीवन

अस्ट्रेलिया महादेशको अधिकांश ठाउँको भौगोलिक वातावरण धेरै अनुकूल जस्तो नदेखिए पनि यहाँको आर्थिक उन्नति राम्रो भएको पाइन्छ । यहाँ गोरा जातिका मानिस बस्दछन् र आदिवासी (Aborogins) को सङ्ख्या ज्यादै कम छ । यो महादेशमा भेडापालन प्रशस्त गरिन्छ । अस्ट्रेलिया फलाम र सुनको उत्पादनमा पनि प्रख्यात छ । मर्रे डार्लिङ बेँसी र मध्य मैदानका अन्य ठाउँमा वैज्ञानिक प्रकारले गहुँ खेती हुन्छ । यहाँबाट गहुँ, ऊन, मासु तथा स्तरीय फलामको धाउ (Iron ore) निर्यात गरिन्छ । ८० देखि ८५ प्रतिशत जति जनसङ्ख्या दक्षिणपूर्वमा बसोबास गरेको पाइन्छ । संसारका सबभन्दा ठूला आयोजनामध्येको एक स्नोई मर्रे विकास आयोजना यहीँ छ । यो आयोजनामा स्नोई नदीको पानीलाई उपल्लो मर्रे बेँसीमा लगी विद्युत् उत्पादन र सिँचाइ कार्य गरिएको छ । मर्रे-१ मा ९५० मेघावाट र मर्रे-२ मा ५५० मेघावाट विद्युत् उत्पादन हुन्छ । यो आयोजनाका लागि ग्रेट डिभाइडिङ रेन्जको भित्रभित्र करिब १५ कि.मि. सुरुङ बनाई पानी लगिएको छ ।



अस्ट्रेलियाको आर्थिक गतिविधि

यसप्रकार अस्ट्रेलिया र न्युजिल्यान्डले उपलब्ध साधन र स्रोतको उपयोग गरी ठूलो आर्थिक उपलब्धि हासिल गरेका छन् । बसोबास भएका सबै क्षेत्रमा यातायात, सञ्चार, शिक्षा तथा स्वास्थ्यको पनि ज्यादै राम्रो सुविधा उपलब्ध गराइएको छ । सहरी क्षेत्रमा बसोबास गर्ने अधिकांश मानिस धेरै परिश्रमी र व्यस्त भएको पाइन्छ । उनीहरू सप्ताहान्तमा भने राम्ररी बिदा मनाउँछन् र आनन्द लिन्छन् ।

क्रियाकलाप



१. दायाँ दिइएको चित्र अस्ट्रेलियाको पशुपालनसँग सम्बन्धित छ । त्यस सम्बन्धमा समूहगत छलफल गरी कक्षामा सो कार्यका विविध पक्षबारे लेख्नुहोस् ।

२. अस्ट्रेलियामा पाइने मुख्यमुख्य खनिजहरू र तिनको वितरण एटलस हेरी पहिचान गर्नुहोस् ।

३. अस्ट्रेलिया र उत्तरी गोलार्धका महादेश एसिया र युरोपका ऋतुहरूको अवस्था र हावापानीको अवस्थाबारे तुलनात्मक विवरण दिनुहोस् ।

४. अस्ट्रेलियाको रेखाङ्कित मानचित्रमा निम्नलिखित कुराहरू देखाउनुहोस् :

एक सुनखानी, एक फलाम खानी, स्नोई मर्रे विकास आयोजनाको क्षेत्र, गहुँ खेती हुने क्षेत्र, कोइला खानी क्षेत्र, जनआवादी ज्यादै पातलो भएको क्षेत्र र न्युजिल्यान्ड ।

५. अस्ट्रेलिया महादेशको नक्सा कोरी जनसङ्ख्याको वितरण देखाउनुहोस् ।

६. तल दिइएको समयरेखा र दिइएका तथ्यहरूबारे जानकारी लिनुहोस् । त्यहाँ उल्लिखित क्रिस्मस डे, मेलवर्न ओलम्पिक, महिलालाई भोट दिने अधिकारबारे छलफल गर्नुहोस् । आदिवासी (Aborogins) लाई अस्ट्रेलियन सरकारले विशेष संरक्षण दिन खोजेको छ किन होला ?



१५. एसिया, युरोप, अस्ट्रेलिया र नेपाल

नेपाल एसियाकै एक मुलुक हो । हिमालय पर्वत शृङ्खलाहरूको विस्तृत भूभागको एक खण्ड नेपाल हो भन्न सकिन्छ । गङ्गा र ब्रह्मपुत्र नदीको विशाल मैदानको एक सानो खण्ड नेपालको तराई प्रदेश हो । नेपालको हावापानीमा प्रभाव पार्ने मौसमी वायुले दक्षिण एसिया, दक्षिणपूर्व र पूर्वी एसियाको विशाल खण्डलाई प्रभावित पार्दछ । उचाइको विविधताले गर्दा एसियामा पाइने सबै प्राकृतिक वनस्पति नेपालमा पाइन्छन् । एसियाका मुलुकहरू भारत, पाकिस्तान, बङ्गलादेश, श्रीलङ्का, थाइल्यान्ड, मलेसिया, चीन, रुस, कोरिया, जापान, साउदी अरेबिया, युएई आदि देशहरूसँग कूटनीतिक, व्यापारिक र सामाजिक सम्बन्ध रहेको पाइन्छ । थुप्रै नेपालीहरू भारत, मलेसिया, कोरिया, जापान र अरब मुलुकमा काम गरिरहेका छन् । यसै गरी एसियाका मुलुकहरूसँग नेपालले अन्तरराष्ट्रियस्तरका विभिन्न कार्यहरूमा (शिक्षा, स्वास्थ्य, बालबालिका तथा महिला हित, प्राकृतिक सम्पदाको संरक्षण, सांस्कृतिक आदानप्रदान आदि) सक्रिय सहभागिता जनाउँदै आएको छ ।

युरोप महादेश नेपालभन्दा टाढा भए तापनि त्यो महादेशका धेरै मुलुकहरूसँग नेपालको विविध पक्षमा सम्बन्ध रहेको पाइन्छ । यो महादेश पनि उत्तरी गोलार्धमा रहेकाले समान ऋतुहरू छन् । हावापानीको स्वरूपमा केही भिन्नता देखिए पनि आल्पस पर्वतीय खण्ड र नेपालको भौगोलिक वातावरण समान प्रकारको छ । नेपालको हिमाली खण्डको वातावरण युरोपको उत्तरतर्फको वातावरणसँग मेल खान्छ । युरोपेली मुलुकहरू आर्थिक हिसाबले नेपालभन्दा धेरै अगाडि छन् । बेलायत, जर्मनी, फ्रान्स, डेनमार्क, नर्वे, स्विट्जरल्यान्डले नेपालको विकासमा विभिन्न प्रकारले सघाइरहेका छन् । ती देशहरूसँग हाम्रो दौत्य सम्बन्ध कायम छ । शिक्षा, स्वास्थ्य, जलविद्युत् उत्पादन, पुरातात्त्विक र सांस्कृतिक सम्पदाको संरक्षण र संवर्धन आदि कार्यमा उनीहरूको सहयोग महत्त्वपूर्ण छ । युरोपेली देशहरूमा थुप्रै नेपालीहरू शिक्षा आर्जन गर्ने लगायत अन्य आर्थिक क्रियाकलापमा संलग्न छन् । युके, रुस, जर्मनी, इटली आदि देशमा धेरै नेपालीहरू काम गरिरहेका छन् । यिनले बर्सेनि थुप्रै पैसा (Remittance) नेपाल भित्र्याउन सहयोग गर्नुको साथै नेपालसँगको व्यापार बढाउन पनि मद्दत गर्छन् । नेपालले तयारी पोसाक, गलैंचा, क्युरियो सामान, मूर्तिहरू निर्यात गर्दछ । यसरी युरोपेली देशसँग नेपालको विविध पक्षमा सम्बन्ध विस्तारित भइरहेको पायन्छ । युरोपियन युनियनले नेपालमा शान्ति स्थापनाका लागि सहयोग पुऱ्याएको छ ।

अस्ट्रेलिया महादेश भए पनि यो एक देश हो । दक्षिणपूर्वको न्युजिल्यान्ड यहाँको अर्को मुख्य देश हो । भौगोलिक हिसाबले यो महादेश र नेपालको बीचमा खास समानता नभए पनि आर्थिक, शैक्षिक र व्यापारिक सम्बन्ध राम्रो छ । बर्सेनि थुप्रै नेपाली विद्यार्थीहरू अस्ट्रेलियामा अध्ययन गर्न जान्छन् । अस्ट्रेलियामा काम गरेर बसेका थुप्रै नेपालीहरू छन् । अस्ट्रेलिया सरकारले नेपाललाई वनजङ्गल संरक्षण जस्ता कार्यमा सघाएको छ ।

क्रियाकलाप

१. कक्षालाई तीन समूहमा बाँडी एकले नेपाल र एसिया, अर्काले नेपाल र युरोप र तेस्रोले नेपाल र अस्ट्रेलिया सम्बन्धबारे छलफल, पुस्तकालय अनुसन्धान आदिबाट समूहगत प्रतिवेदन तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. नेपाली विद्यार्थीहरू उच्च शिक्षा आर्जन गर्न जाने गरेका युरोप एसियाका मुलुकहरूको सूची बनाउनुहोस् । नेपालमै अध्ययन नगरेर नेपालीहरू किन ती देशमा गएका होलान् ?

३. नेपाल र अस्ट्रेलियाको आपसी सम्बन्धका क्षेत्रहरू औंल्याउनुहोस् ।

४. युरोपियन युनियनबारेमा एक छोटो परिचय दिनुहोस् ।

५. तलको तालिका भर्नुहोस् :

महादेश	देशहरू	जनसङ्ख्या	साक्षरता%	कृषि पेसा %
एसिया	भारत चीन जापान कोरिया			
युरोप	बेलायत फ्रान्स जर्मनी नर्वे			
अस्ट्रेलिया	न्युजिल्यान्ड अस्ट्रेलिया			
एसिया	नेपाल			

६. एसिया र युरोपका देशहरूबाट नेपालले केके फाइदा लिन सक्ने सम्भावनाहरू छन् ? समूहमा छलफल गरी लेख्नुहोस् ।

७. नेपालजस्तै एसिया र युरोपका भूपरिवेष्ठित देशहरूको सूची तयार पारी नेपाल र ती देशहरूको आर्थिक स्थितिबारे तुलना गर्नुहोस् ।

अनुसूची १

पृथ्वीको परिभ्रमण चक्र



अनुसूची २

एसियाको प्राकृतिक नक्सा



सारांश

यस एकाइको अन्त्यमा हामीले निम्नलिखित कार्यहरू गर्न सिक्यौँ :

* देशान्तरको आधारमा समयको फरक बताउन,
* विभिन्न ठाउँको समय र देशान्तर हिसाब गरेर पत्ता लगाउन,
* स्थानीय र प्रामाणिक समयको भिन्नता बताउन र प्रामाणिक समयको आवश्यकताको व्याख्या गर्न,
* नेपालको प्राकृतिक स्वरूपहरूको पहिचान गर्न र प्रत्येक विभाजनको परिचयात्मक टिप्पणी दिन,
* नेपालको हावापानीमा उचाइको प्रभाव बताउन र ग्रीष्मकालीन र शीतकालीन तापक्रम र वर्षाको अवस्थाबारे प्रकाश पार्न,
* नेपालको हावापानीको स्वरूप निर्धारण गर्ने तत्त्वहरू उल्लेख गर्न र मौसमी वायुको भूमिका वयान गर्न,
* नेपालको नक्सा कोरी प्राकृतिक विभाजन, हावापानीको अवस्था तथा अन्य भौगोलिक तथ्यहरू देखाउन,
* नेपालको भौगोलिक विविधताको विवरण दिन र यसको कारणको व्याख्या गर्न,
* नेपालको भौगोलिक विविधतासँग जनजीवन र आर्थिक क्रियाकलापको सम्बन्ध औँल्याउन,
* नेपालको नक्सा राम्ररी कोर्न र स्केलको प्रयोग गर्न,
* महादेशको रेखाङ्कित मानचित्रमा विभिन्न भौगोलिक तथ्यलाई उचित सङ्केत र चिह्नको प्रयोग गरी देखाउन,
* एसिया महादेशको प्राकृतिक स्वरूप, हावापानीको अवस्था र प्राकृतिक वनस्पतिको स्वरूपबारे छोटो परिचय दिन,
* एसिया महादेशका देशहरूको सूची बनाउन,
* एसियाका मानिसको आर्थिक र सामाजिक क्रियाकलापबारे बताउन,
* युरोपको भौगोलिक वातावरण र आर्थिक क्रियाकलापबारे बताउन,
* अस्ट्रेलिया महादेशका विशेषताहरू बताउन,
* अस्ट्रेलियाको भौगोलिक वातावरण र आर्थिक क्रियाकलापबारे प्रकाश पर्न,
* युरोप, एसिया र अस्ट्रेलियासँग नेपालको सम्बन्ध पहिचान गर्न,
* प्राकृतिक वातावरण र सामाजिक आर्थिक वातावरणको अन्तरसम्बन्ध पत्ता लगाउन ।

एकाइ ७

हाम्रो विगत



यस एकाइमा हामी निम्नलिखित विषयवस्तुहरू अध्ययन गर्ने छौं :

- ऐतिहासिक स्रोतहरूको खोजी, अध्ययन र उपयोग
- नेपालको एकीकरणका प्रयासहरू
- नेपाल अङ्ग्रेज युद्धका कारणहरू
- नेपाल अङ्ग्रेज युद्धमा नेपाली वीरवीराङ्गनाको भूमिका
- राणाशासनको उदय, अन्त्यका कारण र उपलब्धिहरू
- औद्योगिक क्रान्तिले पारेको प्रभाव

१. ऐतिहासिक स्रोतहरूको खोजी, अध्ययन र उपयोग

विगतमा मानव क्रियाकलाप, सभ्यता र राज्य व्यवस्थामा घटेका घटनाहरूलाई तथ्य र तिथिमितिसहित तयार गरिएको विवरण नै इतिहास हो । यस्तो इतिहास जान्न विभिन्न स्रोतहरूको खोजी र अध्ययन गर्नुपर्छ । यस्ता स्रोतहरू दुई प्रकारका छन् :

(१) **प्राथमिक स्रोत :** आँखा अगाडि घटेका घटनाहरूलाई क्रमबद्ध रूपमा मिलाएर निष्पक्ष भई लेखिएको विवरण

(२) **द्वितीय स्रोत :** घटनाको प्रत्यक्ष जानकारी नभएको तर अन्य माध्यमहरूबाट सङ्कलन गरिएको तथ्यमा आधारित विवरण

यसरी प्राप्त स्रोतहरूलाई त्यसको प्रकृतिअनुसार तीन भागमा बाँड्न सकिन्छ :

इतिहासका स्रोतहरू

लिखित स्रोत	मौखिक स्रोत	कलाकृति र ठोस वस्तुहरू
वंशावली	वीरगाथा	मूर्ति
जीवनी	लोकगीत	चित्रहरू
पुस्तक	कथा, आख्यान	भवन, मन्दिर, पुल, पोखरी, गुफा
मुद्रा, तक्मा, विभूषण	अन्तर्वार्ता	किल्ला, गौंडा
लिखतहरू	किंवदन्ती	हातहतियार
शिलापत्र, ताम्रपत्र, बिल, भौचर,	कहावत	पोसाक, भाँडाकुँडा
भोजपत्र, ताडपत्र, पाण्डुलिपि,	अर्ती, उपदेश	कलाकृतिहरू
स्वर्णपत्र विदेशीहरूको यात्रा	खाँडो जगाउने	गहना, शृङ्गार सामग्री
विवरण र मल्लकालका घटनाहरूको		भग्नावशेषहरू
टिपोट (ठ्यासफु)		अवशेषहरू, मसानघाट

नेपालको इतिहास निम्नानुसारका स्रोतहरूबाट तयार भएको हो :

(क) अभिलेख : नेपालमा धातु र शिलामा लेखिएका ऐतिहासिक अभिलेखहरू यत्रतत्र देखिन्छन् । यस्ता शिलापत्र र ताम्रपत्रहरूबाट विभिन्न ऐतिहासिक तथ्यहरू फेला परेका छन् ।

(ख) हस्तलिखित ग्रन्थ : नेपालभित्र र बाहिर नेपालका बारेमा लेखिएका थुप्रै हस्तलिखित कागजपत्रहरूले नेपालको इतिहास पत्ता लगाउन मद्दत गरेका छन् ।

(ग) मुद्रा : मुद्राबाट इतिहासका कालखण्ड, तिथिमिति, आर्थिक र सामाजिक अवस्था, शासकको नाम आदिबारे जानकारी प्राप्त गर्न सकिन्छ ।

(घ) विदेशीहरूको वर्णन : वेलावेलामा नेपाल भ्रमण गरेका, नेपालप्रति चासो राख्ने र नेपालको नजिक रहेका व्यक्तिहरूबाट पनि नेपालका बारेमा थुप्रै जानकारीहरू पाइएका छन् । रोज, हेमिल्टन, कर्क पेट्रिकलगायतका

विभिन्न रेजिडेन्टहरू, पादरीहरू, व्यापारीहरू, यात्रुहरू आदिले नेपालबारे तथ्यहरू छाडेर गएका छन् ।

(ङ) वंशावली : विभिन्न राजा, वर्ण, वर्ग, वंश र क्षेत्रका मानिसहरूको वंशावली पनि इतिहास जान्ने स्रोतहरू हुन् ।

(च) गीत, जनश्रुति, दन्त्यकथा, उखान आदि : नेपालका किसान, पशुपालक, शिल्पकार, कलाकार, लाहुरे र कमाराकमारीहरूले पाएको दुःख, तिब्बतका व्यापारीहरूको दुःख, एकीकरण अभियान र नेपाल-अङ्ग्रेज युद्धका घटनाहरूलाई गीत, खाँडो श्लोक, कथा आदिका माध्यमबाट आफ्ना सन्ततिहरूलाई इतिहास सुनाउने चलनले इतिहास जान्न मद्दत गरेको छ ।

(छ) भाषण र सरकारी प्रकाशनहरू : वि.सं. २००७, २०१७, २०३६, २०४६, २०६३ का घोषणाहरू, भाषणहरू, पत्रपत्रिकाहरू र तत्काल लेखिएका पुस्तकहरू, आत्म वृत्तान्त आदि यस्ता स्रोतहरू हुन् ।

(ज) सरकारी कागजपत्रहरू : तमसुक, मोहर, प्रमाणीकरण, राजपत्र, रसिद, सन्धिसम्झौताका कागजातहरू, फैसला, आदेश, चिठी आदि स्रोतहरूले पनि इतिहासका प्रमाणका काम गर्दछ ।

(झ) ब्रिटिस - भारतीय रेकर्ड : नेपालको इतिहासबारे प्रकाश पार्नका निम्ति बेलायत र भारतमा रहेका अभिलेखालयहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । नेपालमा बसेका रेजिडेन्टहरू, ब्रिटिस गभर्नर जनरलहरू, पादरीहरू, सेनाहरू आदिका प्रतिवेदन, पत्र र डायरीहरू यसका उदाहरण हुन् ।

यसरी विभिन्न स्रोतहरूबाट तथ्यहरूलाई सङ्गठित गरी नेपालको इतिहास बनाइएको छ । नेपालको इतिहास खोजी गर्नमा विलियम कर्कपेट्रिक, भगवानलाल इन्द्रजी, सिसिल बेन्डाल, साल्भेट सिल्भा लेभी, रोनी इरो नोली, बाबुराम आचार्य, हेमराज पाण्डे, रुद्रराज पाण्डे, नयनराज पन्त, योगी नरहरिनाथ, डिल्लीरमण रेग्मी, सूर्यविक्रम ज्ञवाली, धनवज्र वज्राचार्य, लैनसिंह वाङ्देल, सत्यमोहन जोशी आदिको महत्त्वपूर्ण योगदान रहेको छ ।

क्रियाकलाप

१. इतिहास जान्ने स्रोतहरू सम्बन्धमा एउटा संवाद तयार गर्नुहोस् ।

२. यदि तपाईंलाई नेपालको इतिहास खोजी गर्ने जिम्मा दिइयो भने कुनकुन स्रोतको उपयोग गर्नुहुन्छ ? यस्ता स्रोतको उपयोग कसरी गर्नुहुन्छ ?

३. नियमित रूपमा तिथिमिति उल्लेख गरेर महत्त्वपूर्ण घटनाहरूलाई डायरीमा लेख्ने बानी बसाल्नुहोस् । उक्त डायरी तपाईंको सन्ततिका निम्ति इतिहास जान्ने स्रोत बन्न सक्छ । एक दिनको डायरीको नमुना बनाउनुहोस् ।

४. आफ्ना अभिभावकसँग सोधेर सकेसम्म धेरै पुस्ता झल्कने गरी आफ्नो वंशावली बनाउनुहोस् । परिवारमा थपिँदै जाने व्यक्तिको नाम समावेश गर्दै जानुहोस् । वंशावलीमा आफ्ना पुर्खाहरूको नाम र उहाँहरूले गरेका महत्त्वपूर्ण काम समेत उल्लेख गर्नुहोस् ।

सामुदायिक कार्य

आफ्नो समुदायमा गई आफूले भेटेका र महत्त्वपूर्ण ठानेका कागजपत्र, पत्रपत्रिका, लेख रचना, चित्र, तस्बिरहरू र वस्तुहरू सङ्कलन गर्नुहोस् । यस्ता वस्तुहरूलाई सुरक्षित र व्यवस्थित ढङ्गबाट राख्नुहोस् । यसरी फेला परेका वस्तुहरू कक्षामा प्रदर्शन गर्नुहोस् । सङ्कलन कार्यलाई निरन्तरता दिइरहनुहोस् । ती वस्तुहरू भविष्यमा इतिहास जान्ने स्रोतहरू बन्ने छन् ।

२. नेपाल एकीकरणका प्रयासहरू

तत्कालीन गोरखा राज्यमा १२ हजारसम्म मानिसहरू युद्ध गर्न सक्षम थिए । पृथ्वीनारायण शाहले यिनै जनशक्तिको परिचालन गरी एकीकरण कार्यको प्रारम्भ गरेका थिए । उनको राज्यारोहणताका बाइसे, चौबिसे, सेन र मल्ल राज्यहरू गोरखाभन्दा बलिया र स्रोतसम्पन्न थिए । यसताका छिमेकी मुलुक भारतमा अङ्ग्रेज (ब्रिटिस) हरूले आफ्नो अधिकार जमाउँदै थिए । उनीहरूको ध्यान तिब्बतको व्यापार गर्ने बाटो नेपालतर्फ पनि आकर्षित थियो । यसर्थ नेपालको अस्तित्व नै कायम रहन मुस्किल पर्ने स्थितिको सिर्जना भइसकेको थियो । यस्तो स्थितिमा गोंरखाली सेना र राजा पृथ्वीनारायण शाहको योजनानुसार नेपाल एकीकरणको प्रारम्भ भयो ।



गोरखा

नुवाकोट विजयको पहिलो असफल प्रयास

वि.सं. १७९९ चैत्र २५ गते नरभूपाल शाहको मृत्युपछि पृथ्वीनारायण शाह गोरखाको राजा भए । राजा हुनेबित्तिकै उनले एकीकरण अभियान थाल्ने विचार गरी नुवाकोटमाथि आक्रमण गरे तर गोरखाली नराम्रोसँग पराजित भए । नुवाकोट कान्तिपुरले तिब्बतसँग व्यापार गर्ने मुख्य मार्ग थियो । त्यसवेला त्यहाँको प्रमुख जयन्त राना थिए । नरभूपाल शाहले नुवाकोट आक्रमण गर्दा गोरखाली सेनाका सेनानायक जयन्त राना थिए तर गोरखाको पराजयको दोषी उनलाई ठहऱ्याइएको हुँदा उनी गोरखा दरवारबाट भागेर कान्तिपुरका राजा जयप्रकाश मल्लको शरणमा पुगे । जयप्रकाश मल्लले जयन्त रानालाई नुवाकोटको प्रमुख (उमराव) बनाएर राखेका थिए । नुवाकोट व्यापारिक दृष्टिबाट मात्र महत्त्वपूर्ण नभई सामरिक दृष्टि र अन्नको भण्डार पनि थियो । यसकारण गोरखाले नुवाकोटमाथि आँखा गाडेको थियो तर प्रथम प्रयास असफल भयो । कान्तिपुरे सेनासँग ५० नाल बन्दुक थिए भने गोरखाली सेनासँग एक नाल पनि थिएन ।

क्रियाकलाप

१. तपाईं कुनै अग्लो ठाउँमा जानुहोस् र पुराना गाउँ बस्तीहरू हेर्नुहोस् । त्यसपछि आपना मनमा उठेका भावनाहरू प्रस्तुत गर्नुहोस् ।

२. नुवाकोट विजय गर्न गोरखालीहरू दुईदुई पटकसम्म किन असफल भए ?

३. नुवाकोटको असफलताबाट निरास नहुने गोरखाली सेनाको स्वभावको उल्लेख गर्दै परीक्षामा अनुत्तीर्ण भएका आफ्ना साथीलाई सान्त्वना दिएर पत्र लेख्नुहोस् ।

४. "बालबालिकाको चौतर्फी विकासमा अभिभावकको भूमिका" विषयमा वक्तृत्वकला प्रतियोगिता सञ्चालन गरेर तपाईंलाई सहभागी बनाएमा आफूले प्रस्तुत गर्ने वक्तृत्वको नमुना तयार गर्नुहोस् ।

५. तल दिइएको नेपालको नक्सामा गोरखा, नुवाकोट र काठमाडौं देखाउनुहोस् ।



सामुदायिक कार्य

तपाईंको समुदायमा कसैले कुनै ज्याँ कामको थालनी गरेको हुन सक्छ । तपाईंले त्यस मानिसलाई भेट्नुहोस् र उनले थालनी गरेको काम सम्बन्धमा निम्नलिखित प्रश्नहरू सोधेर प्रतिवेदन तयार गर्नुहोस् ।

(क) तपाईंले के काम गर्नुहुन्छ ?

(ख) तपाईंले यस कामको थालनी किन गर्नुभयो ?

(ग) यो काम गर्न तपाईंले स्रोतहरू कहाँबाट जुटाउनुहुन्छ ?

(घ) यस कामबाट तपाईंलाई व्यक्तिगत रूपमा केके फाइदा हुन सक्छ ?

(ङ) यस कामबाट भएको लाभबाट तपाईंले आफ्नो परिवार तथा समुदायका व्यक्तिहरूलाई कुनकुन कुराहरूमा सहयोग गर्न सक्नुहुन्छ ।

३. सैनिक सुदृढीकरण तथा आर्थिक समस्या

नुवाकोटमाथिको आक्रमणमा असफल भएपछि पृथ्वीनारायण शाहले विभिन्न व्यावहारिक अनुभवहरू प्राप्त गरे। प्रथमत: सैनिक र हातहतियारको सुदृढीकरण नगरी जोशमा मात्र आक्रमण गर्नु ठूलो भूल भएको स्वीकार गरी उनी गोरखालाई हातहतियारमा आत्मनिर्भर बनाउनेतर्फ लागे तर चौबिसे राज्यहरूमा गोरखा राज्य अरूको तुलनामा आर्थिक रूपमा शक्तिशाली थिएन। यसर्थ हातहतियार सङ्कलनका लागि कसरी आर्थिक रूपमा बलियो हुने भनेर पृथ्वीनारायण शाहले गोरखाका जनताहरूसँग सल्लाह मागे। उनका सूचीकार बिसे नगर्चीलगायतका गोरखाली जनताको सल्लाहअनुसार गोरखा राज्यमा रहेको बाह्र हजार घरहरूबाट प्रत्येक घरले आफूले सक्दो नगद जिन्सी दिएर सहयोग गरे। यसपछि उनी तीर्थ गर्ने बहानामा बनारसतिर लागे भने भित्री मनसाय चाहिँ हातहतियार सङ्कलन गर्नु नै थियो। बनारसबाट उनले हातहतियारका साथै हतियार बनाउने र सेनालाई आधुनिक तालिम दिने केही मुसलमान कालीगढहरूलाई लिएर गोरखा फर्के। यसपछि उनले जनचाहनाअनुसार कालु पाण्डेलाई काजी पद दिई जनचाहनाको कदर गरे। यसका साथै उनले गोरखाको आन्तरिक प्रशासन पनि सुदृढीकरण गरे। सैनिकहरूको हौसला बढाउन मरवटको व्यवस्था गरे। यसरी सबैतिरबाट हातहतियार तथा जनसमर्थन प्राप्त गरेपछि नुवाकोट आक्रमण गर्ने योजना तयार गरे।

चौबिसी राज्यहरूको अवरोध र अन्य राज्यहरूमा मित्रता

पृथ्वीनारायण शाहले बनारसमा जाजरकोटका राजा हरि शाहसँग भेट गरी धर्मपत्र गरे। यस्तै बनासरबाट फर्कंदा बुटवलमा पाल्पाली राजा मुकुन्द सेनसँग पनि भेट गरे। यसपछि पृथ्वीनारायण शाहले लमजुङसँग मित्रताका लागि हात बढाए किनकि गोरखाले एकीकरण अभियान सुरु गरेर पूर्वतर्फ बढ्दा पश्चिमबाट लमजुङले गोरखामाथि आक्रमण गर्ने सम्भावना थियो। यसरी पृथ्वीनारायण शाहले कालु पाण्डेको माध्यमबाट लमजुङका राजा रिपुमर्दन शाहसँग भेट गरे। यस भेटमा यदि गोरखा पूर्वतर्फ अगाडि बढेमा लमजुङ तटस्थ रहने र

वसन्तपुर दरबार

लमजुङले चौबिसी राज्यमाथि आक्रमण गरेमा गोरखाले मद्दत गर्ने सम्झौता भयो । यसरी लमजुङलाई आफ्नो पक्षमा मिलाएपछि तनहुँ, कास्की र पाल्पामा पनि पृथ्वीनारायण शाहले आफ्नो दूत पठाई मैत्री सम्बन्ध गाँसे । यसका साथै उनले भक्तपुरमा पनि आफ्नो दूत पठाई गोरखाले कान्तिपुरमाथि आक्रमण गरेको खण्डमा भक्तपुर तटस्थ रहने र यसको सट्टा गोरखाले भक्तपुरलाई कान्तिपुरको अधीनमा रहेको साँखु र चाँगु दिने कुरामा सहमत गराए । यसरी पृथ्वीनारायण शाहले आफ्नो कूटनीति प्रयोग गरी गोरखा राज्यलाई चारैतर्फबाट सुरक्षित गराएपछि एकीकरणतर्फ लागे ।

क्रियाकलाप

१. पृथ्वीनारायण शाहले बाहिरी राज्यसँग कसरी सम्बन्ध सुधारेका थिए ?

२. गोरखाली राजाको भक्तपुरसँग मित्रता हुनाको कारण दिनुहोस् ।

३. तपाईंले कुनै स्वदेशी वा विदेशीलाई पत्रमित्र बनाउन चाहनुभयो भने कस्तो व्यक्तिलाई रोज्नुहुन्छ ? आफ्ना पत्रमित्रमा हुनुपर्ने गुणको बयान गर्नुहोस् ।

४. गोरखाको कान्तिपुर र भक्तपुरसँग सन्धि गर्ने उद्देश्यहरूमा केके समानता र भिन्नता पाइन्छन् ? लेख्नुहोस् ।

५. तपाईंको टोलछिमेकका व्यक्तिहरूसँग सम्बन्ध सुदृढ गर्नेबारे साथीहरूसँग छलफल गर्नुहोस् र सम्बन्ध सुदृढ गर्नका लागि पालन गर्नुपर्ने बुँदाहरू लेख्नुहोस् ।

सामुदायिक कार्य

तपाईंको समुदायमा विभिन्न जातजातिका मानिसहरू बसोबास गर्दछन् । ती सबैले एकअर्कालाई अनेक काममा सहयोग गर्दै आएका छन् । केही नभए पनि समुदायका कुनै व्यक्ति मर्यादित ढङ्गबाट बसेर भए पनि तपाईंलाई सहयोग गरिरहेको हुन सक्छ । तपाईंले आफ्नो अवलोकनका आधारमा निम्नलिखित प्रश्नहरूका उत्तर तयार गरी एक प्रतिवेदन तयार गर्नुहोस् :

(क) तपाईंको समुदायका कुनै व्यक्तिले तपाईंलाई प्रत्यक्ष रूपबाट सहयोग नगरे पनि शान्तिसाथ बसेर तपाईंलाई कसरी सहयोग गरिरहेका छन् ?

(ख) तपाईंले आफ्ना समुदायका व्यक्तिहरूलाई कुनकुन कुराहरूमा सहयोग पुऱ्याइरहनुभएको छ ?

(ग) तपाईंको समुदायका कुनै व्यक्तिले तपाईंलाई कुनकुन कुराहरूमा सहयोग पुऱ्याइरहेका छन् ?

४. एकीकरण अभियानको सफलताको सुरुवात

नुवाकोट विजय

पृथ्वीनारायण शाहले आफ्नी जेठी आमा चन्द्रप्रभावती देवीको उपदेश र जनताको मद्दतले गोरखाको आन्तरिक र बाह्य वातावरणलाई स्थिर बनाएपछि दोस्रो पटक नुवाकोट आक्रमण गर्ने योजना गरे । उनले गोरखाली फौजलाई किसानको भेषमा नुवाकोटमा जम्मा गरे । वि.सं १८०१ असोज १४ (इ.सं. १७४४ को २५ सेप्टेम्बर) को राती पृथ्वीनारायण शाहले आफ्नो फौजलाई नुवाकोटमा पुऱ्याए । आफ्नो फौजलाई नुवाकोटबाट त्रिशूली पार गराए । यसवेला नुवाकोटमा रहेका कान्तिपुरका सेना नायक जयन्त राना नुवाकोटमाथि आक्रमण हुने देखेर थप सैनिक सहयोग लिन कान्तिपुरका राजा जयप्रकाश मल्लकहाँ गएका थिए तर कान्तिपुरमा त्यसवेला इन्द्रजात्राको अवसर भएको हुँदा जयप्रकाश मल्लले त्यति ध्यान दिएनन् । यही मौका उपयुक्त ठानी पृथ्वीनारायण शाहले अकस्मात् वि.सं.१८०१ असोज १५ (इ.सं. १७४४ सेप्टेम्बर २६) को बिहान नुवाकोटमाथि आक्रमण गरे । नुवाकोटमा त्यस वेला जयन्त रानाका छोरा शङ्खमणि राना सेनानायक भएर रहेका थिए । गोरखाली सेनाले धरमपानी र गोर्खु खोला दुवैतिरबाट नुवाकोटमाथि आक्रमण गऱ्यो । यसरी अकस्मात् भएको आक्रमणको सामना गर्न शङ्खमणि असफल भए र पृथ्वीनारायण शाहका भाइ दलमर्दन शाहको तरबारबाट उनी काटिएपछि नुवाकोटमा गोरखाको अधिकार भयो ।

जयन्त राना काठमाडौँबाट नुवाकोट नगई आफ्नो घर बेलकोट गई बसेको वेलामा छोरा मारिएको खबर पाएपछि पृथ्वीनारायण शाहले जयन्त रानालाई आफ्नो पक्षमा लाग्ने सन्देश पठाए तर जयन्त रानाले आफूले जयप्रकाश मल्लको नुन खाएको हुँदा नुनको सोझो गर्ने भने । पृथ्वीनारायण शाहले त्यहीँ आक्रमण गरी जयन्तलाई पक्रे । अन्तमा उनलाई मृत्युदण्ड दिइयो ।

यसरी गोरखाको नुवाकोटमाथिको विजय ठूलो घटना हुन गयो । यसबाट गोरखाको भोटसँग व्यापार गर्ने केरुङ मार्ग खुला भयो जसले गर्दा गोरखालाई आर्थिक रूपमा ठूलो लाभ हुन गयो । गोरखालाई नुवाकोटको उर्वरा भूमि पनि प्राप्त भएको हुँदा अन्नका साथै व्यापार वृद्धि भई आर्थिक सम्पन्नता बढ्न गयो । यस विजयले गोरखाली सेनाको मनोबल उच्च हुन गयो ।

कीर्तिपुरमाथि प्रथम आक्रमण

नुवाकोट विजयपछि पृथ्वीनारायण शाहले काठमाडौँ उपत्यकाका पूर्वतिरका इलाकाहरू विजय गर्न थाले । यस क्रममा उनले साँखु, चाँगु, महादेव पोखरी, नालदुम हुँदै दोलखासम्म कब्जा गरे । यी इलाकाहरू पृथ्वीनारायण शाहले भक्तपुरसँग भएका मैत्री सन्धिअनुरूप भक्तपुरलाई इनामस्वरूप दिएका थिए तर केही समयपछि कान्तिपुरले फिर्ता लिएको हुँदा रणजित मल्ल गोरखादेखि चिढिएका थिए । पृथ्वीनारायण शाहको उपत्यका आक्रमण गर्ने योजना उपत्यकाका मल्ल राजाहरूले बुझिसकेका थिए । यसर्थ कान्तिपुरका राजा जयप्रकाश मल्लले गोरखाली आक्रमण रोक्न पाटन र भक्तपुरसँग सहयोग मागे । अब आएर कान्तिपुर, भक्तपुर र पाटनले गोरखा आक्रमणविरुद्ध लड्न एउटा संयुक्त फौजको तयारी गरे । यसको नेतृत्व जयप्रकाश मल्लले गर्ने भए । चौतर्फी विजयले गर्दा पृथ्वीनारायण शाह कीर्तिपुरमाथि आक्रमण गर्न अत्यन्त उत्साहित थिए । वि.सं.१८१४ जेठ १९ गते

(इ.सं. १७५७ मई) गोरखाली सेनाले कीर्तिपुरमाथि आक्रमण गऱ्यो तर युद्धमा संयुक्त फौजको अगाडि गोरखाली फौजको पराजय भयो। काजी कालु पाण्डेले वीरगति प्राप्त गरे। स्वयम् पृथ्वीनारायण शाह पनि रातारात भागेर नुवाकोट पुगे र गोरखाली सेनालाई चाहिँ दहचोकमा राखे। यस युद्धमा गोरखाका करिब ४०० सिपाहीले वीर गति प्राप्त गरे।

पराजयपछि पृथ्वीनारायण शाहले उपत्यका विजयका लागि युद्धले मात्र नभई कूटनीति पनि प्रयोग गर्नुपर्ने नीति लिए। यसका लागि उनले चारैतिर कब्जा गरी आर्थिक नाकाबन्दीको नीति लिए। पृथ्वीनारायण शाहले उपत्यकाको वरिपरिका आफ्नो कब्जा भएका क्षेत्रबाट उपत्यकामा दैनिक उपभोग्य वस्तुहरू छिर्न प्रतिबन्ध लगाइदिए जसमा प्रमुख तेल, कपडा र नुन थिए। यसले गर्दा उपत्यकामा हाकाकार मच्चियो र जनजीवन अस्तव्यस्त भयो। यसरी विभिन्न रणनीति र कूटनीति अवलम्बन गरी नेपालको एकीकरण गरिएको थियो।

क्रियाकलाप

१. तपाईंलाई शैक्षिक भ्रमणमा जानुपर्ऱ्यो भने त्यसको निम्ति भ्रमणको योजना कसरी बनाउनुहुन्छ ?

२. नरभूपाल शाह र पृथ्वीनारायण शाहको समयमा गरी गोरखालीहरूले तीन पटकसम्म आक्रमण गरेपछि मात्र नुवाकोटमाथि सफलता प्राप्त गरेका थिए। यसबाट हामीले कस्तो प्रेरणा प्राप्त गर्न सक्छौँ ?

४. नुवाकोटको विजयबाट गोरखालीहरू कसरी लाभान्वित भएका थिए ?

५. गोरखाले लमजुङसँग किन मैत्री सम्बन्ध राख्यो र भक्तपुरलाई कुन सर्तमा आफ्नो पक्षमा ल्यायो ?

६. कान्तिपुर तथा नुवाकोट दरबारको बनावटमा समानता र भिन्नता देखाउनुहोस्।

७. नुवाकोट दरबारको चित्र हेरेर आफूले पनि चित्र कोर्नुहोस्।

८. तपाईं बसेको ठाउँको ऐतिहासिक तथा धार्मिक महत्त्वका सम्बन्धमा सङ्क्षिप्त वर्णन लेख्नुहोस्।

सामुदायिक कार्य

तपाईंको समुदायलाई आदर्श गाउँ वा नगरका रूपमा विकसित गर्नुपर्ऱ्यो भने तपाईंले केके गर्नुहुन्छ ? त्यसबाट तपाईं, तपाईंका परिवार तथा समुदायका व्यक्तिहरूलाई केके फाइदाहरू हुन सक्छ ? आदर्श गाउँ वा नगरको निर्माण गर्न निम्नलिखित क्षेत्रहरूमा विशेष ध्यान पुऱ्याएको हुनुपर्दछ। के ती कुराहरू विद्यमान छन् ? छन् भने केके छन्, छैन भने केके छैनन्, विस्तारपूर्वक लेख्नुहोस्।

क्षेत्रहरू

(क) स्वास्थ्य चौकीको स्थिति कस्तो छ ?

(ख) पानी वितरणको पद्धति कस्तो छ ?

(ग) बिजुली कहाँबाट उपलब्ध हुन सक्छ ?

(घ) बाटोको विस्तार र विकास कसरी हुन सक्छ ?

(ङ) आदर्श गाउँ वा नगरको विकासका निम्ति आर्थिक स्रोत कसरी जुटाउन सकिन्छ ?

५. एकीकरण अभियानको निरन्तरता

मकवानपुर विजय

मकवानपुरले उपत्यकामा आर्थिक उपभोग्य वस्तु निर्यात गरी गोरखाको विरुद्ध सहयोग गरिरहेको थियो। त्यसैले पृथ्वीनारायण शाहका लागि मकवानपुर विजय गर्नु अति आवश्यक हुन गयो। मकवानपुरका राजा दिग्बन्धन सेनसँग आफ्नो टक्कर परिरहेको हुँदा त्यसको बदला लिनु पनि थियो। मकवानपुरबाट प्रशस्त मात्रामा आर्थिक लाभसमेत हुन्थ्यो। यसर्थ पृथ्वीनारायण शाहले पहिले दिग्बन्धन सेनसमक्ष नौलखा हार र एकदन्ते हात्तीका साथै अन्य बहुमूल्य वस्तुहरू माग गरेका थिए तर दिगबन्धन सेनकै कारणले गर्दा वि.सं. १८१९ भदौ ९ गते (इ.सं. १७६२) गोरखाली फौजले मकवानपुरमाथि आक्रमण गऱ्यो र सजिलैसँग विजय प्राप्त गऱ्यो। दिग्बन्धन सेन भागेर भारत पसे र बङ्गालका नबाब मिर कासिमसँग सहयोग मागे। मिर कासिमले गुरगिन खाँको नेतृत्वमा २५ देखि ३० हजार सेना सहयोगका लागि पठाए। वि.सं. १८१९ पुस २७ गते (इ.सं. १७६३) मा गोरखाली सेनाले गुरगिन खाँको सेनालाई घेरामा हाले। गुरगिन खाँ गोरखालीको अगाडि टिक्न सकेनन्। पछाडि हटेकाले मकवानपुर पूर्णतः कब्जामा आयो। यसपछि उनले बारा, पर्सा, सर्लाही, महोत्तरी आदि तराई प्रदेशका साथै उपत्यकाको पूर्वमा धुलिखेल, पनौती, नाला, बनेपा पनि कब्जा गरी उपत्यकाको नाकाबन्दी अझ मजबुत गरे।

कीर्तिपुरमाथि दोस्रो असफल आक्रमण

उपत्यका वरिपरि आर्थिक नाकाबन्दीले गर्दा उपत्यकाको जनजीवन अस्तव्यस्त भएको मौका छोपेर वि.सं. १८२३ भदौ (इ.स.१७६७) मा गोरखाले दोस्रो पटक कीर्तिपुर माथि आक्रमण गऱ्यो। यस समयमा पाटन र भक्तपुरले कान्तिपुरलाई सहयोग गरेनन् तर कीर्तिपुरेहरूले वीरतापूर्वक लडी गोरखाली सेनालाई लखेट्न सफल भए। यस युद्धमा पृथ्वीनारायण शाहका भाइ सुरप्रताप शाहको एउटा आँखा फुट्यो। गोरखाको धनजनको ठूलो क्षति भयो।

कीर्तिपुर विजय

दोस्रो पटकको आक्रमणमा पनि ठूलो क्षति बेहोरेपछि पृथ्वीनारायण शाहले कीर्तिपुरलाई युद्धबाट नभई कूटनीतिबाट पराजित गर्ने नीति लिए जसअनुसार कीर्तिपुर वरिपरिको पाँगा र चोभार कब्जा गरी कर्तिपुरमाथि पनि नाकाबन्दी सुरु गरे। छ महिनासम्मको नाकाबन्दीले गर्दा कीर्तिपुरको अवस्था दयनीय हुन गयो। पृथ्वीनारायण शाहले पानीको कुलोसमेत बन्द गरेपछि हाहाकार मच्चियो र कीर्तिपुरले बाध्य भई वि..सं. १८२३ (इ.सं.१७६७) मा आत्म समर्पण गऱ्यो। कीर्तिपुर गोरखा राज्यको क्षेत्रभित्र पर्न गयो।

उपत्यका विजय

वि.सं.१८२५ असोज १३ गते इन्द्रजात्राको दिन गोरखाली सेनाले काठमाडौँ उपत्यका आक्रमण गरी आफ्नो कब्जामा लियो। त्यसपछि पाटनले वि.सं. १८२५ असोज २४ गते आत्मसमर्पण गऱ्यो र वि.सं.१८२६ कात्तिक २८ गते भक्तपुर आक्रमण गरी मङ्सिर १ गते गोरखाली सेनाले त्यहाँ पनि नेपाली खाँडो जगायो।

क्रियाकलाप

१. उपत्यका विजय गर्नुभन्दा अगाडि मकवानपुर विजय गर्नु किन आवश्यक थियो ? तर्क दिनुहोस् ।

२. मकवानपुरको विजयपछि काठमाडौँ उपत्यकाको आर्थिक नाकाबन्दी कसरी सफल भयो ?

३. काठमाडौँ उपत्यका विजय अभियान कुन रणनीति अवलम्बन गरी सफल भयो ?

४. काठमाडौँ उपत्यका विजय अभियानमा वि.सं. १८०० देखि १८३० सम्म घटेका घटनाहरूको तल दिइएजस्तै समयतालिका तयार गर्नुहोस् :

जस्तै : वि.सं. १८०१ नुवाकोट आक्रमण



५. धैर्य र साहसका साथ योजनाबद्ध ढङ्गबाट लागिपरेमा आफ्नो लक्ष्यमा पुग्न सकिन्छ भन्ने कुरा कीर्तिपुर विजय अभियानको उदाहरण दिएर पुष्टि गर्नुहोस् ।

६. मकवानपुर विजय अभियानलाई कथात्मक रूपमा प्रस्तुत गर्नुहोस् ।

७. तपाईंले आफ्नो जीवनमा सफलता प्राप्त गर्नुहुँदा अपनाउनुभएका उपायहरूको सूची तयार गर्नुहोस् ।

८. आज हाम्रो समाजमा व्याप्त जातीय, धार्मिक, भाषिक र वैचारिक आधारको विविधतालाई एकताबद्ध गरी राष्ट्रिय विकासलाई अगाडि बढाउन के गर्नुपर्ला, एक योजना तयार गर्नुहोस् ।

सामुदायिक कार्य

तपाईंको समुदायमा विद्वान् मानिस बस्नुहुन्छ भने उहाँसँग भेट्नुहोस् र केही समयअघि भेट्ने समय र विषय निर्धारण गर्नुहोस् । समय र विषय निर्धारण गर्दा आफ्नो डायरीमा व्यक्तिको नाम, भेट्ने उद्देश्य, मिति, कुन समयमा भेट्ने, कति समयसम्म कुरा गर्ने, कुन ठाउँमा भेट्ने इत्यादि कुराहरू लेख्नुहोस् । त्यसपछि निर्धारित समयमा सबै काम सिध्याउनुहोस् । तपाईंले अन्तर्वार्ता लिँदा यी कुराहरू सोध्न नबिर्सनुहोस् :

(क) तपाईं प्रत्येक दिन के के काम गर्नुहुन्छ ?

(ख) ती कामहरू गर्न कति समय र घण्टा लाग्छ ?

(ग) पहिले गर्ने गरेको काम र हाल गर्न थालेको काममा परिवर्तन किन भयो ?

(घ) कुन काम ठीक थियो ?

६. नेपाल अङ्ग्रेज युद्धका कारण र परिणामहरू

राजनीतिक कारण

एकीकरण अभियानमा पराजित बाइसी चौबिसी राज्यका प्रमुखहरू भारतमा शरण लिएर बसिरहेका थिए । उनीहरू अङ्ग्रेजको सहायताले आफ्नो गुमेको राज्य फिर्ता लिन चाहन्थे । यसर्थ उनीहरू अङ्ग्रेजलाई नेपालविरुद्ध उक्साइरहेका थिए ।

भीमसेन थापा

भीमसेन थापाले एसियाका पन्चाब, ग्वालियर, मराठालगायतका साना राज्यहरू सङ्गठित गरी अङ्ग्रेजहरूलाई एसियाबाटै धपाउने योजना बनाएका थिए । यसबाट अङ्गेज ज्यादै सर्तक भएकाले नेपालमाथि आँखा गाडेका थिए । भीमसेन थापा सामाज्यवादी विरोधी र राष्ट्रभक्त थिए । साम्राज्यवादी नेपाल पसेमा आन्तरिक मामिला र राजनीतिमा पनि हस्तक्षेप गर्छन् भन्ने उनको मान्यता थियो । त्यसैले उनले अङ्ग्रेजलाई एसियाबाटै धपाउने योजना बनाएका थिए । उनको योजना राष्ट्रियताको दृष्टिकोणबाट अत्यन्तै उपयोगी थियो । नेपालीहरूले अहिले पनि उनको दृष्टिकोणलाई कार्यान्वयन गर्नु सान्दर्भिक र उपयुक्त देखिन्छ किनकि नेपालको राष्ट्रियता र स्वाभिमान सबभन्दा महत्त्वपूर्ण विषय हो ।

आर्थिक कारण

यसताका नेपालको आर्थिक अवस्था निकै मजबुत थियो । नेपालको भारत र तिब्बतसँगको व्यापार अत्यन्तै राम्रोसँग चलेको थियो । वैदेशिक व्यापारबाट नेपाललाई धेरै फाइदा भएको हुँदा उक्त आम्दानीबाट नेपालले आफ्नो सेनाका लागि हातहतियार सङ्कलन गरिरहेको थियो । यो भारतका लागि खतरा थियो । ब्रिटिसहरू नेपालको शीतल जलवायुबाट प्रभावित थिए । उनीहरू नेपाल प्रवेश गरी घुमफिर गर्न चाहन्थे तर नेपाल सरकारले त्यस वेला विदेशीहरूलाई नेपाल प्रवेश गर्न प्रतिबन्ध लगाएको थियो । यसका साथै ब्रिटिसहरू आफ्नो सामान नेपालमा बेच्न चाहन्थे र नेपालसँग व्यापार गरी नेपालको बाटो तिब्बतसम्म पुग्न चाहन्थे । अङ्ग्रेजहरूले नेपालको प्राकृतिक सम्पदामाथि पनि आँखा गाडेका थिए । खास गरी उनीहरू जडीबुटी, काठ र तराईको उर्वरा जमिन प्राप्त गर्न चाहन्थे ।

तत्कालीन कारण

मार्क्विस अफ हेस्टिङ्गस

नेपाल अङ्ग्रेज युद्धको तत्कालीन कारण बुटवल र स्युराजको विवाद थियो । बुटवल र स्युराज पाल्पाका राजाले अवधका नबाबसँग मालपोत बुझाउने गरी लिएका थिए । एकीकरणको सिलसिलामा पाल्पामाथि विजय प्राप्त गरेपछि बुटवल र स्युराज पनि नेपालको नियन्त्रणमा आयो तर ब्रिटिसले यी दुई स्थानमा आफ्नो अधिकार रहने माग गरी ब्रिटिस गर्भनर जनरल मार्क्विस अफ हेस्टिङ्गस (Marquis of Hastings) ले बुटवल र स्युराज तुरुन्त खाली गर्न नेपाल सरकारलाई धम्कीपूर्ण पत्र पठाए तर स्वाभिमानी भीमसेन थापा उनको धम्कीबाट डराएनन् ।

नेपालले बुटवल र स्युराज नछोड्ने निश्चय गऱ्यो । यसर्थ इ.सं. १८१४ मा हेस्टिङ्गसले नेपालविरुद्ध युद्धको घोषणा गरे ।

नेपाल अङ्ग्रेज युद्ध दुई वर्षसम्म चल्यो । नेपाली वीर सपूतहरूले बडो वीरतापूर्वक लडे तापनि शक्तिशाली अङ्ग्रेजको अगाडि नेपालको केही लागेन । भीमसेन थापाले भारतीय राज्यहरू पन्जाब, ग्वालियर र मराठाबाट अङ्ग्रेजको विरुद्धमा सहयोग प्राप्त गर्ने आशा गरेका थिए तर ती राज्यहरूले नेपाललाई कुनै सहयोग गरेनन् । अन्ततः इ.सं. १८१६ मा नेपालले बाध्य भएर अङ्ग्रेजसँग सुगौलीको सन्धि गर्नुपऱ्यो । यसका परिणामहरू निम्नानुसार छन् :

१. अपमानजनक सुगौली सन्धिमा हस्ताक्षर गर्नु परेको
२. नेपालले कुमाउँ, गढवाल, नैनीताल तथा दार्जिलिङजस्ता ठन्डा तथा दर्शनीय स्थलसहित कुल भूमिको तीन खण्डको एक खण्ड इस्ट इन्डिया कम्पनीलाई बुझाउनुपरेको र नेपालको भूभाग विस्तार ठप्प भएको
३. भारतस्थित गभर्नर जनरलहरूले नेपालको आन्तरिक मामलामा हस्तक्षेप गर्नुहुँदैन भन्दाभन्दै पनि नेपालमा राजदूतावास खोली यहाँको आन्तरिक मामलामा बारम्बार हस्तक्षेप गर्ने गरेको
४. नेपाल दरबारमा षड्यन्त्र प्रारम्भ भएको
५. नेपालीहरूको वीरतालाई आफ्नो साम्राज्य विस्तार गर्ने ब्रिटिसहरूले आफ्नो सेनामा लैजाने नीति लिएको

क्रियाकलाप

१. नेपालअङ्ग्रेज युद्धका प्राकृतिक, आर्थिक तथा राजनीतिक कारणहरू केके थिए ?
२. अङ्ग्रेजहरूले चाहेको भए यस युद्धलाई कसरी रोक्न सक्थ्यो ?
३. बुटवल र स्युराजको विवादलाई नेपालअङ्ग्रेज युद्धको तात्कालीन कारण किन मानिन्छ ?
४. नेपालअङ्ग्रेज युद्धका परिणाम केके हुन् ?
५. हाम्रो सिमानामा कसरी सुरक्षा गर्नुपर्छ र शत्रुले अतिक्रमण गरेमा हामीले के गर्नुपर्छ ?
६. युद्धको समयमा शत्रुका रूपमा रहेको वेलायत युद्धपछि कसरी मित्र बन्यो ?
७. नेपालको वीरतापूर्ण गौरवमय परम्परा तथा संस्कृतिलाई हामीले कसरी रक्षा गर्नुपर्छ ?
८. एकजना अङ्ग्रेज डाक्टर राणा शासनकालमा स्थापित वीर अस्पतालमा काम गर्न चाहन्छन् भने तपाईंको सल्लाह के छ ?
९. "भीमसेन थापा गर्भनर जनरलको धम्कीबाट डराउने जनरल थिएनन् । उनी साहसी र वीर थिए । उनी स्वाभिमानी नेपाली थिए ।" पुष्टि गर्नुहोस् ।

सामुदायिक कार्य

तपाईंको छिमेकमा जग्गा सम्बन्धमा कुनै झगडा भएमा तपाईं त्यसको समाधान गर्न केके सुझावहरू दिनुहुन्छ ? के राष्ट्रराष्ट्रहरूबीचको झगडालाई व्यक्तिको झगडासँग तुलना गर्न सकिन्छ ? सकिन्छ भने कुनकुन आधारमा गर्न सकिन्छ ? सकिँदैन भने कुनकुन आधारमा गर्न सकिँदैन ? छिमेकीसँग सोधेर वुवै सन्दर्भसँग सम्बन्धित सुझाव लिनुहोस् र आफ्नो विश्लेषण गर्नुहोस् ।

७. नेपाल अङ्ग्रेज युद्धमा नेपाली वीर वीराङ्गनाहरूको योगदान

बलभद्र कुँवर

बलभद्र कुँवर

अमरसिंह थापाले देहरादुन इलाकाको रक्षा गर्ने अभिभारा २० वर्षका कप्तान बलभद्र कुँवरलाई दिएका थिए । बलभद्र कुँवर देहरादुनदेखि लगभग पाँच माइल पूर्व नालापानी भन्ने ठाउँको करिब ६ सय फिट अग्लो थुम्कामाथि बनेको खलङ्गा नामको किल्लामा बसेका थिए । उनको साथमा सिपाही, आइमाई केटाकेटी गरी करिब ६ सय जति मानिस थिए । अङ्ग्रेजको तर्फबाट मेजर जनरल जिलेस्पी र कर्नेल मबीको नेतृत्वमा एघारओटा तोप र पैंतीससय फौज, खलङ्गामाथि आक्रमण गर्न आएका थिए । खलङ्गाको किल्लामाथि आक्रमण गर्नुभन्दा एक रात अगाडि जनरल जिलेस्पीले बलभद्र कुँवरलाई आत्मसमर्पण गर्न पत्र पठाएका थिए, तर बलभद्र कुँवरले "आधि रातमा पत्र पढ्ने हाम्रो बानी छैन, म छिट्टै जिलेस्पीसँग भेट्ने छु" भनी पत्र पढ्दै नपढी च्यातेर फालिदिए । यसपछि अङ्ग्रेजहरूले नेपाली फौजमाथि आक्रमण गरे । यसको भोलिपल्ट ३० अक्टोबर १८१४ का दिन अङ्ग्रेज फौजमाथि प्रत्याक्रमण गर्दै अङ्ग्रेजहरूलाई अगाडि बढ्नबाट रोक्ने प्रयास जारी राखे । यस युद्धमा लेफ्टिनेन्ट एलिस र जनरल जिलेस्पीलाई पनि नेपाली सेनाको गोली लाग्यो र उनीहरूको मृत्यु भयो । जिलेस्पीको मृत्युले गर्दा अङ्ग्रेज फौज निरास भई भागेर देहरादुन फर्क्यो । बलभद्र कुँवरले अङ्ग्रेजसँग लड्न थप सहायता माग गरी काठमाडौँमा पत्र पठाएका थिए तर केन्द्रबाट कुनै सहयोग प्राप्त हुन सकेन । साथै खलङ्गाको रक्षाका निम्ति नहानबाट हिँडेको नेपाली फौजलाई पनि अङ्ग्रेजी फौजले बाटामै रोकिदियो ।

मेजर जनरल सर रोवर्ट रोल्स जिलेस्पी

नोभेम्बर १८१४ मा दिल्लीबाट ठूलो तोप आइपुगेकाले अङ्ग्रेजले कर्नेल मबीको नेतृत्वमा दोस्रो पल्ट खलङ्गामाथि आक्रमण गऱ्यो । नेपाली फौजले ढुङ्गामुढा प्रहार गरी अङ्ग्रेज सेनालाई रोक्न प्रयास जारी राखे । युद्धमा भाग लिइरहेका अङ्ग्रेज कप्तान बन्सिटार्ट (Vansittart) र प्रिन्सेप (Prinsep) ले आफ्नो पुस्तकमा यस युद्धमा नेपाली महिलाहरूले देखाएको वीरताको मुक्तकण्ठले प्रशंसा गरेका छन् । युद्ध सकिएपछि घाइते र मृत नेपाली महिलाहरूको लास पर्खालसँगै फेला परेका थिए । यस युद्धमा अङ्ग्रेज पक्षको धनजनको ठूलो क्षति भयो तापनि उनीहरूले काँगडाको किल्ला कब्जा गर्न सकेनन् । यसर्थ कर्नेल मबीले युद्धको नीतिमा परिवर्तन ल्याए र काँगडाको किल्लाभित्र जाने पानीको मुहान बन्द गरिदिए जसले गर्दा किल्लाभित्र पानीको प्यासले हाकाकार मच्चियो । आखिरमा ३० नोभेम्बर १८१४ को बिहान एकाएक किल्लाको ढोका खोली जीवित रहेका सत्तरी नेपाली महिला, पुरुष र बालबालिकाका साथमा नाङ्गो तरबार लिई बलभद्र कुँवर बाहिर निस्के । बाहिर अङ्ग्रेज पक्षबाट भयङ्कर गोलावारी भइरहेको थियो तर यसको परवाह नगरी उनीहरू सरासर नजिकैको खोलामा गई पानी पिएर धेरै दिनको प्यास मेटे । यसबाट अङ्ग्रेज सेना किमकर्तव्यविमूढ भएको थियो । बलभद्र कुँवरले अङ्ग्रेज फौजलाई सम्बोधन गर्दै भने, "तिमीहरूका निम्ति दुर्ग (किल्ला) विजय गर्नु असम्भव थियो तर अब स्वयम् आफ्नो

इच्छाले त्यसको त्याग गर्दछु।" यसपछि उनी नहानबाट सहयोगका लागि आएको सेनाको साथ मिली जितगढतर्फ लागे। अङ्ग्रेजहरूले केही गर्न नसकी हेरेको हेर्‍यै भए। पछि गएर अङ्ग्रेजहरूले खलङ्गाको किल्ला ध्वस्त गरे तर उनीहरूले त्यहाँ नेपालीहरूको अद्भूत वीरताको प्रशंसा गर्दै एउटा शिलालेख सहस्रधारा रोडमा राखे। जसमा "हाम्रा वीर शत्रु बलभद्र कुँवर र उनका वीर गोरखा साथीहरूको स्मृतिमा सम्मानोपहार....." लेखिएको छ।



शिलालेख

क्रियाकलाप

१. बलभद्र कुँवरको भूमिका झल्काउने संवाद तयार गर्नुहोस्।

२. नेपाली महिलाहरू पुरुषसरह जुनसुकै क्षेत्रमा अगाडि बढ्न सक्छन् भन्ने भाव व्यक्त गर्दै नालापानीको युद्धको उदाहरण लिएर नेताले दिएको भाषणको आधारमा 'विद्यार्थी दैनिक' पत्रिकाका निम्ति एक समाचार तयार गर्नुहोस्।

३. नालापानीमा रहेको शिलापत्रको स्याहारसम्भार गर्न अनुरोध गर्दै गोरखापत्रका सम्पादकलाई एक पत्र लेख्नुहोस्।

४. नेपालअङ्ग्रेज युद्धमा खलङ्गा किल्लामा नेपाली महिलाहरूले देखाएको वीरताको बयान गर्नुहोस्।

५. बलभद्र कुँवरको सम्मानमा लेखिएका प्रत्येक शब्दको अर्थ निकालेर व्याख्या गर्नुहोस्।

सामुदायिक कार्य

तपाईंको विचार र सिद्धान्तसँग नमिल्ने तर असल काम गर्दै रहेको कुनै व्यक्ति तपाईंको समुदायमा छन् भने तिनीसँग सोधेर तिनले गरेका असल कामहरूको सूची तयार गर्नुहोस्। उहाँसँग यी प्रश्नहरू सोध्नुहोस्।

१. तपाईंले समाजको भलाइ हुने कुनकुन काम गर्नुभयो ?

२. तपाईंले ती कामहरू गर्दा केके अप्ठ्याराहरू भोग्नुपर्‍यो ?

३. तपाईं आफ्ले गरेको कामबाट किन सन्तुष्ट हुनुहुन्छ ?

४. तपाईंको कामबाट कुनकुन व्यक्तिहरू बढी लाभान्वित भएका हुन सक्छन् ?

८. नेपाली वीर वीराङ्गनाहरूको योगदान

अमरसिंह थापा

अमरसिंह थापा

बडाकाजी अमरसिंह थापा बाघ भीमसिंह थापाका छोरा थिए। भीमसिंहले पलान्चोकको युद्धमा वीरगति प्राप्त गरेपछि नेपाल एकीकरण अभियानमा बाइसे चौबिसे राज्यहरूमाथि विजय प्राप्त गर्न अमरसिंहले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए। यिनले नेपालको सिमाना पश्चिममा सतलजसम्म पुऱ्याएका थिए। नेपाल अङ्ग्रेज युद्धको समयमा सुदूर पश्चिमी क्षेत्रको युद्ध सञ्चालन गर्ने सम्पूर्ण अधिकार अमरसिंह थापालाई नै दिइएको थियो। यिनीहरू मलाउँको किल्लामा थिए।

युद्ध सुरु हुने ताका यिनी रामगढमा आफ्नो किल्ला बनाई बसेका थिए। त्यसवेला अङ्ग्रेजको तर्फबाट जनरल अक्टरलोनी करिब सातहजार सेना लिएर रामगढ कब्जा गर्न आएका थिए। अमरसिंह थापासँग पुगनपुग तीनहजार सेना थिए। उनले रामगढको सुरक्षा गर्न वीरतापूर्वक युद्ध गरे। चारैतिर नेपाली सेनाले हारेको खबर आएपछि केही नलागी अमरसिंह थापाले एक सन्धि गरी मलाउँ किल्ला अङ्ग्रेजलाई छाडिदिए। अमरसिंह जस्ता बहादुर सेनापति पछि हटेको देखी भीमसेन थापाले सुगौली सन्धिको तयारी गरे। अङ्ग्रेजहरूले पनि खुला हृदयले अमरसिंहको वीरताको प्रशंसा गरेका छन्। नेपाल अङ्ग्रेज युद्धमा नेपालको पराजय भएपछि उनी दुःखी भएर गोसाइँकुण्डतिर लागे र त्यही मरे।

भक्ति थापा

भक्ति थापा

सरदार भक्ति थापा लमजुङे राजा केहरिनारायण शाहको फौजमा थिए तर पछि यिनी गोरखाली फौजमा सरदार भए। नेपाल अङ्ग्रेज युद्धको समयमा सरदार भक्ति थापा सुरजगढको रक्षाका लागि बसेका थिए। यस समयमा उनको उमेर सत्तरी वर्षको थियो। सुरजगढको उत्तरमा रहेको मलाउँको किल्लामा अमरसिंह थापा थिए। अङ्ग्रेज फौजले मलाउ किल्लादेखि एकहजार गज मात्र टाढा रहेको देउथलको किलामाथि अधिकार गरेपछि नेपालको पश्चिमी क्षेत्र असुरक्षित हुन गयो। त्यसैले इ.सं. १८१५ अप्रिल १६ मा दुईहजार नेपाली फौजका साथ हातमा खुँडा, खुकुरी, तरबार लिएर सरदार भक्ति थापा अङ्ग्रेजहरूको तोपगोलीको परवाह नगरी युद्धभूमिमा हाम फाले। दुवैतर्फको फौजको बीचमा घमासान युद्ध भयो तर दुर्भाग्य भक्ति थापाको छातीमा गोली लाग्यो र यिनले युद्धभूमिमा नै वीरगति प्राप्त गरे। त्यहीँ सात सय नेपाली फौजले पनि वीर गति प्राप्त गरे भने अङ्ग्रेज पक्षको एकजना बाहेक तोपखानाका सबै अफिसरहरू मारिए। मेजर अक्टरलोनीले सरदार भक्ति थापाको लासमा अत्यन्त महँगो दोसल्ला ओढाई सम्मानपूर्वक नेपाली फौजलाई हस्तान्तरण गरे। भोलिपल्ट बिहान राजकीय सम्मानका साथ भक्ति थापाको दाहसंस्कार गरियो। यस युद्धमा नेपालको पराजयले गर्दा नेपाल अङ्ग्रेज युद्धले नयाँ मोड लियो। नेपाली फौजतर्फ निराशा बढ्यो भने अङ्ग्रेजहरू बढी उत्साहित हुन पुगे।

बम शाह

बम शाह कुमाउँका शासक थिए । यिनलाई प्रधानमन्त्री भीमसेन थापाले त्यसतर्फ खटाएका थिए । यिनले प्रशासकको रूपमा गरेको काम देखेर अङ्ग्रेजहरू पनि छक्क परेका थिए । नेपालअङ्ग्रेज युद्धको समयमा यिनले पश्चिमी क्षेत्रमा कुशलतापूर्वक युद्ध सञ्चालन गरेका थिए तर नेपालले जतासुकै हार खानुपरेको हल्ला अङ्ग्रेजहरूले फिँजाएपछि यिनी हरेस खाँदै गएका थिए । यिनी भीमसेन थापासँग असन्तुष्ट भएको थाहा पाई एडबर्ड गार्डनर (Edward Gardner) ले यिनलाई ठूलाठूला लोभ देखाई आफ्नो पक्षमा मिलाउन खोजे तर देशभक्त बम शाहलाई अङ्ग्रेजहरूले आफ्नो पक्षमा मिलाउन सकेनन् ।

रणवीरसिंह थापा

भीमसेन थापाका कान्छा भाइ रणवीरसिंह थापा नेपालअङ्ग्रेज युद्ध हुँदा वि.सं. १८७१ मा मकवानपुरमा खटिई गएका थिए । यिनको मातहतको फौजले अङ्ग्रेज फौजलाई ज्यादै नराम्रोसँग हराइदियो । युद्धपछि यिनी पाल्पाका शासक तथा कालीबक्स र सबुज पल्टनका जनरल भए । केही समयपछि यिनले सन्यास लिएर स्वामी अभयानन्दको नामबाट प्रसिद्ध भए ।

उजिरसिंह थापा

प्रधानमन्त्री भीमसेन थापाका पिता जर्नेल अमरसिंह थापा पाल्पाका गभर्नर बनाइएका थिए । अमरसिंह थापाको मृत्युपछि यिनका नाति नयनसिंह थापाका छोरा उजिरसिंह थापा यिनको ठाउँमा पाल्पाका गभर्नर भए । नेपाल अङ्ग्रेज युद्धको समयमा जर्नेल उडको नेतृत्वमा आक्रमण गर्न आएको अङ्ग्रेज फौजलाई उजिरसिंह थापाले नराम्रोसँग हराएर धपाइदिए । नेपालको आधुनिक इतिहासमा यिनको वीरता अविष्मरणीय रहने छ ।

क्रियाकलाप

१. "बूडाकाजी अमरसिंह थापा वीर पिताका वीर पुत्र थिए" व्याख्या गर्नुहोस् ।

२. नेपाल अङ्ग्रेज युद्धमा नेपाली वीरहरूले देखाएको वीरताको उल्लेख गर्दै आफ्ना बहिनीलाई निडर हुन सल्लाह दिँदै पत्र लेख्नुहोस् ।

३. नेपाल अङ्ग्रेज युद्धमा नेपाली वीरहरूले देखाएको स्वाभिमान, राष्ट्रप्रेम र बहादुरीको घटनालाई अभिनयद्वारा प्रस्तुत गर्नुहोस् ।

४. "वीर भक्ति थापाले देउथलको युद्धमा देखाएको वीरता" शीर्षकमा कक्षाकोठामा वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्नुहोस् ।

५. नेपाल अङ्ग्रेज युद्धमा वम शाह, रणवीरसिंह थापा र उजिरसिंह थापाको योगदान उल्लेख गरी संवाद तयार गर्नुहोस् ।

सामुदायिक कार्य

तपाईंको समुदायमा रहेका वृद्ध व्यक्तिहरूसँग उनीहरूले आफ्नो युवा अवस्थामा गरेका जोखिमपूर्ण, वीरतापूर्ण र साहसिला एवम् प्रशंसनीय कार्यहरूको विषयमा सोधपुछ गरी लेख तयार गर्नुहोस् र यसलाई कुनै पत्रिका वा स्कुलको भित्ते पत्रिकामा प्रकाशन गर्नुहोस् ।

९. राणाशासनको उदय र पतनका कारणहरू

राणाशासनको उदय

१. नेपालको अस्थिर राजनीति

पृथ्वीनारायण शाहको मृत्युपछि उनका छोरा प्रतापसिंह शाह राजा भए तर २ वर्ष ९ महिना शासन गरेपछि उनको मृत्यु भयो र उनका छोरा रणबहादुर शाह तीन वर्षको उमेरमा राजा भए । यसपछि नेपालमा अस्थिर राजनीति सुरु भयो ।

२. हत्याको शृङ्खला

माथवरसिंह थापाको हत्यापछि फत्तेजङ चौतरिया प्रधानमन्त्री भए तापनि दरबारमा रानी राज्यलक्ष्मीका प्रिय पात्र गगनसिंह प्रभावशाली थिए । वि.सं. १९०३ भदौ ३१ गते राती गगनसिंहको पनि अचानक हत्या भएपछि त्यसै रात उनको हत्यारा पत्ता लगाउने निहुँमा कोतमा भेला भएका अधिकांश भारदारहरूको हत्या भयो । यसलाई कोतपर्व भनिन्छ ।

३. तीन पर्वहरू

सर्वप्रथम कोतपर्व भयो। यस पर्वबाट जङ्गबहादुर नेपालका प्रधानमन्त्री र प्रधान सेनापति भए । यसपछि वि.सं.१९०३ कात्तिक १७ गते भण्डार खाल पर्व भयो। यस पर्वबाट जङ्गबहादुरले राजा राजेन्द्र र रानी राज्यलक्ष्मीलाई देशनिकाला गरे । यसपछि भएको अलौ पर्वबाट जङ्गबहादुरले राजा राजेन्द्रलाई राजगद्दीविरुद्ध क्रियाकलाप गरेको दोष लगाई नजरबन्द गरेर सुरेन्द्रलाई राजा घोषित गरे । आफू सर्वशक्तिमान भई नेपालको शासन चलाए ।



कोतपर्व भएको स्थल

४. राजपरिवारसँग वैवाहिक सम्बन्ध

जङ्गबहादुर आफूले पनि फत्तेजङ शाहकी बहिनीसँग विवाह गरे । राजा सुरेन्द्रको विवाह आफ्नो भाई कृष्णबहादुरको छोरीसँग गराए । आफ्ना दुई छोरा जगत्जङ र जीतजङको विवाह राजा सुरेन्द्रकी छोरीसँग गराए । पछि गएर उनका दुई छोरीहरूको विवाह पनि युवराज त्रैलोक्यसँग भयो । यस्तो वैवाहिक सम्बन्धले गर्दा उनको सामाजिक प्रतिष्ठा बढ्नुका साथै अझ शक्तिशाली भए ।

५. वि.सं. १९१३ साउन २४ को लालमोहर

वि.सं. १८५६ राजा सुरेन्द्रले जङ्गबहादुरलाई कास्की र लमजुङको श्री ३ महाराजको पदवी दिएपछि जङ्गबहादुरको शक्ति सर्वोच्च स्थानमा पुग्यो र राणाहरूको शासनको जग बस्यो । उनले हत्या, षड्यन्त्र र रक्तपातले क्षीण बनाएको नेपाललाई शक्ति र स्थायित्व प्रदान गरी एकतन्त्रीय शासनको सुरुवात गरे ।

राणाशासन पतनका कारणहरू

१. पारिवारिक सङ्घर्ष

जङ्गबहादुरकै समयमा पनि उनलाई सत्ताच्युत गर्ने धेरै प्रयासहरू भए तर सफल हुन सकेनन्। उनको मृत्युपछि भएको १९३८ साल र १९४२ सालका पर्वहरूमा उनका भाइका छोराहरूले जङ्गबहादुरका सन्तानहरू सबैलाई खतम गरी प्रधानमन्त्रीको नयाँ रोलक्रम तयार गरे जसमा धीरशमशेरका छोराहरू शक्तिशाली भए।

२. सी क्लासका राणाहरूको निष्कासन

चन्द्रशमशेरले राणा परिवारमा ए, बी र सीको वर्गीकरण गरी राणा परिवारमा वैमनस्यको अर्को बीज रोपे। जुद्धशमशेरले सी क्लासका राणाहरूलाई प्रधानमन्त्रीको रोलक्रमबाट हटाई देशनिकाला गरे जसले गर्दा सी क्लासका निष्कासित राणाहरू राणाशासन विरोधी भए।

३. राणाविरोधी आन्दोलन

जङ्गबहादुरको समयमा राणाहरूको एकतन्त्रीय निरङ्कुश शासनको विरोध नै सुरु भएको थियो। प्रथम विश्वयुद्धपछि असगङ्ठित रूपमा विद्रोहका आवाजहरू उठेको थियो तर चन्द्रशमशेरले दबाए। मकै पर्व, आर्य समाज आदिका रूपमा देखिएका विद्रोही आवाज चन्द्रशमशेरले नै दबाएका थिए। वि.सं. १९८७ पछि चर्खाप्रचार अभियान, प्रचण्ड गोरखा, महावीर स्कुल, पुस्तकालय पर्व, प्रजापरिषद्, जयतु संस्कृतम् आदि सङ्गठित आन्दोलनको क्रम सुरु भयो।

४. राजा त्रिभुवनको गद्दी त्याग र सशस्त्र सङ्घर्ष

वि.सं. २००७ कात्तिकमा राजा त्रिभुवनले नारायणहिटी दरबार त्याग गरी भारतमा शरण लिन गएपछि राणा विरोधी आन्दोलन चरम सीमामा पुग्यो र वि.सं.२००७ सालमा फागुन ७ गते प्रजातन्त्रको घोषणा भएपछि राणाशासन अन्त भयो।

क्रियाकलाप

१. कोतपर्व, भण्डारखाल पर्व र अलौ पर्वले जङ्गबहादुरलाई कसरी शक्तिशाली बनाउँदै लग्यो ?

२. जङ्गबहादुरको उन्नति झल्कने घटनाहरूको तालिका बनाउनुहोस्।

३. कुनकुन पर्वका निम्ति कुनकुन व्यक्तिहरू बढी जिम्मेवार देखिएका छन् ? यसरी जिम्मेवार देखिने कारण खुलाउनुहोस्।

४. यदि तपाईं कोतपर्वमा जङ्गबहादुरविरोधी भएको भए के गर्नुहुन्थ्यो ?

५. त्यस बखत नेपालीहरू देशबाट निष्कासित गरिएपछि किन काशीतर्फ लाग्दथे ?

सामुदायिक कार्य

तपाईंको समुदायका कुनै सामान्य व्यक्ति आफ्नो बुद्धि, विवेक र परिश्रम गरेर उच्च पदमा पुगेका छन् भने उनीसँग सोधेर जीवनी तयार गर्नुहोस्।

१०. राणाकालीन प्रमुख उपलब्धिहरू

राणाशासन कालभर सबै प्रकारको उच्च पदहरू राणाहरू र उनका परिवारले नै प्राप्त गर्दथे । सेनामा पनि कर्नेलभन्दा माथिल्लो पदमा राणाहरूभन्दा अन्य जनताले ठाउँ पाउँदनथे । उनीहरूले राजालाई प्रशासनबाट सधैँ टाढा राखे । यति हुँदाहुँदै पनि आफ्नो शासन टिकाउने क्रममा केही कार्यहरू भए जसलाई राणाशासनको उपलब्धि मानिन्छ ।

प्रशासनिक उपलब्धि

राणाकालमा दैनिक प्रशासन सञ्चालनको अड्डा, ऐनकानुन बनाउन ऐनखाना र कौशल अड्डा, राजस्व जम्मा गर्न मुलुकी खाना जस्ता अड्डाहरू स्थापना गरिए । राणाकालमा नै केही सरकारी अड्डाहरू स्थापना गरिए । राणा कालमा सरकारी हुलाकीको व्यवस्था पनि गरियो । प्रशासनलाई चुस्त राख्न पृथ्वीनारायण शाहको पालादेखि चलिआएको पजनी प्रथालाई उनीहरूले कायमै राखे । पजनी सिधै श्री ३ बाट हुने हुँदा कर्मचारीहरू सदैव राणाहरूप्रति बफादार रहने भए । यस्तै राणाहरूले जिल्ला जिल्लामा रहेका प्रशासकहरूको कार्यको मूल्याङ्कन गर्न र जिल्ला प्रशासनले गरेका कार्यहरूबाट कसैलाई अन्याय परेको भए उजुरी सुन्नका लागि दौडाहा व्यवस्था गरे । दौडाहाहरू पठाउँदा पूर्व सूचना दिएर पठाइन्थ्यो जसले गर्दा जिल्लाबासीले दौडाहासमक्ष अँफ्ना पिरमर्का सुनाउने मौका पाउँथे । दौडाहामा नौ सदस्य रहन्थे जसमा न्याय क्षेत्रका अनुभवीहरू पनि हुन्थे तर दौडाहा प्रमुखमा भने राणाहरू नै हुन्थे ।

जङ्गबहादुरले युरोप यात्राबाट फर्केपछि वि.सं.१९१० पुस २३ गते नेपालमा सर्वप्रथम लिखित मुलुकी ऐन लागू गरे तर यसबाहेक अन्य ऐनकानुन लिखित रूपमा थिएनन् । शासन व्यवस्था पूर्ण रूपमा केन्द्रीकृत थियो र श्री ३ को हुकुम नै कानुन हुन्थ्यो ।

आर्थिक उपलब्धि

राणाकालीन अर्थ व्यवस्था कृषिमा आधारित थियो । जङ्गबहादुरले पूर्व इलाममा चिया खेती सुरु गरे । यस्तै चन्द्रशमशेरले कृषि विकासका लागि सप्तरीको त्रिजुगा नदीबाट चन्द्रनहरको निर्माण गराए । जुद्धशमशेरले रौतहटको मनुस्मारा नदीबाट जुद्ध नहरको निर्माण गराए । राणाकालमा उद्योगतर्फ पनि केही सकारात्मक कदमहरू चालिए । त्यस वेला घरेलु कपडा उद्योग, कागज उद्योग, हातहतियार कारखाना, धातुका भाँडाकुँडा उद्योग प्रचलनमा थिए तर आधुनिक उद्योग कलकारखाना भने जुद्धशमशेरको समयदेखि मात्र सुरु भयो । उनैको पालादेखि नेपालमा कम्पनी कानुन लागू भयो । यसै कानुनअनुसारमा विराटनगर जुटमिल, वीरगन्जमा जुद्ध म्याच फ्याक्ट्रीको स्थापना भयो । जद्धशमशेरले औद्योगिक प्रर्दशनी गरी जनतालाई उद्योगतर्फ आर्कषित गर्ने प्रयास गरेका थिए । यस्तै नेपालको चीन तिब्बत र भारतसँग पनि व्यापार चल्दथ्यो । नेपालको केही कच्चा पदार्थ भारतको कलकता हुँदै युरोपसम्म पुग्दथ्यो ।

सामाजिक उपलब्धि

जङ्गबहादुरले वि.स.१९०३ मा राणा शासन सुरु गरेपछि समाजमा प्रचलित विभिन्न कुरीतिहरूलाई हटाउने प्रयास गरे । यसका लागि उनले सर्वप्रथम वि.सं. १९१० मा नेपालको प्रथम लिखित मुलुकी ऐनको व्यवस्था

गरे । यो ऐनले देशमा कानुनी एकरूपता ल्याउने काम गऱ्यो । जङ्गबहादुरले त्यस वेला प्रचलित सती प्रथा हटाउने प्रयास गरेका थिए तर सफल हुन सकेनन् । चन्द्रशमशेरले वि.सं. १९७७ असार २५ गते सती प्रथामाथि पूर्ण प्रतिबन्ध लगाए । वि.सं. १९७७ मा एउटा ऐन जारी गरी अबदेखि नेपालका सम्पूर्ण दासदासीहरूलाई मुक्त गरिएको घोषणा गरे । साथै अब उप्रान्त दासदासी बनाउन र खरिदबिक्री गर्न नपाइने घोषणा गरी दास प्रथालाई सदाका लागि अन्त गरे । यी स्वतन्त्र गरिएका दासदासीहरूमध्ये युवकहरूलाई ब्रिटिस सेनामा भर्ती गरी अङ्ग्रेजको सहायताका निम्ति प्रथम विश्वयुद्धमा पठाइयो भने बाँकीलाई बसोबासका लागि भिक्षाखोरीमा जग्गा उपलब्ध गराइयो । पछि यो स्थानको नाम अमलेखगन्ज रहन गयो । राणाकालमा विधवा विवाहलाई पनि केही खुकुलो पारियो । साथै पैतृक सम्पत्तिमा पनि नारीको केही मात्रामा अधिकार हुने भयो ।

राणाशासनकालमा विद्यालय शिक्षामा पाश्चात्य पद्धतिको प्रवेश भयो । विशेषतः राणाहरूले आफ्ना छोराहरूलाई अङ्ग्रेजी पढाउनका लागि नेपालमा पनि अङ्ग्रेजीको पठनपाठन सुरु गरे । देवशमशेरले देशभरि १०० जति आधारभूत प्राथमिक पाठशालाहरू खोल्न लगाए । उनले गोरखापत्रको प्रकाशन पनि सुरु गरे । चन्द्रशमशेरले उच्च शिक्षाका लागि त्रिचन्द्र कलेजको स्थापना गरे । यस्तै पद्मशमशेरले कन्या पाठशाला खोली नारी शिक्षाका लागि बाटो खोलिदिए । यद्यपि राणाकालीन समाज वर्ण व्यवस्थामा आधारित समाज थियो । जहानियाँ, हुकुमी, निरङ्कुश राणाशासनअन्तर्गत समाजमा जातीय प्रथा, छुवाछुत, बालविवाह, बहुविवाह, अनमेल विवाह जस्ता कुप्रथाहरू व्याप्त थिए ।

क्रियाकलाप

१. चन्द्रशमशेरका सामाजिक सुधारले नेपालमा कस्तो प्रभाव पाऱ्यो ?

२. कुन राणा प्रधानमन्त्रीको शासनकाल उद्योगका लागि महत्त्वपूर्ण मानिन्छ र किन ?

३. राणा शासनकालका कुनकुन कुराहरू हालसम्म पनि अत्यधिक मात्रामा प्रयोग भइरहेका छन् ?

४. राणा शासनको कृषि प्रणाली आजसम्म पनि कायम रहने कारणहरू केके हुन सक्छन् ? त्यसमा समयअनुसार सुधार गर्न केके सल्लाह दिनुहुन्छ ?

५. राणा शासनकालको प्रशासनिक उपलब्धि देखाउने समाचार बनाउनुहोस् ।

६. राणाशासनका राम्रानराम्रा पक्षहरू तालिकामा देखाई समीक्षा गर्नुहोस् ।

सामुदायिक कार्य

राणाशासनमा केही राम्रा कामहरूको थालनी भएको देखिन्छ । गोबर फोहोर चिज हो तर यसको सही उपयोग गर्न सके धेरै फाइदा लिन सकिन्छ । राणाशासन आफैंमा खराब शासन पद्धति भएर पनि त्यस समयमा भएका केही राम्रा कामहरूलाई उपलब्धिका रूपमा लिन सकिन्छ । यसले खराबीभित्रको थोरै भए पनि राम्रो पक्षको उजागर गर्ने, विपक्षको राम्रो कामको प्रसंशा गर्ने र त्यसको उपयोग गरी सुखी जीवन बाँच्ने प्रेरणा मिल्दछ । तपाईंको समदामा रहेका विरोधी वा खराब आचरणका व्यक्तिहरूको पनि कुनै न कुनै राम्रो काम वा गुणहरू हुन सक्छन । त्यसको खोजी गर्नुहोस् र प्रचार गर्नुहोस् ।

११. औद्योगिक क्रान्ति

अठारौँ शताब्दीको उत्तरार्ध र उन्नाइसौँ शताब्दीको पूर्वार्ध इ.सं १७६०-१८४० मा इङ्ल्यान्डको उद्योगमा आश्चर्यजनक प्रगति भएको थियो । यसलाई अर्थशास्त्रीहरूले औद्योगिक क्रान्तिको संज्ञा दिए । यो परिवर्तन औद्योगिक क्षेत्रमा यन्त्र शक्तिद्वारा सञ्चालित मेसिनद्वारा र उद्योगको सञ्चालन फ्याक्ट्री उत्पादनले लियो । यसले उत्पादन प्रक्रियामा क्रान्तिकारी परिवर्तन ल्यायो जसले गर्दा कृषिप्रधान इङ्ल्यान्ड उद्योगप्रधान देशका रूपमा परिणत भएको थियो ।

औद्योगिक क्रान्ति हुनुभन्दा अगाडि इङ्ल्यान्डमा मुख्यत: ऊनी, सुती, कोइला, फलाम उद्योगहरू घरेलु स्तरमा विद्यमान थिए । यी उद्योगहरूमा बालक, महिला र पुरुषहरू लागेका हुन्थे । प्रधान कार्य कृषि र सहायक धन्दाको रूपमा उद्योग थियो । यसले गर्दा उनीहरूको आमदानीमा सहायता हुन्थ्यो ।

सुती धुने काम केटाकेटीहरू गर्दथे, धागो कात्ने काम महिलाले गर्दथे र बुन्ने काम पुरुषले गर्दथे । इङ्ल्यान्डको प्रमुख उद्योग ऊनी उद्योग भए तापनि मेसिनको प्रयोग सुती उद्योगमा भएको थियो । इ.सं. १७०० को एउटा कानुनले इङ्ल्यान्डमा विदेश (भारत, चीन, इरान) बाट सुती कपडा आयातमा बन्देज लगाएको थियो । सुती कपडाको माग स्वदेशमा र विदेश (पश्चिम अफ्रिका, वेस्ट इन्डिज, दक्षिण अमेरिका) मा प्रशस्त थियो । कच्चा पदार्थको आयात भारत र अमेरिकाबाट भइरहेको थियो । साधारणत: आठजनाले कातेको धागो एउटा बुन्ने मानिसका लागि पुग्थो । त्यसैले जुलाहाहरूको अगाडि धागाको ठूलो कमी भयो । यो कमी झन् बढ्न गयो । जोन के (John Kay) नाम गरेका जुलाहाले फ्लाइङ सटल (Flying Shuttle) नामको काठको कपडा बुन्ने मेसिन इ.सं.१७४३ मा आविष्कार गरे ।

यो मेसिनमा प्रयोग गरिएको धागो तानेर सटल चलाउन सकिने भएकाले दुईजनाले गर्ने काम गरे पुग्थ्यो । एकजनाले धागाको कमीलाई जेम्स हरग्रिब्स (James Hargreaves) को स्पिनिङ जेनी (Spinning Jenny) ले पूरा गरेको थियो, जसले हातले भन्दा आठ गुणा बढी धागो कात्न सक्यो । स्पिनिङ जेनीले धागो कात्ने प्रक्रियामा द्रुतगतिले परिवर्तन ल्याए तापनि घरेलु उद्योगको तरिकामा कुनै परिवर्तन आएको थिएन । रिचर्ड अर्कराइटले आविष्कार गरेको बाटरफ्रेम नामको मेसिन प्रयोगले गर्दा कारखाना पद्धतिको सुरुआत भएको थियो । यसैले आर्कराइटलाई आधुनिक फ्याक्ट्री पद्धतिका पिता भनिन्छ । जेनी र बाटरफ्रेमको सिद्धान्तमा आधारित रहेर स्यामुअल क्रम्टनले (Samuel Crompton) म्युल (Mule) को आविष्कार गरेका थिए । यस मेसिनबाट कातिएको धागो झन् बलियो र राम्रो हुन थाल्यो । धागाको कताइ प्रशस्त मात्रामा भएकाले अब जुलाहाको कमी भयो । बुन्ने काम अझै पनि हातद्वारा हुन्थ्यो । यो कमी पनि १७८५ मा एडमन्ड कार्टराइट (Edmund Cartwright) ले पावर लुमको आविष्कार गरेर सुरु गरे । पावर लुमको आविष्कारले गर्दा कताइबुनाइ दुवैमा जलशक्तिको प्रयोग हुन थाल्यो ।

शक्तिका निम्ति पानीमा निर्भर रहनुपर्दथ्यो । पानीबाट उत्पादित शक्ति वर्षभरि सजिलैसँग पाइँदैनथ्यो । नदीमा पानीको कमी भएको बखत मेसिनहरूलाई बन्द राख्नुपर्दथ्यो । यो कमीलाई पनि जेम्सवाट (James Watt) ले बाफबाट चल्ने इन्जिन बनाएर पूरा गऱ्यो । बाफबाट चल्ने इन्जिनले गर्दा अब मेसिनहरू बाह्रै महिना चलाउन सम्भव भयो ।

इन्जिन बनाउन र चलाउनलाई फलाम र कोइलाको आवश्यकता ठूलो मात्रामा भयो । त्यसैले उत्तम किसिमको फलाम ढाल्ने प्रक्रिया पनि सुधार गरियो । यसले गर्दा फलामको पुल इ.सं. १७७९ र फलामको जहाज

इ.सं. १८१० को निर्माण हुन थाल्यो। इ.सं. १८८५ मा हैम्फ्री डेवीले 'रक्षाबत्ती (Safety lamp)' को आविष्कार गरेर कोइलाखानीमा काम गर्न सजिलो भएको थियो।

मेसिनबाट ठूलो सङ्ख्यामा सामान उत्पादन हुन थालेपछि उत्पादित वस्तुहरूलाई देशका विभिन्न भागमा वितरण गर्नका लागि यातायातको समस्या भएको थियो। त्यसैले यातायात र सञ्चारको साधनमा पनि दूरगामी परिवर्तन ल्यायो। म्याकडमले राम्रो सडक बनाउने तरिका निकालेका थिए। इ.सं. १८०४ मा पहिलो रेल बनाइयो। स्टिफेन्सनले रेल्वे इन्जिन बनाए। बेन्जामिन फ्याङ्कलिनले बिजुलीको शक्ति, मोर्सी (Morsey) ले इ.सं. १८३७ मा टेलिग्राफ, बेलले इ.सं. १८६७ टेलिफोन, फेराडेले बिजुली बत्ती र मारकोनीले रेडियो र बेतारको तार (Wireless) को आविष्कार गरे। यी सबै आविष्कारहरूले गर्दा यातायात र सञ्चारको क्षेत्रमा अभूतपूर्व प्रगति भयो।

औद्योगिक क्रान्तिले कृषिमा पनि क्रान्ति ल्याएको थियो। वैज्ञानिक तरिकाबाट खेती सुरु भएको थियो। खेतीको पुरानो प्रणालीको सट्टा नयाँ वैज्ञानिक प्रणालीद्वारा खेती गर्न थालियो। नयाँनयाँ किसिमका घाँसपात र झारपातहरूको आविष्कारले गर्दा जाडोको मौसममा पशुहरूलाई पाल्न सजिलो भयो। पशुको जातमा सुधार गरियो। पशुहरू उत्तम किसिमका भएकाले बढ्दो सहरी जनसङ्ख्यालाई आवश्यक मासु र अन्नको समस्या यसले पूर्ति गरेको थियो।

औद्योगिक क्रान्तिले आर्थिक ढाँचामा पनि परिवर्तन ल्याएको थियो। अब घरेलु उत्पादनको सट्टा कारखानामा उत्पादन हुन थाल्यो। असीमित मात्रामा उत्पादन बढन थाल्यो। उद्योगका निम्ति पुँजीको आवश्यकताले संयुक्त पुँजी कम्पनी (Joint Stock Company) खोल्न थालियो। एकातिर यसले पुँजीपतिवर्ग खडा गऱ्यो भने अर्कातर्फ मजदुरवर्ग र मालिकका बीच मनमुटाव बढ्न लाग्यो। यस क्रान्तिले मुख्यतः सुती, इन्जिनियरिङ, फलाम, केमिकल, कोइला, यातायात उद्योगहरूमा ठूलो असर पऱ्यो।

क्रियाकलाप

१. वेलायतमा औद्योगिक क्रान्ति हुनुको प्रमुख कारण के थियो ?

२. औद्योगिक क्रान्तिको समयमा भएका प्रमुख आविष्कारहरू केके थिए ? यी आविष्कारहरूले केकस्ता परिवर्तन ल्याए ?

३. औद्योगिक क्रान्तिको परिणाम उल्लेख गर्दै बेलायतमा बस्ने साथीलाई पत्र लेख्नुहोस्।

४. कृषिमा भएको क्रान्तिले उद्योगको विकासमा कसरी मद्दत पुऱ्यायो ? यसलाई आधार मानी एउटा पत्रिकाका लागि सम्पादकीय तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस्।

५. औद्योगिक क्रान्तिले मानवजीवनमा कस्तो प्रभाव पाऱ्यो ?

सामुदायिक कार्य

विश्वमा ठूलठूला कारखानाहरूको स्थापना भई मजुदरहरूको सङ्ख्यामा पनि वृद्धि भयो तर उनीहरूको सुविधा वृद्धि भएन र जीवनस्तर दिनप्रतिदिन खस्कँदै गयो। यसपछि "विश्वका मजदुरहरू एक होऔं।" भन्ने नारा अघि सारियो र मजुदरको हकहितका निम्ति ट्रेड युनियनको अवधारणा जन्मियो। यसले मजदुरको हकहितका निम्ति केकस्ता कामहरू गरेको छ ? तपाईंको इलाकामा भएका उद्योग/कल-कारखानामा गई यससम्बन्धी प्रश्नावली तयार गर्नुहोस् र त्यसका आधारमा प्रतिवेदन तयार गर्नुहोस्।

सारांश

यस एकाइको अन्त्यमा हामीले निम्नलिखित कार्यहरू गर्न सिक्यौँ :

* इतिहास जान्ने स्रोतहरूको खोजी गर्न,
* गोरखाको सैनिक सुदृढीकरणको वर्णन गर्न,
* गोरखा राज्यको भक्तपुर, कान्तिपुर, तिब्बत तथा अङ्ग्रेजहरूसँगको सम्बन्धको महत्त्व दर्साउन,
* नुवाकोट विजयका घटनाहरू बताउन,
* आर्थिक नाकाबन्दीको परिणाम बनाउन,
* नेपाल अङ्ग्रेज युद्धका कारण तथा परिणामहरू उल्लेख गर्न,
* अङ्ग्रेजसँगको युद्धमा नेपाली वीर वीराङ्गनाहरूको भूमिकाको सम्मान गर्न,
* राणाशासन स्थापनाका कारणहरू उल्लेख गर्न,
* राणाशासनका पतनका कारणहरू उल्लेख गर्न,
* राणाशासनको समीक्षा गर्न,
* राणाशासनको उपलब्धिलाई वर्तमान नेपालसँग तुलना गर्न,
* औद्योगिक क्रान्तिको परिचय दिन र यसका प्रभावहरू उल्लेख गर्न ।

एकाइ
८

आर्थिक क्रियाकलाप



यस एकाइमा हामी निम्नलिखित विषयवस्तु अध्ययन गर्ने छौँ :

- कृषि, उद्योग र व्यापारको आपसी सम्बन्ध
- कृषि र उद्योग र व्यापारको महत्त्व, समस्या र समाधान
- आर्थिक योजनाको परिचय र अघिल्लो योजनाको समीक्षा
- गरिबी निवारण र रोजगार प्रर्वद्धनमा आर्थिक योजनाले पुऱ्याएको सहयोग

१. कृषि, उद्योग र व्यापारमा आपसी सम्बन्ध

नेपाल कृषिप्रधान देश हो । यहाँ धेरै मानिस कृषिकार्यमा लागेका छन् । कृषिबाट उद्योगका लागि आवश्यक कच्चा पदार्थ उत्पादन हुन्छ । जस्तो चिनीको लागि उखु आवश्यक पर्छ । त्यस्तै जुट उत्पादनका लागि सनपाट आवश्यक पर्छ भने चुरोट उत्पादनका लागि सुर्ती, चियाका लागि चियाका मुना र पातहरू आवश्यक पर्छन् । यी सबै कृषिबाट नै उत्पादन हुन्छन् । कृषिकार्यमा पशुपालन पनि पर्दछ । गाई, भैँसीबाट दूध उत्पादन हुन्छ । यसबाट दुग्ध उद्योग सञ्चालन गर्न सकिन्छ । उद्योगका लागि चाहिने कच्चा पदार्थ कृषिबाट प्राप्त हुन्छ । अनि कृषिबाट उत्पादित वस्तुहरू बजारमा लगेर विक्रीवितरण गरिन्छ । यसका लागि व्यापार आवश्यक छ । कृषि उत्पादन बढाउन कृषि औजार, रासायनिक मल, कीटनाशक औषधी उद्योगहरूबाट प्राप्त हुन्छ । व्यापारका माध्यमले उन्नत बिउबिजनहरू अन्यत्रबाट ल्याई कृषिकार्यमा प्रयोग गरिन्छ । यसबाट के स्पष्ट हुन्छ भने कृषि, उद्योग र व्यापारको आपसी सम्बन्ध रहेको छ । यसै गरी यी तीनबीचको अन्तरसम्बन्धबाट नै तीनै क्षेत्रको विकास राम्रोसँग हुन सक्छ । एउटा क्षेत्रमा नकरात्मक असर परेमा अर्को क्षेत्र फस्टाउन सक्दैन । कृषि, उद्योग र व्यापारको आपसी सम्बन्धलाई तलको चित्रले स्पष्ट पार्दछ ।



एक क्षेत्रको विकास नभए अर्को क्षेत्र प्रभावित हुन्छ । तीनै क्षेत्रको सन्तुलित विकास भएमा मात्र देशलाई फाइदा हुन्छ । तीनै क्षेत्रको सन्तुलित विकास गर्न सरकारले ध्यान पुऱ्याउनुपर्छ । यसका लागि आवश्यक पूर्वाधार विकासमा जोड दिनुपर्छ ।

नेपालमा कृषिजन्य उद्योगको आवश्यकता र सम्भाव्यता

कृषिको विकासका लागि कृषिजन्य उद्योगहरूको विकास हुनु नितान्त आवश्यक छ । कृषिबाट उत्पादन भएका वस्तुहरू कृषिजन्य उद्योगहरूमा खपत भई कृषकहरूलाई उचित मूल्य प्राप्त भएको खण्डमा कृषकहरूको जीवनस्तरमा सुधार हुन जान्छ । अतः आफ्नै देशमा उत्पादन भएका कृषिजन्य कच्चापदार्थहरूको प्रयोग गरी उद्योगको विस्तार गर्न सकेमा देशमा उपलब्ध स्रोत र साधनको उचित परिचालन हुन्छ साथै कृषकहरूको मौसमी बेरोजगारको समस्याको समाधान हुन्छ र कृषिक्षेत्रमा लुकेर रहेको बेरोजगार क्रमशः घटाउन सकिन्छ ।

कृषि, उद्योग र व्यापारबीचमा आपसी सम्बन्ध

उद्योगधन्दाहरू सञ्चालन गर्न आवश्यक पर्ने कच्चापदार्थ कृषिबाट प्राप्त हुन्छन् । यसै गरी विदेशमा निकासी गरिने वस्तुहरू पनि कृषिबाट उत्पादन गरिन्छन् । यी वस्तुहरूको निकासीबाट विदेशी मुद्रा आर्जन हुन्छ । देशमा

उद्योगधन्दा, कलकारखानाहरू खोल्न सकिन्छ । उद्योग, कृषिबाट उत्पादन गरिएका वस्तुहरू निकासी गरी विदेशी मुद्रा आर्जन गर्न सकिन्छ भने स्वदेशमा पनि व्यापार गर्न सकिन्छ । यस्तै कृषिका लागि आवश्यक रासायनिक मल, उन्नत बिउ, कृषि औजार आदि खरिद गर्न सकिन्छ । कृषि औजार कारखानाबाट उत्पादन गरिएका कृषि औजार कृषिमा प्रयोग गरी बढी उत्पादन लिन सकिन्छ । कृषिको विकास उद्योगको विकासविना सम्भव छैन किनभने कृषि विकासका लागि चाहिने सामग्रीहरू औद्योगिक विकासबाट उपलब्ध हुन्छन् । त्यस्तै उद्योगको विकास कृषिको विकासबिना सम्भव छैन किनभने उद्योगका लागि चाहिने कच्चापदार्थ कृषिबाट उपलब्ध हुन्छ । फेरि उद्योगबाट उत्पादन भएका वस्तुहरूको प्रयोग पनि कृषिक्षेत्रमा हुन्छ । कृषिको विकास नभए कृषिक्षेत्रमा लागेका मानिसहरूको आम्दानी कम हुन्छ जसले गर्दा उनीहरू विभिन्न उद्योगहरूबाट उत्पादन भएका वस्तुहरू किन्न सक्दैनन् । व्यापारको विकास कृषि र उद्योगको विकासमा निर्भर छ किनभने व्यापार गर्न चाहिने वस्तुहरू कृषि र उद्योगबाट नै उपलब्ध हुन्छन् । यस्तै गरी कृषि र उद्योगको विकास पनि व्यापारको विकासमा निर्भर रहेको छ । यदि व्यापार छैन भने कृषि र उद्योगबाट उत्पादन भएका वस्तुहरू खेर गई नोक्सान हुन जान्छन् । तसर्थ कृषि, उद्योग र व्यापारबीचमा घनिष्ट सम्बन्ध रहेको हुन्छ । यी एकअर्काका पूरक हुन् ।

क्रियाकलाप

१. "कृषि खाद्यान्नको स्रोत र उद्योगका लागि चाहिने कच्चा पदार्थको स्रोत हो ।" यस भनाइलाई उदाहरणसहित प्रस्ट पार्नुहोस् ।

२. नेपालमा कृषि उत्पादन बढाउन केकस्ता प्रयासहरू भएका छन् ?

३. "उद्योग र व्यापार फस्टाएमा कृषिको पनि विकास हुन्छ ।" यस तथ्यलाई पुष्टि गर्ने आधारहरू उल्लेख गर्दै उद्योग विभागलाई पत्र लेख्नुहोस् ।

४. तलको चित्र हेरी एक अनुच्छेद लेख्नुहोस् :

सामुदायिक कार्य

तपाईंको समुदायमा केकस्तो कच्चा पदार्थ उत्पादन हुन्छ ? त्यसको खोजी गरी सूची बनाउनुहोस् र यसबाट कुन उद्योग सञ्चालन गर्न सकिन्छ ? एक प्रतिवेदन तयार गर्नुहोस् ।

२. कृषि

परिचय

नेपालको धेरै जनसङ्ख्या जीवन धान्नका लागि कृषिक्षेत्रमा संलग्न छ तर कृषियोग्य जमिन ज्यादै न्यून मात्रामा छ । त्यो पनि विभिन्न ठाउँमा छरिएर रहेको छ । परिवारका प्रत्येक सदस्यले बिहानदेखि बेलुकासम्म कड़ा परिश्रम गर्दा पनि जीवन गुजारा गर्न गाह्रो हुन्छ । साथै परिवारका लागि चाहिने बढी अन्नबाली उमार्न, पैसा बचत गर्न र खेतीपाती गर्ने तरिकामा सुधार ल्याउन पनि असम्भव प्रायः हुन्छ । कुनै पनि काम गर्न सक्ने मानिसहरूमध्ये केहीलाई कृषिक्षेत्रमा रोजगार मिलेको छ । कृषिबाहेक अन्य क्षेत्रमा रोजगार प्रायः कम छ । अतः मानिसहरू चाहेर वा नचाहेर पनि रोजगारका लागि कृषिक्षेत्रमा संलग्न हुन्छन् जसले गर्दा उनीहरूको उत्पादकत्व न्यून हुन गएको छ । यस्तो अवस्थामा त्यस्ता मानिसहरूलाई कृषिक्षेत्रबाट हटाई अन्य क्षेत्रमा लगाउँदा पनि कृषि उत्पादनमा कुनै प्रतिकूल असर पर्दैन, बरु अनुकूल नै हुन्छ । यस्तो स्थितिले कृषिमा लुकेर रहेको बेरोजगारी देखाउँछ । कृषिक्षेत्रले बाह्रै महिना काम पनि दिँदैन । ग्रामीण जीवनमा सुधार ल्याउनु भनेको कृषि विकास गर्नु हो ।

नेपालमा कृषिको महत्त्व

नेपालमा कृषिको ज्यादै महत्त्व छ । यसको विकासबाट जनताको जीवनस्तर माथि उठ्छ । यसको विकासबाट राष्ट्रिय आम्दानी वृद्धि हुन्छ । नेपालमा अधिकांश रोजगार कृषिक्षेत्रले उपलब्ध गराएको छ । नेपालीहरूको जीवीकोपार्जनको माध्यम नै कृषि हो । उद्योग र व्यापारको विकास पनि यसमा निर्भर छ ।

यो खाद्यान्नको स्रोत पनि हो । मानवको मात्र नभई पशुहरूको आहार पनि कृषिबाट नै उपलब्ध हुन्छ । उद्योगका लागि चाहिने कच्चापदार्थ पनि कृषिबाट नै उपलब्ध हुन्छ ।

क्रियाकलाप

१. किन कृषिमा संलग्न मानिसको जीवनस्तर न्यून रहेको छ ? तर्क दिनुहोस् ।

२. नेपालको कृषि प्रणालीलाई विकसित पार्ने योजना बनाउन सरकारले तपाईंलाई जिम्मा दिएमा तपाईं केकस्ता योजना बनाउनुहुन्छ ? वर्तमान कृषि प्रणालीलाई समेत विचार गरी योजना बनाउनुहोस् ।

३. "ग्रामीण जीवनमा सुधार ल्याउनु भनेको कृषि विकास गर्नु हो । कृषिको विकास नभई ग्रामीण जनताको जीवनस्तर माथि उठ्न सक्दैन । नेपालमा अधिकांश मानिस यस पेसामा संलग्न छन् । यिनको स्तर उकास्न कुनकुन काम गर्नुपर्ला ? राष्ट्रिय योजना आयोगलाई एक पत्र पठाउनुहोस् ।

४. तलको अनुच्छेद पढी त्यसको सारांश लेख्नुहोस् :

विगतका विकास प्रयासबाट कृषि प्रणाली जीविकोपार्जनमुखीबाट व्यवसायीकरणतर्फ रूपान्तरण हुँदै गएको छ । नगदेबालीको उत्पादन र उपभोगमा वृद्धि भएको छ । अनुसन्धान, प्रसार, बजार, व्यवसाय प्रर्वद्धन, खाद्य प्रविधि र गुणस्तर नियन्त्रण, उत्पादन सामग्री आपूर्ति तथा ग्रामीण पूर्वाधार निर्माण र संवर्द्धन कार्यको समन्वयात्मक परिचालन हुन थालेको छ । सेवा प्रवाहमा सरकारी क्षेत्रको प्रभुत्व क्रमशः घट्दै गई सहकारी, निजी र सामुदायिक सङ्घसंस्थाको प्रभावकारी प्रादुर्भाव भएको छ भने उपभोग्य वस्तुको उत्पादनमा आशातीत रूपमा नै वृद्धि भइरहेको छ ।

स्रोत : तीन वर्षीय अन्तरिम योजना, २०६४

५. तपाईंको गाविस र नगरपालिकामा कुनकुन नगदेबाली र खाद्यबाली उत्पादन हुन्छन् ? तलको तालिकामा देखाउनुहोस् ।

क्र.सं.	नगदे बाली	खाद्य बाली

सामुदायिक कार्य

तपाईंको गाउँ वा क्षेत्रमा कुनै कृषिमा आधारित उद्योगको स्थापना भएको छ ? यदि छ भने त्यसमा कति जना मानिसहरूले काम पाइरहेका छन् ? के उत्पादन हुन्छ, कहाँ बिक्रीवितरण गरिन्छ र कसले उपयोग गर्छ, सोबारेमा समुदायमा गई एउटा छोटो टिपोट तयार गर्नुहोस् ।

३. कृषिका समस्या र समाधानका उपायहरू

नेपालमा कृषि विकासका लागि पहिलो आवधिक योजनादेखि नै प्राथमिकता दिइएको छ तापनि यसमा खासै सुधार हुन सकेको छैन । यसरी सुधार नहुनुमा निम्नलिखित कारणहरू रहेका छन् । ती यसप्रकार छन् :

(क) खेती गरिने पुरानो प्रणाली

नेपालमा हालसम्म पुरानै खेती प्रणाली अपनाइने गरिएको छ । खेती गरिने पुरानो प्रणालीले गर्दा उत्पादन वृद्धि गर्न सकिएको छैन । काठे हलो, कोदालो, कोदाली, मल, बिउ, प्रविधि आदि पुरानै भएकाले उत्पादन बढाउन सकिएको छैन ।

(ख) सिँचाइ सुविधाको कमी

नेपालको कृषि भूमिमा सबै ठाउँमा सिँचाइको सुविधा छैन । वर्षात्को पानीको भर, अनावृष्टि, अतिवृष्टि र खण्डवृष्टिले उत्पादनमा ह्रास भइरहेको छ ।

(ग) बजार व्यवस्थाको अभाव

उचित बजार भाउको अभावले गर्दा कृषि उपजले उचित स्थान पाउन सकेका छैनन् । किसानका कृषि उपजले उचित भाउ पाउन नसक्दा किसानले कृषि औजार, रासायनिक मल, उन्नत बिउबीजन आदि किन्न सक्ने स्थिति छैन ।

(घ) यातायातको असुविधा

यातायातको असुविधा भएकाले देशको एक भागमा उत्पादित वस्तु अर्को ठाउँमा लान सकिएको छैन । तराईमा उत्पादित खाद्यान्न पहाडमा लान र पहाडमा उत्पादित स्याउ, सुन्तला तराईमा लान सकिएको छैन । रासायनिक मल, कीटनाशक औषधी आदि ठाउँठाउँमा पुऱ्याउन सकिएको छैन । यसले गर्दा कृषि उत्पादन बढाउन निकै कठिनाइ भएको छ ।

(ङ) कृषि सामग्रीको कमी

कृषि उत्पादन बढाउन रासायनिक मल, कीटनाशक औषधी, उन्नत जातको बिउ र कृषि औजारको आवश्यकता पर्छ । हाम्रो देशमा यस्ता सामग्रीको अभाव रहेको छ ।

(च) जमिनको असमान वितरण

कृषि क्षेत्रमा आश्रित जनसङ्ख्या धेरै भए पनि केही मानिसहरूको हातमा धेरै जमिन र वास्तविक किसानको हातमा थोरै जमिन छ । यसले गर्दा जोतको आकार सानो भई उत्पादनमा ह्रास आउँछ । चक्लाबन्दी खेती प्रणाली अपनाउन सकिएको छैन । कतिपय किसानको खेती गर्ने जमिन पनि छैन । वास्तविक जोताहाको हातमा जमिन छैन । केही मानिसहरूको हातमा रहेको जमिन बाँझो रहन गएको छ । यसले गर्दा उत्पादन बढाउन सकिएको छैन ।

(छ) बाली संरक्षण सुविधाको अभाव

नेपालमा उत्पादित खाद्यान्न संरक्षण गर्न सकिएको छैन । मुसा, बाली बिरुवामा लाग्ने रोगले उत्पादन संरक्षण गर्न नसकी किसानलाई नोक्सानी भइरहेको छ । यसले गर्दा किसानहरू त्यो पेसाप्रति आकर्षित हुन सकेका छैनन् ।

(ज) ग्रामीण ऋणग्रस्तता

कृषिमा संलग्न अधिकांश किसान ऋणले ग्रस्त छन् । घरव्यवहार चलाउन, विवाह, व्रतबन्ध, शिक्षा, औषधोपचारका लागि आफ्नो आम्दानीले भ्याउँदैन । साहुको चर्को व्याजमा ऋण लिनुपर्ने बाध्यताले गर्दा व्याज तिर्दैमा यिनीहरू हैरान हुन्छन् र आर्थिक अवस्था माथि उठ्न पाउँदैन ।

यी समस्याहरूको समाधानका लागि सरकारले प्रयास गर्नु जरुरी छ । भौतिक पूर्वाधारको विकास गरी कृषि क्षेत्रलाई विशेष प्राथमिकता दिनु जरुरी छ । यसका लागि निम्नलिखित कदमहरू चाल्नुपर्छ :

१. कृषकहरूलाई कृषिमा नयाँ प्रविधि अपनाउन, उन्नत जातको बिउ र मल प्रयोग गर्न र सिँचाइको राम्रो प्रबन्ध गर्न सक्दो सहयोग गर्नुपर्दछ । साथै उनीहरूलाई पशुपालनसम्बन्धी जानकारी दिई तालिमको व्यवस्था र बजारको राम्रो व्यवस्था गर्नुका साथै उनीहरूले बेच्ने अन्नबालीको उचित मूल्य पाउन सक्ने स्थिति हुनुपर्दछ ।

२. कृषिमा पूर्णरूपले आश्रित नभएका व्यक्तिहरूका लागि रोजगारीको अवसर प्रदान गर्नका लागि सानास्तरका उद्योगहरू सञ्चालन गर्नुपर्दछ । यसो गर्नाले गाउँमा बस्नेहरूले पनि थप आय आर्जन गर्न सक्छन् र गाउँबाट सहरमा बसाइँ सर्ने प्रवृत्तिमा पनि कमी आउँछ ।

३. गाउँघरमा साना उद्योग र देशका अन्य भागमा विभिन्न आर्थिक कार्यमा थप रोजगारीको व्यवस्था भएमा कृषि माथि हाल रहेको अनावश्यक श्रमको भार घटाई कृषिक्षेत्रमा बचत र लगानी बढाउन सकिन्छ ।

४. मुलुकमा नै विकासका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार र सेवाहरूमा सुधार ल्याउने कार्यलाई बढी प्राथमिकता दिनुपर्ने हुन्छ ।

क्रियाकलाप

१. "यातायातको असुविधा नै कृषि उत्पादन बढाउन नसकिने कारण हो ।" कसरी ? तर्क दिनुहोस् ।

२. कृषिको समुचित विकास हुन नसक्नाका कारणहरू केके हुन्, तिनको सूची बनाउनुहोस् ।

३. "कृषि विकासको समुचित विकासमा बाधक तत्त्व नै जमिनको असमान वितरण हो ।" उदाहरणसहित पुष्टि गर्नुहोस् ।

४. कृषिको आधुनिकीकरण गर्न सरकारले केकस्तो कदम चाल्नुपर्ला ?

५. नेपाल जलस्रोतको धनी देश भएर पनि किन सिँचाइको अभाव भएको होला ? तर्क दिनुहोस् ।

सामुदायिक कार्य

तपाईं आफ्नो समुदायमा जानुहोस् र त्यहाँका किसानलाई भेटी कृषिमा कुनकुन समस्याहरू रहेका छन् टिप्नुहोस् । ती समस्या समाधान गर्न तपाईं केके गर्नुहुन्छ, त्यसको रूपरेखा तयार गर्नुहोस् ।

४. उद्योग

परिचय

सीप र साधनको प्रयोग गरी सानो तथा ठूलो परिमाणमा वस्तुहरू उत्पादन गर्नुलाई उद्योग भनिन्छ। उद्योगहरू, साना, घरेलु, कुटीर, मझौला र ठूला हुन्छन्। उद्योगका लागि कच्चापदार्थ, दक्ष जनशक्ति, श्रमिकहरू, पुँजी, यातायात तथा सञ्चारको सुविधा, बजारको व्यवस्था र मेसिनहरूको आवश्यकता पर्दछ। उद्योगधन्धा खोल्न सके देश आत्मनिर्भर बन्न सक्छ। आवश्यक वस्तुहरू अन्य मुलुकबाट झिकाउनुपर्ने हुँदैन। देशका कुनाकाप्चामा उद्योगहरू स्थापना भई राम्रोसँग फस्टाउन सके भने ग्रामीण विकास सम्भव हुन्छ।

सरकारले औद्योगिक व्यवसाय ऐन, २०४९ (संशोधनसहित) घरेलु उद्योगअन्तर्गत निम्नलिखित उद्योगहरू रहन्छन् भनी उल्लेख गरेको छ :

चुरोट, बिँडी, सिगार, खाने सुर्ती, खैनी र सुर्ती मुख्य कच्चा पदार्थ हुने यस्तै प्रकारका अन्य वस्तु उत्पादन गर्ने उद्योग, मदिरा वा वियर उत्पादन गर्ने उद्योगबाहेक हाते तान, खुट्टे तान, अर्ध स्वचालित तान, रङ्गाइ र छपाइ, सिलाइ (तयारी पोसाकबाहेक) बुनाइ, राडी, पाखी, ऊनी गलैंचा, पश्मिना, ऊनी पोसाक, सिकर्मी कार्य, काठका कलात्मक वस्तु उत्पादन, बाँस बेत र निगालोसम्बन्धी काम, प्राकृतिक रेसाबाट वस्तु उत्पादन, हाते कागज र त्यसबाट बनेका वस्तु, सुन, चाँदी, पित्तल, तामा, किमती तथा अर्धकिमती पत्थरलगायतका सामान, गहना, मूर्ति, भाँडा आदि बनाउने कार्य, मह, चिउरी, अलैंची प्रशोधन, माटो, चिनियाँ माटोबाट भाँडा बनाउने कार्य, छाला काट्ने, सुकाउने, ग्रामीण ट्यानिङ र छालाका वस्तु उत्पादन गर्ने कार्य, सनपाट, बाबियो, चोया, सुती धागो आदिका सामान उत्पादन, हाड, सिङका कलात्मक सामान उत्पादन, ढुङ्गामा कुँदी बनाइएका सामान, चित्रकला, पौवा, बाटिक, धूप, पुतली, खेलौना उद्योगहरू र दुई लाख रुपियाँसम्म स्थीर जेथा भएका कुटीर उद्योगहरू।

द्रष्टव्य :

१. विशेष रूपमा उल्लेख गरेकामा बाहेक माथिका उद्योगहरूमा सञ्चालित मेसिनहरूले कुल पाँच किलोवाटभन्दा बढी विद्युत् मोटर वा डिजल वा पेट्रोल वा कच्चा तेल इन्जिन शक्ति प्रयोग गरेको हुनुहुँदैन। यस परिप्रेक्ष्यमा पावरलुम घरेलु उद्योगअन्तर्गत पर्दैन।

२. मेसिनबाट ऊनी धागो कात्ने तथा मेसिनबाट उनी गलैंचा उत्पादन गर्ने उद्योगहरूको स्थापनार्थ अनुमति लिनुपर्ने छ।

नेपालमा उद्योगको महत्त्व

नेपाल एक विकासोन्मुख देश हो। देशको विकासका लागि उद्योगको विकास हुनु आवश्यक छ। देशमा बढिरहेको बेरोजगारी र गरिबीको समस्या समाधान गर्नका लागि ठूला, मझौला, साना र घरेलु तथा कुटीर उद्योगको स्थापना र विकास हुनु आवश्यक छ। उद्योगको विकासबाट पुँजी निर्माण, स्रोत र साधनहरूको सदुपयोग, वैदेशिक व्यापारमा विस्तार, क्षेत्रीय सन्तुलन र प्रविधिको क्षेत्रमा विकास हुन्छ। उद्योगको विकासले रोजगारीमा वृद्धि, कच्चापदार्थको सदुपयोग, विदेशी मुद्रा आर्जन, आयात न्यूनीकरण, निर्यात वृद्धि, सरकारी आयको वृद्धि, सीप र प्रविधिको विकास तथा आवश्यक सामग्रीको परिपूर्ति हुन्छ।

क्रियाकलाप

१. उद्योग सञ्चालनका लागि कुनकुन पूर्वाधार आवश्यक मानिन्छन् ? लेख्नुहोस्।

२. निम्नलिखित औद्योगिक विकासमध्ये कुन बढी राम्रो होला ?

(क) गाडीहरू निर्माण गर्ने एउटा कम्पनी नेपालमा स्थापना हुनुका साथै त्यसमा कम्प्युटरहरूबाट काम गराउँदा केही मानिसहरूले मात्र रोजगार पाउँछन्।

(ख) सरकारी तथा निजीस्तरबाट लगानी भई अनेकौं साना कलकारखानाहरू स्थापना भएका छन् र तिनीहरूको सञ्चालनका लागि बढी कामदारको आवश्यकता पर्दछ। त्यस्ता कारखानाहरूले ब्याट्री, रेडियो, साइकल र स्वेटरजस्ता सामानहरू निर्माण गर्दछन्।

साथीहरूको समूहमा बसी कति मानिसहरूले त्यस्ता कारखानाहरूबाट फाइदा लिन सक्छन् ? कसले नाफा कमाउँछ ? उत्पादित वस्तुहरू कसले खरिद गर्छ ? कलकारखानाहरू कस्तो ठाउँमा स्थापना गर्नु उपयुक्त हुन्छ ? त्यस्ता कलकारखानामा कसले काम पाउँछन् ? जस्ता प्रश्नका उत्तर खोजी ती उत्तरका सम्बन्धमा पनि छलफल गर्नुहोस्।

३. "उद्योग स्थापना हुनु भनेको रोजगारीको सम्भावना बढ्नु हो।" उदाहरणसहित प्रस्ट पार्नुहोस्।

४. उद्योगको विकासबाट कुनकुन क्षेत्रको विकास हुन्छ ? बुँदागत रूपमा उल्लेख गर्नुहोस्।

सामुदायिक कार्य

तपाईं बसेको क्षेत्रमा घरेलु तथा कुटीर उद्योग र मझौला एवम् ठूला उद्योग हुन सक्छन्। त्यस्ता उद्योगमा गई निम्नलिखित कुराहरू पत्ता लगाउनुहोस् :

(क) त्यस्ता उद्योगहरूमा के उत्पादन गरिन्छ ?

(ख) वस्तुहरू कसरी निर्माण गरिन्छ ?

(ग) उत्पादित वस्तुहरू कहाँ लगेर बेचिन्छ ?

(घ) कति मानिसहरूले काम पाएका छन् ?

(ङ) ती उद्योगहरू कहिलेदेखि सञ्चालन भएका हुन् ?

५. उद्योग विकासका समस्या र समाधान

नेपालमा उद्योगहरूको वर्तमान स्थिति

नेपालमा उद्योगधन्दाको विकास मन्द गतिमा भइरहेको छ । उद्योग विकासका लागि चाहिने पूर्वाधारहरूको विकास समुचित रूपमा हुन सकेको छैन । नेपालमा परम्परागत रूपमा रहेका कुटीर तथा घरेलु उद्योग फस्टाउन सकेका छैनन् । उद्योग सञ्चालन गर्न चाहिने आवश्यक कच्चा पदार्थ, अन्य सुविधाको अभावले जति मात्रामा विकास हुनुपर्ने हो त्यति हुन सकेको छैन । नेपालको औद्योगिक विकास शिशु अवस्थामा छ । स्थापना भएका उद्योगहरूबाट उत्पादित वस्तुहरू विदेशी उद्योगहरूबाट उत्पादित वस्तुहरूसँग प्रतिस्पर्धा गर्न नसक्दा उद्योगहरू फस्टाउन सकेका छैनन् । उद्योगहरू फस्टाउनका लागि आवश्यक आधारहरूको अभाव छ । यहाँ उद्योग स्थापना गर्नका लागि चाहिने पुँजीको अभाव रहेको छ भने यातायात तथा सञ्चारको सुविधाको पनि कमी रहेको छ । यस्तै गरी प्राविधिक ज्ञान, बजार सुविधा, ऋण प्रदान गर्ने संस्थाहरू, जोखिम वहन गर्न सक्ने मानिसहरूको अभाव छ भने औद्योगिक नीति पनि उद्योग विकासका लागि अनुकूल छैन ।

देशमा उद्योग विकासका लागि सडक, बिजुली, पानीजस्ता पूर्वाधारका साथै उपयुक्त नीति, ऐनकानुन र सरल प्रशासकीय प्रक्रियाको आवश्यकता हुन्छ । त्यस्तै लगानीका लागि चाहिने ऋण सुविधा, कोरा सामानहरूको व्यवस्था, तयारी सामान बिक्रीका लागि बजार आदि सबैको आवश्यकता हुन्छ । उद्योगमा सुधारका लागि सङ्क्षिप्तमा तल उल्लिखित कुराहरू आवश्यक हुन्छन् :

(क) सरल र सहज तरिकाले कम ब्याज दरमा ऋण पाउने व्यवस्था

(ख) बजारको व्यवस्था

(ग) उद्योगहरूलाई प्रोत्साहन

(घ) स्पष्ट सरकारी नीति

(ङ) यातायात र सञ्चारको सुविधा

(च) गोदामघरको सुविधा

(छ) सरल तरिकाले इजाजत प्रदान गर्ने व्यवस्था

अदुवा उत्पादनको कथा

इलामको एउटा गाउँमा बसोबास गर्ने केही महिलाहरूले अनौपचारिक शैक्षिक कार्यक्रमअन्तर्गत सञ्चालित कक्षाहरूमा बसी लेखपढ गर्न र साधारण जोडघटाउको हिसाब सिके । तीमध्ये दसजना मिलेर एउटा कारोवार सुरु गरे । ती दसजनाको समूहमा बस्ने प्रत्येकले प्रत्येक हप्ता केही न केही पैसा जम्मा गर्दै गए र एउटा कोष खडा भयो । त्यस समूहले पछि जिल्ला कृषि विकास कार्यालयद्वारा सञ्चालित तालिम कार्यक्रममा सहभागी भई कृषिसम्बन्धी तालिम हासिल गरे । तालिममा ती महिलाहरूले अदुवा खेती कसरी गर्ने र अदुवाको माग बजारमा कस्तो छ भन्ने सम्बन्धमा ज्ञान हासिल गरे । त्यस समूहले बैङ्कबाट वार्षिक रूपमा तिर्ने गरी सस्तो ब्याजदरमा ऋण लिए । त्यसपछि तिनीहरू बसेर कति पैसा चाहिन्छ ? केके कुरा किन्ने ? कस्तो जमिन उपयुक्त हुन्छ र

कामको बाँडफाँड कसरी गर्ने भन्ने सम्बन्धमा एकअर्कासँग छलफल गरे । तिनीहरूले राम्रो जातको अदुवाको बिउ र मल खरिद गरी खेती गर्न सुरु गरे । तिनीहरू पछि बाली भित्र्याउन, प्रशोधन गर्न र बजारमा लगेर बेच्न सक्षम भए । तिनीहरूले यसबाट आम्दानी गरी बैङ्कको ऋण तिरेर बाँकी भएको पैसा बैङ्कमा बचत गरे । बैङ्कले पनि बढी ब्याजदर दियो । अर्को वर्ष ती महिलाहरूको समूहले अदुवा खेतीमा वृद्धि गरी बढी आयआर्जन गर्न सक्षम भए । तिनीहरू नियमित रूपमा छलफल गरिरहन्छन् । अहिले तिनीहरू कसैका परिवारको कोही सदस्य बिरामी परे भने बचेको पैसाबाट आवश्यक उपचार गर्न सक्ने भएका छन् । यसलाई ठूलो उपलब्धिका रूपमा मान्न सकिन्छ ।

अन्य सम्भावनाहरू

समूहमा यसरी मिलेर काम गर्ने हो भने पशुपालन गर्ने, बाँसको चोयाको दाम्लो वा डोरी बनाउने, रेसम खेती गर्ने, दुग्ध उत्पादन गर्ने, स्वेटर बुन्ने, कागज बनाउने जस्ता धेरै काम गर्न सकिन्छ ।

क्रियाकलाप

यी महिलाहरूले अदुवा विकासको व्यापार गर्नुभन्दा अघि योजना बनाउँदा अनेक महत्त्वपूर्ण प्रश्न तथा उत्तर दिए होलान् । यहाँ प्रश्नहरू दिइएका छन् तर यिनलाई नमिल्दो किसिमबाट राखिएको छ । प्रश्नहरू कुन क्रममा राख्ने हो निर्णय गर्नुहोस् र त्यसलाई आफ्नो अभ्यासपुस्तिकामा क्रम मिलाएर लेख्नुहोस् ।

* हामीले उद्योगव्यवसाय सुरु गर्न केकस्ता उपकरण वा औजारहरू र कच्चापदार्थको आवश्यकता पर्दछ ?
* हामी बजारमा सामान खरिदबिक्रीको व्यवस्था कसरी मिलाउँछौँ ?
* हामीलाई कति पुँजीको आवश्यकता पर्ला ?
* के बजारमा यस्ता वस्तुको माग छ ?
* हामी आफ्नो तर्फबाट केके काम गर्न सक्छौँ ?
* हामीलाई चाहिने पैसा सस्तो ब्याजदरमा कहाँबाट उपलब्ध होला ?
* हामीले गर्नुपर्ने कामको प्रबन्ध कसरी मिलाउनुपर्ला ?
* आम्दानी र खर्चको राम्रो हिसाब राख्न र भएको पैसाको राम्रो सदुपयोग कसरी गर्न सकिन्छ ?
* काम गर्दै जाँदा एकअर्कासँग विवाद नहोस् र काम राम्रोसँग सम्पन्न हुन सकोस् भन्नाका लागि हामीले कस्ता नियमहरू तर्जुमा गर्नुपर्ला ?
* हामी आर्जन गरेको नाफालाई कसरी सदुपयोग गर्न सक्छौँ ?

सामुदायिक कार्य

तपाईँको इलाकामा पाठमा दिइएजस्तै कुनै उद्योगधन्दा गर्ने महिलाहरूको समूह हुन सक्छ । स्थानीय व्यक्तिसँग सोधपुछ गरी ती कामहरूको सुरुवात कहिले भयो ? कामबाट केके वस्तुहरू उत्पादन हुन्छन् ? प्रस्तुत गर्नुहोस् ।

६. व्यापार

साधारणतया व्यापार भन्नाले वस्तु तथा सेवाहरूको खरिदबिक्री बुझिन्छ । व्यापार भन्नाले कुनै देशको एक भागबाट अर्को भागसम्म र एक देशबाट अर्को देशबीच वस्तु तथा सेवा खरिदबिक्रीको कार्य जनाउँछ । देशको एक भागमा उत्पादन भएका सामान अर्को ठाउँमा लैजाने र एक देशमा नभएका वस्तु तथा सेवा अर्को देशमा खरिदबिक्री गर्ने कार्य नै आन्तरिक र बाह्य व्यापार हो । त्यसैले आन्तरिक र बाह्य व्यापारको सङ्क्षिप्त परिचय तल दिइएको छ :

आन्तरिक व्यापार

देशभित्र उत्पादन भएका र विदेशबाट ल्याइएका विभिन्न वस्तुहरू देशका विभिन्न भागहरूमा खरिदबिक्री गर्ने कार्यलाई आन्तरिक व्यापार भनिन्छ । देशका सबै भागमा सबै प्रकारका वस्तुहरू उत्पादन गर्न नसके तापनि त्यहाँका मानिसहरूलाई विभिन्न वस्तुहरू उपभोग गर्नुपर्ने हुन्छ । तसर्थ एक ठाउँमा उत्पादन भएका वस्तुहरू अर्को ठाउँमा लगी बिक्रीवितरण गर्नुपर्दछ । जस्तै : तराईमा उत्पादन हुने खाद्यान्न अन्यत्र लगी बेचबिखन गरिन्छ । आन्तरिक व्यापारले देशका विभिन्न भागमा रहेका मानिसहरूको आवश्यकता पूरा गर्ने कार्य गर्दछ ।

बाह्य व्यापार

अन्तरराष्ट्रिय व्यापार वा बाह्य व्यापार भन्नाले एक देशले अर्को देशसँग गर्ने व्यापार बुझिन्छ । आफ्नो देशमा आवश्यक पर्ने वस्तुहरू अरू देशबाट आयात गर्ने र बढी भएका वस्तुहरू निर्यात गर्ने गर्दछन् । विदेश व्यापारबाट देशमा उत्पादित वस्तुहरू बाहिर पठाई विदेशी मुद्रा आर्जन गर्न सकिन्छ । यसबाट देशमा रहेका स्रोत र साधनको अधिकतम उपयोग हुन्छ र उत्पादन बढ्छ । उद्योगधन्दाको विकासले रोजगारमा वृद्धि हुन्छ । यसबाट मानिसहरूको जीवनस्तर माथि उठ्छ ।

कुनै वस्तुहरू आफ्नै देशमा उत्पादन गर्न सके तापनि कुनैकुनै देशले उत्पादन गर्दैनन् किनकि आफूले उत्पादन गर्नुभन्दा अन्य देशबाट पैठारी गरेमा सस्ता हुन सक्छन् । त्यसैले धेरै देशहरूले आफूले उत्पादन नगरी आयात गर्दछन् । आफूलाई आवश्यक पर्ने सम्पूर्ण सामग्रीहरू धेरै मुलुकसँग नहुन सक्छन् । यस्ता मुलुकहरूले आफूलाई आवश्यक पर्ने कुराहरू अन्य मुलुकबाट आयात गर्दछन् । साथै आफूसँग भएको वा आफूले उब्जाएका सामानहरू पनि अरूलाई निर्यात गर्दछन् । यसरी आयातनिर्यात गर्दा आयातभन्दा निर्यातको मात्रा बढाउनु देशका निम्ति हितकर हुन्छ । यसलाई ब्यापार बचत भनिन्छ । यदि निर्यातभन्दा आयात बढी हुन्छ भने व्यापार घाटा हुन्छ ।

कम विकसित मुलुकहरूले कफी, चिनी र कच्चा पदार्थजस्ता कम मूल्य पर्ने वस्तुहरूमात्र निर्यात गर्दछन् भने विकसित मुलुकहरूले कार, औजार, रेडियो आदि महँगा तयारी वस्तुहरू निर्यात गरी बढी विदेशी मुद्रा आर्जन गर्दछन् ।

नेपालमा वैदेशिक व्यापारको महत्त्व

नेपाल एक विकासोन्मुख मुलुक भएकाले वैदेशिक व्यापारले देशको विकासको क्रममा महत्त्वपूर्ण भूमिका खेल्दछ । विकास निर्माणसम्बन्धी सामग्रीहरू उपलब्ध गराउन वैदेशिक व्यापारमा निर्भर रहनुपर्छ । वैदेशिक व्यापारले स्थानीय स्रोत र सामग्रीको अधिकतम दक्षताका साथ उपयोग हुन्छ । यसबाट विदेशी मुद्राको आर्जन हुन्छ । त्यसबाट विकास निर्माणका लागि चाहिने सामानहरू आयात गरिन्छ । वैदेशिक व्यापारबाट देशमा थप रोजगारी सिर्जना गर्न सकिन्छ । देशमा उत्पादन हुन नसकेका अत्याधुनिक वस्तुहरू झिकाएर विज्ञान र प्रविधिको विकास गर्न सकिन्छ । व्यापारबाट आफूले उत्पादन गर्न नसकेका वस्तुहरू पनि उपभोग गर्न पाउने भएकाले मानव कल्याणमा वृद्धि हुन्छ । वैदेशिक व्यापारबाट आफ्नै देशमा उत्पादन हुन सके तापनि यदि सो वस्तु विदेशबाट आयात गर्दा कम मूल्यमा पाइन्छ भने सो सम्भव हुन गई जनताले कम मूल्यमा सो वस्तुको उपभोग गर्न सक्छन् ।

क्रियाकलाप

१. नेपालभित्र र बाहिरबाट आउने सामानहरूको छुट्टाछुट्टै सूची बनाउनुहोस् ।

२. आन्तरिक व्यापार र बाह्य व्यापारमा फरक छुट्याउनुहोस् ।

३. तलको तथ्याङ्कका आधारमा नेपालको वैदेशिक व्यापारलाई स्तम्भचित्रमा देखाउनुहोस् ।

नेपालको वैदेशिक व्यापारको स्थिति (Value of Foreign Trade)

(2002/03 to 2005/06)

(रु. लाखमा)

विवरण	2002/03	2003/04	2004/05	2005/06
कुल निर्यात	49930.6	53910.7	58705.7	15800.4
कुल आयात	124352.1	136277.1	1499473.6	41907
व्यापार सन्तुलन	-74421.5	-82366.4	-90767.9	-26106.6

Source: Statistical Pocket Book,2006, Nepal

४. नेपालको वैदेशिक व्यापार किन घाटामा गइरहेको छ ? कारण दिनुहोस् । यसलाई सुधार्न केकस्ता उपाय अवलम्बन गर्नुपर्ला ?

५. नेपालको वैदेशिक व्यापारको महत्त्वलाई बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

सामुदायिक कार्य

यदि तपाईं बसेको ठाउँमा हाटबजार लाग्छ वा किसानहरूले आफूले उब्जाएका वस्तुहरू बिक्री गर्ने गर्दछन् भने त्यस्ता बिक्री गरिने वस्तुहरूको सूची बनाउनुहोस् । साथै ती वस्तुहरूको मूल्य कसरी निर्धारण गरिन्छ र वस्तुहरू बिक्री गर्न ती किसानहरू कति टाढाबाट आउने गर्दछन्, त्यो पनि उल्लेख गर्नुहोस् ।

७. नेपालमा वैदेशिक व्यापारको समस्या र समाधानका उपायहरू

नेपालको वैदेशिक व्यापारका समस्याहरू

नेपालमा वैदेशिक व्यापारका समस्याहरू धेरै छन् । तीमध्ये मुख्यमुख्य समस्याहरू यहाँ प्रस्तुत गरिएका छन् :

(क) आयात बढी निर्यात कम

नेपालले विदेश पठाउने वस्तुहरू प्रायजसो कृषि र वनमा आधारित कच्चा पदार्थहरू रहेका छन् । यी वस्तुहरू कम मूल्यमा बिक्री गर्नुपर्ने अवस्था छ भने अर्कोतिर बढीभन्दा बढी मूल्य पर्ने वस्तुहरू आयात गर्नुपर्ने स्थिति छ । यसले प्रतिवर्ष व्यापार घाटा बढिरहेको छ ।

नेपाली व्यापारीहरू उद्योगमा भन्दा व्यापारमा लगानी गरी रातारात धनी बन्ने होडमा लागेका छन् । यसले गर्दा आयात बढ्ने र निर्यात घट्ने देखिन्छ । आयात बढ्नुको मतलब व्यापार घाटा भइरहनु हो । उद्योगधन्दाको विकासमा लगानी गर्न इच्छुक नदेखिनुले विकास पछि पर्ने र आयात निरन्तर बढिरहने देखिन्छ ।

(ख) खुला सिमाना

नेपालको तीनतिर भारत पर्दछ । तीनैतिर खुला सिमाना भएकाले भारतीय वस्तुहरू नेपालमा सजिलै बिक्री हुन्छन् । यी वस्तुहरू नेपालमा उत्पादित भन्दा सस्तो पर्छन् । त्यसैले भारतीय सीमा क्षेत्रमा बजारमा ती वस्तुहरू किन्न नेपाली ओइरो लाग्दछन् । यसबाट नेपाली उपभोक्ताहरू ठगिने क्रम बढेको छ । नेपाली उद्योगधन्दाका सामानहरू कम बिक्री हुने स्थिति रहेको छ ।

(ग) भूपरिवेष्टित

नेपाल भूपरिवेष्टित राष्ट्र भएकाले आफ्नो समुद्रसँग पुग्ने बाटो छैन । भारतीय बन्दरगाहबाट नेपालले वस्तुहरू आयात निर्यात गर्दा कानुनी र प्रक्रियागत झन्झटहरू बेहोर्नुपर्दछ । त्यसै गरी ढुवानी भाडा र बिमा खर्च पनि बेहोर्नुपर्दछ । यसबाट सामानहरूको मूल्य वृद्धि हुन पुगी नेपाली उपभोक्ताहरूलाई महँगो पर्छ । नेपालले भारसँगको पारवाहन निर्भरतालाई घटाउन सक्ने अवस्था छैन ।

(घ) विलासी वस्तुहरूको बढ्दो आयात

सरकारले भन्सार राजस्वबाट धेरै आम्दानी गर्नका लागि विलासी वस्तुहरूको आयातलाई छुट दिएको छ । यसले गर्दा सरकारी राजस्व बढे पनि विदेशी मुद्रा विलासी वस्तुमा खर्च भई अन्य औद्योगिक र विकास निर्माणका सामग्रीमा खर्च घट्न जान्छ । यसबाट औद्योगिक विकासमा समस्या आउँछ ।

समस्या सामाधानका उपायहरू

नेपालको वैदेशिक व्यापारमा देखिएका समस्या समाधानका लागि निम्नलिखित कदमहरू चाल्नु उपयक्त देखिन्छ :

(क) आयात घटाई निर्यात बढाउनुपर्ने

(ख) उद्योगधन्दाको विकासमा जोड दिई देशका लागि आवश्यक सामान स्वदेशमा नै उत्पादन गर्नुपर्ने

(ग) नेपालले कृषि र वनमा आधारित वस्तुको उत्पादनमा वृद्धि गरी निर्यात बढाउनुपर्ने

(घ) नेपालले धेरै देशसँग व्यापार गर्ने नीति अवलम्बन गरी व्यापार विविधीकरणमा जोड दिनुपर्छ ।

(ङ) उद्योगपति, व्यापारी एवम् पुँजीपतिहरूलाई राज्यले प्रोत्साहित गरी स्वेदशमा नै उद्योगधन्दा खोल्ने वातावरण बनाइदिनुपर्छ ।

क्रियाकलाप

१. छओटा समूह बनाउनुहोस् र काम गर्न फराकिलो ठाउँमा बस्नुहोस् । प्रत्येक समूह एउटा देश हो । आ-आफ्नो देशको नाम तोक्नुहोस् । तपाईंका शिक्षकले तपाईंलाई निम्नलिखित प्राकृतिक स्रोतहरू, औजारहरू र पुँजी दिनुहुने छ ।

समूह	१	२	३	४	५	६
कागज	१५	२	१	३०	२	७
पेन्सिल	१	१	३	०	१	१
कैंची	०	२	३	०	०	१
रुलर	०	२	३	१	१	०
पैसा	२०	४०	१५०	१०	१५	७०



तपाईंले सक्दो बढी आकारका वस्तुहरू बनाउनुहोस् र त्यसलाई बैङ्कमा बेच्नुहोस् । बैङ्कले त्यो ठीक छ छैन भनी जाँच गर्छ । त्यो समूह जसले बढी रुपियाँ कमाउँछ त्यही विजयी हुन्छ । वस्तुको मूल्य तल दिइएको छ । बैङ्कले पनि सामान बेच्न सक्छ ।

कागज १ पानाको मूल्य २५ पैसा, पेन्सिलको मूल्य रु. ५, कैंचीको मूल्य रु. १००, रुलरको मूल्य रु. १०
* बैङ्कले तपाईंलाई प्रत्येक दस मिनेटको लागि व्याजमा ऋण दिन सक्छ ।

(यदि तपाईंले रु. २० लिनुभयो भने १० मिनेटपछि तपाईंको रु. ३० हुने छ ।)

* तपाईंले आफूले चाहेजस्तो गरी कुनै पनि समूहसँग किन्न वा बेच्न सक्नुहुन्छ अथवा सामान साटासाट गर्न सक्नुहुन्छ ।
* यी सबै गर्नलाई ३० मिनेटको समय हुने छ ।
* यो खेल खेलिसकेपछि यी प्रश्नहरूको जवाफ दिनुहोस् :

(क) यसलाई व्यापारिक खेल किन भनिन्छ ?

(ख) यसले अन्तरराष्ट्रिय व्यापार तथा विकास सम्बन्धमा के देखाउँछ ?

२. नेपालको व्यापारको वर्तमान अवस्थामा अपनाउनुपर्ने उपायहरूको सूची बनाउनुहोस् ।

३. नेपालको वैदेशिक व्यापारमा देखिएका समस्याहरूको समाधानका लागि केकस्ता उपायहरू अवलम्बन गर्नुपर्छ ?

सामुदायिक कार्य

तपाईं स्थानीय व्यापारीसँग भेट गर्नुहोस् । उहाँसँग व्यापार गर्न केके समस्याहरू छन् । त्यसको टिपोट गर्नुहोस् । त्यही टिपोटका आधारमा 'डाँफे दैनिक' पत्रिकाका लागि समाचारको नमुना बनाउनुहोस् ।

८. आर्थिक योजना

परिचय

साधारणतया योजना भन्नाले निश्चित समयमा निश्चित साधनबाट निश्चित उद्देश्य हासिल गर्नका लागि बनाइएको कार्यक्रम हो । योजनाबद्ध क्रियाकलापबाट समय र साधन दुवैको सदुपयोग हुन जान्छ । आर्थिक योजनाको अर्थ आर्थिक विकास गर्नुका साथै आर्थिक र प्रादेशिक विषमता हटाउनु पनि हो । स्रोत र साधनहरू सीमित हुन्छन् । ती सीमित स्रोत र साधनबाट अधिकतम आवश्यकताहरू पूरा गर्ने कार्यक्रम सञ्चालन गर्नुपर्छ । योजनाको माध्यमबाट यस्ता कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ । योजना तर्जुमा गर्दा प्राथमिकताका आधारमा गर्नुपर्छ जसबाट अति आवश्यकीय सेवा र वस्तुहरू जुटाई देशवासीको कल्याण गर्न सकिन्छ ।

नेपालमा व्यवस्थित रूपमा आर्थिक योजनाको सुरुवात वि.सं. २०१३ सालबाट भयो तर राणाकालमा पनि योजनासम्बन्धी केही प्रयास भएको थियो। हालसम्म दसओटा योजना सञ्चालन भइसके जसमध्ये दोस्रो योजनाको समयावधि तीन वर्षको थियो भने अन्य सबै योजनाको अवधि पाँच वर्षको थियो । त्यसैले दोस्रो योजनालाई त्रिवर्षीय योजना र अरू योजनालाई पञ्चवर्षीय योजना भनिन्छ । काम गर्दै जाँदा अनेकौं बाधा उत्पन्न भएर सोचेजस्तो गतिमा कार्य सम्पन्न हुन नसकी सबै उद्देश्यहरू पूरा नहुन पनि सक्छन् । यदि त्यस्तो भएमा आगामी योजनामा समावेश गरी कार्य अगाडि बढाउनुपर्ने हुन्छ । योजनाबद्ध ढङ्गले अघि बढाएको कार्यक्रमले नै सफलता प्राप्त गर्न सक्छ ।

योजनाबाट निम्नलिखित फाइदाहरू हुन्छन्:

(क) आर्थिक विकास निर्दिष्ट दिशामा अघि बढाउन सकिन्छ ।

(ख) देशको सीमित साधनको अधिकतम उपयोग गर्न सकिन्छ ।

(ग) विदेशी मुद्राको सदुपयोग गर्न सकिन्छ ।

(घ) कम समयमा निर्धारित उद्देश्यहरू हासिल गर्न सकिन्छ ।

(ङ) सीमित साधनबाट असीमित मागहरू कुनै निश्चित प्राथमिकताका आधारमा पूरा गर्न सकिन्छ ।

(च) सामाजिक न्याय र क्षेत्रीय सन्तुलन कायम गर्न सकिन्छ ।

योजनासम्बन्धी एउटा उदाहरण

गाउँ विकास समितिले आफ्नो गाउँको विकासका लागि एउटा विस्तृत योजना बनाउनुपर्दछ । यस किसिमको योजनामा आफ्ना उद्देश्य तथा लक्ष्यहरू प्रस्ट रूपमा उल्लेख भएको हुनुपर्दछ । साथै यस्ता योजनाहरूलाई कुन रूपमा अघि बढाउँदै लैजाने हो त्यो पनि प्रस्ट रूपमा उल्लेख भएको हुनुपर्दछ । योजनामा कुनै विकास कार्यका लागि लाग्ने लागत खर्च, समयावधि, त्यस कार्यमा लाग्ने जनशक्ति तथा तालिम आदिको प्रस्ट रूपमा उल्लेख भएको हुनुपर्दछ । कार्य सञ्चालनका समयमा देखा पर्न सक्ने समस्याहरू, तिनको समाधानका उपायहरू र मर्मत तथा सम्भार आदिको कस्तो व्यवस्था हुन सक्छ, त्यो पनि योजनामा समावेश हुनु आवश्यक छ । अन्त्यमा सञ्चालित योजनाबाट के उपलब्धि निस्कन सक्ला र त्यसबाट प्रत्यक्ष रूपमा कसलाई फाइदा पुग्ला भन्नेजस्ता कुराहरू पनि योजनामा समावेश हुनुपर्दछ । गाउँ विकास समिति आफ्नो गाउँमा बसोबास गर्ने जुनसुकै व्यक्ति विशेषका लागि पनि जिम्मेदार रहन्छ । कुनै जातजाति, राजनीतिक अवस्था, आर्थिक अवस्था, शिक्षा आर्जनको

अवस्था आदिलाई आधार बनाएर कसैलाई काखा र कसैलाई पाखा गर्न मिल्दैन । विकास आयोजनाहरू सञ्चालन गर्न चाहिने साधन कसरी जुटाउने, कुनकुन स्रोतहरूबाट चाहिने साधन परिचालन गर्ने, स्थानीय जनताको श्रमदान कसरी परिचालन गर्नेजस्ता प्रश्नहरूमाथि यथोचित विचार हुनुपर्दछ ।

गाउँ विकास समितिको योजना

गाउँ विकास समितिले विकास कार्यका लागि योजना बनाउँदा गाउँको आवश्यकता, जनताको खाँचो र मागहरूअनुसार क्रमशः कुनै निर्धारित प्राथमिकताको आधारमा योजनाको तर्जुमा गर्नुपर्ने हुन्छ । यस्ता आवश्यकताहरूमध्ये केही तल उल्लेख गरिएअनुसार हुन सक्छन् :

* शुद्ध खानेपानीको व्यवस्था
* शौचालय निर्माण
* सञ्चार सुविधा, यातायातको सुविधा
* प्राथमिक शिक्षा, स्वास्थ्य सेवा, पशुस्वास्थ्य आदि ।
* तालिमको व्यवस्था
* ऊर्जाको वैकल्पिक स्रोत
* वृक्षरोपण

क्रियाकलाप

१. मुलुकले ऋण सहयोग लिनुका फाइदा वा बेफाइदाहरू केके हुन सक्छन् ? फाइदा तथा बेफाइदाहरूलाई छुट्टाछुट्टै रूपमा देखाउनुहोस् ।

२. किन एउटा मुलुकको कुनै कम्पनीले अर्को मुलुकमा गएर कलकारखानाहरू खोलेको हुन्छ ? यसरी कलकारखानाहरू खोल्दा ती दुवै किसिमका मुलुकहरूलाई कस्तो रूपमा फाइदा र बेफाइदा हुन जान्छ, उल्लेख गर्नुहोस् ।

३. एउटा छात्र वा छात्राले तपाईंलाई आर्थिक योजना भनेको के हो ? भनी प्रश्न गरेमा तपाईं के जवाफ दिनुहुन्छ ? उल्लेख गर्नुहोस् ।

सामुदायिक कार्य

तपाईंले अध्ययन गर्ने विद्यालयलाई पचास हजार रुपियाँको आर्थिक सहयोग कतैबाट प्राप्त भएको छ । यसलाई उचित रूपमा खर्च गर्न एउटा समितिको निर्माण भएको छ । समितिमा रहेका विभिन्न सदस्यहरूले विभिन्न सुझाव दिएको पाइन्छ । जस्तै :

* सबै शिक्षक तथा कर्मचारीहरू र विद्यार्थीहरूलाई समानरूपले प्राप्त आर्थिक सहयोग वितरण गर्ने
* विद्यालय आफैंले सानो रूपमा भए पनि तरकारी उमार्नेजस्ता व्यवसायहरू सञ्चालन गर्ने
* प्राप्त सम्पूर्ण रकम बैङ्कमा जम्मा गरेर त्यसबाट प्राप्त हुने व्याज खर्च गरेर बर्सेनि विद्यालयको भौतिक विकास गर्दै जाने
* बैङ्कमा पैसा जम्मा गर्ने र बर्सेनि गरिब तथा जेहेनदार विद्यार्थीहरूलाई छात्रवृत्ति दिंदै जाने
* पुस्तकालय सञ्चालन गर्न आवश्यक पुस्तकहरूका साथै अन्य सामग्रीहरू खरिद गर्ने
* विद्यालय हाताभित्र एउटा राम्रो शौचालयको निर्माण गर्ने
* खेलकुद र विज्ञानका आवश्यक सामग्रीहरू खरिद गर्ने

समूहमा रहेका प्रत्येक सदस्यहरूले आ-आफ्नो लागि माथि दिइएका सुझावहरूमध्ये आफूलाई मन पर्ने कुनै एक सुझाव छान्नुहोस् । आफूले छानेका सुझाव किन उचित छन् भन्ने सम्बन्धमा चित्त बुझ्दो कारण दिई राष्ट्रिय योजना आयोगलाई पठाउने पत्रको नमुना तयार गर्नुहोस् ।

९. विगत योजनाका उपलब्धिहरू

पाँचौं योजनाकालसम्म विकासका लागि चाहिने पूर्वाधारहरू खडा गर्न योजनालाई बढी प्राथमिकता दिइयो। छैटौं र सातौं योजनाले जनताको न्यूनतम आधारभूत आवश्यकताहरू परिपूर्ति गर्नेतर्फ बढी ध्यान केन्द्रित गरेका थिए। यस अवधिमा शिक्षा, स्वास्थ्यजस्ता क्षेत्रहरूमा उल्लेखनीय प्रगति भएको छ। वैदेशिक व्यापारको विस्तार र विविधीकरण, कृषिउद्योग कार्यहरूमा नयाँ प्रविधिको प्रयोग अन्य उल्लेखनीय पक्ष हुन्। आठौं, नवौं, दसौं योजनाको मुख्य उद्देश्य गरिबी निवारण गर्नु रहेको थियो, तापनि नेपाली जनताको जीवनस्तरमा सुधार गर्न धेरै काम गर्न बाँकी नै छ।

विगतका योजनाहरूले योजना बनाउँदा जनसहभागिता जुटाउन र वास्तविक स्थितिको लेखाजोखा गर्न नसकेको देखिन्छ तापनि केही विकास निर्माणका काम भने भएका छन्। सडक निर्माण, जलविद्युत् उत्पादन, विमानस्थल निर्माण, मत्स्य विकास केन्द्रको स्थापना, सिमेन्ट कारखाना, चिनी कारखाना, कागज कारखाना, छाला जुत्ता कारखाना, चुरोट कारखाना, टेलिफोन सेवा विस्तार, रेडियो नेपाल, नेपाल टेलिभिजनको स्थापना, अस्पतालहरूको निर्माण, विश्वविद्यालय, क्याम्पस, विद्यालयहरूको स्थापना, सिँचाइ आयोजना निर्माण, इँटा टायल कारखाना, झोलुङ्गे पुलको निर्माण, पक्की पुल निर्माण, उपस्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, खानेपानी आयोजना सञ्चालन आदि विकास निर्माणका कार्यहरू भएका छन्। यसले गर्दा योजना योजनामा नै सीमित रहेको देखिन्छ। यस्ता योजनाहरू निर्माण गर्दा तलका कुराहरूमा ध्यान दिनु जरुरी छ :

योजना बनाउँदा ध्यान दिनुपर्ने कुराहरू

१. राज्यको भूमिका, गैरसरकारी क्षेत्रको भूमिका, जनसहभागिता, स्थानीय एकाइहरूको भूमिका स्पष्ट हुनुपर्ने

२. शिक्षा, स्वास्थ्य, सञ्चार, खानेपानी, बिजुली, यातायातजस्ता सार्वजनिक सेवाहरू सञ्चालन सरकारले नै गर्नु राम्रो होला कि गैरसरकारी क्षेत्रको सहभागितालाई पनि प्रोत्साहित गर्नुपर्ने भन्ने निश्चित गर्नुपर्ने

३. योजनाको उद्देश्य, प्राथमिकता, नीति, कार्यक्रम, साधनजस्ता सबै विषय स्पष्ट रूपले निर्धारित गर्नुपर्ने

४. जात, जाति, क्षेत्र, वर्ग र लिङ्गलाई समायोजन गर्नुपर्ने

५. काठमाडौंजस्ता सहरहरूमा बसोबास गर्ने मानिसहरूलाई मात्र नभई देशका प्रत्येक कुनाकाप्चामा बस्ने सम्पूर्ण परिवारमा देशको आर्थिक उन्नतिका कार्यहरूमा जोड दिनुपर्ने

६. कृषिलगायत अन्य आर्थिक तथा सामाजिक क्षेत्रहरूमा सुधार गर्नुपर्ने

७. आन्तरिक साधनको बढी परिचालन गरी बाह्य सहायतामाथिको निर्भरता क्रमशः घटाउँदै जानुपर्ने

८. देशमा भएका जनशक्ति, जलस्रोत, प्राकृतिक दृश्यहरू, वन्यजन्तु आदि साधन र स्रोतहरू प्रयोग गरी देशको कुल गार्हस्थ उत्पादन बढाउनुपर्ने

क्रियाकलाप

१. नेपालको राष्ट्रिय अङ्ग्रेजी दैनिक अखवार The Rising Nepal मा प्रकाशित तलको समाचार अध्ययन गरी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :

> **साना उद्योग विकास कार्यक्रम**
>
> नेपाल सरकार र संयुक्त राष्ट्रसङ्घीय संस्था, युएनडिपीको संयुक्त आयोजनामा नेपालका पाँचै विकास क्षेत्रबाट दुईदुई जिल्लाहरू पर्ने गरी १० ओटा जिल्लाहरूमा पाँच वर्षका लागि (सन् १९९८-२००३) साना उद्योग विकास कार्यक्रम सञ्चालन गरिएको छ । चरणबद्ध रूपमा लागू गर्दै लगिने यस किसिमको कार्यक्रमका मूल उद्देश्य ग्रामीणस्तरमा रोजगारको सिर्जना गरी खेर गइरहेको जनशक्तिको परिचालन गर्नु हो । खास गरेर यस कार्यक्रमले नेपालका ग्रामीण क्षेत्रहरूमा बसोवास गर्ने कम आम्दानी भएका परिवारका पुरुष तथा महिलाहरूलाई सक्रिय बनाई साना उद्योग व्यवसायमा लगाएर पञ्चवर्षीय योजनामा उल्लेख भएअनुसार मुलुकको गरिबीको स्थितिलाई कम गर्दै लैजाने नेपाल सरकारको लक्ष्य पूरा गर्नमा सहयोग गर्ने छ । यस कार्यले ग्रामीण जनताहरूलाई उद्योगको मालिक र एक कुशल व्यवस्थापक हुनमा सघाउ पुऱ्याउँछ ।

(क) यस किसिमको आयोजनाबाट कस्ता व्यक्तिहरूले बढी फाइदा लिन सक्छन् ?

(ख) साना उद्योग विकास कार्यक्रम कसले सञ्चालन गर्दै आएको छ ?

(ग) एउटा उद्योगको मालिक र व्यवस्थापकमा के अन्तर छ ?

(घ) यस्ता साना उद्योग कार्यक्रम सञ्चालन गर्न पैसाको अतिरिक्त केके कुराको आवश्यकता पर्न जान्छ ?

(ङ) साना उद्योग विकास कार्यक्रम सञ्चालन भएपछि देशलाई कस्तो फाइदा पुऱ्याउने लक्ष्य राखिएको छ ?

(च) यस्ता कार्यक्रम सञ्चालन गर्न उपयुक्त हुने जिल्लाहरू छनोट गर्नुहोस् ।

२. योजनामा भएका मुख्य उपलब्धिहरू केके हुन् ?

३. योजना बनाउँदा कुनकुन पक्षमा ध्यान पुऱ्याउनुपर्छ ?

सामुदायिक कार्य

तपाईंको समुदायमा विगत वर्षहरूमा केके काम भएका छन् ? त्यहाँका स्थानीय मानिससँग सोध्नुहोस् र आगामी दिनमा ती ठाउँहरूमा केके काम गर्नुपर्ला, ती मानिसहरूलाई सोधी त्यसैका आधारमा आगामी दिनमा गर्नुपर्ने कामको योजना बनाउनुहोस् ।

१०. गरिबी निवारण र रोजगार प्रवर्द्धन

गरिबी निवारणको प्रमुख माध्यम रोजगारी हो। रोजगारीले आयआर्जन गरी आर्थिक विकास बढाउँछ र गरिबी कमि हुँदै जान्छ। रोजगारी लगानी तथा विकासको प्रतिफल हो। गरिबी निवारणका लागि दिगो रोजगारीका अवसरहरू सिर्जना गराई गरिब तथा विपन्न समुदायका मानिसहरूको क्षमता विकास र सशक्तीकरणमा जोड दिई प्रतिस्पर्धात्मक क्षमता बढाउनु आवश्यक छ।

"गरिबी विशेष गरी ग्रामीण क्षेत्रमा रहेको छ।" पिछडिएका ग्रामीण एवम् विपन्न वर्गमा आयआर्जन र रोजगारीका अवसरहरू सिर्जना गरी उनीहरूको आयस्तर बढाउनुपर्दछ। नेपाल कृषिप्रधान मुलुक भएकाले ग्रामीण क्षेत्रमा विकासको दर बढाउन कृषिमा सुधार गर्नुपर्दछ। कृषिमा उत्पादकत्व बढाउन सरकारले लगानी गर्नुपर्छ। यसका लागि सहकारी र चक्लाबन्दी खेती प्रणाली अवलम्बन गरी कृषि क्षेत्रबाट उत्पादकत्व बढाउन सकिन्छ। कृषिबाट प्रशस्त कच्चा पदार्थ उत्पादन गरी उद्योगधन्दाको विकास गर्न सकेमा रोजगारीका अवसरहरू बढ्छन्। जब मानिसले रोजगार पाउँछ उसको आर्थिक अवस्था बढ्छ।

नेपालमा योजनाबद्ध ढङ्गले विकास थालनी वि.सं. २०१३ सालदेखि भएको हो। प्रथम योजनादेखि अन्तरिम त्रिवर्षीय योजनासम्म आइपुग्दा गरिबी निवारणले अग्रस्थान पाउँदै आएको छ। अझ विशेष गरी आठौँ, नवौँ र दसौँ योजनाको दस्तावेजमा दिगो आर्थिक वृद्धि हासिल गर्ने, गरिबी घटाउने तथा क्षेत्रीय असन्तुलन हटाउने उद्देश्यहरू निर्धारण गरिएका थिए। आठौँ योजनाले राखेका उद्देश्यहरू प्राप्तिका लागि निर्धारण गरिएका प्राथमिकता क्रममा रोजगारी सिर्जना तथा मानवीय साधन (जनशक्ति) को विकासमा विशेष जोड दिइएको थियो। नवौँ योजनाको एकमात्र उद्देश्य गरिबी निवारण गर्नु रहेको थियो। त्यसका लागि कृषि र वन क्षेत्रको एकीकृत विकास गरी उच्च, दिगो र गरिबी निवारणतर्फ उन्मुख आर्थिक वृद्धि गर्ने रणनीति अपनाइको थियो। कृषि क्षेत्रलाई गरिबी निवारणको अगुवा भूमिका निभाउन लगाउने प्रयास गरिएको थियो तर ती सबै प्रयासहरूले मूर्त रूप लिन सकेनन्। जुन वर्गका लागि कार्यक्रम निर्धारण गरिएको हो, त्यहाँसम्म पुग्न नसकेपछि गरिबी निवारणले सफलता हासिल गर्न सकेन। फराकिलो आर्थिक वृद्धिदरअन्तर्गत दसौँ योजनामा रोजगारी सिर्जना गरी निरपेक्ष गरिबी न्यूनीकरण गर्न कार्यक्रमहरू सञ्चालन गरिएका थिए। तिनले पनि मूर्त रूप लिन सकेनन्।

तीन वर्षीय अन्तरिम योजना (२०६४/०६५-२०६६/०६७) ले गरिबी निवारण तथा रोजगारीका सम्बन्धमा यसरी उल्लेख गरेको पाइन्छ - गरिबी न्यूनीकरणको प्रयासलाई निरन्तरता दिँदै गरिब र धनीबीच बढ्दै गएको असमानताको अन्तरलाई कम गर्नु यस योजनाको प्रमुख चुनौती रहेको छ। गरिबी न्यूनीकरण र रोजगारी अभिवृद्धिका लागि निम्नबमोजिमका रणनीतिहरू लिइने छ :

* निजी क्षेत्रको लगानीलाई घरेलु तथा साना उद्योगका साथै कृषिजन्य वस्तुमा आधारित मझौला उद्योगमा आकर्षित गरी नयाँ रोजगारीका अवसरहरू सिर्जना गर्ने,
* प्रत्यक्ष वैदेशिक लगानीलाई तुलनात्मक लाभको आधारमा ठूला जलविद्युत् योजना, राजमार्ग, सिँचाइ, पर्यटन, सेवा (शिक्षा र स्वास्थ्य) वित्तीय क्षेत्र र जैविक विविधता प्रवर्द्धन एवम् विकास परियोजनामा आकर्षण गरी अतिरिक्त रोजगारीका अवसरहरू सिर्जना गर्ने,

* ग्रामीण क्षेत्रमा सडक, खानेपानी, नहर र सिँचाइ योजना निर्माण कार्यका साथै पुन: निर्माणका कार्यक्रमहरूको माध्यमबाट निश्चित अवधिका लागि रोजगारीका अवसरहरू प्रदान गर्ने,
* दलित, उत्पीडित एवम् विपन्न महिला, अपाङ्ग, आदिवासी, मधेसी, जनजाति पिछडिएका वर्ग र अल्पसङ्ख्यहरूको आयआर्जनका निमित्त हिमाल, पहाड र तराई तीनओटै प्रदेशमा लघु कर्जामा आधारित छुट्टाछुट्टै लक्षित कार्यक्रमहरू सञ्चालन गरी रोजगारी सिर्जना गर्ने,
* कृषि क्षेत्रलाई व्यवसायीकरण गर्दै उद्योगतर्फ निर्यात प्रशोधन क्षेत्र, विशेष आर्थिक क्षेत्र र औद्योगिक कोरिडरलाई विस्तार गर्ने,
* भौगोलिक क्षेत्र तथा सामाजिक समूह दुवैका आधारमा विभिन्न विषयगत क्षेत्रमा समावेशी, लक्षित तथा विशेष क्षेत्र कार्यक्रमहरू सञ्चालन गरिने,
* लक्षित कार्यक्रम सम्बन्धित समूहसम्म प्रभावकारी ढङ्गबाट पुग्न सकोस् भन्ने उद्देश्यले गरिबीको रेखामुनिका जनसङ्ख्याको पहिचान प्रणालीको विकास गरिने छ। लक्षित समूह पहिचान भएपछि सोका आधारमा राज्यले प्रदान गर्ने सेवा सहुलियत यस समूहलाई प्रवाहित गरिने,
* बेरोजगारी र अर्धबेरोजगारीको स्थितिलाई न्यूनीकरण गर्न उत्पादनमूलक रोजगारी अभिवृद्धि गरिने,
* रोजगारीलाई बढी आयमूलक बनाउन गरिब तथा लक्षित समूहका युवा वर्गलाई सीप विकास तथा सहुलियतपूर्ण ऋणको व्यवस्था गरिने।

यी नीतिहरू हासिल गर्नका लागि सरकारी नेतृत्वमा गैरसरकारी र निजी क्षेत्रलाई संलग्न गराइने कार्यनीति अवलम्बन गरिने कुरा उल्लेख थियो। यी नीति र कार्यनीतिले वास्तवमा मूर्त रूप लिन सकेनन् र गरिबी निवारण र रोजगार प्रवर्द्धनका कार्यक्रमहरू अघि बढ्न सकेनन्। यसलाई सशक्त ढङ्गले बढाउन तीन वर्षीय अन्तरिम योजनाले प्रयास गरेको छ। यसका लागि सरकारी, गैरसरकारी र निजी क्षेत्रले सशक्त ढङ्गबाट कार्यक्रम अगाडि ल्याउनु जरुरी छ।

क्रियाकलाप

१. "गरिबी निवारणको प्रमुख माध्यम रोजगारी हो।" यस भनाइलाई उदाहरण दिई पुष्टि गर्नुहोस्।

२. नेपालमा गरिबी किन घटाउन सकिएको छैन ? कारण दिनुहोस्।

३. रोजगारीका अवसरहरू बढाउन तीन वर्षीय अन्तरिम योजनाले केकस्ता रणनीतिहरू अघि सारेको छ ? बुँदागत रूपमा उल्लेख गर्नुहोस्।

४. तीन वर्षीय अन्तरिम योजनाले गरिबी घटाउन केकस्ता कार्यक्रमहरू ल्याएको छ ? त्यसको खोजी गरी लेख्नुहोस्।

सामुदायिक कार्य

तपाईंको इलाकामा स्थानीयस्तरबाट रोजगार प्रवर्द्धनका लागि केकस्ता योजनाहरू निर्माण भएका छन् ? ती योजनाहरू कहिले पूरा हुन्छन् ? गाउँ विकास समिति/नगरपालिकाको कार्यालयमा जानुहोस् र त्यहाँ कार्यरत कर्मचारीलाई सोधी योजनाका सम्बन्धमा एउटा प्रतिवेदन तयार गर्नुहोस्।

सारांश

यस एकाइमा हामीले निम्नलिखित कार्यहरू गर्न सिक्यौँ :

* दिइएका चित्र र चार्टहरूको व्याख्या गर्न,
* स्थानीय कृषि, उद्योग र वातावरणसम्बन्धी अध्ययन र अनुसन्धान गर्न,
* आर्थिक योजना बनाउन,
* अन्तरराष्ट्रिय व्यापार सम्बन्धमा जानकारी लिन,
* आर्थिक सुधारका लागि व्यापारको महत्त्व उल्लेख गर्न,
* नेपालका लागि कृषि नै आर्थिक विकासको मेरुदण्ड हो भन्ने कुरा उल्लेख गर्न,
* कुनै पनि आर्थिक गतिविधिका लागि योजना बनाउनु अति आवश्यक छ भन्ने कुरा बताउन,
* विगतका योजनाहरूको उपलब्धिको लेखाजोखा गर्न,
* स-साना योजनाको खाका तयार गर्न,
* स्थानीय व्यक्तिहरूसँग अन्तर्वार्ता लिन र त्यसका आधारमा समाचारको नमुना तयार गर्न,
* गरिबी निवारण र रोजगार प्रर्वद्धन गर्न योजनाले निर्वाह गर्नुपर्ने भूमिका उल्लेख गर्न,
* स्थानीय निकायमा गई योजनाको जानकारी लिन ।

एकाइ
५

अन्तरराष्ट्रिय सम्बन्ध, शान्ति र सहयोग

यस एकाइमा हामी निम्नलिखित विषयवस्तु अध्ययन गर्ने छौँ :

- समसामयिक घटना र विज्ञान प्रविधिले जीवनमा पारेको प्रभाव
- दातृराष्ट्रहरूसँगको आपसी सम्बन्ध
- अन्तरराष्ट्रिय शान्ति स्थापनामा नेपालको सहयोग
- सार्क राष्ट्रहरूको आपसी सहयोग र सम्बन्ध
- संयुक्त राष्ट्रसङ्घ र नेपालबीच सम्बन्ध र सहयोग
- जलवायु परिवर्तनको नकारात्मक असरबाट बच्ने उपाय

१. अन्तरराष्ट्रिय समझदारी, शान्ति र सहयोग

व्यक्ति, परिवार, समाज, राष्ट्र र विश्व

प्रत्येक मानिस शरीर, मन र अनुभवका आधारमा भिन्नभिन्न हुन्छन् तर प्रत्येकका चाहना र भावनाहरू एउटै किसिमका हुन्छन् । मानिसहरू मिलेर परिवार बन्दछ, जसमा केटाकेटीहरू जन्मिन्छन्, हुर्कन्छन् र केही कुरा सिक्दछन् अनि एकंले अर्कालाई मद्दत गर्दछन् । परिवारहरू मिलेर समुदाय वा समाजको निर्माण हुन्छ । यस्ता समाजमा बस्ने सबैले एउटै वातावरणमा रही समस्याहरू भोगिरहेका हुन्छन् । समुदाय वा समाज मिलेर राष्ट्र बन्दछ । साझा भावना भएको हुँदा मानिसहरू अनेकतामा पनि एकताको सूत्रमा बाँधिएर रहन्छन् । हामीले एकअर्कालाई नचिनेका हौँला तर प्रत्येकको जीवनस्तर उकास्नमा सघाउ पुऱ्याउनु हाम्रो जिम्मेवारी हो । यसका लागि हामीले आफूलाई र अरूलाई पनि चिन्न सक्नुपर्दछ । राष्ट्रहरू मिलेर विश्व बन्दछ । यो हामी सबैको साझा घर हो । जब मानिसहरू सँगै बस्दछन् त्यस वेला तिनीहरूबीच विभिन्न वादविवाद हुनु स्वभाविक नै मानिन्छ । यस्तो विवाद कहिलेकाहीँ साथीहरू, परिवार र समुदायबीच हुन सक्दछ ।

कहिलेकाहीँ मानिसमानिसबीचको सम्बन्धमा चिसोपन आउँदा लडाइँ तथा झगडा गर्ने वा बोलचालै बन्द गर्ने गर्दछन् । बुद्धिमान् मानिसहरूले यसबाट पर्न जाने दुःख र कठिनाइलाई बुझी एकआपसमा बसी परेका समस्याको समाधान खोज्छन् र एकअर्कालाई बुझ्ने कोसिस गर्दछन् । समझदारी गर्नुको अर्थ जे पनि सहिदिनु भन्ने होइन बरु आफ्नो धरातलमा रहेर अरूको आँखाले पनि समस्यालाई हेरी त्यसको समाधानका उपाय खोज्नु हो । त्यसो गर्नाले मात्र सहमतिमा पुग्न सकिन्छ र राम्रो सम्बन्ध कायम गरी त्यसलाई निरन्तरता दिन सकिन्छ ।

अन्तरराष्ट्रिय विवाद

कहिलेकाहीँ दुई भिन्न राष्ट्रहरूबीच विवाद उत्पन्न हुन्छ । यस्तो विवाद प्रायः गरेर भूमिको वा प्राकृतिक साधन र स्रोतको स्वामित्वलाई लिएर उत्पन्न हुन्छ । उदाहरणका लागि इजरायली र प्यालेस्टिनीहरूले भूमिसम्बन्धी विवाद उठाइरहेका छन् । यस्तो विवादले गर्दा त्यस देशमा बस्ने नागरिकहरूलाई बदलाको भावनाले व्यवहार गरिन्छ । कुनै नेताले अर्को राष्ट्रविरुद्ध उत्तेजना फैलाएर शक्ति हत्याउन पनि खोज्छन् ।

आजभोलि धेरै राष्ट्रहरूसँग ठूलाठूला हातहतियारहरू रहेका छन् । यस्ता हतियारहरूले सहरहरू मात्र नष्ट गर्ने नभई ठूलो धनजनको पनि क्षति पुऱ्याएका हुन्छन् । इ.सं. १९४५ मा अमेरिकाले जापानको हिरोसिमा र नागासाकीमा खसालेको बमको असर आजसम्म पनि रहेको छ । आधुनिक क्षेप्यास्त्रले धेरै छिटो गतिमा लक्षित क्षेत्रमा हिर्काएर र शक्तिशाली बमहरू खसाली ठूलो मात्रामा धनजनको क्षति पुऱ्याउन सक्छन् । यसले लामो दुरी पार गर्न सक्छ र चाहेको ठाउँमा आक्रमण गर्न सक्छ । यस्तो परिस्थितिमा राष्ट्रहरूले एकअर्कालाई राम्रोसँग बुझी राम्रो सम्बन्ध कायम गर्दै जानुपर्दछ ।

क्रियाकलाप

यी प्रश्नहरूमाथि छलफल गर्नुहोस् । यसको कुनै निश्चित जवाफ छैन तर तपाईंले आफ्नो जवाफको कारण दिनुपर्ने छ ।

१. के मानिसहरू जन्मँदैमा यो ठीक र यो बेठीक हो भन्ने जानेर आएका हुन्छन् ?

२. के मानिसहरूले ठीक र बेठीकसम्बन्धी विचारहरूको निश्चित मापदण्ड बनाएका छन् ?

३. के हामी यो ठीक र यो बेठीक भनी निर्णय गर्न सक्छौँ ? के यी कुराहरूमा हामी हाम्रा आमाबुबासँग सहमत हुन सक्छौँ ?

४. यदि कसैले हामीलाई दुःख दियो भने के हामीले त्यसको बदला लिनुपर्दछ ? के दण्ड र बदला उस्तै हो ?

५. तपाईं अचेल कुन अन्तरराष्ट्रिय युद्धको समाचार सुन्ने गर्नुहुन्छ ? त्यसको कारण पत्ता लगाउनुहोस् ।

सामुदायिक कार्य

तपाईं आफ्नो समुदायमा जानुहोस् र कुनै बुद्धिजीवीसँग भेटेर निम्नलिखित प्रश्नहरू सोधी जवाफको आधारमा कथा वा कविता लेख्नुहोस् :

१. के झगडा गर्नु स्वाभाविक हो ?

२. मानिसहरूबीच कसरी झगडा हुन्छ ?

३. झगडा रोक्न हामी के गर्न सक्छौँ ?

२. विश्वमा विज्ञान प्रविधिको विकास र समसामयिक घटना

पृथ्वी

विश्व हाम्रो साझा घर हो । हामी उक्त घरभित्र बस्ने परिवारका सदस्यहरू हौँ । जसरी एउटा घरभित्र एउटा कोठामा भएको उतार चढावले अर्को कोठामा बस्नेहरूलाई पनि प्रभावित गर्दछ, त्यस्तै गरी विश्वको कुनै कुनामा भएको घटना वा दुर्घटनाले अर्को कुनामा बस्नेहरूलाई पनि प्रभावित गर्दछ । सञ्चार र यातायातको विकासले गर्दा विश्व यति साँघुरो भइसकेको छ कि २४ घण्टाभित्र विश्वको कुनै पनि मुलुकमा पुग्न सकिन्छ भने केही मिनेटभित्रै जहाँसुकै सम्पर्क गर्न सकिन्छ । त्यसैले हामीले विश्वका हरेक कुनामा भएका महत्त्वपूर्ण क्रियाकलापहरूप्रति जानकारी राख्नुपर्छ । यसले हामीलाई विश्व समुदायमा सामञ्जस्यता कायम गर्न मद्दत गर्दछ ।

स्वदेश तथा विदेशमा हुने आर्थिक, सामाजिक राजनीतिक, खेलकुद, विज्ञान प्रविधि र यस्तै अन्य विविध क्षेत्रमा भएका उन्नति प्रगतिका बारेमा जानकारी राख्ने काम समसामयिक सामान्य ज्ञान हो । हामीले आफ्नो बौद्धिक विकास गर्न, विभिन्न प्रतियोगिताहरूमा आफ्नो क्षमता प्रदर्शन गर्न र रोजगारका निम्ति दिइने विभिन्न परीक्षाहरूमा सफलता हासिल गर्न यस्तो सामान्य ज्ञानको महत्त्वपूर्ण भूमिका हुन्छ । यस्ता जानकारीहरूबाट नयाँ कुरा सिकेर आफ्नो जीवनलाई सभ्य, उन्नतशील र समसामयिक बनाउन मद्दत गर्दछ । रेडियो, टेलिभिजन, इन्टरनेट, पत्रपत्रिका, फोन आदिबाट यस्ता जानकारी सङ्कलन गर्न सकिन्छ ।

सरस्वती उच्च माध्यमिक विद्यालयका कक्षा ९ का विद्यार्थीहरूले समसामयिक घटनाहरूसम्बन्धी भित्तेपत्रिका सञ्चालन गरेका छन् । उनीहरू हरेक आइतबार सामाजिक अध्ययन विषयको घन्टीमा हाजिरी जवाफ प्रतियोगिता गर्दछन् । उनीहरूले जिल्लास्तरीय हाजिरी जवाफ प्रतियोगिता जिते र राष्ट्रियस्तरको प्रतियोगिताको तयारी गर्दै छन् । उनीहरू जसले जे नयाँ कुरा भेटे पनि भित्तेपत्रिकामा ल्याएर टाँस्छन् र सबैलाई जानकारी गराउँछन् । उनीहरू फुर्सदको समयमा पुस्तकालयमा पुस्तक वा पत्रपत्रिका पढ्ने, समाचार सुन्ने वा हेर्ने, इन्टरनेटमा बसेर उपयोगी कुराहरू सिक्ने गर्छन् । अन्य विद्यालयको भन्दा उनीहरू टाठाबाठा भएको देखेर छिमेकी विद्यालयहरूले पनि उनीहरूको अनुसरण गर्न थालेका छन् ।

१. सरस्वती उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूले तयार पारेको भित्तेपत्रिका पाठमा दिइएको छ । तपाईंहरूले पनि आफ्नो विद्यालयको सबैले देख्न सक्ने र सुरक्षित भित्तामा यस्तो पत्रिका सञ्चालन गर्नुहोस् ।

मङ्गल ग्रहमा यात्री लैजाने तयारी

युरोपियन स्पेस एजेन्सी (इसा) ले ९ जना अन्तरिक्ष यात्रीलाई मङ्गल ग्रहमा पठाउने भएको छ । ती यात्रीहरू २५० दिनमा त्यहाँ पुग्नेछन् र ५२० दिन त्यहाँ बसेर अनुसन्धान गर्ने छन् । अन्तरिक्ष यात्रीले यात्राभर विशेष तरिकाले तयार पारेको खाना खानुपर्ने छ । सो यान रुसमा तयार हुँदैछ ।

त्रिचन्द्र कलेजमा आकाशेपानी

क्याम्पस भवनको छतमा वार्षिक १६ लाख १२ हजार लिटर पानी जम्मा हुन्छ । यसको प्रशोधन गरेर ३ लाख २१ हजार विद्यार्थीले प्रयोग गर्छन् भने बाँकी रानीपोखरीमा प्रवाहित गरिन्छ ।

नेपालको नयाँ निशाना छाप

(स्वीकृत मिति : २०६३।९।२९)

डिजाइनर : नवीन्द्र राजभण्डारी, हिमालय गौतम, कृष्ण श्रेष्ठ

अन्तरराष्ट्रिय महत्त्वको सिमसारसम्बन्धी रामसार सम्मेलन

यो सम्मेलनको मुख्य उद्देश्य पृथ्वीमा प्राप्त जलस्थल पन्छीहरूको संरक्षणमा आधारित छ । विश्वका केही पन्छीहरू मौसमअनुसार आफ्नो वासस्थान परिवर्तन गर्दछन् । यस्ता केही समय आफ्नो वासस्थान परिवर्तन गर्ने पन्छीहरूको संरक्षणमा यो सम्मेलनले विशेष महत्त्व दिनुपर्ने पक्षमा जोड दिएको पाइन्छ । विशेष गरी यी पन्छीहरू ठन्डी समयमा ठन्डी क्षेत्रबाट अर्को स्थानमा केही समयका लागि जाने र पछि पुनः आफ्नै स्थानमा आउने गर्दछन् । खास गरी ठन्डी समयमा साइबेरियाबाट पन्छीहरू सिमसार क्षेत्रमा ठन्डी समयभरि बस्छन् । यस अवधिमा ती पन्छीहरूलाई बस्न अनुकूल वातावरणको सिर्जना गर्नु यो सम्मेलनको मुख्य लक्ष्य हो । इ.सं. १९७१ मा इरानको रामसारमा सिमसार क्षेत्रमा अस्थायी बसोबास गर्न आएका साइबेरियाका पन्छीहरूलाई उपयुक्त बासस्थानको वातावरण कसरी मिलाउन सकिन्छ भन्ने धारणामा यो सम्मेलन भएको हो । नेपालको कोसी टापु र चितवनको बिसहजारी तालको संरक्षण गरी वन्यजन्तु आरक्षणको अनुकूल वातावरण सिर्जना गर्न राष्ट्र र अन्तरराष्ट्रिय सङ्घसंस्थाले योगदान पुऱ्याउँदै आएका छन् ।

आर्कटिक सागर पग्लेर सकिने

विश्वको तापक्रमलाई सन्तुलित राख्न महत्त्वपूर्ण योगदान गर्ने आर्कटिक सागरको हिउँ सामान्य अवस्थाभन्दा तीन गुना छिटो पग्लिरहेका निष्कर्ष अमेरिकाको नेसनल स्नो एन्ड आइस डाटा सेन्टर (एनएसआईसीसी) नामक संस्थाका अनुसन्धानकर्ताहरूले निकालेका छन् । यसअघि अमेरिकाकै इन्टर गभर्नमेन्टल च्यानल अन क्लाइमेट चेन्ज (आईपीसीसी) ले पनि सन् २०५० देखि २१०० का बीचमा आर्कटिक सागरको बरफ पुरै पग्लेर सकिने भविष्यवाणी गरिसकेको छ ।

स्रोत : विभिन्न पत्रपत्रिका

३. विज्ञान प्रविधिको विकासबाट मानव जीवनमा परेको प्रभाव

प्रजिना उनको मामाघर गएकी थिइन् । त्यहाँ विद्युत् सेवा उपलब्ध थिएन । उनका मामाका छोराले रातमा बिजुली बत्ती जस्तै देखिने बत्ती बाले । प्रजिनाले त्यो कसरी सम्भव भयो भनी सोधिन् । उनका मामाका छोराले सो प्रविधि सिकाइदिए । प्रजिना घर आइन् । उनको गाउँमा पनि बत्ती थिएन । उनले एउटा बट्टामा गोबरपानी घोलेर हालिन् । रेडियो बजाएर फालेको ब्याट्री ल्याइन् र त्यसलाई फुटाएर भित्रको धातुको खोल निकालिन् । त्यसलाई एउटा तारले बाँधिन् र तारको अर्को छेउमा ह्वाइट लाइट इमिटिङ डायोड जोडिन् । ब्याट्रीको डन्डीलाई अर्को तारले बाँधी पहिलेको धातुलाई नछुने गरी गोबरमा डुबाइन् । त्यसलाई दिनभरि घाममा राखिन् । झलमल्ल बत्ती बल्यो । प्रजिनालाई पढ्न टुकीबत्ती बालिरहनु परेन । आजकल गाउँका सबै घरमा यस्तो बत्ती बालिन्छ । विश्वमा कम्प्युटरको विकास यति धेरै भएको छ कि आजकल विद्यार्थीहरूले किताबको भारी बोक्नुनपर्ने भएको छ । सानो ल्यापटप कम्प्युटरको मद्दतले उनीहरूको सम्पूर्ण पढाइ सम्भव भएको छ । विश्वमा कम्प्युटरको विकास धेरै भएको छ । यसले गर्दा विद्यार्थीहरूलाई नवीनतम ज्ञान प्राप्त हुन्छ ।

डडेलधुराका सुन्दरबहादुरले जीवनमा मोबाइल फोन बोकुँला भन्ने सपनामा पनि सोचेका थिएनन् । नेपाल टेलिकमले मोबाइल फोन भित्राएपछि मोबाइल फोन उनले प्रयोग गरेका हुन् ।

नेपालमा हरेक वर्ष पोलियो अभियान चलाइएको छ । पोलियोको खोपको आविष्कारले गर्दा आज विश्वबाट नै पोलियो रोग उन्मुलन गर्न सम्भव भएको छ । शरीरभित्रका पत्थरी निकाल्न र शल्यक्रिया गर्न चिरफार नगरीकन सम्भव भएको छ । साना प्वालहरूबाट औजारसहितका डन्डीहरू शरीरभित्र घुसाएर इन्डोस्कोपिक सर्जरी गरिन्छ । यसले गर्दा बिरामीलाई थोरै दुःखबाट छिट्टै रोग निको पार्न मद्दत पुगेको छ ।

विज्ञान प्रविधिको विकासले विद्युतीय उपकरणका क्षेत्रमा चमत्कार ल्याएको छ । आज सामान्य आम्दानी भएका नेपालीले पनि हातमा घडी बाँध्न पाउनु, घरमा रेडियो राख्न पाउनु र घरमा टेलिभिजन राख्न पाउनु विज्ञानकै चमत्कार हो । दुर्गम क्षेत्रका विद्युत् नभएका र सामान्य टेलिभिजन प्रसारण सम्भव नभएका ठाउँमा पनि स्याटलाइट प्रविधिको विकासले गर्दा र सोलार प्यानलको आविष्कारले गर्दा टिभी हेर्ने र फोन गर्ने सुविधा पाएका छन् । उनीहरूले इन्टरनेटमार्फत विश्वसमुदायसँग सर्म्पक गर्न सक्छन् ।

टेलिफोन

कृषिमा वर्णशङ्कर (hybrid) प्रविधिको विकासले उन्नत, रोगमुक्त, धेरै उत्पादन दिने बालीनालीको विकास भएको छ । यसबाट न्यून आय भएका कृषकहरूको जीवनस्तर उकास्न निकै मद्दत पुगेको छ । पातमा तर्कने भिटामिन, जैविकमल र कम हानिकारक कीटनाशक औषधीको आविष्कारले कृषकहरूको भाग्य नै बदलिदिएको छ । यसरी विश्वमा भएका आविष्कारहरू र प्रविधि विकासले मानव जीवनलाई सरल, सुलभ र सहज बनाइदिएको छ । हाम्रो जस्तो अल्पविकसित मुलुकमा विश्व समुदायबाट थुप्रै प्रविधिको आयात गर्न सकिन्छ । हाम्रै परम्परागत प्रविधिहरूलाई आधुनिकीकरण गर्न सके पनि हाम्रो जीवन प्रविधियुक्त हुन सक्छ । हाम्रो परम्परागत

घट्टमा डाइनामो जोड्न सके पिठो पिँध्ने र बत्ती बाल्ने काम एकै पटक गर्न सकिन्थ्यो । बिजुली बत्तीको उपलब्धताले राती अबेरसम्म काम गर्न पाइन्छ । विद्यार्थीको पढाइ राम्रो हुन्छ । रेडियो, टेलिभिजन, टेलिफोन जस्ता सञ्चारका साधनको उपभोग गर्न पाइन्छ । यसबाट चेतनाको स्तर पनि बढ्छ ।

क्रियाकलाप

१. हरेक हप्ता रेडियो, पत्रपत्रिका, टेलिभिजन, इन्टरनेट जे उपलब्ध छ, त्यसबाट विज्ञान, प्रविधिसँग सम्बन्धित कम्तीमा एउटा समाचार सङ्कलन गर्नुहोस् र कक्षामा सुनाउने वा भित्तेपत्रिकामा टाँस्ने गर्नुहोस् । त्यस्तो प्रविधिको प्रयोग तपाईंले गरिरहनुभएको हुन सक्छ । यो तपाईं र तपाईंको समुदायका निम्ति कति उपयोगी हुन्छ, छलफल गर्नुहोस् ।

२. तपाईंले प्रयोग गर्ने सामग्रीहरू जस्तै : कलम, कपडा, कागज, साइकल, बिजुली आदिको सूची बनाउनुहोस्, ती वस्तुका आविष्कारकहरू कोको रहेछन्, खोजी गर्नुहोस् । यदि ती आविष्कार वा प्रविधि विकास नभइदिएका भए तपाईंको जीवन कस्तो हुन्थ्यो होला कल्पना गरी लेख्नुहोस् ।

३. चार समूहमा विभाजित हुनुहोस् र हरेक समूहको बीचमा प्रतिस्पर्धात्मक हाजिरी जवाफ प्रतियोगिता सञ्चालन गर्नुहोस् । यस्तो कार्यक्रम खाली भएको घन्टीमा वा साप्ताहिक रूपमा गर्नुहोस् ।

सामुदायिक कार्य

तपाईंको घर, समुदाय वा क्षेत्रमा कुनै प्रविधिको प्रयोग भइरहेको हुन सक्छ । जुन अरूका निम्ति पनि उपयोगी हुन सक्छ । त्यसका बारेमा जानकारी गराउन स्थानीय समाचारपत्र वा रेडियोका निम्ति सामग्री बनाएर पठाउनुहोस् र त्यो सामग्री भित्ते पत्रिकामा टाँस्नुहोस् ।

४. नेपालको अरू राष्ट्रसँगको सम्बन्ध

कूटनीतिक सम्बन्ध

बहुपक्षीय सम्बन्धका अतिरिक्त सबै मुलुकहरू प्रत्यक्ष रूपमा एकअर्कासँग सम्बन्ध राख्छन् । उनीहरू यस्तो सम्बन्ध कूटनीतिज्ञहरू एकअर्काको देशमा पठाएर वा राज्यप्रमुखद्वारा भ्रमणको आदानप्रदान गरेर कायम राख्छन् । सरकारको प्रतिनिधिको रूपमा प्रधानमन्त्री तथा मन्त्रीहरू एवम् सरकारी कर्मचारीहरूले पनि अन्य मुलुकको औपचारिक भ्रमण गर्दछन् ।

दातृ राष्ट्रहरू

नेपाल एक विकासन्मुख मुलुक हो । नेपालको आर्थिक स्थिति कमजोर भएका कारण देशमा पूर्वाधार विकासलगायत विविध क्षेत्रमा विदेशी सहयोगको खाँचो हुन्छ । त्यस्तो आवश्यकता पूरा गर्नका निम्ति विभिन्न मित्रराष्ट्रहरूले सहयोगहरू उपलब्ध गराउँछन् । त्यस्ता राष्ट्रहरूलाई दातृराष्ट्र भनिन्छ । दातृराष्ट्रहरूले दुईपक्षीय एवम् बहुपक्षीय रूपमा सहयोगहरू उपलब्ध गराउँछन् । दाता राष्ट्रले सिधै सहयोग उपलब्ध गराएर आयोजना सम्पन्न हुन्छ भने त्यसलाई दुईपक्षीय सहयोग भनिन्छ । एउटै आयोजनालाई दुई वा सोभन्दा बढी राष्ट्रहरूले संयुक्त सहयोग उपलब्ध गराए भने त्यसलाई बहुपक्षीय सहयोग भनिन्छ । समयसमयमा त्यस्ता राष्ट्रहरूको नेपाल विकास मञ्चको बैठक बसी नेपालको माग र आवश्यकता हेरी सहयोग रकम र सहयोगको प्रकृति निधारण गर्ने गर्दछन् । यस्तो सहयोग अनुदान वा ऋणका रूपमा हुन सक्छ । जापान, भारत, चीन, अमेरिका, जर्मन, इटली, बेलायत, फ्रान्सलगायत थुप्रै विकसित मुलुकले नेपालको विकासमा आर्थिक एवम् प्राविधिक सहयोग उपलब्ध गराउँछन् । नेपाललाई सहयोग गर्ने राष्ट्रहरू दायाँको नक्सामा पत्ता लगाउनुहोस् ।



विश्वको नक्सा

क्रियाकलाप

१. यदि सम्भव हुन्छ भने प्रत्येक दिन रेडियोमा समाचार सुन्ने गर्नुहोस् अथवा टेलिभिजन हेर्नुहोस् । आफ्नो अभ्यासपुस्तिकामा नेपाल र बाह्य मुलुक गरी दुईओटा खण्ड बनाउनुहोस् । आफूलाई मन पर्ने कुरा टिप्नुहोस् ।

* तपाईंले सुनेका कुनै मुलुकहरू नक्सामा खोज्नुहोस् ।
* कक्षाका एक वा दुईजना साथीहरूलाई उनीहरूले लेखेका रमाइला कुराहरू व्यक्त गर्न अनुरोध गर्नुहोस् ।
* यदि तपाईंले दैनिक वा साप्ताहिक अखबार पढ्दै हुनुहुन्छ भने पनि लेख्ने बानी बसाल्नुहोस् किनकि त्यसमा पनि धेरै किसिमका समाचारका अंशहरू हुन सक्छन् ।

२. तलको नक्सा हेरी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :



(क) अन्टारियो प्रान्तमा रहेको राजधानीको नाम लेख्नुहोस् ।

(ख) त्यहाँ कति ओटा ठूला तालहरू छन् ? ती कति ठूला छन् ? नेपालको आकारसँग तिनको तुलना गर्नुहोस् ।

(ग) त्यहाँका नदीहरू कुन दिशातर्फ बहन्छन् ?

(घ) सल्लाको काठ क्यानडाको मुख्य निर्यात गर्ने वस्तु हो । सल्लाको रूख चिसो ठाउँमा छिट्टै हुर्कन्छ । क्यानडाको कुन ठाउँमा सल्लाको रूख चाँडै हुर्कन्छ ? किन ?

३. क्यानडाले नेपालको विकासमा पुऱ्याएको योगदानबारे चर्चा गर्नुहोस् ।

५. सार्क राष्ट्रहरूबीचको आपसी सहयोग र सद्भावना

भारत, पाकिस्तान, बङ्गलादेश, श्रीलङ्का,नेपाल, भुटान, माल्दिभ्स र पछि थपिएको अफगानिस्तानसमेत आठ देशहरू मिलेर बनेको दक्षिण एसियाली सहयोग सङ्गठन सार्क (South Asian Association for Regional Co-operation - SAARC) को मूल उद्देश्य नै सार्क राष्ट्रका मानिसहरूका बीचमा आपसी समझदारीको वृद्धि गरी एकअर्काप्रति सम्मान देखाउँदै साझा लाभका निम्ति काम गर्नु हो। १६ जनवरी १९८७ मा काठमाडौँमा सार्क सचिवालयको स्थापना भएपछि यसको कार्यक्रम तथा गतिविधिमा निकै व्यापकता आएको छ । सार्क सचिवालयको प्रमुखलाई महासचिव (Secretary General) भनिन्छ। प्रत्येक सदस्य राष्ट्रहरूले पालैपालोसँग तीन वर्षका निम्ति महासचिवको नियुक्ति गर्दछन्।



सार्क राष्ट्रहरू र सार्कको लोगो

आपसी सहयोगका क्षेत्रहरू

१. सार्कको आर्थिक व्यवस्थापन : प्रत्येक सदस्य राष्ट्रहरूले आफ्नो राष्ट्रिय बजेटमा सार्कको गतिविधि सञ्चालन गर्न केही रकम छुट्याएको हुन्छ। यसै रकमको आधारमा सार्कले आफ्नो छुट्टै बजेट बनाउँछ र यसको घोषणा प्रत्येक वर्ष स्थायी समितिको बैठकले गर्दछ । यसबाहेक सार्कलाई सार्क जापान विशेष कोष (SAARC - Japan Special Fund), दक्षिण एसियाली विकास कोष (South Asian Deveopment Fund - SADF), व्यापार तथा विकाससम्बन्धी संयुक्त राष्ट्र सम्मेलन (United Nations Conferance on Trade and Development - UNCTAD), एसिया तथा प्रशान्त क्षेत्रका निम्ति आर्थिक तथा सामाजिक आयोग (Economic and Social Commission for Asia and Pacific - ESCAP) संयुक्त राष्ट्रसङ्घ बालकोष (United Nations Children's Fund - UNICEF), संयुक्त राष्ट्रसङ्घ विकास योजना, (United Nations Development Programme - UNDP) जस्ता अन्तरराष्ट्रिय सङ्घसंस्थाहरूबाट पनि सार्कले आर्थिक सहयोग प्राप्त गरिरहेको छ ।

२. एकीकृत कार्यमूलक कार्यक्रम : यसअन्तर्गत सार्कले आपसी सहयोगका क्षेत्रहरू निर्धारण गर्दछ । यस्ता क्षेत्रहरूमा कृषि, सञ्चार, शिक्षा संस्कृति तथा खेलकुद, वातावरण स्वास्थ्य, जनसङ्ख्या तथा बालकल्याण,

लागुपदार्थ दुरुपयोग तथा ओसारपसार, दुर्गम क्षेत्र विकास, विज्ञानप्रविधि, पर्यटन, यातायात, विकासमा महिला सहभागिता, गरिबी निवारण, व्यापार तथा आर्थिक सहयोग इत्यादि पर्दछन् ।

३. मानिसहरूबीचको सम्पर्क : सार्कले सार्क श्रव्यदृश्य कार्यक्रम, सार्क अभिलेख केन्द्र, सार्क छात्रवृत्ति, पर्यटन प्रवर्द्धन, सार्क युवा स्वयम्सेवक कार्यक्रम, सार्क भिसा कार्यक्रम, सार्क युवा पुरस्कार कार्यक्रम, दक्षिण एसिया उत्सव इत्यादिको आयोजना गरेर सार्कराष्ट्रहरूका मानिसहरूका बीचमा सम्पर्कको विस्तार गर्दछ ।

क्रियाकलाप



१. सार्कको लोगो बनाउनुहोस् र त्यसको व्याख्या गर्नुहोस् ।

२. सार्क राष्ट्रहरूको नक्सा बनाएर त्यसमा नेपाल, भुटान, श्रीलङ्का, माल्दिभ्स, बङ्गलादेश, पाकिस्तान, अफगानिस्तान र भारतको नाम टाँस्नुहोस् ।

३. तल लेखिएका वाक्यहरू सार्नुहोस् र ती वाक्यहरू कुनकुन सार्क राष्ट्रहरूसँग सम्बन्धित छन्, लेख्नुहोस् :

(क) चिया, रबर, नरिवलको तेल, माछा तथा बहुमूल्य पत्थर निर्यात गर्ने टापु

(ख) थिम्पु राजधानी भएको भूपरिवेष्ठित राष्ट्र

(ग) आठौँ सदस्य राष्ट्र

(घ) माछा तथा हाड निर्यात गर्न सानो मुस्लिम राष्ट्र

(ङ) समथर भूभाग भएको देश जहाँ धेरै जसो बाढी आउने गर्दछ, जसले कार्पेट, तेलहनको बिउ, जुट र कपडा निर्यात गर्दछ

(च) विश्वको सर्वोच्च शिखर भएको राष्ट्र

४. तल लेखिएका शब्दहरू प्रयोग गरी खाली ठाउँ भर्नुहोस् :

प्रधान कार्यालय,	काठमाडौँ,	ठमेल,	अन्तरराष्ट्रिय

सन् १९८७ मा सार्क सचिवालयको स्थापना ..... मा भयो । यो ..... मा रहेको छ । यो सार्कको ..... हो र यसले सार्कको बैठकहरूको आयोजना गर्दछ । यसले ..... सङ्गठनहरूसँग बैठक तथा विचारको आदानप्रदान गर्दछ ।

६. विश्वको जल्दोबल्दो समस्या : जलवायु परिवर्तन

समयको अन्तरालमा पृथ्वीको वायुमण्डलको तापक्रम, हावाको बहाब र वर्षात्मा हुने घटबढका कारण पृथ्वी तथा यसको कुनै पनि भागमा औसत मौसममा हुने महत्त्वपूर्ण परिवर्तनलाई जलवायु परिवर्तन भनिन्छ ।

पृथ्वीको वायुमण्डल नाइट्रोजन अक्सिजन, कार्बनडाइअक्साइड जस्ता ग्यासहरू मिलेर बनेको हुन्छ । वायुमण्डलमा यी सबै ग्यासहरू निश्चित मात्रामा वा अनुपातमा हुन्छन् । यीमध्ये कुनै ग्यासले बढी ताप सञ्चित गरेर राख्न सक्ने क्षमता हुन्छ भने कुनैको कम भएका कारण उल्लिखित ग्यासको मात्रा वा अनुपातमा परिवर्तन भएमा वायुमण्डलमा रहेको ग्यासमा पनि परिवर्तन भएको हुन्छ । तथ्याङ्कअनुसार वायुमण्डलमा कार्बनडाइअक्साइड, कार्बनमनोक्साइड, नाइट्रोजनअक्साइड, मिथेन जस्ता ग्यासको मात्रा बढ्दै गएको उल्लेख गरिएको छ । यी ग्यासले पृथ्वीबाट अन्तरिक्षमा फिर्ता हुने विकिरणलाई अवरुद्ध गर्दछन् । अर्थात् आफैँले सोसेर राख्छन् वा पृथ्वीतिर फकाइदिन्छन् जसले गर्दा पृथ्वीले प्राप्त गर्ने सौर्य विकिरणभन्दा अन्तरिक्षमा फिर्ता जाने विकिरण कम हुन्छ । यसै प्रक्रियाले गर्दा पृथ्वीको वायुमण्डलको तापक्रम बिस्तारै बढ्दै गएको छ । यसरी विकिरणको लेनदेनमा असन्तुलन पैदा गरी जलवायुमा परिवर्तन ल्याउने ग्यासलाई हरितगृह प्रभाव अर्थात् अङ्ग्रेजीमा Green House Effect वा छोटकरीमा GHE भनिन्छ ।

तापक्रमको वृद्धिले पृथ्वीको ध्रुवीय क्षेत्रको हिउँ पग्लने क्रममा वृद्धि भएको पाइएको छ । त्यस्तै हिमाली भागमा अवस्थित हिउँ पनि पग्लने क्रममा वृद्धि भएको छ । यसबाट पृथ्वीमा पानीको सन्तुलन बिग्रन गई सबै प्राणीहरूको जीवनमा नकारात्मक असर पर्ने अवस्था देखिएको छ । जलवायु परिवर्तनबाट सोझै असर पर्न सक्ने क्षेत्रहरू चित्रमा देखाइएको छ ।

हिउँ पग्लिएपछि समुद्रमा पानीको मात्रा बढ्न गई समुद्रको सतह बढ्दै गएको छ । समुद्रको पानीको तापक्रम पनि बढ्न गई समुद्री सतहको पानीको आयतनमा वृद्धि भई त्यसले समुद्री तटको भूमि र बस्तीलाई असर पुऱ्याउन थालेको छ । यसबाट समुद्रको तट तथा बीचमा अवस्थित टापुका बस्तीहरू डुबानमा पर्न सक्ने र सानो भन्दा सानो समुद्रको छालले पनि ठूलो नोक्सान पुऱ्याउन सक्ने जोखिमको स्थितिमा पुगेका छन् । समुद्री पानीको तापक्रम बढेकाले समुद्री तटको जैविक विविधतामा ह्रास आई त्यहाँको जीवजन्तुमा नकारात्मक असर परेको छ । जलवायु परिवर्तनले गर्दा वनस्पति तथा जनावरहरूको स्वभावमा समेत परिवर्तन हुन थालेको छ । वायुमण्डलको तापक्रम बढ्नाले मौसमअनुसार फल्ने फुल्ने फूलहरू साविकको समयभन्दा अघि नै फल्न फुल्न थालेका छन् भने वसन्त ऋतुमा चराहरूले चाँडै अण्डा पार्न र बच्चा काँड्न थालेका छन् । यसबाट तिनीहरूको खाद्यचक्रमा समेत असर परेको छ । यसैका कारण सिङ्गो पारिस्थितिक प्रणाली जोखिममा पर्ने सम्भावना बढेको छ ।

उच्च तथा चिसो स्थानको तापक्रम बढ्न गई गर्मी ठाउँमा पाइने झिङ्गा तथा लामखुट्टे जस्ता रोगबाहक किराहरू ती उच्च तथा चिसो स्थानमा पुग्न थालेका छन् । जसले गर्दा त्यस क्षेत्रमा रोगको महामारी फैलिने क्रम बढ्दै गएको छ । कृषि तथा पशुपालन क्षेत्रमा पनि नयाँनयाँ वनस्पति र किराहरूको प्रकोपले गर्दा नकारात्मक असर परेको र अझ पर्न सक्ने सम्भावना बढेको छ । होचो तथा न्यानो भूभागमा हुने जैविक विविधताको वासस्थान बिस्तारै उच्च तथा चिसो क्षेत्रमा स्थानान्तर हुँदै गएको छ भने उच्च हिमाली क्षेत्रको जैविक विविधताको वासस्थानमा प्रतिकूल प्रभावका कारण लोप हुने अवस्थामा पुगेका छन् । त्यसैगरी जलवायु परिवर्तनका कारण वनस्पति क्षेत्र अन्यत्र सर्न सक्ने भए तापनि नयाँ ठाउँमा मौजुदा स्थानीय तत्त्वहरू (Local factors) को प्रभावले

गर्दा सो सम्भव नहुन सक्दछ। यस्तो परिस्थितिमा त्यस्तो वासस्थान तथा पारिस्थितिक प्रणाली सदाका लागि लोप भएर जान सक्ने सम्भावना बढेको छ।

तापक्रम जस्तै पृथ्वीको औसत वार्षिक वर्षामा पनि परिवर्तन भएको छ। भूमध्य क्षेत्रमा वर्षाको मात्रा घटेको छ भने ध्रुवीय क्षेत्रमा वर्षाको मात्रा बढेको छ। यसबाट भूमध्यरेखीय क्षेत्रमा सुक्खा र खडेरीको नकारात्मक असर पर्दै जाने र उच्च अक्षांश क्षेत्रमा बाढी एवम् पहिरोको सम्भावना बढ्दै जाने अवस्था देखिएको छ। कुनै स्थानमा छिटो वर्षात् सुरु भई पछिसम्म रहने र कुनै स्थानमा ढिलो सुरु हुने र छिटै सकिने तथा उचित समयमा वर्षा नभई खेती तथा स्थानीय जलचक्रमा प्रतिकूल असर पर्न गरेको पनि पाइएको छ। त्यस्तै अतिवृष्टि, अनावृष्टि र हुरी बतासका घटनाहरू बढ्दै गएको तथ्य तथ्याङ्कबाट पुष्टि भएको छ।

हालको विश्वको जलवायु परिवर्तन मुख्यतया मानिसको अविवेकी व्यवहारका कारणहरूले गर्दा सिर्जना भएको हो। त्यसैले यसको निराकरणका लागि पहल पनि मानिसबाटै हुनुपर्दछ। जलवायु परिवर्तन कम गर्न तथा परिवर्तित जलवायुमा सहज तरिकाले बाँच्ने अवस्था सिर्जना गर्न मुख्यत: दुई प्रकारका उपायहरू छन्। पहिलो, वायुमण्डलको हालको हरितगृह ग्यासको मात्रा वा अनुपातमा कमी ल्याउनु र दोस्रो जलवायु परिवर्तनले ल्याएका असरहरूलाई कम गरी त्यसबाट जनजीवनमा आइपर्ने विपत्तिहरू न्यून गरी जीवनपद्धतिलाई सहज बनाउनु।

पृथ्वीको वायुमण्डलमा हरितगृह प्रभाव कम गर्न थप दुई उपायहरू अपनाउन सकिन्छ। पहिलो, ऊर्जाका लागि प्रयोग भइरहेका पेट्रोलियम पदार्थ एवम् कोइला जसले कार्बनडाइअक्साइड निष्कासन गरी वायुमण्डलको तापक्रम वृद्धि गर्दछन्। तिनलाई कम प्रयोग गर्ने अर्थात् वायुमण्डलमा तापक्रम बढ्न मद्दत गर्ने खालका क्रियाकलापहरूमा कमी ल्याउने र ऊर्जाका वैकल्पिक उपायहरू अपनाउनुपर्छ। दोस्रो, बोटबिरुवाले प्रकाश संश्लेषण (Photosynthesis) प्रक्रियाद्वारा वायुमण्डलमा भएको कार्बनडाइअक्साइड ग्यास सोसेर ठोस कार्बनमा रूपान्तरण गर्ने भएकाले वनको संरक्षण एवम् सम्बर्धन गर्ने र नाङ्गो जमिनमा वृक्षरोपण गरी वायुमण्डलमा कार्बनडाइअक्साइड ग्यासको मात्रामा कम गर्ने।

वायुमण्डलमा रहेको हरितगृह प्रभाव कम गरी जलवायुलाई साविकको अवस्थामा ल्याउन लामो समय लाग्दछ। यसका लागि सिङ्गो विश्व नै प्रतिबद्धताका साथ लाग्नुपर्दछ। वायुमण्डल प्राणीहरूका लागि सहज नबनुन्जेलसम्म जलवायु परिवर्तनले स्थानीय रूपमा जनजीवनमा पार्ने नकारात्मक असर न्यून गर्ने उपायहरू पनि सँगसँगै लैजानुपर्दछ। यस्ता उपायहरूमा वृक्षरोपण गरी भूक्षय कम गर्ने, बाढी पहिरो नियन्त्रणका क्रियाकलाप सञ्चालन गर्ने, विपत्तिमा परेका समुदायलाई वैकल्पिक जीविकोपार्जनका उपायहरू अपनाउन मद्दत गर्ने, जलवायु परिवर्तनका कारण उत्पन्न हुन सक्ने विपत्तिबारे जनचेतना अभिवृद्धि गरी सुरक्षाका लागि पूर्व तयारीमा जोड दिने आदि पर्छन्। विपत्ति कम गर्न र परिवर्तित जलवायुलाई अनुकूल बनाई सहज जीवनयापन गर्न सकिने अवस्था निर्माण गर्न स्थानीय स्तरमा नै परिस्थितिअनुसार अल्पकालीन र दीर्घकालीन रणनीति तथा योजनाहरू तर्जुमा गरी कार्यान्वयन गर्दै जानुपर्ने आवश्यक छ।

क्रियाकलाप

१. जलवायु परिवर्तन भनेको के हो र जलवायु कसरी परिवर्तन भइरहेको छ ? विवरण प्रस्तुत गर्नुहोस्।

२. जलवायु परिवर्तनबाट केकस्ता असरहरू परेका छन् ? ती असरहरू बुँदागत रूपमा उल्लेख गर्नुहोस्।

३. नेपालमा जलवायु परिवर्तनका लक्षणहरू उल्लेख गरी त्यसका असरहरूलाई प्रस्ट पार्नुहोस्।

४. जलवायु परिवर्तनको नकारात्मक असरबाट बच्न कुनकुन उपाय अपनाउनुपर्ला ?

सारांश

यस एकाइमा हामीले निम्नलिखित कार्य गर्न सिक्यौँ :

* समसामयिक घटना र विज्ञान प्रविधिले जीवनमा पारेको प्रभाव वर्णन गर्न,
* दातृराष्ट्रहरूसँगको आपसी सम्बन्ध बोध गर्न,
* अन्तरराष्ट्रिय शान्ति स्थापनामा नेपालको सहयोग वर्णन गर्न,
* सार्क राष्ट्रहरूको आपसी सहयोग र सम्बन्ध वर्णन गर्न,
* संयुक्त राष्ट्रसङ्घ र नेपालबीच सम्बन्ध र सहयोगबारे वर्णन गर्न,
* सम्पादकीय तयार गर्न,
* प्रतिवेदन तयार गर्न,
* समाचारको नमुना बनाउन,
* जलवायु परिवर्तनको नकारात्मक असरबाट बच्न ।

कक्षा ९ को गीत

हे वीर हिँड अघि सरी
नहटाई पाउ रतिभरि
यो मातृभूमि नेपालको
भई वीर पराक्रमी सन्तति
हे वीर.....

खुकुरी सङ्गीन तरबार या हतियार जे छन् सामुमा
नपरोस् यदि तिमी वीर हौ भने वीरका ती छातीमा। ...२
हे वीर.....

तिम्रै हो लेऊ नागरिक हक काँधमा काँधै गरी
सत्यता तिम्रो छ हतियार डर नलेऊ केही कति। ...२
हे वीर.....

नडराई सम्झी लम्कँदै हिँड ढाल यही हो देशको
जातमा जे छौँ सबै हौँ एक सन्तति देशको। ... २
हे वीर.....

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर
Phone: 6630588/6634119
WebSite: www.mcescdc.gov.np
Email: cdc@ntc.net.np

मुद्रक
जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
सानोठिमी, भक्तपुर